# गोठालाको कथा किताब

नयाँ मण्डलीहरुको नयाँ अगुवाहरुको तालिमको निम्ति

रब् थिसेन्, एनी थिसेन्, जर्ज पाटर्सन्



**चौथों संस्करण मई 2003**

**संशोधन 4 जनवरी 2004**

**http:// www.paul-timothy.net बाट अनेकौं भाषाहरुमा सिथै उतार्नु होस्।**

# अनुवादकहरु

कुनै पनि देश, कुनै वर्गका झूण्ड, कुनै भाषामा ख्रीष्टियन चर्च कार्यकर्ताहरुलाई तालिम दिनलाई पूर्व अनुमति बिना र कुनै अधिकार बिना यो प्रलेखलाई अनुवाद, छाप्नेकाम र प्रकाशित गरे हुन्छ।

यदि तपाईले यो पुस्तकलई अनुवाद र प्रकाशित गर्नु भयो भने, तब दुई कुराहरु गर्नुहोस्ः

1) यो पृष्ठबाट प्रतिलिप्याधिकार आवेदनलाई समावेश गर्नोस्, यसो गर्नाले यसलाई वितरण गर्नमा कसैले ऐन वमोजिम वाधा दिन सक्ने छैन्।

2) यदि हुनसक्छ भनें हामीलाई कम्प्यूर फाइलमा एक प्रतिलिपि तपाईको भाषा बोल्ने अरुसित बाड़्नलाई हामीलाई पठाउनु होस्।

अनुवादमा पृष्ठ संख्या बदली हुन सक्छ। पृष्ट संख्याको सद्दा, प्रकरण संख्या I, II र III अनि अध्याय संख्याहरु 1, 2 र 3 इत्यादि द्वारा तपाईले खण्ड र अध्यायहरु पत्तोलाउनु होस्। उदाहरणको निम्तिः II–5 को मतलब, खण्ड–II अध्याय–5। खण्ड I मा भएको अध्यायहरुलाई "खोज्नु" खण्ड–II मा, "आज्ञा" खण्ड III मा, "सेवकाई" भन्दछन्।

तपाईले अनुवाद गर्नुहुँदा कथामा भएको व्यक्तिहरूको नामहरुलाई अस्तव्यस्त नगर्नुहोस्ः

**श्री बुद्धिमान** सबै भन्दा पाको छन्। उसले काठको काम गर्दछ। तिनी मण्डलीहरु प्रारम्भ गर्नलाई शिक्षार्थीको क्षेत्रमा भम्रण गर्दछ।

**शिक्षार्थी** श्री बुद्धिमानको निम्ति पहिले काठको कामगर्ने जस्तै एउटा सिकारु हुन् अनि फेरि, पछिबाट एउटा नयाँ गोठाला हुन्।

**सारा** शिक्षार्थीको पत्नी हुन्

**दबोरा** शिक्षार्थीको पल्लो घरमा बस्दछिन्।

**शमूएल** दबोराको भाई हुन् तिनलाई खण्ड II मा मात्र देखिने छ।

**सहायक** शिक्षार्थीको भाइ हुन् अनि उ नजिककैको अर्को समुदायमा बस्दछ।

**रिचेल** सहायकको पत्नी हुन्।

**श्री मूर्ख** त्यही इलाकामा बस्दछ अनि कथाको अवधिमा परिवर्तनलाई बेहोर्दछ।

**सेवादिने** श्री मुर्खको जूवाईं हुन् जो ज्ञानी छ। तिनी सहायकको नजिक बस्दछ।

**कारमेन** श्री सेवादिनेको पत्नी हुन्।

**याकूब** शिक्षार्थीको चर्चमा एउटा एल्डर हुन् अनि तिनले एउटा पसल चलाउँछन्।

**नीलमणि** याकूबको पासलमा जागिर गर्दछ।

**यूसूफ** एउटा नयाँ चर्चमा एल्डर छन्, खण्ड III मा।

**लिशा** यूसूफको पत्नी हुन्।

**रुथ** भर्खरै विवाह भएकी खण्ड III मा देखापर्ने छ।

**तबियास** रुथको लोग्ने जो ड्रग्सको लतमा परेको छ।

**रौब थियेसन ऑान एनी द्वारा कापीराइट (c) 2003**

# विषय-सूची

तालिकामा तपाईले रोज्नुभए झैं विषयसूचीको यो सूचीलाई प्रयोग गर्नोस्।

यदि सुसमाचार सुनाउने हो भने चालू आवश्यकता खण्ड-I खोजी विषयहरु चुन्नुहोस्।

यदि नयाँ चर्च स्थापना गर्नु हो भने, चालू आवश्यकता खण्ड-II आज्ञालाई प्रयोग गर्नुहोस्।

यदि एउटा चर्चको अगुवाहरुलाई अत्तिनै चालू आवश्यकता तालिम दिने हो भने खण्ड-III 'सेवकाइ' प्रयोग गर्नुहोस्।

# परिचय


यो पूस्तक कसको निम्ति?

कथाहरु किन प्रयोग गर्ने?

यो पूस्तकलाई कसरी प्रयोग गर्ने?

इन्टरनेट द्वारा गोठालाको कथाकिताब निशुल्क।

**खण्ड I: ख्रीष्टलाई खोज्नु मानिसहरुलाई मदत गर्ने**

खण्ड I मा खोजीको अध्यायहरु छन्:

I-1 खोजी 1 जीवनको साँचो अर्थ पत्तोलाउनु (परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ अनि उहाँमा संधै आनन्द गरेको चाहनुहुन्छ।)

I-2 खोजी 2: एक परमेश्वरमा फर्की आउनु (मुर्तिहरु त्याग्नु वा त्रीएक परमेश्वरले जे-सुकै साटनु हुन्छ।)

I- 3 खोजी 3: येशूमा जीवन र क्षमा पाउनु (उहाँको काममा, उहाँको मृत्यु र पुनरत्थानामा बिश्वास गर्नु)

I- 4 खोजी 4: दुष्ट र मृत्युको शक्तिहरुबाट उम्कनु (येशूले मृत्यु र प्रेतहरुलाई विजय गर्नुहुन्छ)

I- 5 खोजी 5: जीवनमा मूल विषयहरु छुट्टाउनु (पापबाट फर्किनु अनन्तको मोलको कुराहरु खोजी गर्नु)

I- 6 खोजी 6: साँचो भलाईको पत्तो लाउनु (मानिसहरु जसले आफैलाई राम्रो भन्दछन् तिनीहरुलाई परमेश्वरको क्षमाको खाँचो पनि छ)

I- 7 खोजी 7: येशूमा प्रशस्त जीवनको पत्तो लाउने (आज्ञा पालनद्वारा बिश्वासलाई दर्शाउने, बप्तिस्माबाट शुरु गर्ने।

I- 8 खोजी 8: येशूको चेला बन्नु (बौरी उठन भएको ख्रीष्टलाई भेटनु, चिन्नु र पछयाउनु)

**खण्ड II : ख्रीष्टको आज्ञा पालन गर्ने मण्डली स्थापना गर्ने**

खण्ड II मा ख्रीष्टको सातवटा मौलिक आज्ञाहरुको अध्यायहरु छन्:

II- 1 ख्रीष्टको आज्ञा # 1: पश्चताप, विश्वास अनि पवित्र आत्मालाई ग्रहण (मुक्ति)

II- 2 ख्रीष्टको आज्ञा # 2 : नयाँ बिश्वासीहरुलाई बप्तिस्मा देऊ (त्यसपछि येशूमा पवित्र जीवन जीउनु जो शुरुवात हुन्।

II- 3 ख्रीष्टको आज्ञा # 3 : येशूको चेलाहरु बनाउने ख्रीष्टमा आज्ञाकारीहुनेलाई परमेश्वरको वचन सिकाउने।

II- 4 ख्रीष्टको आज्ञा # 4 : प्रेम (परमेश्वर र मानिसलाई प्रेम गर्ने, दरिद्रको सेवागर्ने, शत्रुलाई क्षमा गर्ने।

II- 5 ख्रीष्टको आज्ञा # 5 : प्रार्थना (परमेश्वरको प्रशंसा, पाप स्वीकार, अरुको निम्ति प्रार्थना, चंगाई, आत्मिकी लड़ाई लड़ने)

II- 6 ख्रीष्टको आज्ञा # 6 : रोटी तोड़ने (प्रभुभोज मनाउनु, आत्मामा परमेश्वरलाई पुज्नु)

II- 7 ख्रीष्टको आज्ञा # 7 : दिनु (जो परमेश्वरले हामी दिनुहुन्छ ती सबैमा असल भण्डारी बन्नु)

## खण्ड III : चर्चको मौलिक सेवकाइहरुको प्रगती गर्नु

खण्ड III मा नयाँ नियमद्वारा आवश्यक सेवकाईहरुको अध्यायहरु छन्:

III- 1 सेवकाई 1: अरुलाई सुसमाचार सुनाउनु अनि विश्वास गर्नेलाई बप्तिस्मा दिनु

III- 2 सेवकाई 2: हामीमा भएको पवित्र आत्माको वरदानहरु एउटाले अर्कोको सेवा गर्नलाई प्रयोग गरेर शरीरको उन्नती गर्नु।

III- 3 सेवकाई 3: परमेश्वरको आरधना गर्नु अनि प्रभुभोज मनाउनु

III- 4 सेवकाई 4: अध्ययन, परमेश्वरको वचनलाई सिकाउनु र प्रयोग गर्नु

III- 5 सेवकाई 5: नयाँ मण्डलीहरु शुरुगर्नु

III- 6 सेवकाई 6: गोठालाहरुलाई (एल्डरहरुलाई डोरयाउनु) अनि अरु अगुवाहरुलाई तालिम दिनु

III- 7 सेवकाई 7: मण्डलीहरु भित्र र मध्ये संगती बड़ाउनु

III- 8 सेवकाई 8: व्यक्तिगत् वा पारिवारीक समस्याहरुमा मानिसहरुलाई परामर्श (सल्लाह) दिन भ्रमण गर्नु

III- 9 सेवकाई 9: बैवाहित जीवन अनि सारा परिवारको विश्वासलाई बलियो बनाउनु

III- 10 सेवकाई 10: रोगीहरुको, निर्धन र अवहेलितको फिक्री गर्नु

III- 11 सेवकाई 11: ख्रीष्ट जस्तो बन्नु र चर्चमा अनुसाशनलाई कायम राख्नु

III- 12 सेवकाई 12: परमेश्वरसित बात गर्नु

III- 13 सेवकाई 13: परमेश्वरको साधनहरुको असल भण्डारीहरु हुनु

III- 14 सेवकाई 14: प्रचारकहरु पठाउनु

## खण्ड IV : पुरानो नियम र नयाँ नियमबाट बाइबलका कथाहरु

यसले बाइबलको कथाहरुको समस्त सुची ऐतिहासिक अनुक्रममा सबै मुख्य सिधान्तहरु र चर्चको क्रियाकलापहरुसित व्यवहार गर्दछ; अनि देर्शाउदछ कि पुरानो नियमका घटनाहरुले भविष्यवक्तानुसार नयाँ नियमका सत्यताहरुलाई स्पष्ट पार्दछ।

## खण V : प्रसंग विषयक पञ्जिका

# परिचय

## यो पुस्तक कसको निम्ति?

गोठालाको कथा किताब साधरण भाषामा मानिसहरुको निम्ति लेखिएको हो जो...

- तिनीहरुको भाषामा बाइबल छैनन्
- तुरन्तै तालिमको आवश्यकता छ
- तालिमको निम्ति प्रयत्न गर्न सकदैनन्
- लामो साधरण कथाहरु, संक्षेप उपदेशहरु रुचाउँछन्।

## कथाहरु किन प्रयोग गर्ने?

गोठालाको कथाकिताबले बाइबलमा भएको महान सिधान्त र विशेष गरेर चर्चको क्रियाकलापहरुको व्याखा गर्दछ कारण ईसाईहरुले युग–युग देखि विश्वास र अभ्यास गर्दै आएकाछन्। परम्परागत सुब्यवस्थित विश्लेषणको सट्टामा कथाले बाइबल सम्बन्धित सत्यतालाई नजिकमा ल्याउन नयाँ विश्वासीहरु र अगुवाहरुलाई प्रभु येशूले प्राय: गरे अनुसार परमेश्वरको वचन अरुको निम्ति प्रयोग र ब्याख्या गर्नलाई मदत गर्दछ।

सबै मौलिक बाइबलका सत्यताहरु एतिहासिक घटनाहरुबाट बड़ेर यी घटनाहरु बारे भविष्यवक्ताहरु र प्रेरितहरुको प्रेरणादायक टिप्पणीहरुले हामीलाई मौलिक ईसाई धर्मशास्त्र प्रदान गर्दछ। पवित्र आत्माले मानिसहरुलाई पश्चतापी बनाउनलाई, बदलाउनलाई अनि चर्चको सेवकाइहरुको निम्ति नमुना तयार पार्न यी एतिहासिक कथनहरुलाई प्रयोग गर्नुहुन्छ। हाम्रो विश्वासहरु र चर्चको अभ्यासहरुको निम्ति बाइबलले एतिहासिक जग बसाल्दछ। उदाहरणको लागि रोमी र हिब्रूका पुस्तकहरु ती मानिसहरुको निम्ति लेखिएका थिए जसले बाइबलका कथाहरु अगिबाटै जानेका थिए जसमाथि तिनीहरुको शिक्षाको जग बसालिएको छ। पुरानो नियमको ती ऐतिहासिक घटनाहरुमा आदम र तिनको पतन, अब्राहामलाई परमेश्वरको प्रतिज्ञा सारा जातिलाई आशीर्बाद दिने, अब्राहामबाट इसाहकको भेटी, मोशा र ब्यवस्था, हारुन आदिम मुख्य पुजाहारी, मुर्तिपूजक शत्रुहरुमाथि दाऊदको विजय समावेश छन्। नयाँ नियममा येशूको जन्म, जीवन, मृत्यु, पुनरुत्थान र स्वर्गरोहन, अनि पेन्तिकोसमा पवित्र आत्माको अवाई साथै अरु धेरै–धेरै समावेश छन्।

### बाइबलका कथाहरुको सुची

बाइबलमा कथाहरुको सम्पूर्ण सुचीको निम्ति खण्ड IV हेर्नुहोस् "पुरानो र क्याँ नियमबाट बाइबलका कथाहरू" बाइबलका कथाहरु एतिहासिक अनुक्रम अनुसार सुचीत गरीएको छ, सबै मुख्य सिधान्तहरुसित ब्यवहार गर्दछ अनि पुरानो नियमका घटनाहरुलाई भविष्यवाणी द्वारा नयाँ नियमको सत्यताहरुलाई पुष्टि गर्दछ।

इन्टरनेट्बाट गोठालाको कथा किताब निशुल्क प्राप्त गर्नोस

<http://www.paul-timothy.net> बाट गोठालाको कथाकिताब उर्तानुहोस्

अधिक जानकारीको निम्ति <training@paul-timothy.net>

## यो पुस्तकलाई कसरी प्रयोग गर्ने

### यदि तपाईले नयाँ गोठालाहरुलाई तालिम दिनुहुन्छ भने

तपाईले तालिम दिनुहुने नयाँ गोठालाहरुसित बाइबलबाट कथाहरु पढ्नुहोस् अनि छलफल गर्नोस यदि बाइबल तिनीहरुको भाषामा

अनुवाद भएको छैन भनें तिनीहरुलाई कथा सुनाउनुहोस्। तिनीहरुलाई ती कथाहरु तिनीहरुको मानिसहरुलाई सुनाउन लाउनुहोस्। श्री बुद्धिमान द्वारा यो गोठालाको कथाकिताबमा बोलिएको आदेशहरुलाई पालन गर्न पनि भन्नुहोस्, अनि "श्री मूर्ख" द्वारा बोलिएको गलतीहरुलाई हटाउन लाउनुहोस्। यी पात्रहरु साथै "शिक्षार्थी" "सहायक" अनि अरु वास्तविक मानिसहरु होइनन्। तिनीहरुले बाइबलमा भएका किसिम किसिमका मानिसहरुलाई प्रतिनिधि गर्दछ। बाइबलमा भएका पात्रहरु यो गोठालाको कथा किताबमा जो भएपनि वास्तविक मानिसहरु थिए।

जब छात्रहरुले अध्ययन गरी रहेका हुन्छन् तिनीहरुले एउटा बगाललाई गोठाला गर्नैपर्छ। यी बगालहरु हुनसक्छः

- एउटा चर्च
- एउटा कार्य झूण्ड जसले अगुवाहरुलाई तालिम दिइरहेका छन् वा एउटा चर्च शुरु भएको छ।
- एउटा ठूलो मण्डलीको सानो प्रार्थना झूण्ड। शरुमा प्रार्थना झूण्ड एकजनाको आफ्नै परिवारबाट बन्दछ, तर यसको उद्देश्य यही हुन्छ कि पछि एउटा सानो मण्डलीमा बड़ेर जानेछ।

## यदि तपाई एक नयाँ गोठाला हुनुहुन्छ भने

कथाहरु पढ़नुहोस् र सिक्नुहोस्। ती नयाँ बिश्वासीहरु, तिनीहरुका मित्रहरु र परिवारहरुलाई सुनाउनुहोस्। तिनीहरुलाई श्री बुद्धिमानले भनेको जस्तो गर्नलाई उत्साह दिनुहोस्, तर श्री मूर्खले भनेकाहरु नगर्नलाई चेतावनी दिनुहोस्।

## तत्कालिक आवश्यक्ताहरु अनि मौकाहरुसित व्यवहार गर्नलाई यो पुस्तकमा अध्यायहरु छान्नुहोस्

गोठालाको कथा किताबमा तीन खण्डहरु छन्। तपाईको वर्त्तमान आवश्यक्तालाई मिल्ने खण्डबाट प्रारम्भ गर्नुहोस्।

येशू ख्रीष्टलाई प्रस्तुत गर्नलाई खण्ड I चलाउनुहोस्, ख्रीष्टको खोजी गर्नलाई मानिसहरुलाई मदत गर्नु।

मण्डलीहरु शुरु गर्न र पुनर्जीवित पार्नलाई खण्ड II चलाउनु होस, येशूको आज्ञा पालन गरून भनी मण्डलीहरु स्थापना गर्नु।

गोठालाहरुलाई तालिम दिनलाई खण्ड III चलाउनु होस्, चर्चको मौलिक सेवकाइहरुलाई विकास गर्नु।

## यदि तपाईले पाठशालामा पढ़ाउनु हुन्छ भने

गोठालाको कथा किताब पाठशालामा चलाउने पाठ्यपुस्तक जस्तो लेखिएको होइन। यो तपाईको निम्ति नयाँ गोठालाहरुलाई, जसले नयाँ मण्डलीको सेवा गर्दछ, तालिम दिनमा सहायता पुरयाउनुलाई लेखिएको हो। यदि तपाईले यसलाई पाठ्यपुस्तक झै प्रयोग गर्नु हुन्छ भने तब विद्यार्थीहरुले यसलाई पढ़ेर अनि परिक्षामा लेखेको भन्दा तपाईले धेरै गर्नुपर्छ। त्यसभन्दा बरु तिनीहरुले पाठयक्रमको भाग झै बगालको शुरुवात वा गोठाला गर्नै पर्छ।

विद्यार्थीहरुलाई जाँच मात्र नदिएर त्यसको सट्टा तिनीहरुले तिनीहरुको बगाललाई के सिकाए, अनि तिनीहरुका मानिसहरुले के गरे (मर्कूस 6:30) त्यसको प्रतिवेदन दिन लाउनुहोस्।

**गोठालाको कथा किताबमा जम्मा 85 अभ्यासहरु छन्। प्रत्येक अभ्यास एक व्यवहारिक कार्य गर्न दिएको कामको आधार बन्न सक्दछ। तपाईले यस पुस्तकमा भएको सामग्री बारे केवल भाषण छाँटन हुँदैन। तपाईले विद्यार्थीहरुको प्रतिवेदनहरु र प्रश्नहरु सुन्नलाई आउने हुइ हप्ता वा उसोको सेवकाईको क्रियाकलाप बारे योजना गर्नलाई प्रत्येक विद्यार्थीहरुसित समय बिताउनु पर्छ।**

## खण्ड-I

## ख्रीष्टको खोजी गर्नलाई मानिसहरुलाई मदत गर्नु

'खोजी' को अध्यायहरु खण्ड मा I छन्। तपाईको मानिसहरुले अभ्यास गर्दै गरेको र सन्तुष्ट पारेको ठाउँमा ✓ चिन्ह लगाउनु होस्:

I-1 खोजी 1 **जीवनको साँचो अर्थ पत्तोलाउनु** (परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ अनि उहाँमा संधै आनन्द गरेको चाहनुहुन्छ)

I-2 खोजी 2 **एउटै परमेश्वर तर्फ फर्कनु** (मूर्तिहरु त्याग्नु वा एउटै त्रिएक परमेश्वरले के के साटनु हुन्छ)

I-3 खोजी 3 **येशूमा क्षमा र जीवन पाउनु** (उहाँको काम, उहाँको मृत्यु र पुनरुत्थानमा भरोसा राख्नु)

I-4 खोजी 4 **दुष्ट र मृत्युको शक्तिहरुबाट उम्कनु** (ख्रीष्टले मृत्यु र प्रेतहरुमाथि विजय गर्नुहुन्छ)

I-5 खोजी 5 **जीवनमा महत्त्वपूर्ण थोकहरु छुटाउनु** (पापबाट फर्किनु अनन्त मूल्यको कुराहरु खोजी गर्नु)

I-6 खोजी 6 **साँचो भलाईको खोजी गर्नु** (जून मानिसले म असल छु भन्दछ त्यसलाई परमेश्वरको क्षमाको दर्रकार छ)

I-7 खोजी 7 **येशूमा प्रशस्त जीवन पत्तोलाउने** (आज्ञा पालन द्वारा विश्वास प्रकट गर्ने बप्तिस्मा देखि आरम्भ गर्ने)

I-8 खोजी 8 **येशूको चेला हुनु** (भेटनु, चिन्नु र बौरी उठनु भएको ख्रीष्टलाई पछयाउनु)

येशले घर बनाउने दुइ मानिसहरुको विषयमा कथा भन्नु भयो। एकजना बुद्धिमान थियो जसले आफ्नो घर चटानमाथि बनायो। अर्को मूर्ख थियो र बलूवामाथि घर बनायो। म तपाईलाई यस्तो मानिससित परिचय गराउँछु जो येशूको कथामा बुद्धिमान मानिस जस्तै छ।

तिनले परमेश्वरको वचन सुन्नमा रुचि लिन्छन् अनि त्यसलाई व्यवहारमा ल्याउँछन्। हामी तिनलाई श्री बुद्धिमान भन्दछौं। तिनी शिक्षार्थीको समुदायमा बसबाट आइपुग्दछ, तिनी एकजना भाइ कहाँ बस्दछ अनि सुसमाचार प्रचार गर्ने काम गर्दछ।

श्री बुद्धिमान शिक्षार्थीको नयाँ काठको काम गर्ने पसल हेर्नलाई आउँछन्। "तिमीले राम्रो गरयौ, शिक्षार्थी। यो बड़ो राम्रो नयाँ पसल छ। म तिमीमा गर्व गर्छु।"

"मैंले तपाईसित पछिल्लो वर्ष काम गर्दा तपाईले मलाई राम्रो गरी सिकाउनु भयो," शिक्षार्थीले जवाब दिन्छ, "अब मेरो व्यपार राम्रो भएको छ अनि यसको श्रेय तपाईलाई दिन्छु। तर मलाई डर लाग्छ कि म संधै एक असल शिक्षार्थी रहिन।"

"जब मैले तिमीलाई अर्को सकर्मी, येशूको बारेमा उदेकको समाचार भन्दथें तिमीले सुन्न चाँहन्दैन थियौ।"

शिक्षार्थीले आँखा तरेर हेर्छ। "धर्मको कुराहरु मेरो निम्ति संधै गाह्रो थियो, श्री बुद्धिमान। तपाईले ठूलो ठूलो कुरा गर्नु हुन्थ्यो।"

"खई म पनि टेबललाई चिल्याउने मदत गरुँ," श्री बुद्धिमान ले प्रस्ताव राख्दछ "तिमीले भनेको ठिकै हो। मैले तिमीसित वहस गर्ने कोशिष गर्दथें अनि तिम्रो मनमा मेरो सिधान्तलाई बलजफ्ती गर्दथें। तर मैंले सुसमाचारलाई बाटने असल तरीका सिकेको छु। एउटा कथासित परमेश्वरको सत्यता बारेमा येशूले झैं मलाई पनि भन्न देऊ। कथाहरु बुझन र याद गर्न सजिलो हुन्छ। तिमीले ती कथाहरु तपाईको परिवार र मित्रहरुलाई दोहोरयाउन सक्नु हुन्छ। बाइबलका कथाहरु अरु मानिसहरुले कथेर तिनीहरुको मित्रहरु र नानीहरुलाई मनोरञ्जन गरे जस्तो होइन। यी वास्तविक कुरा हुन जो इतिहासमा घटेको घटना।"

शिक्षर्थीको अर्को मित्र आइपुग्दछ। श्री मुर्खले एउटा कम्पनीको निम्ति विक्रेताको काम गर्दछ यसैले तिमीले जे चाहन्छौ त्यसबाहेक सबैथोक बिक्रि गर्दछ। येशूको कथामा मूर्ख निर्माता जस्तै उ छ। उसले आफ्नै इच्छामा काम गर्न रुचाउँछन्। श्री मुर्खले बाधा हाल्दछ। "शिक्षार्थी, यो मान्छेले बड़ो अनेकौं कुरा सिकाउँदैछ। हामीलाई यहाँ कुनै नयाँ धर्मको खाँचो छैन् हामीले संधै बाँचीरहेको जीवनमा

बदलाव ल्याउने खाँचो छैन्। अब मेरो सुन्नुहोस्। म सित एउटा नयाँ साबुन छ तपाईले किन्नु पर्छ, अँलैचीको जस्तै सुवासना छ। इ–इ. . सुँघ्नुहोस् त–!"

शिक्षार्थीले श्री मुर्खलाई ध्यान दिदैनन्। तिनले आफ्नो हृदयमा जान्दछ कि तिनको जीवनमा केहि कुरा कमी छ। तिनले परमेश्वरको बारेमा घेरै जान्नलाई इच्छा गर्दछ। तिनले ध्यानसित श्री बुद्धिमानलाई सुनी रहन्छ।

# I- 1 खोजी 1

## जीवनको वास्तविक अर्थ पत्तो लाउनु

(परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ अनि उहाँमा सधैं आनन्द गरेको चाहनु हुन्छ)

श्री बुद्धिमानले **उड़न्ता पुत्रको** कथा, जसले क्षमा पाउँदछ, शिक्षार्थीलाई सुनाउँदछन्, **लूका 15:11-32** मा।

### अभ्यासहरु

**लूका 15:11-32** मा भएको कथा पढ्नुहोस्, वा कसैलाई पढ्न लाउनुहोस्। यदि तपाईसित तपाईको भाषामा भएको बाइबल छैन् भने कसैलाई अर्को भाषामा बाइबल देखि पढ्न लाउनुहोस्। यो अति आवश्यक छ कि हामीले यो पुस्तकमा तपाईलाई सोद्धछौं, बाइबलका अंशहरु सबै नै कसैले तपाईको निम्ति पढ़ी दिऊन वा भनिदिऊन। नत्र भने, यी अध्ययनहरु ब्यर्थै हुनेछ।

जसै तपाईले **लूका 15:11-32** भा भएको कथा पढ्नु वा सुन्नु हुन्छ शिक्षार्थीले के खोजी निकाले पाउनुहुन्छ:

- पुत्रले तिनको रहन सहनबाट तिनको बाबुलाई कत्ति कष्ट पुरयाउने काम गरे?
- तिनको मूर्खता बारे तिनलाई नाराम्रो लाग्यो भनी पछि कसरी प्रकट गरे?
- जब तिनी पश्चतापी हृदय लिएर घरमा फर्की आए तिनको बाबुले तिनीसित कस्तो व्यवहार गरे?



"शिक्षार्थी" श्री बुद्धिमानले बुझाउँदछ, "हामी सबै वागी पुत्र झैं छौं। हामीले स्वर्गमा हुनुहुने हाम्रा पितालाई भुलेका छौं। हाम्रो जीवनबाट हामीले मूर्ख थोकहरु गरेकाछौं। परमेश्वरले उहाँको हात फैलाएर हामीलाई पर्खी रहेकाछन्, जसै हामी हराएका उहाँका छोरा-छोरीहरु हाम्रो वास्तविक र अनन्तको घरमा फर्केर जान्छौं हामीलाई क्षमादिन तयारी छन् अनि खुशिको भोज सहित हामीलाई स्वागत गर्नुहुन्छ।''

श्री बुद्धिमानले भनेको कुरालाई विचार गर्न भनी शिक्षार्थीले टेबललाई चिल्लो बनाउने काम रोक्दछ। श्री मुर्खले जसै पनि, साबुनको डब्बा उठाउँदछ अनि ढोका तर्फ जाँदछ। उसले जिस्काउछ, "के तिमीलाई साँचै लाग्छ परमेश्वरले भोजहरु राख्नुहुन्छ? मलाई त लाग्छ यो तिनको निम्ति समय बिताउने तरिका मात्र हो।"

श्री बुद्धिमानले तिनलाई निश्चय गराउँदछ "अहो हो नी, येशूले भोजको बारेमा कुरा गर्नुभयो अनि त्यसमा आनन्द लिनु भयो। यदि हामीले उहाँलाई येशूको नाममा माग्यौं भनें, परमेश्वरले खुशिसित माफ गर्नु हुन्छ अनि हाम्रो पुरानो जीवन देखि फर्कनलाई मदत गर्न पवित्र आत्मा पठाउनु हुन्छ, सबै भन्दा ठूलो भोजमा सामेल हुनलाई। येशूको मृत्यु र पुनरुत्थान को कारण, परमेश्वरले हामीलाई क्षमा गर्नुहुन्छ अनि आनन्द साथ हामीलाई ग्रहण गर्नुहुन्छ, हराएका बालकहरु जो अब घर फर्केर आएकाछन्। उहाँले भन्नु भयो कि उहाँसित स्वर्गमा हुनु एउटा वृहत बिवाहको भोज जस्तै हो।"

श्री बुद्धिमानले **सृष्टि र आदमको पतन** बारे शिक्षार्थीलाई सुनाउँदछ।

### अभ्यास

श्री बुद्धिमानले शिक्षार्थीलाई सोधेको प्रश्नको उत्तरहरु **उत्पत्ती 1 देखि 3 अध्यायमा** अब यो कथाबाट पत्तो लाउनुहोस्:

- आदम र हवा अचानक परमेश्वरसित किन डराए?



- जब परमेश्वरले आदम र हवालाई बगैंचामा भेटाए तब उहाँ के गर्दै हुनुहुन्थयों?
- मानव जातिको शत्रुलाई परमेश्वरले के गर्छु भन्ने प्रतिज्ञा गर्नुभयो?
- तिनीहरुको अनाज्ञाकारीको कारणले गर्दा यो जोड़ालाई परमेश्वरले कहाँ पठाए?

श्री बुद्धिमानले शिक्षार्थीको नयाँ टेबल शेष गर्नमा मदत गर्दै यी सबै बुझाउँछन्। परमेश्वर पहिले आदम र हवासित हिड्दथे र बात गर्थे। उहाँले मानिसहरुलाई उहाँको मित्र झै हिंड्न र बोल्नलाई सृष्टि गर्नुभयों। उहाँले तिनीहरुलाई कष्ट भोग्न भनी सृष्टि गर्नु भएको होइन, नता हराएको वा व्याकूल हुनलाई। मानिसलाई परमेश्वरसित रहनलाई रचेका थिए, उहाँको सृष्टिको आनन्द लिन मानिसले उहाँलाई स्वतंन्त्रतासित प्रेम गरेको परमेश्वरले चाहनु हुन्थ्यो, किनभने प्रेम जबर्जस्ती गरिन्दैन। परमेश्वरले आदम र हवालाई तिनीहरुको आफ्नै बाटो चुन्न दिनु भयो। तिनीहरु आफ्नै बाटो लाग्नलाई तिनीहरुले चुने, जुन बाटो परमेश्वरको शत्रु शैतानको थियो, परमेश्वरको आज्ञा पालनको विरुद्ध। उहाँले तिनीहरुलाई अदनको बगैंचा देखि निकाल्नु भयो।"

"अहो, कस्तो बिश्वाद।"

"मानव इतिहासले पनि हामी परमेश्वर देखि टाड़ो भएको देखाउँछ। हामीले उहाँसितको मित्रता गुमाएका छौ। संसार मृत्यु र दंगा फसादले पूर्ण छ। परमेश्वर बिना हामी ठूलो आत्मिकी खतरामा जीउछौं। हाम्रो शत्रु शैतानलाई जित्न परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ अनि हामीलाई मृत्यु र दुष्टबाट छुड़ाउनलाई एक विजेता पठाउनु हुन्छ। येशूले उहाँको मृत्युद्वारा हाम्रो विरोधको मोल तिर्नु भयो अनि उहाँको पुनरुत्थान द्वारा हामीलाई परमेश्वर तर्फ फर्की आउनुसक्ने बनाउनु भयो। येशू द्वारा हामी हाम्रा वास्तविक घरमा परमेश्वरसित वस्नलाई फर्की जान सकछौं।"

कथालाई छलफल गरे पछि श्री बुद्धिमानले शिक्षार्थीलाई सोद्धछ "के हाम्रो जीवनको अर्थ तपाईलाई थाहा लाग्यो? हामी उहाँसित मित्रताको बन्धनमा बाँधिएको परमेश्वरले चाहनुहुन्छ। तपाईलाई परमेश्वरको बारेमा अरु धेर कथाहरु जान्ने इच्छा छ; अनि तपाईको परिवारहरुलाई सुनाउन चाहनु हुन्छ?" शिक्षार्थीले इच्छा जाहेर गर्दछ अनि श्री बुद्धिमानले सल्लाह दिंदछ, "यहाँ हाम्रो निम्ति एकसाथ कण्ठस्थ गर्नलाई यहून्ना 1:9 मा एउटा पद छ। हामी अर्को साता फेरि भेट गर्नेछौं।"

## अभ्यास

यहून्ना 1:9 कण्ठस्थ गर्नुहोस्।

आदम देखि तिनको सबै पापपूर्ण वंशहरुबाट के थमाउँदै आए **रोमी 5:12** मा खोज्नु होस्।

पहिलो आदम र अन्तिम आदममा कस्तो भिन्नता छ **रोमी 5:13-21** मा पाउनु हुन्छ।

# I- 2 खोजी 2

## एक परमेश्वरमा फर्की आउनु

(मूर्तिहरु त्याग्नु वा त्रीएक परमेश्वरले जे-सुकै साटनु हुन्छ)



आउँदो हप्ता श्री बुद्धिमान शिक्षार्थीको काठको पसलमा आउँदछ। तिनले कुर्सीको नयाँ जोड़ी पूरागर्नमा शिक्षार्थीलाई मदत गर्दछ। श्री मूर्ख हातभरी स-साना मुर्तिहरु लिएर शिक्षार्थीलाई भन्दछ, "तिम्रो घरबाट दुष्टलाई हटाउने यिनीहरुमा शक्ति छ," उसले बुझाउछन्, "एउटा किन्नु होस्।"

श्री बुद्धिमानले भन्दछ, "तिनीहरुलाई म त मुर्तिहरु जस्तै देख्छु।"

श्री मुर्खले जवाब दिंदछ, "आहो, होइन नी! यसले त तपाईको घरलाई सुन्दर बनाँउछ अनि दुष्टलाई टाड़ो गर्दछ।"

"मुर्तिहरुले घरमा कष्ट मात्र ल्याउँछ," श्री बुद्धिमानले उसलाई भन्दछ, "तिमीले जिवीका चलाउनलाई अरु कुनै थोक बेच्न सकछौ।"

"मैले यसलाई बिक्रि गर्नै पर्छ। अरु व्यपार भन्दा यसबाट मैले धेरै पैसा कमाउछु।"

शिक्षार्थीले सोद्धछ, "तिनीहरु किन त्यत्ती खराब छन्, श्री बुद्धिमान?

श्री बुद्धिमानले जवाब दिंदछ, "म तिमीलाई **एलिया र बालको अगमवक्ता** बारेमा तिम्रो मुर्तिहरु बारे प्रश्नको उत्तर दिनलाई अनि हामी किन एक सत्य परमेश्वरमा फर्केर आउनु र उहाँलाई मात्र पुज्नै पर्छ सुनाउनेछु।"

### अभ्यास

शिक्षार्थी र श्री बुद्धिमानले **1 राजा 18:16-39** मा के पत्ता लाउछन् यो कथामा पाउनु हुन्छ:

- इस्राएल देशमा किन कष्ट आए?
- एक सत्य परमेश्वर अनि बालको मुर्तिपूजक अगमवक्ताहरु बिच अगमवक्ता एलियाले कस्तो प्रतियोगीता राखे?
- बालको अगमवक्ताहरुले कस्तो उत्तर पाए, अनि एलियाले कस्तो उत्तर पाए?
- एक सत्य परमेश्वर को हुनुहुन्छ?

श्री बुद्धिमानले कथालाई व्याख्या गर्दछ: "प्राचिन इस्राएलमा धेरै मानिसहरुले मुर्तिहरु राख्दथे किनकि तिनीहरुले पुजेको देवताहरुलाई प्रत्यक्ष देख्न चाहन्थे। तिनीहरु एक सत्य परमेश्वर देखि टाड़ा भएका थिए, यसैले तिनीहरुको देशमा कष्ट आइ परे। हामीले पनि हाम्रोनिम्ति देवताहरु बनाउदछौं अनि हामीमा कष्ट आउँदछ; किनभने हामी हाम्रो एक सत्य परमेश्वर देखि टाडा भएका छौं। सत्य परमेश्वरले मात्र पृथ्वीमाथि, स्वर्गमा अनि संसारको सबै जातिहरुमाथि राज्य गर्नुहुन्छ। उहाँलाई अधिकार गर्न सकिन्दैन वा कुनै देशको सिमाहरुले वाँघ्न नै सक्छन्। उहाँमा फर्की आउनलाई उहाँले हामीलाई संधै बोलाइ रहेकाछन्।"

"एकक्षण् पर्खनुहोस्।" श्री मूर्खले बाधा हाल्दछ, "त्यो तपाईको निम्ति ठिकै होला, तर मेरो लागि होइन। मेरा पूरर्वहरुले संघै प्रेत आत्माहरुलाई पुज्दथे जसलाई यी मुर्तिहरुमा मेल खान्छन्! म तिनीहरुको मार्गमा हिड्नेछु।,

श्री बुद्धिमानले भन्दछ, "म तिमीलाई **कूवामा भेटेको स्त्रीको** वारेमा सुनाँउछु जसले पिता पुर्खाहरुको वाटोमा हिड़ेकी थिइन, तर एउटा असल मार्ग प्राप्त गरीन।

## अभ्यास

श्री बुद्धिमानले के व्याखा गरे **यहून्ना 4:4-42** मा अब यो कथामा पत्तो लाउनुहोस्:

- कुवाको छेउमा सामरी स्त्रीलाई येशुले के दिने प्रस्ताव राख्नु भयो?
- येशू परमेश्वरको अगमवक्ता हुनुहुन्छ भनी स्त्रीलाई केले निश्चय गराए?
- उहां येशू हुनुहुन्छ भनी कसले भने?
- जब त्यस स्त्रीले येशूको बारेमा तिनका मानिसहरुलाई बताए के भयो?

श्री बुद्धिमानले कुर्सीको काम गर्दा गर्दै शिक्षार्थी र श्री मुर्खलाई कथा बुझाए। "विदेशको एउटा कुवाको नजिकमा एक पल्ट येशू एउटा स्त्रीसित बातचित गर्नु भयो। उहाँले स्त्रीलाई यस्तो पानी दिने प्रस्ताव राख्नु भयो जसले तिनलाई अत्ति तृप्त अनि फेरि कहिल्यै नतिर्खाउने बनाउन सक्ने। यस्तो त्यो पानी  जसले नयाँ जीवन दिंदछ भन्ने उहाँको अर्थलाई स्त्रीले बुझ्न सकिनन् जो हामीले पनि अगि कहिले देखेका छैनौं। हामी खोजी त गर्छौं तर पाउँदैनौं।

"स्त्रीले येशूलाई सोधीन, यदि उहाँ तिनको पुर्खाहरु, जसले तिनका मानिसहरुलाई परमेश्वरलाई पुज्न सिकाए अनि इनार खन्ने तिनीहरु, भन्दा महान हुनुहुन्छ। येशूले तिनलाई भने कि उहाँ एक मात्र परमेश्वरबाट पठाइएका हुनुहुन्छ। परमेश्वरलाई कसरी पुज्ने भनी देखाउनलाई यस्ता उपासनाहरुले एक प्रकारले हामीलाई सन्तुष्ट पार्दछ अरु केहिले दिन सकदैन। यसले हामीलाई नयाँ जीवन दिंदछ जो हाम्रो निम्ति कहिल्यै सम्भव थिएन।" शिक्षार्थीले भन्दछ, " मलाई येशूको बारेमा अझ धेर जान्ने इच्छा छ। श्री बुद्धिमानले शिक्षार्थीलाई भन्दछ, म तपाईलाई परमेश्वरको आज्ञाहरु पालन गर्ने तर्फ साधरण कदम चाल्नमा म मदत गर्नेछु। तपाई मसित एउटै सत्य परमेश्वर संग बात गर्नु हुन्छ अनि उहाँ देखि मुख फिराएीर गएको निम्ति उहाँलाई क्षमा माँग्नु हुन्छ?

"तपाईको मतलब प्रार्थना? म अहिले तयारी छैन्।"

"तपाई अरु द्यैरै यस्ता कथाहरु सुन्न चाहनु हुन्छ अनि तपाईको परिवारलाई ती बताउन चाहनुहुन्छ? हामी दुवै मिलेर परमेश्वरको आज्ञालाई कण्ठस्थ गरौं जसले हामीलाई एक सत्य परमेश्वरलाई पुज्न सम्झना गराउँछं, यो मर्कूस 12:29-30 मा छ।"

## अभ्यास

अहिले **मर्कूस 12:29-30** पढ्नुहोस् र कण्ठस्थ पार्नुहोस्।

जसै तीन व्यक्तिहरु शिक्षार्थीको पसलमा परमेश्वर बारे बातचित्तको शिलशिलामा अगि बड़ेर जाँदछ, श्री मूर्खले सोद्धछ, "तपाईले किन एक सत्य परमेश्वर भन्नु हुन्छ?" मुसलीम, बुद्धिष्ट र हिन्दुहरुले अरु देवताहरु पुज्दछन्, होइन र-? के द्यैरै ईश्वरहरु छैनन् र?"

"एउटै मात्र सत्य परमेश्वर हुनुहुन्छ। अरु आत्माहरु जसलाई मानिसहरुले ईश्वर भन्दछन् ती परमेश्वरको सृजनाहरु हुन्। धर्मशास्त्रले कहिले कहीं तिनीहरुलाई 'दूतहरु' भनेका छन्। दुष्ट आत्माहरु एक पल्ट दूतहरु थिए। तिनीहरु भूत, शैतानको पछि लागे अनि अत्ति उच्च र पवित्र परमेश्वरको विरुद्ध विद्रोह गरे। उहाँले तिनीहरुलाई परमेश्वरको पवित्र स्थानबाट लखेटी दिए, स्वर्ग देखि बाहिर। तिनीहरुले परमेश्वरलाई प्रेम गर्दैन थिए। परमेश्वरलाई प्रेम गर्नु अरु कुनै थोक भन्दा अत्ति महत्त्वपूर्ण छ। यदि हामीसित अरु ईश्वर छन्भने हामीले उहाँलाई प्रेम गर्न सकदैनौं। हाम्रो उद्धार येशूसितको पूर्ण मिलाप माथि निर्भर गर्दछ, जसरी उहाँ परमेश्वर पितासित एक हुनुहुन्छ।"

"येशू कसरी पितासित एक हुन सक्नुहुन्छ?" श्री मूर्खले प्रश्न गर्दछ। "मैले त बुझ्न सकिन।"

"हामीले उहाँलाई बुझ्न सर्वशक्तिमान परमेश्वरलाई खाँचो छैन्। उहाँ धर्मशास्त्रमा तीन व्यक्ति भएर प्रकट हुन  भएको छ, व्यक्तिनै

जान्नु पर्याप्त छ। यी तीन एउटै परमेश्वरमा पिता, पुत्र र पवित्रआत्मा हुन्। एउटै मात्र सत्य परमेश्वर हुनुहुन्छ।"

"तर तिमीले तीन व्यक्तिहरुलाई जोड्नै पर्छ। तिमीले एक, दुइ, तीन जोड्नुहोस् अनि तीन ईश्वरहरु पाउनुहुन्छ।"

"होइन, हामी तिनीहरुलाई जोड्दैनौं। यदि तपाईले गणित द्वारा भेदलाई व्याखा गर्ने चेष्टा गर्नुहुन्छ भने त्यसलाई गुणा गारेमा अझ ठीक हुनजान्छ। एक ले एकलाई गुणा गर्दा एकै हुन्छ अनि फेरि एकले एकलाई गुणा गर्दा एक नै हुन्छ। कारण यही हो परमेश्वरबाट पुत्र नित्य उत्पन्न हुनुहुन्छ। पवित्र आत्मा बारे येशूले यहून्ना 15:26 मा व्याखा गर्नुहुन्छ "जब शान्तिदाता, अर्थात् सत्यको आत्मा आउनु हुनेछ, जसलाई म पिताका तार्फबाट तिमीहरुकहाँ पठाइदिनेछु, र जो पिताबाट निस्की आउनुहुनेछ। उहाँले नै मेरो विषयमा गवाही दिनुहुनेछ।"

श्री मुर्खले उसको मुर्तिहरु उठाउँदछ र त्यहाँबाट जाँदछ।

## अभ्यास

**यहून्ना 15:26 अहिलेनै कझठस्थ गर्नुहोस्।**

# I- 3 खोजी 3

## येशूको मृत्यु र पुनरुत्थानमा  क्षमा र जीवन पाउनु

### (उहाँको काम, उहाँको मृत्यु र पुनरुत्थानमा भरोसा गर्नु हामी मानिसको प्रयासमा होइन)


अर्को हप्ता श्री बुद्धिमान शिक्षार्थीको पसलमा फेरि जाँदछ अनि एउटा नयाँ डेस्कमा पलिस गर्नमा मदत गर्दछ। सिक्षार्थीले भन्दछ, "ती कथाहरु मैले मेरा परिवारलाई सुनाएँ। त्यो तिनीहरुले मन पराए, तर मेरा बुवाले भन्नु भयो कि येशू बाहेक पनि हाम्रो अरु राम्रा गुरुहरु छन्।" श्री बुद्धिमानले उत्तर दिंदछ, "हामीसित अरु असल गुरुहरु छन् तर तिनीहरु येशू जस्ता छैनन्। मलाई **येशू गिरफ्तारी र मुद्दा** बारे मत्ति 26:31:-56 बाट बताउन दिनोस्।



**अभ्यास**

**मत्ति 26:31-56** पढ्नुहोस् र श्री बुद्धिमानले के व्याखा गर्दछ पत्तो लाउनुहोस्:

- येशूको सर्म्पणको शब्दहरु के थियो जब उहाँले आफ्नो मृत्यु आइरहेको बारेमा प्रर्थना गर्दै हुनुहुन्थयो?
- यहूदाले येशूलाई कसरी धोका दिए?
- अरु चेलाहरुले उहाँलाई कहिले त्यागे?
- येशूलाई दोषि ठहराउनलाई पुजाहारीहरुले कस्तो कारणहरु प्रयोग गरे?



डेस्क माथि काम गर्दै गर्दा श्री बुद्धिमानले बुझाउदछ, "हाम्रो पापको द्वारा हामी परमेश्वर देखि अलग भएका छौं। तरै पनि परमेश्वरले संसारलाई यस्तो प्रेम गुर्न भयो कि हामीलाई उहाँकहाँ ल्याउनलाई उहाँले आफ्नो पुत्रलाई पठाउनु भयो। यूहना 3:16 र यूहन्ना 1:10 ले यो भन्दछ। उहाँको आफ्नै चेलाहरुले विश्वासघात गरे अनि उहाँलाई छोड़े। यदि उहाँ निर्दोष र पवित्र भएता पनि परमेश्वरको मन्दिरका पूजाहारीहरुले उहाँलाई मार्न दोषी ठहराएं। येशूको आफ्नै मानिसहरुझैं, हामी सबैले उहाँलाई रद्द तुल्याएका छौं किनभने हामी

सबैले परमेश्वरको विरुद्ध पाप गरेका छौं। येशूले हामीलाई धेरै माया गर्नु भएकोछ, यद्दपि उहाँले हाम्रो निम्ति मर्नलाई रोज्नु भयो। उहाँ हाम्रो गुरु मात्र हुनु हुन्नथ्यो तर हाम्रो पापहरुको निम्ति परमेश्वरको दण्डबाट हामीलाई बचाउनु भयो।

श्री मूर्ख पसलको ढोकामा आइपुग्छ अनि कराउन लाग्छ "हेर्नुहोस् त आज म सित के छ। सुपारी फुटाउने हड्डीको बेंढ़ भएको कुनै एउटा किन्नुहोस्।

तिनीहरुले ध्यान दिंदैनन्। श्री बुद्धिमानले **येशूको मृत्यु र पुनरुत्थान** बारे बताउन थाल्छ।



## अभ्यास

श्री बुद्धिमानले के बयान गर्दछ **लूका 23 र 24 अध्यायमा** पत्तो लाउनुहोस्:

- येशूको मृत्यु कत्ति महत्त्वको थियो भनी देखाउनलाई उहाँ भर्नु भएको क्षणमा के भयो?
- उहाँको मृत्युपछि तेस्रो दिनमा येशूलाई हेर्न आउने स्त्रीहरुलाई दूतहरुले के भनें?
- इम्माउसको बाटोमा हिड़ने मानिसहरुले येशूलाई अन्तमा कहिले चिने?
- येशूको अन्तिम आदेश उहाँका चेलाहरुलाई के थियो?

श्री बुद्धिमानले शिक्षार्थी र श्री मूर्खलाई भन्दछ, "जून दिन येशू भर्नुभयो सूर्य प्राय: 6 घण्टा सम्म अंधकार भयो प्राय: तेस्रो घड़ी सम्मन्, मन्दिरको पर्दा दइ भागमा च्यातियो। येशूलाई गाँड़े अनि तेस्रो दिन सम्म मृत्युमा पड़ी रहे। अत्ति पवित्र परमेश्वरले यो असल र निर्दोष मानिसलाई मरी रहेको चाहनु भएन।"

"येशू कमजोड़ हुनु हुन्थ्यो।" श्री मूर्ख कराउँदछ, "तिनलाई मार्नदेखि मानिसहरुलाई उहाँले रोक्न सक्नु हुन्नथ्यो।"

"उहाँले सक्नुहुन्थ्यो तर येशू स्वेच्छापूर्वक भर्नु भयो। क्रूसमा उहाँले हाम्रो ठाउँ लिनु भयो। तेस्रो दिनमा परमेश्वरले उहाँलाई बौरी उठाउनु भयो। उहाँ चेलाहरुकहाँ देखापर्नु भयो अनि तिनीहरुले उहाँलाई छोए अनि उहाँसित खाए। तिनीहरुले उहाँलाई पुजे, प्रभु अनि परमेश्वर भनी उहाँलाई पुकारे यहून्ना 20:28 मा। उहाँको पुनरुत्थानले मृत्युको शक्तिलाई तोड़े। कुनै मानिसले कहिल्यै त्यसप्रकारले मृत्युलाई हराएका छैनन्।"



श्री बुद्धिमानले शिक्षार्थीलाई सोद्धछ, "के तिमी परमेश्वरको आज्ञापालन गर्न चाहन्छौं? येशू सबै भन्दा महान हुनुहुन्छ भनी अब तिमी देख्दछौ? येशूको नामको शक्तिमा तिमीलाई मृतयुदेख बचाउन र तिमीलाई नयाँ जीवन दिनलाई परमेश्वरलाई माँग्छौ? तिम्रो परिवारसित कण्ठस्थ गर्नलाई येशूको बारेमा यहाँ एउटा पद छ: यहून्ना 3:16।"

शिक्षार्थीले चाँड़ै कण्ठस्थ गर्दछ। जब श्री बुद्धिमान जानलागेका हुन्छन्, शिक्षार्थीले टिप्पणी गर्दै भन्दछ, "यी कथाहरु अब मेरो परिवारलाई म सुनाउन सक्छु। के हामी येशूको बारेमा कुरा गर्नलाई फेरि भेटन सक्छौं?

## अभ्यास

**यहून्ना 3:16** कण्ठस्थ गर्नुहोस्, अनि यसलाई कण्ठस्थ गर्नमा तपाईको परिवार र मित्रहरुलाई पनि मदत गर्नुहोस्।

# I- 4 खोजी 4

## दुष्ट र मृत्युको शक्तिबाट उम्कनु

### (येशूले प्रेतहरु र मृत्युलाई विजयी गर्नुहुन्छ)

एक हप्ताबाद श्री बुद्धिमान काठको पसलमा शिक्षार्थीलाई फेरि मदत गर्दछ। श्री मूर्ख स्वास फुलाउँदै आइपुग्दछ। "बुरो खबर, शिक्षार्थी। तिम्रो भाइ जो नदीको किनारमा बस्दछ एउटा बस दुर्घटनामा मारिए।"

शिक्षार्थीले पलिस राख्दछ अनि चुपचाप बस्दछ। श्री बुद्धिमान तिनको छेउमा गएर बस्दछ, मौनको लामो क्षणमा तिनले उसको निम्ति प्रार्थना गरीदिंदछ। शिक्षार्थी सुक सुँकाउछ, "अहो होइन! परमेश्वरले किन यस्तो दुष्ट घटनाहरु हुन दिनु हुन्छ? तिनको परिवारलाई म कस्तो सान्त्वना दिनु? श्री बुद्धिमानले **मृत्युमाथि येशूको शक्ति** बारे तिनको मित्रलाई सुनाउँछन्।



**अभ्यास**

श्री बुद्धिमानले के व्याखा गर्दछ **यहून्ना 11:17-44** मा पत्तो लाउनुहोस्:

- येशूलाई उहाँको मित्र लाजरसको मृत्यु बारे कस्तो अनुभव गर्नुभयो?
- जसले उहाँमा विश्वास गर्दछ के हुँदछ भनी येशूले मार्थालाई भन्नु भयो?
- जब येशुले तिनलाई बोलाउनु भयो तब मरेको लाजरस के भयो?

शिक्षार्थीको पसलमा तीन मानिस मात्र छन्। श्री बुद्धिमानले बुझाउँछन् "येशूको पनि एकजना हितैसी मित्र थियो जो मरी गए। येशू बहुतै दु:खी हुन भयो। मानिसहरुले दु:ख भोगेको परमेश्वरले हेर्न चाहनुहुन्न। येशूले सबै कुरोलाई ठीक बनाउनलाई आउनु भयो। उहाँले मार्थालाई भन्नु भयो कि लाजरसले फेरि जीवन पाउनेछ, किनभने लाजरसले येशूमा विश्वास गर्थे। उहाँ पुनरुत्थान र जीवन हुनुहुन्छ। उहाँले परमेश्वरलाई प्रार्थना गर्नुभयो अनि तब चिहानमा परेको लाजरसलाई बोलाउनु भयो। लाजरस जीउँदो बनेर चिहानबाट बाहिर आए।

श्री मुर्खले सोद्धछ, "तर अहिले जीवन दिनलाई येशूमा कुन शक्ति छ?"

"येशूले देखाउन भयो कि उहाँमा मृत्युलाई जित्ने शक्ति छ। जब उहाँ तेस्रो दिनमा मृत्युबाट जीवनमा आउनु भयो, उहाँले बिश्वास गर्ने सबैलाई एउटा नयाँ जीवन दिनु भयो। यो जीवनको अन्त कहिले हुँदैन किनभने परमेश्वरको आत्मा हामी भित्र छ।

श्री बुद्धिमानले **भूत आत्माद्वारा सताइएको भान्छेको** बारेमा बताउँदछ जसले येशूलाई भेटे।

## अभ्यास

श्री बुद्धिमानले शिक्षार्थीलाई सोधेका यी प्रश्नहरुको उत्तर मर्कुस 5:1–20 मा पत्तो लाउनुहोस्:

- दुष्ट आत्माले त्यस मानिस आफैलाई के गर्न लाँउथे?
- दुष्ट आत्माले येशूलाई के भन्यो?
- येशूले त्यस मानिसको निम्ति के गर्नु भयो?
- त्यस मानिसलाई निको गरे पछि येशुले त्यसलाई के भन्नु भयो?

श्री बुद्धिमानले बुझाउँदछ, "येशू परमेश्वरको पुत्र हुनुहुन्छ उहाँको वास्तविक प्रवृत्ती परमेश्वरको झै छन्, फिलिप्पी 2:6 ले यो बताउँदछ। आत्माहरुले त्यस मानिसलाई कराउन र आफैलाई चिर्थोन लाउँथे। उ साह्रो बलियो थियो यसैले उसलाई कसैले बसमा पार्न सकदैनथ्यो। जब येशू आउनु भयो, तिनीहरुले उहाँलाई परमेश्वरको पुत्र भनि चिने। त्यो मानिस येशूको अघि झुके अनि आत्माहरुले तिनीहरुलाई सुंगूरहरुमा पठाउनलाई बिन्ति गरे। येशूले आत्माहरुलाई त्यस मानिसबाट निकालेर पठाए अनि तिनीहरु गए। येशूले त्यस मानिसलाई सम्पूर्णरुपमा चंङ्गाई गर्नुभयो।"

श्री मुर्ख केहि नबोली जाँदछ अनि श्री बुद्धिमानले कुरा अघि बढ़ाउँदछ; "जब येशू स्वर्गमा जानु भयो, उहाँलाई बिश्वास गर्नेहरुको निम्ति उहाँको आत्मा वास गर्नलाई पठाउनु भयो। परमेश्वरको आत्मा शक्तिशाली छन् अनि हामीलाई दुष्ट देखि रक्षा गर्दछ। उहाँले हामीलाई एउटा नयाँ जीवन दिनुहुन्छ जो अनन्त र पवित्र छन्। येशूको बारेमा अरु मानिसहरुलाई सुसमाचार सुनाउनमा उहाँले हामीलाई मदत गर्नुहुन्छ।"

श्री बुद्धिमानले शिक्षार्थीलाई सोद्धछ, "अब तपाई येशूको नाममा परमेश्वरलाई प्रार्थना गर्न चाहनुहुन्छ अनि तपाईको जीवन बदली गर्न मांग्नु हुन्छ? उहाँले गर्नुहुन्छ। तपाईको जीवन बदली गर्न मांग्नु हुन्छ? उहाँले गर्नु हुन्छ। तपाईको परिवारलाई यो कथा बुझाउनमा मदत गर्नलाई यो पद छ: यहून्ना 11:25। यही आशा हो तपाईले तपाईको परिवारलाई दिन सक्नुहुन्छ। शिकारुले अझ पनि प्रार्थना गर्न चाँहन्दैन, तर तिनले पद कण्ठस्थ पार्दछ।



## अभ्यास

यहून्ना 11:25 कण्ठस्थ गर्नुहोस्।


# I -5-खोजी 5

## जीवनमा मूल विषयहरु छुट्‌टाउनु

### (पापबाट फर्कनु अनि नष्टहुने थोकहरुभन्दा अनन्तको मुल्यका कुराहरुको खोजी गर्नु)

श्री बुद्धिमान फेरि अर्को हप्ता शिक्षार्थीलाई भेट गर्न जाँदछ तर तिनलाई घरमा वा तिनको पसलमा भेटाउदैनन्। अन्तमा, उसले तिनलाई बाटोमा भेटाउँदछ। शिक्षार्थीले माफ माग्दछ, "श्री बुद्धिमान, मेरो भाइको अन्तिम संस्कार भए देखि म परमेश्वर बारे विचार गर्नमा व्यस्त बनी रहेको छु। साथद एक वा हुइ महिनामा..."

"मलाई थाहा छ तपाई व्यस्त हुनुहुन्छ, तर जीवनको विषयमा तपाईले भुल्न हुँदैन जो उत्तिनै महत्वपूर्ण छ। म तपाईलाई **नूह र जल प्रलय** बारे भन्नौं।"



**अभ्यास**

श्री बुद्धिमानले के व्याखा गर्दछ, **उत्पत्ती 6:5-14** मा पत्तो लाउनुहोस्:

- नूहको समयमा मानिसहरुले के गरीरहेका थिए त्यस बारेमा परमेश्वरलाई कस्तो लाग्यो?
- परमेश्वरले नूह र तिनको परिवारलाई किन बचाउनु भयो?
- नूहले परमेश्वरको आज्ञा पालन गर्नलाई के गरे?



तिनीहरु शिक्षार्थीको पसल तर्फ लागे अनि एउटा ढोकाको काम शुरु गरे। श्री बुद्धिमानले प्रलयको बारेमा ब्याखा गर्दछ: "येशूले भन्नुहुन्छ कि नूहको समयमा मानिसहरु सामान्य जीवन जीइरहेका थिए, लूका 17:17 मा। तिनीहरुले परमेश्वरलाई भुलेका थिए अनि दुष्ट र हिंस्र बनेका थिए। तिनीहरुले पश्चत्ताप गरुन भनी परमेश्वरले धिरज धारण गरी पर्खीरहेका थिए। परमेश्वर पवित्र हुनुहुन्छ। उहाँले पापलाई सहन सक्नु हुन्न। पाप र हिंस्र उहाँले नूहको समयमा देख्नु भएर उहाँलाई दु:खी र क्रोधित तुल्याएं, उहाँले पृथ्वीको मानिसहरुलाई नष्ट गर्ने निर्णय लिनुभयो।"

"सबैलाई?"

"प्राय:। नूह मात्र यस्तो मानिस थिए जसले परमेश्वरको सुन्थे। नूहले परमेश्वरलाई नदेखतापनि भरोसा गर्थे। तिनले जहाज बहाउन पानी नदेखेता पनि ठूलो जहाज बनाउनलाई धेरै वर्ष खर्च गरे। परमेश्वरले नूहलाई बचाउनु भयो, कारण तिनले परमेश्वरलाई विश्वास गर्थे अनि उहाँको आज्ञा पालन गर्थे। परमेश्वरले पृथ्वीलाई प्रलय द्वारा नाश गर्नु भयो, तर नूह र तिनको परिवारलाई जहाज भित्र बचाउनु भयो।

श्री मूर्ख ढोकामा रोकिन्छ, सुन्नलाई। श्री बुद्धिमानले व्याखा गर्दछ, "आज हामी नूहको समयको मानिसहरु जस्ता छौं। हामी परमेश्वरलाई लत्याउछौं अनि पाप र हिंस्रले पूर्ण भएका छौं। हाम्रो पापले परमेश्वरलाई दु:खीत र क्रोधित तुल्याउछौं। हामी सबै मृत्यु द्वारा नष्ट पारिन्छौ यदि हामी परमेश्वरले दिनु भएको सुरक्षित ठाउँमा प्रवेश गर्दैनौं भने। त्यो सुरक्षित ठाँउ ठूलो जहाज जस्तै हो, हामी येशूको हातमा सुरक्षित हुन्छौ यदि हामीले विश्वास गर्छौं भने।"

श्री मूर्खले प्रतिवाद जनाउँछ, "तर शिक्षार्थीले त केहि त्यस्तो दुष्ट काम गरेकै छैन्। उसलाई किन लुक्नुलाई सुरक्षित ठाउँ चाहियो? उसलाई त धेरै पैसा मात्र चाहिन्छ! यहाँ हेर्नुहोस्, मैले के लिएर आएको छु। यो मिठाइको यन्त्र हो। यहाँ पेसा हाल्नुहोस्, यो डल्लो गाँठो घुमाउनुहोस् अनि मिठाइ वाहिर निस्कि आउँछ। तर शिक्षार्थी, यो तिम्रो काठको पसलको निम्ति हो। मानिसहरु मिठाइको निम्ति आउनेछन् अनि तिमीले धेरै पैसा कमाउनु हुन्छ। पैसा धेरै महत्त्वपूर्ण कुरो हो।"

श्री बुद्धिमानले श्री मूर्खलाई भन्दछ, "मैले तिमीलाई **मूर्ख धनी मानिसको** येशूको कथा सुनाउन चाहेको थें।"

## अभ्यास

- जुन मानिसहरुले धेरै धनमात्रको खोजी गर्दछ त्यस्ताहरुलाई येशूको चेतावनी **लूका 12:13-21** मा पत्तो लाउनुहोस्।

श्री बुद्धिमानले श्री मूर्खलाई सोद्धछ, जसले अहिले सम्म मिठाइको यन्त्र पक्रिराखेको छ। "के तिमी देख्दछौ त्यो धनी मानिसले उसको साधरण व्यपार गर्दै थिए तर उसले परमेश्वरमा भन्दा उसको खेती-पाती र भण्डारहरुलाई अधिक महत्त्व दिएका थिए। तिनको मृत्यु नसोंचेको समयमा भयो। मृत्युको निम्ति उ तयार भएको थिएन। येशुले भन्नु हुन्छ कि उहाँ फेरि संसारमा आउनु हुनेछ। कति मानिसहरु नूहको समयमा झै व्यापार गरीरहेका हुनेछन्। तिनीहरु येशूको निम्ति तयार भएका हुँदैनन्। तिनीहरु प्रलयमा परेका मानिसहरु जस्ता हुनेछन्। तर तिनीहरु जो येशुका हुन् सुरक्षित रहेनछन्।"

श्री मूर्ख हांस्दै जान्छन्, तर शिक्षार्थीले प्रतिक्रिया जनाउँछन्: "श्री बुद्धिमान, मैले त परमेश्वरलाई भुल्दै गएछु। मेरो निम्ति प्रार्थना गर्नुहोस् यसरी म येशूको नाममा क्षमा मांग्न सकूं।" प्रार्थना सके पछि तिनले भन्दछ, "मैले तपाईसित धेरै अगिनै प्रार्थना गर्नु पर्ने थियो। मलाई शान्ती लागी रहेछ। यी कथाहरुले मेरा परिवारलाई परमेश्वरको संझना गर्न मदत पुऱ्याउनलाई भीन म सुनाउने छु। कण्ठस्थ गर्नलाई तपाईसित अर्को बाइबलको पद छ?"

"रोमी 6:23 सिकनुहोस्। के हामी फेरी चाँडै भेटन सक्छौं?"

"ज्यू आज राती मेरो घरमा रात्री भोज गर्नुहोस्, मेरी स्वास्नी साराले पनि तपाईलाई भेटन चाहन्छिन्।"

## अभ्यास

- रोमी 6:23 कण्ठस्थ गर्नोस्, अति बहुमुल्य बरदान यो पृथ्वीमा।

## I-6-खोजी - 6

## साँचो भलाईको पत्तो लाउनु

### ( मानिसहरु जसले आफैलाई राम्रो ठान्दछन् तिनीहरुलाई परमेश्वरको क्षमाको खाँचो पनि छ )

शिक्षार्थीको घरमा एउटा मिठो रात्री भोज सकेपछि, तिनले श्री बुद्धिमानलाई भन्दछ, "साराले तपाईलाई एउटा प्रश्न गर्न चाहन्छीन। उसको भाइको केहि विषयमा।"

"तपाईको अनुमति लिंदै शिक्षार्थी, यो विषयमा साराले नै व्यक्त गरेको म सुन्न चाहन्छु।"

सारा लाजले रातो हुंदछिन्, "तपाईले भन्नु भएछ कि शिक्षार्थीलाई केहि कुरोको निम्ति क्षमाको खाँचो छ। तर शिक्षार्थी खराब व्यक्ति होइन। तिनी एउटा लोग्ने र बाबुले गर्नपर्ने काम गर्दछ। तिनी आफ्ना मित्रहरुसित पनि राम्रो छ। के परमेश्वरसित हुन एउटा व्यक्तिलाई यति पर्याप्त छैन?"

"मलाई एउटा **भ्रष्ट महसुल उठाउनेको** बारेमा भन्न दिनुहोस्।" कथा सुनाइ सकेपछि, शिक्षार्थी र तिनको स्वास्नीले बुझ्न सके कि सकेनन् भनी जान्नलाई श्री बुद्धिमानले प्रश्नहरु सोद्धछ।



**अभ्यास**

**शिक्षार्थीले के पाए लूका 19:1-10 मा पत्तो लाउनुहोस्:**

- येशूले कसरी थाहा पाउनु भयो कि जकैले उहाँलाई भेटन चाहन्थे?
- येशूले यो भ्रष्ट महसुल उठाउनेसित कसरी व्यवहार गर्नुभयो?
- जकैले येशूलाई कस्तो व्यवहार गरे?
- अरुले जस्तै येशूले त्यस मानिसलाई दोष लाउनु भएन। जकैले कृतज्ञता प्रकट गर्दै के गर्छु भने?

त्यसपछि, श्री बुद्धिमानले जकैको बारेमा बुझाउछ: "येशू सदा तिनीहरुकहां आउनुहुन्छ जसले उहाँलाई खोज्दछ। उहाँले तिनीहरुको

हृदयलाई बदलाउनु हुन्छ। हामी आफ्नो प्रयासले कहिल्यै असल मानिस बन्न सक्दैनौ। कत्ति मानिसहरूले सम्झन्छन् तिनीहरु असल छन् तर तिनीहरुको आफ्नै पाप हेर्न अत्ति घमण्ड गर्दछन्। जब येशू हाम्रो जीवनमा आउनु हुन्छ, उहाँले हामीलाई उहाँको भलाई दिनुहुन्छ। जकै जस्तै, हामीले उहाँलाई हाम्रो कार्यहरुले कृतज्ञता प्रकट गर्दछौं।"

"म अझ पनि दोधारमा छु," साराले भन्दछ। "मेरो धार्मिक काकाको के हुन्छ? पूजाहारीले तिनलाई दिनु भएको प्रार्थना उहाँले दिनमा घरै पटक दोहोरयाई रहन्छ। के उहाँलाई पनि येशू द्वारा बाँच्न खाँचो छ?"

"ज्यू, कुनै तयार गरेको नियमहरुलाई पालन गरेर वा धार्मिक काम गरेर हामीले परमेश्वरलाई खुशि पार्न सक्दैनौ। मलाई **पूजाहारी र महसुल ( कर ) उठाउनेको** बारेमा भन्न दिनोस्।"

## अभ्यास

शिक्षार्थी र साराले **लूका 18:9-14** मा के पाए पत्तो लाउनुहोस:

- येशूले कस्तो किसिमको मानिसहरुलाई दुष्ट महसुल (कर) उठाउनेको बारेमा भन्नुहुन्छ?
- यस कथामा धार्मिक मानिसहरुको आचरण परमेश्वर प्रति कस्तो छ?
- महसुल (कर) उठाउनेको आचरण कस्तो थिएछ?
- कुन मानिसले परमेश्वरलाई खुशि पारे र साँच्चिनै असल बने?

श्री बुद्धिमानले मिठो भोजनको निम्ति सारालाई धन्यवाद दिंदछ। उसले उत्तर दिन्छिन् "तपाईलाई पनि बाइबलको कथाको निम्ति धन्यवाद, श्री बुद्धिमान। अब मैले धेरै राम्रोसित बुझन पाएँ। परमेश्वरले दुष्ट मानिसहरुलाई समेत क्षमा गर्नु हुँदोरहेछ।"

शिक्षार्थीले श्री बुद्धिमानलाई भन्दछ, "कसरी एउटा छोटो प्रार्थनाले मानिसलाई असल बनाउन सक्छ बुझ्याइ दिनु होस्।"

"परमेश्वरले मात्र हामीलाई साँचो गरी असल बनाउन सक्नु हुन्छ। जब हामी हाम्रो पापको निम्ति उहाँमा इमान्दार बन्दछौं अनि येशूको नाममा क्षमा पाउनलाई उहाँमा भरोसा राख्छौं, हामीलाई निश्चयनै असल बनाउनलाई उहाँको आत्मा आउनु हुन्छ। कथामा जस्तो हामी पनि बहुतै धार्मिक हुन सक्छौं, तर त्यतीले मात्र परमेश्वरलाई खुशि पार्न सक्दैनौं। हाम्रो पश्चत्ताप र भरोसाले मात्र उहाँलाई खुशि तुल्याउछौं।"

श्री बुद्धिमान घरबाट जसै निस्कन लागेका हुन्छन्, तिनले शिक्षार्थीलाई भन्दछ, "मेरो बिचारमा ख्रीष्टको बारेमा साराले सुसमाचारलाई लिंदैछिन्। यस बारे तपाईले तिनीसित बात गर्नुहुन्छ भन्ने म आशा गर्छु। यदि तपाईले चाहनु हुन्छ भने तिनी तयार छिन्; तपाईले येशूको नाममा क्षमाको निम्ति तिनीसित प्रार्थना गर्न सक्नु हुन्छ; जसरी मैले तपाईसित गरेथे।"

"म आज राती तिनीसित कुरा गर्नेछु। यदि सक्नु हुन्छ भने तपाई भोली बिहान आइदिनु हवस।"

## I -7-खोजी 7

## येशूमा प्रशस्त जीवनको पत्तो लाउने

## (आज्ञा पालनद्वारा विश्वासलाई दर्शाउन बप्तिस्माबाट शरू गर्ने)

अर्को विहान श्री बुद्धिमान शिक्षार्थीको घरमा पुग्दछ।

केहिक्षणमा श्री. मूर्ख हातभरी प्वाँखको नाना किसिमको रंगी चंगी झुण्ड्याउने थोकहरू बोकरे ढोक मा देखा पर्छ।

शिक्षार्थी, तपाईको श्रीमती साराको निम्ति एउटा टोपी किन्नु होस्।"


शिक्षर्थी हाँस्छ। "तिम्रो सामानहरू भन्दा अरू अत्ति जरूरी विषयमा हामीले कुराकानी गर्नुछ। म र मेरो परिवाले येशूलाई पालन गर्दे छौं। मलाई आशा छ तिमीले पनि गर्नेछौ, श्री मूर्ख।"

"मैले यसबारे विचार गरेको छु। म उहाँलाई भेरो आन्फै तिरकामा पघ्याउछु। यसमा साहै बेसरी भ्रान्त नबन्नुहोस् शिक्षार्थी। कुनै भानिसहरूले भनछछ कि तिमीलाई स्वर्ग जान गर्नु पर्ने काम येशूमा विश्वास गर्नु हो। त्सस भन्द बड़ी केहि होइन। त्यो म गर्ने छृ।"

"मैंले भनें, हामी उहाँलाई पालन गर्नेछौं।"

"तिमीले सक्दैनौं। उसले भन्यो, तिम्रो शत्रुलाई पनि प्रेम गर। यो हुनै नसक्ने।"

"श्री बुद्धिमान असहमत हुँदछ। "होइन। विश्वास गर्नु शरूवात मात्र हो। तपाईको साघरण आज्ञाकारिताले तपाईको भरोसा पक्का गरेको परमेश्वरले चाहनुहुन्छ। **एथियोपियाका सरकारी कर्मचारीको** कथाले तपाईलाई सबै बुनमा मदत गर्नुहुनेछ।"



### अभ्यास

**प्रेरित 8:26-38** मा पत्तो लाउनुहोस्:

- एथियोपियनले पूरानो नियम धर्मशास्त्रमा कसको बारेमा पढ़े जो येशू ख्रीष्ट जन्मनु भन्दा द्यरै सय वर्ष अगि लेखिएको थियो?
- पूरानो नियमले येशूको बारेमा भविष्यवाणी गरेकोले ती पुस्तकले के काम गरे?

● एथियोपियनले म येशूलाई विश्वास गर्छु भनी प्रमाण दिनलाई तिनले के गरे?

शिक्षार्थी, सारा र मूर्ख जसै शिक्षार्थीको घरमा बसी रहेका हुन्छन् श्री बुद्धिमानले बुझाउँछन्: "एथियोपियनले पढ़ेको पुस्तक यशैया 53 थियो। येशू जन्मनु भन्दा कैयौं शताब्दी अगि लेखिएको थियो, येशुले के गर्नु हुन्छ भनी त्यसमा लेखिएको थियो। त्यहाँ भन्दछ कि हामी भेड़ाहरुझैं हाम्रो पापले गर्दा परमेश्वर देखि बरालिएका छौं। हामी मृत्युको भागीदार थियौं तर येशूले हाम्रो सबै पाप, रोग, कष्ट र मृत्यु उहाँ आफैमा लिनुभयो। किनभने उहाँले कष्ट भोग्नु भयो र भर्नु भयो, अनि हामी पाप र मृत्युबाट मुक्त भएका छौं।"

साराले कफी लिएर आउँछीन् अनि श्री बुद्धिमानले बुझाउने क्रमलाई अगि बड़ाउदछ: "येशूले एथियोपियनको निम्ति के गर्नु भयो तिनले बिश्वास गरे। तिनले आफ्नो विश्वास जाहेर गर्नलाई तिनले बाटोको नजिकै पानी देखेर तुरन्तै बपस्तिस्मा दिने फिलिपलाई आग्रह गरे। बप्तिस्माले ख्रीष्टको मृत्युमा उहाँसित हामीलाई पवित्र आत्माले एउटै बनाएको दर्शाउछ, जसै कल्लसी 2:12 अनि रोमी अध्यायले पनि प्रष्ट पार्दछ। हाम्रा पापमय जीवन येशू सितै मरेकाछन्। विश्वासद्वारा हामी उहाँको पुनरुत्थानमा सामेल हुन्छौं अनि एउटा नयाँ जीवन शुरु गर्दछौं जो अनन्त र पवित्र छन्। उहाकों आत्मा हामीमा बास गर्नलाई आउनु हुन्छ।"

श्री मूर्खले आखाँ तरेर हेर्छ। "त्यो हास्यजनक छ! हामीलाई पवित्र पार्न हामीलाई पानीको दर्कार पर्दैन। कारण हामी लामो समय सम्मन मनन् गर्छौं। मनन् कसरी गर्ने विषयमा एउटा हिन्दु पवित्र मानिस द्वारा लेखिएको पुस्तक म तपाईलाई बेच्ने छु। यहाँ हेर्नुहोस्।"

**नामान कोरीको** बारे श्री बुद्धिमानले बताउदछ। तिनीहरुलाई बुझाउँनलाई तिनले प्रश्नहरु सोद्धछन्।



**अभ्यास**

**2 राजा 5:1-14** मा पत्तो लाउनुहोस्:

● नामानले तिनको विश्वास जाहेर गर्नलाई के गरे?

● नदीको पानीले नामानको कोर धोइएको होइन। त्यो परमेश्वर गर्नु भएको थियो। तर नामानलाई उहाँमा भरोसा गर्न परमेश्वरले पानीलाई कसरी प्रयोग गर्नु भयो?

श्री मुर्खले उसको पुस्तक बिक्रि गर्न सक्दैन र घरबाट जान्छन्। श्री बुद्धिमानले शिक्षार्थी र सारालाई बुझाउँदछ: "परमेश्वरले हामीलाई पानीको बप्तिस्मा लिन भन्नु हुन्छ। नामानको सफाई र एथियोपियनको बप्तिस्मा जस्तै हाम्रो पानीको बप्तिस्माले हाम्रो विश्वासलाई जाहेर गर्दछ। परमेश्वरको आज्ञा पालन गर्ने पहिलो विषय हामी यसरी गर्दछौं। बप्तिस्माले हाम्रा पापहरु येशूको रगतमा परमेश्वरले धुनु भएको छ भनी जाहेर गर्दछ; जसै प्रेरित 22:16 ले प्रकट गर्दछ। परमेश्वरको सफाई हामीलाई 1 यूहन्ना 1:7 ले पनि निश्चित गराउँदछ।"

शिक्षार्थी र श्री बुद्धिमान बप्तिस्मा बारे कुरा गर्दै पसल तर्फ लाग्दछ "शिक्षार्थी, तिमी र तिम्रो परिवारले आज्ञाकारीको कदम चालेको परमेश्वरले चाहनु हुन्छ। **बप्तिस्माले येशू ख्रीष्टसित हामीलाई कसरी मिलाउछन्** तिम्रो नानीहरु र सारालाई तिमीले बुझाउनु पर्छ।"

"म सारासित बात गर्नेछु। म जान्दीन हामी अहिले तयार छ कि छैनों।"

## अभ्यास

- **प्रेरित 2:38** मुखस्थ पार्नुहोस्।
- बप्तिस्माले हामीलाई ख्रीष्टसित कुन प्रकारले एक बनाउँदछ छ **रोमी 6:1–14** मा पत्तो लाउनुहोस्।
- हामीले जीउने जीवनमा बप्तिस्माको परिणाम के हुन पर्छ? **रामी 6:1–14** मा पनि हेर्नुहोस्।

I-8-खोजी 8

# येशुको चेला बन्नु

## (बौरी उठन भएको ख्रीष्टलाई भेटनु, चिन्नु र पछयाउनु)

केहि दिन पश्चात् श्री बुद्धिमान काठको पसलमा आउँदछ अनि शिक्षार्थीलाई भन्दछ, "म चाँड़ै नै शहरको अर्को इलाकामा जाँदैछु। जान भन्दा अघि यहाँ बिश्वासीहरुको एउटा मण्डली खड़ा गरेर जाने इच्छा छ। तिमीले येशूको सुसमाचार सुनेका छौ। एक सत्य परमेश्वरको निम्ति हाम्रो खाँचो तिमीले जॉन्दछौ अनि हामीलाई पाप र मृत्युबाट उद्धार गर्नलाई उहाँले येशूलाई पठाउनु भयो। बप्तिस्मा द्वारा तिमीहरुको बिश्वासलाई जाहेर गर्ने बारे सारालाई कुरा गरयौ?"

"ज्यू, येशूको मृत्यु र पुनरुत्थानले हामीलाई क्षमा र नयाँ जीवन मिल्दछ भनी हामी दुवै विश्वास गर्छौं। तर बप्तिस्मा बारे म अझै सिक्न चाहन्छु।"

"त्यसोभए, **पावलले येशूलाई कसरी भेट गरे**, सुन्नुहोस्।"



### अभ्यास

**प्रेरित 22:1-16** मा पत्तो लाउनुहोस्:

- पावलले येशूलाई भेटन भन्दा अगि तिनले ईसाईहरुलाई के गर्दै थिए?
- दमस्कस्को बाटोमा पावलसित को बोल्नु भयो?
- पावल येशूको आज्ञाकारी चेला बन्नलाई के गर्नु आवश्यक थियो?

कुर्सीको काम पूरा गर्नमा मदत गर्दै श्री बुद्धिमानले कथालाई छोटकरीमा सुनाउछन्। "पावलले येशूलाई भेटन भन्दा अगि घेरै इसाईहरुलाई जेलमा हाले। तिनले सम्झन्दथे कि इसाईहरुलाई रोक्ने प्रयास गरेर तिनले परमेश्वरको सेवा गर्दैछन्। येशू मुर्दाबाट बौरी उठनु भयो भनी तिनले संम्झदथे तर बौरी उठन भएको येशू पावलसित बोल्नु भयो। परमेश्वरको अगमवक्ता तिनलाई निको पार्न नआउञ्जेल सम्म पावल अन्धा बनेका थिए। अगमवक्ताले तिनलाई उठन लगाए, बप्तिस्मा लिन अनि तिनको पापहरु धुन अनि येशूको नामलाई उचाल्न। अगमवक्ताले पावलाई भने तिनले जे देखे र सुने त्यसको गवाही सारा मानिसहरुलाई दिनेछौ।"

श्री मूर्ख हतार साथ पसल मित्र पस्दछ अनि बोल्न लाग्दछ, तर श्री बुद्धिमानलाई देखेर बन्द गर्दछ। उसले केहि बेर सम्म सुन्दछ, र भन्दछ, "यसमा तिमीले हतार नगर शिक्षार्थी। केहि विचार गर। यो येशूको धर्मसित साह्रै टाड़ो नजानु होस। यसले तपाईको जीवनमा बाधा पार्नेछ।"

श्री बुद्धिमान चुपचाप परमेश्वरलाई प्रार्थना गर्दछ, अनि तब **येशू कसरी स्वर्गमा जानुभयो** तिनले वर्णन गर्दछ।

**अभ्यास**

श्री बुद्धिमानले शिक्षार्थीलाई के सोधे **लूका 24:36-53** मा पत्तो लाउनुहोस्:

- येशूले उहाँका चेलाहरुलाई म भूत होइन भनी देखाउनलाई के गर्नु भयो?
- सारा जातिलाई समाचारको रुपमा कुन निर्दिष्ट ऐतिहासिक घटनाहरु घोषणा गर्नलाई येशूले हामीलाई सिकाउनु हुन्छ?

शिक्षार्थी र श्री मूर्खले पसलमा जसै कथा सुन्दछ श्री बुद्धिमानले अन्त गर्नलाग्छ: "येशूलाई मानिसझैं स्वर्गमा लगिएको थियो। स्वर्गेदूतहरुले प्रतिज्ञा दिएर भने यहि येशू फेरि फर्कि आउने छ। (प्रेरित 1:8-11) त्यसपछि येशुले उहाँका चेलाहरुलाई एउटा काम गर्नलाई दिनु भयो अनि यी काम गर्न तिनीहरुलाई माथिबाट शक्ति प्रदान गर्नलाई उहाँको पवित्र आत्मा पठाउनु भयो। यो काम आज हाम्रो निम्ति पनि छ। हाम्रो काम येशूको बारेमा सबै मानिसहरुलाई सुनाउनु हो, विशेष गरेर उहाँको मृत्यु अनि पुनरुत्थान, अनि पश्चत्ताप र पापहरुको क्षमा बारे उदघोषणा गर्नु हो।

श्री मूर्खले भन्दछ, "त्यसो भए येशू त टाड़ो गइसक्नु भएको रहेछ। म जाँदैछु। तपाईहरु धर्मबारे अत्ति धर्मान्धतायुक्त बन्दै जाँदै हुनुहुन्छ।"

श्री बुद्धिमानले उसपट्टि ध्यान नदिएर शिक्षार्थीलाई भन्दछ, "एक दिन येशू आउनु हुनेछ अनि उहाँकाहरुलाई मृत्युबाट बौरी उठाउनु हुन्छ, यसैले हामी सबैजना उहाँ जहाँ हुनुहुन्छ त्यहाँ उहाँसित हुनेछौ (यूहन्ना 14:3)। शिक्षार्थी, के तपाई परमेश्वर तर्फ यो कदम लिनलाई तयार हुनुहुन्छ? येशूको आवाजलाई सुन्नुहोस्। तिम्रो पापहरु स्वीकार गर अनि बप्तिस्मा लेऊ, येशूको नाममा तिमीहरुको पाप घोई पखाल (प्रेरित 22:16)।"

"मेरा हृदयमा म जान्दछु कि यो सत्य छ। म अनि मेरो परिवार ख्रीष्टलाई अपनाउँछौं। हामी बप्तिस्मा लिनैछौं। अनि मैले मेरा मित्रहरुलाई येशूको बारेमा सुनाउन अगिबाटै शुरु गरीसकेकोछु।"

अभ्यास

श्री बुद्धिमानले शिक्षार्थीलाई जे गर्नु भन्दछ, गर्नुहोस्:

- **मत्ति 28:18-20** कण्ठस्थ गर्नुहोस्।
- तपाईले येशूको बारेमा जे देख्नु र सन्नु भयो अरुलाई पनि बताउनुहोस्।
- त्यस दिनको निम्ति परमेश्वरको प्रशंसा गर्नुहोस् जब उहाँले आफ्नो चेलाहरुलाई उहाँको घरमा लैजानलाई आउनुहुनेछ।



# खण्ड-II

# ख्रीष्टको आज्ञा पालन गर्ने मण्डली स्थापना गर्ने

खण्ड-II भा भएको अध्यायहरु ख्रीष्टको मौलिक आज्ञाहरु हुन। जो अभ्यास भइरहेका छन ✔ चिन्ह दिएर रोक्नुहोस्:

II-1 ख्रीष्टको आज्ञा # 1 पश्चत्ताप, विश्वास अनि पवित्र आत्मा पाउनु (मुक्ति)

II-2 ख्रीष्टको आज्ञा # 2 नयाँ विश्वासीहरुलाई बप्तिस्मा दिनु (त्यसपछि येशूमा पवित्र जीवन जीउनु, जो शुरु गर्नुछ)

II-3 येशूको आज्ञा # 3 येशूको चेलाहरु बनाउनु (येशू र परमेश्वरको वचनमा आज्ञाकारी बन्न सिकाउनु)

II-4 येशूको अज्ञा #4 प्रेम (परमेश्वर र मानिसलाई प्रेम गर्नु, निर्धनको सेवा गर्नु, शत्रुहरुलाई क्षमागर्नु)

II-5 येशूको आज्ञा #5 प्रार्थना (परमेश्वरको प्रंशसागर्नु, पाप स्वीकारगर्नु, अरुको निम्ति प्रार्थना गर्नु, निकोगर्नु, आत्मिकी लड़ाई लड़नु)

II-6 येशूको आज्ञा 6 दिनु (परमेश्वरले हामीलाई जे दिनु हुन्छ ती सबैको असल भण्डारी हुनु)


यो खण्डको उद्देश्य हो कि जसले येशूलाई सबै भन्दा माथि पालन गर्दछ हामीले येशुको चेलाहरु बनाउँछौ।

बाइबलमा हामी तीतस नामको  एउटा गोठाला पाउँछौं। प्रेरित पावलले यो गोठालालाई क्रेटको टापूमा नयाँ ईसाईहरुलाई मदत गर्न भनी कसरी छोड़े, तीतस 1:5 मा हेर्नुहोस्। क्रेटमा भएका नयाँ मण्डलीहरुमा केको कमी छ त्यसलाई पूरा गर्न पावलले तितसलाई भनें। तपाईले श्री बुद्धिमानलाई खण्ड-मा भेटनु भएको छ। यदि भेटनु भएको छैन्भने, तिनको परिचय म गर्नेछु। तिनी एक गोठाला हुनुहुन्छ। तिनी वास्तविक व्यक्ति होइनन्, तर तिनी बाइबलमा भएको तितस जस्तै हुन्।

खण्ड I मा श्री बुद्धिमानले शिक्षार्थी नाम भएको काठको काम गर्नेलाई येशूको बारेमा सुसमाचार सुनाएका थिए। तिनले बाइबलका कथाहरु प्रयोग गरेकाथिए। शिक्षार्थीले त्यही कथाहरु उसको परिवारलाई सुनाएका थिए। अहिले शिक्षार्थीको परिवार अनि अनेकौं मित्रहरुले ख्रीष्टलाई पाएर बप्तिस्मा भइसकेका छन्। श्री बुद्धिमान बाइबलमा भएको बुद्धिमान मानिस जस्तै हो जसले आफ्नो घर चटान माथि बनायो जो येशू ख्रीष्ट हुनुहुन्छ। तिनले नयाँ विश्वासीहरुलाई येशू ख्रीष्टको आज्ञाकारी चेलाहरु जस्तै बड़न मदत गर्नलाई कथाहरु प्रयोग गर्दछ। यी कथाहरु इतिहासमा घटेका ती घटनाहरुलाई वर्णन गर्दछ।

येशूको पछिलाग्नेहरुलाई जहाँ मानिसहरुले सताई रहेकाछन् त्यहीं शिक्षार्थी बस्दछ। तिनको मित्र श्री मूर्ख एक व्यपारी जसले कसैले नचाहने विभिन्न वस्तुहरु बेच्ने कोशिष गर्दछ। उ पनि बाइबलमा भएको मूर्ख मानिस जस्तै छ जसले आफ्नो घर बलुवा माथि बनाउँछ।

श्री मूर्ख शिक्षार्थीको काठको कामगर्ने पसलमा तिनलाई केहि भन्नलाई आइपुग्दछ "मैंले सुने तिमी ईसाई भयौ रे। मैंले पनि गरें। यदि म ईसाई हो भने पर्यटकहरुले मबाट ध्रेरै स्मृतिउपहारहरु किन्नेछ। यहाँ हेर्नुहोस्। तिमीलाई पनि एउटा त किन्न मन लाग्छ नै।" उसले एउटा पोकाबाट एउटा सानो बाँसको सिटी निकाल्दछ। "यो चरी सिटी हो। फुक्नु होस् र चराहरुले गाउँछन्।" उसले सिटी फूकछ अनि तीन वटा कुकुरहरु भुक्नु शुरु गर्दछ।



शिक्षार्थीले उत्तर दिंदछ, "म परमेश्वरको सेवा गर्नलाई येशूलाई पध्याउँछु, पैसा बनाउनलाई होइन। उहाँको विषयमा मेरा सबै मित्रहरुलाई सुनाउँदै छु।"

श्री मूर्ख हाँस्छ। "तिमीले? तिमी बाहिर गएर अरुलाई सिकाउन भन्दा अगि तिमीलाई सम्पूर्ण बाईबल सिक्नु खाँचो छ! नमस्ते!"

त्यसदिन अबेर गरेर श्री बुद्धिमान पाइपुग्छन्। तिनले शिक्षार्थीलाई काठको कामहरु सिकाउँछन् अनि

शिक्षार्थीको पसलमा उसित काम गर्न र बात गर्न पाउँदा आनन्द मनाउछन्। शिक्षार्थीले असन्तुष्ट प्रकट गर्दछ, "श्री मूर्खले भन्छकिमैले अरुलाई सिकाउन अगि मैले पूरा बाइबल जानेको हुन पर्छ रे।"

श्री बुद्धिमानले सर्तक गराउँछ, "होइन ख्रीष्टमा मेरो भाई! हामी केवल सुन्ने अनि सुन्ने मात्र होइनौं, र अझ धेर सुन्ने परमेश्वरको वचनलाई। जब हामीले त्यसलाई सिकी सक्छौ र समयमा हामी त्यसलाई व्यवहारमा ल्याउने छौं। नत्र भने तिनीहरुले हामीलाई केहि मात्र, असल गर्दछ। म तिमीलाई ती **दुई निर्माताहरुको** सम्झना गराउँछु। येशूले तिनका चेलाहरुलाई तिनीहरुको बारेमा भन्नु भयो यसकारण हामीले जान्नु आवश्यक छ कि उहाँको वचनहरु पालन गर्नु कति महत्वका छन्, जब देखि ईसाई जस्तो नयाँ जीवन हाम्रो शुरु हुँदछ।"

## अभ्यास

**मत्ति 7:24–29** मा यो कथा पढ्नुहोस्। यदि तपाईको भाषामा बाइबल छैन भने कसैले तपाईलाई सुनाइ दिंने अनुरोध गर्नोस्। जब यो कथा बुझ्दै गरेको हुनुहुन्छ श्री बुद्धिमानले शिक्षार्थीको निम्ति तयार पारेको तलका प्रश्नहरुको उत्तरहरु दिनुहोस्।

- येशूको वचन सुन्ने दुवै मानिसहरुको विचमा के भिन्नता छ?
- चटान को हुनुहुन्छ सबै असल थोकको निम्ति एउटा जग?
- यस चटान माथि हाम्रो जीवन र सेवकाईलाई निर्माण गर्न हामीले के गर्नैपर्छ?

शिक्षार्थी छक्क पर्दछ, "त्यसोभए येशूको वचनलाई सुनेर मात्र पर्याप्त हुँदैन! येशूले हामीलाई गर्नु भनी दिएको आज्ञाहरु हामीले जान्नैपर्छ, तर जान्न मात्र पनि पर्याप्त छैन् ख्रीष्टले दिनुभएको आज्ञाहरु हामीले व्यवहारमा ल्याउनैपर्छ।"

श्री बुद्धिमान हाँस्दछ जसै तिनले शिक्षार्थीको टेबल खतम गर्नमा मदत गर्दछ। "हो! उहाँले यूहन्ना 14:15 मा भन्नु हुन्छ यदि तिमीहरुले मलाई प्रेम गर्दछौ भने मेरा आज्ञाहरु पालन गर्नेछौं। हामी **सुन्नौ** र **गरौं**, हामी **सुनौ** र **गरौं**, हामी **सुन्नौं** र **गरौं**। हामी **सुन्न,** सुन्न**,** सुन्न चाहँदैनौं, हुनसकछ पछिबाट गर्छौं होला।"

"ए...ए...।"



"चट्टान येशू ख्रीष्ट माथि निर्माणगर्ने काम बालकझै विश्वास र प्रेममा उहाँको आज्ञापालन गर्नु हो। येशूमा हाम्रो आज्ञाकारीतालाई परमेश्वरले आर्शिबाद दिनुहुन्छ। हामीसित उहाँको वचन प्रशस्त छन् भनेर आर्शीवाद दिनलाई उहाँले प्रतिज्ञा गर्नु हुन्न। येशू स्वर्गमा फर्किजान भन्दा केहि अगि, पृथ्वीमा हाम्रो बाँकी जीवनको निम्ति हाम्रो निम्ति आदेशहरु उहाँले हामीलाई दिनु भएको छ। यी आदेशहरु हामी मत्ति 28:18–20 मा पाउदँछौ, जसलाई महान आज्ञा भन्दछन्। येशूले हामीलाई भन्नु हुन्छ चेलाहरु बनाऊ। उहाँले भन्नु हुन्छ तिनीहरुलाई बप्तिस्माद्वारा शुरु गर अनि त्यसपछि उहाँले दिनु भएको सबै आज्ञाहरु मान्नलाई तिनीहरुलाई सिकाउ।

"हामीले येशूको सबै आज्ञाहरु पालन गरेर चेलाहरु हुनसकछौं। हामीले अरुलाई उहाँको आज्ञााहरु पालन गर्न सिकाएर चेला बनाउछौं, चेला बनाउने काम प्रेमिलो आज्ञाकारीसित आरम्भ हुन्छ। जग त्यही नै हो। एउटा साँचो चर्च त्यही हो जहां मानिसहरु एक साथ भेला भएर प्रेममा येशूको आज्ञापालन गर्दछ। पृथ्वीमा

पहिलो चर्च येशू ख्रीष्टको सबै आज्ञाहरु पालन गर्नलाई तुरन्तै शुरु गरे।"

तिनीहरुले अचानक कसैले गाएको सुन्छन्। शिक्षार्थीको सानो भाइ सहायक, एउटा गिटार लिएर पसलमा पस्दछ। "तिमीले यसलाई बनाउन सक्छौं शिक्षार्थी? यसको गम उत्रेकोछं। अहो, नमस्ते श्री बुद्धिमान, मैले तपाईलाई भेटदा खुशि लाग्यो । मैंले एकजना प्रहरीले यसो भन्दै गरेको सुनेथे कि तपाईले अधिकार बिनै सभाहरु राख्नु हुन्छ रे। तपाई खतरामा हुनुहुन्छ। तपाईले यो इलाका झट्टै छोड्नुपर्छ।"

श्री बुद्धिमान गहिरो अफसोसमा पर्दछ। "तर पनि म छाड्रेर जान सक्दिन। मैले तिम्रो परिवार र मित्रहरुलाई येशूको आज्ञाकारी चेलाहरुको एक बलियो मण्डली हुनलाई मदत गर्नै पर्छ। त्यसपछि मात्र म अरु स्थानमा सुसमाचार लिएर जान सक्छु।"

सहायकले भन्दछ "म त येशूको चेला होइन, तर शिक्षार्थीले मलाई उहाँको बारेमा भन्दै हुनुहुन्थ्यो अनि म अझ बेसी जान्न चाहन्छु। येशूले मानिसलाई के गर्ने आज्ञा दिनुहुन्छ?"

श्री बुद्धिमानले बुझाउँदछ, "यो विश्वासबाट शुरु हुन्छन्। येशूले घेरै अरु विषयहरुमा आज्ञा दिनु भएको छ। ती सबलाई सात सामान्य आज्ञाहरुमा हामीले सार निकाल्न सक्छौं। हामी यी आज्ञाहरुलाई मुक्ति कमाउनलाई पालन गर्दैनौं जब हामी येशूका हौं आज्ञाकारिता स्वभाविक हुन्, हामी उहाँलाई पालन गर्छौ किनभने हामी उहाँलाई आदर अनि प्रेम गर्छौं। उहाँका आज्ञाहरु पालन गर्नाले उहाँको जीवन हामीमा छ भनी जाहेर गर्छ।"

शिक्षार्थीले सोद्धछ, "उहाँको आज्ञाहरु के के हुन?"

"ख्रीष्टको सातवटा मौलिक आज्ञाहरु सरल रुपमा यीनै हुन्:

- पश्चत्ताप, विश्वास अनि पवित्र आत्माद्वारा परिवर्तन हुनु
- नयाँ विश्वासीहरुलाई बप्तिस्मा दिनु
- प्रेम
- रोटी तोड्नु
- प्रार्थना
- दिनु
- चेलाहरु बनाउनु।"

श्री बुद्धिमान अगि बड्दछ, "वास्तवमा चर्च के हो भनी हेर्न हामी बाइबलमा हेरौं।" तिनले शिक्षार्थी र उसको भाई, सहायकलाई, भन्दछ, **पहिलो ईसाईहरुले येशूको आज्ञा कसरी पालन गरे**।

## अभ्यास

श्री बुद्धिमानले दुई मानिसहरुलाई के सोद्धछ, **प्रेरित 2:36-47** मा पत्तो लाउनुहोस्:

- नयाँ विश्वासीहरुले कत्ति चाँडो बप्तिस्मा लिए र चर्चमा सामेल भए?
- प्रभुभोज मनाउनलाई तिनीहरुले रोटी कहाँ तोडे?
- एका-दुस्राप्रतिको प्रेम तिनीहरुले व्यवहारीक रुपमा कसरी जाहेर गरे?
- नयाँ आज्ञाकारी चर्चलाई बृद्धि गराउनको निम्ति प्रभुले के गर्नुभयो?

शिक्षार्थीले ध्यानपूर्वक सुन्दछ। "चर्च के हो अब मैले बुझें। जहाँ मानिसहरु भेला हुँदछ र येशूलाई पालन गर्दछ। पहिलो ईसाईहरुले ख्रीष्टलाई आदर गरे। उहाँले जे सिकाउनु भएको थियो तिनीहरुले सम्झना गर्थे अनि उहाँको वचनहरुलाई आनन्द र जोशसित पालनगरे। मेरा परिवारले ती प्रथम ईसाईहरुले गरे झै येशूको आदर गर्नेछौं।

“राम्रो” श्री बुद्धिमानले उत्तर दिंदछ। “पवित्र आत्माको शक्तिमा शुरुबाटनै ख्रीष्टको सात मौलिक आज्ञाहरु तिनीहरुले पालन गरे। प्रेमसित ख्रीष्टलाई पालन गर्नाले मण्डलीहरुमा परमेश्वरको आशिष र आनन्द आउँदछ।”

## व्यवहारिक कार्य

- यहून्ना 14:15 कण्ठ गर्नमा तपाईको मण्डलीलाई मदत गर्नोस्।
- माथि दिइएका ख्रीष्टको सात मौलिक आज्ञाहरु, कण्ठस्थ गर्नलाई तपाईको मण्डलीलाई सहायता गर्नुहोस्।
- येशूको सात मौलिक आज्ञाहरुमाथि एउटा छोटो गीत लेख्नु होस्, यदि यो अरु कसैले गरेको छैन् भने मात्र। यसले अरुलाई सिक्नमा सजिलो बन्नेछ। अरुको मदत लिनुहोस्।
- तपाईको मण्डलीलाई परमेश्वरको आज्ञा प्रेम द्वारा पालन गर्नमा मदत गर्नुहोस्, डरमा होइन।
- कुनै मानिसले बनाएको नियमहरुको पहिले नै तपाईको मण्डलीमा येशूको मौलिक आज्ञाहरु पालन गर्नलाई भन्नुहोस्।

# II- 1 येशूको आज्ञा #1

अर्को हप्ता, कैयौं नयाँ विश्वासीहरु र अरुहरु जसले परमेश्वरको खोजी गरीरहेका थिए शिक्षार्थीको सानो घरमा भेला भए। एकादुस्रालाई देख्न सकून र राम्री बातचित गर्न भनी तिनीहरु गोलो भएर वसेका थिए। श्री बुद्धिमानले तिनीहरुलाई पश्चत्ताप गर्नु, विश्वास र पवित्र आत्मा ग्रहण गर्नु भन्ने येशूका आज्ञालाई सिकाउँछन्। यो आज्ञाको भिन्दा,-भिन्दै दृष्टिहरु बारे मर्कूस 1:15 यहून्ना 3:16, र यहून्ना 20:22 तिनले पढ़दछ।

श्री मूर्ख सभामा आइपुग्दछ अनि घोषना गर्दछ, "अब म एक ईसाई हूँ। मलाई लाग्छ जीउनको निम्ति यो असल मार्ग हो।"

"त्यस बारेमा म पछिबाट कुरा गर्नेछु," श्री बुद्धिमानले भन्दछ। "अहिले हामी ख्रीष्टको निम्ति द्येरै मानिसहरु कहाँ पुग्नलाई योजनाहरु बनाऊँ। म प्रचार गर्नलाई आएको होइन। हामी सबै जना एका-दुस्रासित परमेश्वरले हामीहरुलाई के गरेको चाहनुहुन्छ त्यसबारे कुरा गर्नेछौं। तपाईहरु सबैले यस बारेमा चर्चा गरेको चाहन्छु।"

शिकारुले भन्दछ, "यहाँ देखि उत्तरको बाटोमा मेरा मित्रहरुछन्। तिनीहरुलाई म येशूको बारेमा बताउन चाहन्छु।"

श्री मूर्खले भन्दछ, "मलाई आशा छ हामीले ती मानिसहरुलाई असन्तुष्ट हुन देखि टाड़ा राख्न सक्छौ, किनभने कहिले कहीं तिनीहरुले मबाट ससाना मुर्तिहरु किन्ने गर्दछ। हामीले संधै तिनीहरुलाई तिमीहरु पापी छौ भन्नु हुँदैन। तिनीहरु रिसाउने छन्।"

"म असहमत छु," श्री बुद्धिमानले भन्दछ। "कहिले कहीं मानिसहरुलाई चेतावनी दिनलाई हामीले अति प्यारो कुरा गर्न सक्छौ कि तिनीहरुले तिनीहरुको पापको पश्चत्ताप गरोस भनेर। हामीले तिनीहरुलाई असन्तुष्ट गर्छौं होला भनेर हामी डराउनु हुँदैन मलाई **यूहन्ना बप्तिस्माको निडर प्रचार** बारे भन्न दिनोस्।



**अभ्यास**

श्री बुद्धिमानले के सोद्धछ त्यसको उत्तर **मत्ति 3:4-10** मा पत्तो लाउनुहोस्:

- कस्ता किसिमको मानिसहरुलाई यूहन्ना बप्तिस्माले बप्तिस्मा दिए, के ती मानिसहरु जो योग्य थिए वा अत्ति खाँचो भएकालाई?

साराले भन्दछ, "जब तपाईले हामी सबैलाई बोल्न भन्नु भएपछि, म भन्न चाहन्छु कि मैले के पत्तो लगाएँ। हामी जत्तिले जाँन्दछौ

कि हामीमा घेरै पापहरु भएको हुनाले ती मानिसहरु जसले आफैलाई असल सम्झन्छन् तिनीहरु भन्दा बेसी येशूको क्षमालाई कदर गर्छौं।

श्री मूर्खले उत्तर दिनलाई शुरुमात्र गरेका हुन्छन् तर शिक्षार्थीले सोद्धछ "मानिसहरुलाई परमेश्वर बारे हामीले पहिले के भन्ने?"

श्री बुद्धिमानले भन्दछ, "म तिमीलाई **सुसमाचारको सन्देशमा भएको अत्ति महत्त्व विषयहरूमा** भन्छु।"

**अभ्यास**

यी महत्त्वपूर्ण विषयहरु **लूका 24:36-53** मा पत्तो गर्नुहोस्:

- येशूको जीवन इतिहासमा भएको कुन हुइ महान घटनाहरु हामीले अरुलाई भन्ने गर्दछौं?
- पापहरुको क्षमा पाउनलाई यो अंश मुताबिक एउटा पापीले के गर्नैपर्छ?
- येशूको बारेमा अरुलाई सुनाउन हामीलाई शक्ति कहाँबाट आउँछ?

श्री बुद्धिमानले शिक्षार्थीको घरमा झूण्डलाई व्याखा गर्दछ। "जब हामी येशूको बारे अरुसित बात गर्छौं हामीले बुझाइदिऊँ कि उहाँ परमेश्वरको एक अभिशिक्त परमेश्वर बाट पठाइएको ख्रीष्ट हुनुहुन्छ। यसबाहेक तिनीहरुलाई अरु के भन्ने?"

एउटा नयाँ विश्वासी ले लजाउँदै उत्तर दिंदछ, "शिक्षार्थीले मलाई बताउनु भएको थियो कि हामीले उहाँको मृत्यु र पुनरुत्थान बारे तिनीहरुलाई बताउनु।"

"ठिकै हो! अनि हामी तिनीहरुलाई पश्चत्तापको लागि आहवान गर्छौं। हामी तिनीहरुलाई मानषिक निर्णय गर्ने मात्र होइन भनी भन्दछौ, तर कार्यरुप दिनुं तिनीहरुले पश्चत्ताप गरेर बप्तिस्माद्वारा पक्का गर्नुछ।"

छलफलाई स्पष्ट पार्न शिक्षार्थीले कुरा थप्दछ, "त्यसोभए परमेश्वरको शक्ति प्रयोग गर्नलाई हामीले नयाँ विश्वासीहरुलाई हामीले मदत गरौं जसरी येशूको बारेमा अरुलाई सुनाउन हामीलाई पवित्र आत्मा दिनुहुन्छ।"

श्री मूर्खले वाधा हाल्दछ, "हामीले मानिसहरुलाई तिनीहरुको पापहरु बारे दु:खी पार्न जरुरी छैन्। त्यसले तिनीहरुलाई असन्तुष्ट पार्दछ। यसैकारणले नै-त यहाँको अधिकारीहरुले श्री बुद्धिमानलाई राख्न चाँहदैनन्। उसले तिनीहरुलाई रुष्ट पारेकाछन्। मानसिहरूलाई यत्ति मात्र मानिलिनु आवश्यक छ कि पमरेश्वरले तिनीहरुलाई प्रेम गर्नुहुन्छ। त्यती भए भईगयो।"

घ्येरैले यसबारे बहस गर्दछ। श्री बुद्धिमानले भन्दछ, "सुन्नुहोस्, मानिसले संदेशलाई ग्रहण गरेको भन्दा धेरै गर्नु खाँचो छ। **पत्रुसले यहूदी मानिसहरु माझ येशूलाई कसरी प्रस्तुत गरे** म तिमीहरुलाई भन्दछु।"

**अभ्यास**

**प्रेरित 2:22-38** मा पत्तो लाउनुहोस्:

- पत्रुसले येशूको बारेमा के भनेथे?
- बाच्नलाई के गर्नुपर्छ भनी पत्रुसले मानिसहरुलाई भने?

घ्येरै समय सम्म शिक्षार्थीको घरमा यो झुण्ड गोल आकारमा बसेर छालफल गर्दै रहे, त्यस पछि श्री बुद्धिमानलाई सोद्धछ कि तिनीहरुले भनेका कुराहरु ठीक छ कि छैनन्। तिनले उत्तर दिंदछ, "ठीकैछ, तपाईहरुले राम्ररी सिक्नु भएको छ। हामी यसलाई संक्षिप्तमा वर्णन गरौं। प्रेरित पावलले सुसमाचारको महत्वपूर्ण सत्यताहरुलाई प्रचार गरे। तीन हजार मानिसहरुले पश्चत्तापको साथमा तिनको संदेशलाई ग्रहण गरे किनकी तिनीहरुको हृदयमा बोल्नलाई पवित्र आत्माले मदत गर्नुभयो त्यही दिन तिनीहरुले चर्चमा बप्तिस्मा लिए। हामीले नयाँ विश्वासीहरुलाई बप्तिसमा नदिए सम्म चर्चको संख्यामा गाभ्न हुँदैन, नत्र भने हामी गड़बड़ गर्न सकछौं। अब, ती जसले परमेश्वरको खोजी गर्थे प्रेरितहरुले सिकाएका सत्यताहरु के के थिए?"

एक जना मानिसले उत्तर दिंदछ, "येशू मुक्तिदाता हुनुहुन्छ जो प्रभु र मसीही झैं परमेश्वरले आश्चर्यकाम द्वारा मञ्जुर गर्नुभयो।"

साराले भन्दछ, "उहाँको मृत्युले हामीलाई क्षमा गर्दछ।"

आर्कोले थप्दछ, "उहाँको पुनरुत्थानले मृत्युमाथि विजय गरेकोछ अनि परमेश्वरको पवित्र आत्मा द्वारा नयाँ जीवन छ।"

अझै अर्कोले भन्दछ, "हाम्रो प्रतिक्रिया पश्चत्ताप, येशूमा बिश्वास, बप्तिस्मा अनि चर्चमा प्रवेश गर्नु हो।"

शिक्षार्थीले किटेर भन्दछ, "म प्रेरित पत्रुसको उदाहरणलाई लिएर हिंड्छु अनि येशूको जीवन मृत्यु र पुनरुत्थानको त्यही शक्तिशाली कथा मेरो आफन्तहरुलाई सुनाउनेछु। जब म पहिलो पल्ट येशूको चेला बने तब श्री बुद्धिमानले मलाई सुनाउनु भएको ती कथाहरु म प्रयोग गर्नेछु। सुसमाचार बुझनलाई मानिसहरुलाई मदत गर्नको निम्ति बाइबलबाट कथाहरुको सुची उहाँले मलाई दिनुभएको छ।"

[कथाको सुची खण्ड IV मा देखापर्ने छ।]

शिक्षार्थीको भाई सहायकले भन्दछ, "म पनि येशूको पछि लाग्न चाहन्छु। म मेरो पापहरुको पश्चत्ताप गर्नसक्छु, किनभने परमेश्वरको पवित्र आत्माले मलाई यो गर्नमा मदत गर्नुहुन्छ।" उसले आफ्नो गीटार लिंदछ अनि ख्रीष्टको उदेकको क्षमा  बारे एउटा गीत रचन लाग्छ।"

"बहुत सुन्दर।" शिक्षार्थी खुशि हुदै भन्छ, 'म अनन्दित छु कारण मेरा मित्रहरु र आफन्तहरु येशूमा आउँदैछन्।"

केहि दिन पछि झूण्ड शिक्षार्थीको घरमा भेटदछ र श्री बुद्धिमानले घोषणा गर्दछ, "म तपाईहरुलाई अरु ढ्येर सिकाउनलाई असमर्थ हुनेछु। म शिक्षार्थीलाई जिम्मा दिएर जाँदैछु। तिनी ख्रीष्टमा बलियो भएकाछन् अनि अब गोठालो गर्ने एल्डरको निम्ति बाइबलको अनुसार खाँचोहरु पूरा गर्नुछ। मेरो अनुपस्थितीमा यी बगाललाई गोठालो गर्न तिनीमाथि हात राखेर तिनलाई म नियुक्त गर्दछु।"

"तपाई हामीलाई छोड़ेर जान सक्नु हुन्न!" सारा रुन्छिन।

"म त जानै पर्छ, शिक्षार्थी, तिमीले लगातार मेरो देखरेख बिना यो कार्यभार नसम्भाले सम्म तिमीलाई हामी अस्थायी एल्डर भन्नेछौं। तिमीले सहायक र अरुलाई बप्तिस्मा दिनेछौ।"

श्री मूर्खले आपत्ति जनाउछन्, "साह्रै छिटो भयो! मेरा आफन्त भाइले बाइबलमा पढ़ेको जहाँ यस्तो भनिएको रहेछ कि नयाँ अगुवा माथि झट्टै हात नराख्नु।"

शिक्षार्थीले बुझाउँदछ, "प्रेरित पावलको 'झट्टै' शब्दको अर्थ के हो? त्यो जान्नलाई तिनको उदाहरण हेर्नु हामीलाई खाँचो छ। प्रेरित पावलले यस्तै जुन अवस्थामा गरेथे त्यो भन्दा चाँड़ो मैले गरेकोछैन्, किनभने नयाँ मण्डलीहरुले सतावटको समयमा गलातीमा कुनै किसिमको अनुभव नभएको अगुवाहरु झैं यो परिस्थिती छ, (प्रेरित 14)। म तिनको उदाहरणलाई ग्रहण गर्छु। शिक्षार्थी, तिमीले जत्तिलाई ख्रीष्टमा ल्याएका छौ ती मानिसहरुलाई तिमीले बप्तिस्मा दिनुछ।"

## व्यवहारिक कार्य

- हामीले अरुलाई भन्ने विषयहरु बारे जान्न तपाईका मण्डलीलाई मदत गर्नुहोस्; **लूका 24:46-47** मा।
- तपाईको सन्तानहरु, मित्रहरु र छिमेकीहरुले ख्रीष्टमा विश्वास गर्नु र पश्चत्ताप गर्नुलाई तपाईले के गर्नुहुनेछ त्यसको योजना बनाउनुहोस्।
- जब नयाँ विश्वासीहरु परमेश्वर तर्फ फर्की आउँछन्, तिनीहरुले पापको क्षमा पाएकाछन् अनि पवित्र आत्माको बरदान पाएकाछन् भनी थाहा गर्नलाई मदत गर्नुहोस्।

### II - 2 ख्रीष्टको आज्ञा # 2

# बप्तिस्मा लेऊ

### (त्यसपछि येशुमा पवित्र जीवन जीउनु जो शुरुवात हुन्)

शिक्षार्थीको घरमा भएको झूण्डको सभामा बप्तिस्मा बारे चर्चा भइरहेछ श्री बुद्धिमानले भन्दछ, "मत्ती 28:18–20 येशूको मौलिक आज्ञा हुन्। कुनै प्रश्नहरु सोध्नुहोस्।"

श्री मूर्खले वहस गर्दछ, "यी मानिसहरुलाई बप्तिस्मा दिनु साह्रै छिट्टो हुन्छ। मेरो आफन्त भाइले भन्छन् कि परिवर्तन भएकाहरु परिपक्व नमइञ्जले सम्मन उसको चर्चले पर्वन्छन्। यसैले अलिक होशियार हुनुहोस्। बप्तिस्मा दिइसकेर यदि लड़े भने के हुन्छ? पर्खेर तिनीहरुको ब्यवहार कस्तो छ हेर्नुपर्छ। त्यसपछि मात्र तिनीहरुलाई बप्तिस्मा दिन सक्छौ जो असल छन्।"

श्री बुद्धिमान छटपटाउन लाग्छ। "तिमीले बप्तिस्माको अर्थलाई भूल विचार गर्दै छौ। ख्रीष्टमा आज्ञाकारीलाई हामी टार्न सक्दैनों। यो त पहिले नै आउँछ। बप्तिस्माले पश्चत्ताप गर्ने नयाँ बिश्वासीहरुलाई गोठालो गर्ने आरम्भ गर्दछ।"

सहायकले भन्दछ, "म बप्तिस्मा लिन चाहन्छु। यसबारे बाइबले अरु के भन्दछ?"

श्री बुद्धिमानले उत्तर दिंदछ, शिक्षार्थी, तिमीले त्यो पश्चत्तापी जेलरको कथा जाँन्दछौ। तिनीहरुलाई भनीदिनु होस्।"

**अभ्यास**

शिक्षार्थीले के व्याख्या गर्दछ, **प्रेरित 16:22–34** यो पत्तो लाउनुहोस्:

- जेलरले किन आफैलाई मार्न चाहन्थे?
- पावलले बाँच्न सकिने आश्वासन दिए पछि अरुले पनि ख्रीष्टलाई चिन्न सकून भनेर जेलरले तुरन्तै के गरे?



शिक्षार्थीको घरमा बप्तिस्मा बारे अध्ययन गर्दै गरेका झूण्डलाई श्री मूर्खले भन्दछ, "बाइबलले जे भन्दछ हामी गर्न सक्दैनौं।"

शिक्षार्थीले तिनलाई सध्याउँदछ "यो ठीकै हो। पाप बदलिएको छैन, परमेश्वर बदलिनु भएको छैन्। बप्तिस्मा बदलिएको छैन्। फिलिप्पीका जेलर डराएका थिए कारण तिनलाई सजाय तोकिएको थियो – तिनले कैदीहरुको रक्षागर्नमा चुके अनि मृत्यु दण्ड मिल्नेछ भनी तिनले सम्झेथे। उद्धारको आशा नभएको छुनाले तिनी डराएका थिए। तिनलाई थाहा भयो कि अब तिनी नष्ट भए। मेरो परिवारहरु पनि त्यस्ता नै छन्। तिनीहरु साँच्चैनै रुष्ट बनेकाछन्, तर माने लिनेहरु, हराएका र आशाविहिनको निम्ति येशू तिनीहरुलाई बचाउन आउनु भयो। जसलाई क्षमाको दृढ़ आश्वासनको आवश्यकता छ, बप्तिस्मा मानिसहरुको निम्ति एक बरदान हो ।"

श्री बुद्धिमानले थप्दछ, "हो प्रेरित पावलले रोमी 6:3–8 मा यसरी व्याखा गर्दछ बप्तिस्मा पानीले धुने मात्र होइन। बप्तिस्मामा हाम्रो पापी स्वभाव ख्रीष्टसितै क्रूसमा टाँगिएको छ। हामी बौरी उठनु भएको ख्रीष्टसित नयाँ जीवनमा उठाइएका छौं। जब मानिसहरुले पश्चत्ताप गर्दछ, तिनीहरुको बप्तिस्माले ख्रीष्टमा तिनीहरुको नयाँ जीवनको निश्चय हुनमा मदत गर्दछ। हामी तिनीहरुलाई यही कुरा बुझाउँछौं कि यो जीवनलाई सार्थक बनाउन परमेश्वरबाट पवित्र आत्मा एक वरदानको रुपमा तिनीहरुमा आउनु हुन्छ। पावलले जेलर चोखो छ भनेर कसरी जाने?

शिक्षार्थीले उत्तर दिंदछ, "तिनको कार्यहरुद्वारा तिनले आफ्नो बिश्वास ख्रीष्टमा भएको जाहेर गरे। तिनले तुरन्तै आफ्नो परिवारहरुलाई बोलाए। तिनीहरु एकसाथ येशूको चेलाहरु बने। अनि बप्तिस्मा लिएर येशूको आज्ञा पालन गरे। ख्रीष्टको निम्ति चेलाहरु झट्टै बनाउन शुरु गर्नलाई नयाँ बिश्वासीहरुलाई हामी उत्साह दिऊँ।

सहायकले आलोचना गर्दछ, "जेलरले तुरन्तै तिनको पश्चत्ताप र बिश्वासलाई बप्तिस्मा द्वारा जाहेर गरे।"

"ठीक हो" श्री बुद्धिमानले उत्तर दिंदछ, हाम्रो परिवर्तनलाई निश्चय गर्न येशूले उहाँको चर्चलाई दिनुभएको विधि बप्तिस्मा हो, जुन बदलावलाई परमेश्वरले हाम्रो हृदयहरुमा शुरु गर्नुहुन्छ। प्रेरितहरुले ख्रीष्टमा फर्केर आएका प्रत्येकलाई तत्काल बप्तिस्मा दिए। यिनीहरुले यसप्रकारले तिनीहरुलाई मण्डलीमा ग्रहण गर्थे। पवित्र आत्माको शक्तिद्वारा ख्रीष्टको शरीर बन्नलाई परमेश्वरले तिनीहरुलाई चर्चमा जोड्नु भयो।"

श्री मूर्खले प्रतिबाद गर्दछ, "तर शिक्षार्थीको कतिपय मित्रहरु जसले बप्तिस्मा लिन चाहन्छन् तिनीहरु त कोहि रक्सी पिउने र कोही चोरहरु हुन्। तिनीहरुले आफैलाई योग्य शाबीत गर्न भन्दा अगिनै मण्डलीमा ग्रहण गरयौं भने मानिसहरुले निन्दा गर्नेछ।"

एक जना व्यक्तिले भन्दछ, "मैले अत्ति पापी जीवन बिताएको छु पश्चत्ताप गर्न चाहन्छु र येशूको पछि हिड्न चाहन्छु। तर श्री मूर्ख सही हुनुहुन्छ होला। यदि मैले बप्तिस्मा लिइ हालेभने चर्चमा खराब प्रतिष्ठा ल्याउन सक्छु।"

श्री बुद्धिमानले तिनलाई उत्साह दिंदछ, "बप्तिस्मा बुरो मानिसहरुको निम्ति हो। **क्षमा गरीएको कर उठाउनेको** कथा सुन्नुहोस्।

## अभ्यास

- निरुत्साहित मानिसलाई श्री बुद्धिमानले के बुझाउनु भयो **लूका 18:9–14** मा पत्तो लाउनु होस्।
- दुइ मानिसहरु प्रार्थना गरी रहेकाथिए। कुन मानिसले लाभो प्रार्थना गरे?
- कसको प्रार्थना परमेश्वरले सुन्न भयो?
- कसले परमेश्वरको सामने ठीक गरे?

निरुत्साहित मानिसले शान्तिको स्वास फेर्दछ। अनि फेरि मुस्कुराउन शुरु गर्दछ। श्री बुद्धिमानले झूण्डलाई बताउँदछ, "प्रेरितहरुले बप्तिस्मालाई एउटा अध्ययनको लाभो शिक्षण–क्रम पछि स्नातकीकरण उत्सवको रुपमा प्रयोग गरेनन्। तिनीहरुले आफूलाई योग्य प्रमाण गर्नेहरुको निम्ति इनाम दिनलाई यसलाई  उपयोग गरेनन्। यी मानव संस्कारहरु पश्चत्ताप र बप्तिस्मा द्वारा चर्चमा प्रवेश गरे। त्यसपछि तिनीहरु ख्रीष्टको शरीर, अरु विश्वासीह जसले तिनीहरुलाई प्रेम गर्थे अनि सेवा गर्थे, तिनीहरुको सहायतामा आत्मामा बढ्दै गए।"

श्री मूर्खले शिक्षार्थीलाई भन्दछ, "यी मानिसहरुलाई बप्तिस्मा दिनलाई परमेश्वरबाट तिमीलाई कुनै अधिकार छैन्।"

"ज्यू, उहाँसित छ," श्री बुद्धिमानले भन्दछ। **नयाँ बिश्वासीहरुलाई बप्तिस्मा दिनको निम्ति हाम्रो अधिकार** मत्ति 28:18-20 मा हामी पाउँछौं। त्यो येशूको महान आज्ञा हो। अनि शिक्षार्थीले यो गर्नलाई परमेश्वरको सबै प्रयोजनहरु गर्दछ।"

## अभ्यास

**मत्ति 28:18-20** पढ्नुहोस् अहिलनै पत्तो लाउनलाई:

- चेलाहरु बनाउनलाई येशूले हामीलाई कुन अधिकारले आज्ञा दिनुहुन्छ?
- मानिसहरुको निम्ति हामीले दुइ कुरोहरु के गर्दछौं जसले गर्दा तिनीहरु ख्रीष्टको चेलाहरु हुँदछ?
- यो महान आज्ञालाई पालन गर्नको निम्ति सजिलो पार्नलाई येशूले के गर्ने प्रतिज्ञा गर्नुहुन्छ?

सबै मानिसहरु सभाबाट विदा भइ जान्छन् तर श्री बुद्धिमान केहि लामो समय सम्म शिक्षार्थीलाई अधिकारको तीनवटा शैलीहरु बुझाउनलाई बस्दछ किनभने चर्चको हैसियतले के गर्दछ। "शिक्षार्थी, हामीलाई अधिकार कहाँबाट आउँछ स्मरण गर्नलाई यहाँ एउटा सजिलो बाटो छ:

- प्रथम अनि सबैभन्दा माथि, येशू अनि उहाँका प्रेरितहरुको आज्ञाहरु
- दोस्रो प्रेरितहरुको अभ्यासहरु जो आज्ञा गरिएको थिएन
- तेस्रो हामी मानवको परम्परा जुन विषयहरु हामी चर्चको शरीर भएको हुनाले गर्नलाई राजी हुन्छौं।, जो नयाँ नियममा उल्लेख गरिएको छैन्।"

शिक्षार्थीले भन्दछ, "अच्छा, हामीले येशूको आज्ञालाई सबैभन्दा उच्च गरी मान्न पर्छ। यी आज्ञाहरु र प्रेरितहरुको आज्ञाहरु अधिकारको प्रथम स्थर हुन्। प्रेमको साथमा येशूलाई पालन गर्नदेखि कसैले रोक्न सक्दैन।

"ज्यू दोस्रो स्थरले प्रेरितहरुको अभ्यासहरुलाई जो आज्ञा गरिएको थिएन त्यसलाई उल्लेख गर्दछ। तिनीहरु हाम्रो उदाहरणहरु हुन्। तिनीहरुले अभ्यास गरेका कुराहरुलाई हामी प्रतिबन्ध लगाउन सक्दैनौं। नता हामीले आज्ञानै दिन सक्छौं किनभने येशूले कहिल्यै गर्नु भएन। यी प्रेरितहरु सम्बन्धि अभ्यासहरुमा सम्मिलित हुने: हप्ताको पहिलो दिन भेट हुने, घर-घरमा भेटने, तत्काल बप्तिस्मा, नयाँ नेताहरु नियुक्त गर्नलाई हात राखेर प्रार्थना गर्ने।"

शिक्षार्थीले भन्दछ, "मानव परम्पराहरु अधिकारको तेस्रो स्थर हुन्। के सबै परम्पराहरु खराब छन्?"

"छैन, प्राय: सबै परम्पराहरु असल छन्। त्यसले हामीलाई तालमेलमा एकसाथ काम गर्नलाई मदत गार्दछ। यदपि यदि एउटा मानव परम्पराले ख्रीष्टको आज्ञाहरुलाई वाधा पुरयाउँछ भने, हामीले छनौंट गर्नै पर्छ। हामी हाम्रा चर्चको परम्परालाई मान्छौं वा प्रभु येशूको आज्ञा हामी पालन गर्छौं?"

## व्यवहारिक कार्य

- तपाईको मण्डलीहरुको साथमा **मत्ती 20:18-20** कण्ठस्थ गर्नोस।
- मानिसले बनाएको प्रयोजनहरुले अबेर नगरी नयाँ विश्वासीहरुलाई बप्तिस्मा दिनु।
- नयाँ गरी बप्तिसमाभएका बिश्वासीहरुलाई पवित्र आत्माको शक्तिद्वारा मण्डलीको शरीरको सदस्यहरु झै सक्रिय भाग लिन दिनोस्।
- नयाँ बिश्वासीहरुले ख्रीष्टलाई तिनीहरुको परिवार र मित्रहरुमा पुऱ्याउनमा मदत गर्नोस्।
- ख्रीष्ट अनि प्रेरितहरुको आज्ञाहरुलाई पालन गर्नमा कुनै ढिलाई छन् कि भनी पक्का गर्नलाई तपाईको मण्डलीको परम्परालाई जाँच्नु होस्।

### II - 3- ख्रीष्टको आज्ञा # 3

# चेलाहरु बनाउ

केहि दिन पछि श्री बुद्धिमान बसबाट फर्केर शिखार्थीको घरमा हिंडेर आउँदछ। साराले तिनलाई भन्दछ, "शिक्षार्थी पसलमा छ। तपाई आइपुग्न भयो मलाई खुशि लागेको छ। तिनी निरुत्साहित बन्नु भएको छ।"

"किन? के भयो?"

"श्री मूर्ख अनि उसको मित्रहरुले सबैलाई असन्तुष्टता प्रकट गर्दैछन्। शिक्षार्थीले कुनै बाइबल स्कूलमा पहिले अध्ययन नै नगरी धर्मको बारे सिकाएको खण्डमा निन्दा गरीरहेकाछन्। तिनीहरुले भन्ने गर्दछ तिनी बोल्दा त एउटा साधरण ब्यक्ति बोलेको सुनिन्छ रे, अरु शैक्षिक चर्चका पुरोहितहरु जस्ता छैनन्।"

शिक्षार्थी हतारसाथ काठ पसलमा जाँदछ। श्री मूर्ख र उसको मित्रहरुले भनेका कुराहरु बारे बात गर्दछ। शिक्षार्थिले दुःख प्रकट गर्दछ "म असल वक्ता छुइन। म सुवक्ता होइन।"

"तिमीलाई परम्परा पुल्पीटको ढाँचामा प्रचार गर्नलाई तिम्रो झूण्ड अत्ति सानो छ। बरु तिमीले बाइबलको कथाहरु सुनाउने वा केहि पढ्ने, अनि खुल्लम खुल्ला छलफल गर्नलाई उत्साह दिन प्रश्नहरु सोध्नु होस्।"

"म पनि त्यसै गर्छु। तपाईले मलाई गर्नुभए झै त्यसै प्रकारले गर्छु। म कथा पढ्छु वा सुनाउछु, त्यसपछि मानिसहरुले उत्तर दिऊन भनेर प्रश्नहरु सोद्धछु अनि छलफल गर्छु। हरेकले भाग लेओस भनेर, तिनीहरुलाई म उत्साह दिन्छु। तर श्री मूर्खले चाहेको यो होइन। उ चुपचापसित सुन्न चाहन्छ, 'सुन्ने' जस्तै मात्र।"



याकूब 1:2 र 1 कोरिन्थी 14:26 अनुसार यो बहुत ठूलो भूल हो। द्येरै बाइबलका पदहरुले हामीलाई सिकाउ, सध्याउ र एउटाले अर्कोलाई अर्ति देऊ भन्दछ। यसको मतलब हाम्रो भेटघाटहरुमा एउटाले अर्कोसित बात गर्नै पर्छ। हमाी केवल सुन्नेमात्र होइनौं। ठूल-ठूला मण्डलीहरुले परमश्वेरको प्रयोजन एउटा चर्चको निम्ति पुरा गर्नलाई स-साना झूण्डहरु बनाउनै पर्छ जसले परमेश्वरको वचन छलफल गर्न अनि तिनीहरुको जीवन र सेवकाईहरुमा प्रयोग गर्नलाई योजना गर्न सक्छन्। येशूले हामीलाई सुवक्ता हुनै पर्छ भन्नु भएको

छैन्। हामीले चेलाहरु बनाएको उहाँले चाहनुहुन्छ। यदि तिमी एक असल वक्ता बन्नमा चिन्ता गर्दछौ भने तिम्रो नाभी (किरण–केन्द्र) गलत उद्देश्य माथि हुन्छ। एउटा असल गोठाला बन्नु अत्ति उत्तम हो। **चेलाहरु बनाउ भन्ने येशूको आज्ञालाई** विचार गरौं।

## अभ्यास

प्रभु येशू ख्रीष्टले चाहनु भएको मुख्य विषय हामीले गर्नु पर्ने **मत्ति 28:18–20** मा पत्तो लाउनोस:

- हामीले चेला बनाउनलाई ठीकसित के गर्छौ?
- विशेषरुपले, चेलाहरुले के गर्नु पर्दछ?

सहायक, शिक्षार्थीको भाई, गीटार साथमा लिएर पसलमा आइपुग्छ। "मेरो नयाँ गीत सुन्नुहोस्, श्री बुद्धिमान, मैले ख्रीष्टका आज्ञाहरु सिकाउनलाई यो रचेको हो।" तिनले येशुको सात मौलिक आज्ञाहरुको साधरण सुचीलाई गीतको रागमा सुनाउन लाग्दछ।

"बहुतै सुन्दर।" श्री बुद्धिमानले उसलाई बधाइ दिंदछ। "यो संगीत नयाँ मण्डलीहरुलाई सिकाइदिनु होस्।"


"हामीसित सामेल हुनुहोस्," शिक्षार्थीले सहायकलाई भन्दछ, "हामी चेला बनाउने विषयमा कुराकानी गर्दैछौं।"

श्री बुद्धिमानले कामगर्ने टेबलमाथि पड़ेका हतियारहरुलाई देखाउँदै भन्दछ, "ख्रीष्टले साधरण कामगर्ने मानिसहरुलाई उहाँको चेला हुनलाई बोलाउनु भयो, नामी विख्यात वक्ताहरुलाई होइन। उहाँलाई पछयाउनेहरुलाई चर्चको सभामा बस्ने मात्र अनि असल वक्तालाई सुन्नेमात्र उहाँले चाहनुहुन्न। उहाँका चेलाहरुले स्वस्थ्य चर्चको जीवनको निम्ति जुन विषयहरु अत्यावश्यक छन् ती गर्नलाई उहाँले आज्ञा दिनुहुन्छ। **येशूको पछि लाग्नेहरुलाई उहाँले प्रतिज्ञा गर्नुहुन्छ** त्यसबारे तिमीहरुलाई  बाताउँछु:

## अभ्यास

- यदि हामी उहाँको पछि लाग्छौं भने हामी कस्तो हुन पर्ने भनी येशूले भन्नु भयो, **लूका 5:1–11** मा पत्तो लाउनुहोस्।
- लेवी (मत्ती भनि भन्दछौं) ले येशूलाई पछ्याउन शुरु गर्ने वित्तिकै तत्काल दुइ कुरोहरु गरे **लूका 5:27–32** मा हेर्नोस।
- येशू असल मानिसहरुको मित्र बन्नलाई मात्र आउनु भएन। कस्तो किसिमको मानिसलाई बचाउनलाई उहाँ आउनु भयो भनी उहाँले भन्नु भयो?

सहयोगीले भन्दछ, "मैले ख्रीष्टको बारेमा मेरा मित्रहरुलाई सुनाउनलाई कोशिष गर्दैछु, तर–मलाई लाज लाग्छ। मैले राम्ररी नचीनेको मानिसहरुसित कुरा गर्न मलाई गाह्रो हुन्छ।"



"परमेश्वरले तिमीलाई सहायता गर्नुहुन्छ" श्री बुद्धिमानले बुझाउँदछ। "खई शिक्षार्थीलाई उसको नयाँ दराज बनाउनमा चिन्ह लगाउन हामी मदत गरौं। काम गर्दागर्दै हामी बातचित गर्न सक्छौं। येशूले चेलाहरुलाई प्रतिज्ञा गर्नु भयो कि तिमीहरु मानिसहरुको जालहारी हुने छौ। परमेश्वरको गोहार बिना ख्रीष्टको निम्ति मानिसहरुकहाँ पुग्नलाई, हामी पत्रुस जस्तो, केहि गर्न सक्दैनौं उहाँकै शक्ति द्वारा मात्र हामीले मानिसहरुलाई पश्चत्ताप र विश्वास गर्नलाई बोलाउन सक्छौं। उहाँले हामीलाई उहाँको बरदान पवित्र आत्माद्वारा प्रदान गर्नुहुन्छ। जब हामी एक भएर एक वा दुइको दलहरुमा काम गर्दछौं हामीले यो शक्ति प्राप्त गर्दछौं अनि खुबै असर पार्ने गरी प्रयोग गर्दछौं।"

"यसै कारणले मलाई प्रभुको वारेमा मानिसहरुसित कुरा गर्न गाह्रो थियो," सहायकले विचार गर्दछ, "मैले यो काम एकलै गर्ने कोशिष गरेथें।"

श्री बुद्धिमानले सहायकलाई सुझाउ दिंदछ, "जब तिमीले अरुलाई येशूको बारेमा सुनाउँछौ तिम्रो

भाइ सहायकलाई पनि तिम्रो साथमा लैजाउ। तिमी दुवैको निम्ति अहिलनै प्रार्थना गरौं, ताकि पवित्र आत्माले तिमीहरुलाई अभिषेक गर्नेछ अनि तिमीहरुलाई धेरै सहकर्मीहरु दिनुहुनेछ, जसरी मत्ति 9:38 मा येशूले प्रतिज्ञा गरीसक्नु भएको छ।"

प्रार्थना सिध्याए पछि, श्री बुद्धिमानले व्याखा गर्दछ, "जब येशूले लेवीलाई भन्नुभयो, तिनले सबै छोड़ेर तुरन्तै येशूको पछि लागे, जसरी पत्रुस र अरु चेलाहरुले गरेथे, साँचो चेलाहरुले तिनीहरुको जीवनको प्रत्येक भाग माथि येशूलाई अधिकार गर्न दिंदछ अनि उहाँलाई तत्काल पालन गर्दछ।"



तिनीहरुले ढोकामा कसैको आवाज सुन्दछ। श्री मुर्खले एउटा सानो डब्बामा हरियो भालेमुंग्रो बोकेर पसलमा आएको रहेछ। "यिनीहरुले झिंगा खाँन्छ," उसले बुझाउछ। "यिनीहरुले तिम्रो घरलाई झिंगाहरु र उपियाँहरुदेखि मुक्त राख्छ। एउटा किन्नुहोस्। यहाँ म तपाईलाई देखाउँछु।" उसले एउटालाई भूइमा छोड़ी दिंदछ अनि त्यो ढोका बाहिर कुद्दै जान्छ। एउटा विरालो त्यसमाथि झम्टीन्दछ अनि त्यसको पछि पछि कुद्छ।

तिनीहरु शिक्षार्थीको जिम्मेवारी एक एल्डरको हैसियत या चेलाहरु बनाउनलाई बातचित गरीहरेकाछन्। श्री मुर्खले कामगर्ने टेबलमाथि मुक्काले हिर्काउँदछ, चिन्ह लाउनेको एउटा डब्बा उल्टाइ दिंदछ। त्यसले कराएर भन्दछ, "तिमीले धर्मशास्त्र बारे धेर नसिकेसम्म चेलाहरु बनाउन सक्दैनौं। मेरो आफन्त भाइले भन्दछ कि उसको पास्टरले परमेश्वरको बारेमा कसैलाई सिकाउन कोशिष गर्न भन्दा अगि तिनले घेरै वर्ष सम्मन अध्ययन गरेकाथिए। तिमी त छली बन्छौ, यदि तिमी आफैले नै परमेश्वरको वारेमा कुनै कुरो राम्ररी नबुझी अरुलाई सिकाउने कोशिष गरयौ भने।"

"होइन!" श्री बुद्धिमानले जोड़दिएर बाधा दिंदछ, परमेश्वरले शिक्षार्थीलाई दिनुभएको गोठाला गर्ने क्षमतामा तिनले के गरेर ठीक प्रमाण दिएको तिमी चाहन्छौ? पानी माथि हिड़ेको? तिनीमा कुनै प्रकारले परिपक्वता छैन भनेर तिनले मानिसहरुको सेवा गर्न बन्दगर्न सक्नेछैन्! जब हामी ख्रीष्टमा आउँछौं हामी अरुलाई पहिलेको भन्दा बड़ी मात्रामा माया गर्छौं।"

"हामी अगि के विषयमा चर्चा गर्दैथियौं? कुरा गरौं," शिक्षार्थीले आग्रह गर्दछ। "हामी चेलाहरु बनाउन चाहन्छौं मत्ती येशूको चेला भएर पहिलो कुरो तिनले उसको मित्रहरुलाई भोजमा निम्तो दिए ताकि उसले येशूलाई तिनीहरुको सामने प्रस्तुत गर्न चाहन्थे। हामीले नयाँ विश्वासीहरुलाई तिनीहरुको आफ्नै मित्र र परिवारमा येशूलाई प्रस्तुत गर्नमा मदत गरौं। हामी तिनीहरुलाई येशूको बारेमा, उहाँको शिक्षा, उहाँको आश्चर्यकामहरु, उहाँको मृत्यु र पुनरुत्थान बारे बताइदिउँ। 1 कोरिन्थी 15:2-5 ले स्पष्ट पार्दछ कि सुसमाचार त्यही हो कि येशू मर्नु भयो अनि मरेकाहरुबाट बौरी अठनुभयो, अनि यसो गर्नु भएको हुनाले मानिसहरुमा पश्चत्ताप र अनन्त जीवन ल्याउनु भयो।"

सहायकले भन्दछ, "हिज राती मैले त्यो मेरो परिवारलाई पढ़ेर सुनाएँ। व्यवस्थाको गुरुहरु लेवी अनि तिनको मित्रहरुलाई पापीहरु भन्दछ। पत्रुसले आफैलाई पनि पापी भन्थे। यी ती मानिसहरु थिए जसलाई पश्चत्ताप गर्न र मानिसको जालहारी हुनलाई बोलाउन येशू आउनु भयो। येशूले पापीहरुको झूण्डलाई बोलाउनु भयो, जस्तै मत्तीको निमन्त्रण कर उठाउनेहरुलाई उहाँको चर्चमा ल्याउनु भयो। उहाँले तिनीहरुलाई बदलाउनु भयो।"

श्री मूर्खले भाले मुंग्रोको डब्बा उठाएर पसलबाट जाँदछ एउटा हातमा चिन्हलाउने रंग बोकेर। चेला बनाउने छलफललाई सहयोगीले जारी गर्दछ। "प्रेरित 2 अध्यायमा प्रेरितहरुले येशूको मृत्यु र पुनरुत्थान बारे कुरा गर्न बन्द गर्नु सकेनन्। पवित्र आत्माको शक्तिद्वारा घेरैले पश्चत्ताप गरे।

प्रेरित पत्रुस तिनीहरुलाई हृदयको परिवर्तन, अनि पाप क्षमाको निम्ति बप्तिस्मा र पवित्र आत्माको वरदान ग्रहण गर्नलाई भने। तीन हजार मानिसहरुले पश्चत्ताप गरे अनि बप्तिस्मा लिए, अनि त्यही दिन मण्डलीमा सामेल भए।"

श्री बुद्धिमानले थप्दछ, "अनि बप्तिस्माको तुरन्तै पछि प्रेरितहरुले ख्रीष्टको अरु सबै मौलिक आज्ञाहरु पालन गर्नलाई तिनीहरुलाई

सिकाए। प्रेरित 2 अध्यायमा यसो भन्दछ कि मानिसहरुले प्रेरितहरुको शिक्षालाई सुने अनि अभ्यास गरे; नियानो संगतीमा रहे, एकसाथ रोटी तोड़े, अनि खाँचोमा परेकाहरुलाई दिए। यसरी पहिलो मण्डली शुरु भयो।"

सिकारु आश्चर्य मान्दै कराउँछ, हाम्रो मण्डली पनि ती पहिलो मण्डलीले गरे झैं येशूको आज्ञा पालन गर्दै शुरु भइरहेको छ। तिनीहरुले एकार्कालाई प्रेम गर्थे हामीले पनि येशूले दिनुभएको सबै आज्ञाहरु पालन गरेर एउटाले अर्कोलाई सहायता गरौं। हामीले हाम्रो प्रभु येशु ख्रीष्टको आज्ञाकारी चेलाहरु बनाऔं।"

"बहुत राम्रो," श्री बुद्धिमानले आनन्द प्रकट गर्दछ। जब हामी एकसाथ भेला हुन्छौं। ख्रीष्टको केहि आज्ञाहरु हामीले अभ्यास गर्छौं जस्तै प्रभु भोज अनि न्यानो संगती। येशूमा आज्ञाकारी साँचो उपासनाको सार भाग हो। तर हामी सभाहरुमा नछँदा पनि ख्रीष्टको आज्ञा पालन गर्छौं। हामी दिनभरी हर्षको साथ उहाँको आज्ञा पालन गर्छौं, प्रार्थना गर्छौं, उहाँको बारेमा अरुलाई बातउँछौं अनि खाँचोमा परेकालाई सहयोग दिंदछौं।"

सिकारुले सोद्धछ, "जब हामी परमेश्वरको उपासना गर्न एकसाथ मेला हुन्छौं, हामीले के के गर्नु पर्छ?"

"**उपासनाको मुख्य भागहरुको** सुची म तिमीलाई दिनेछु:

- प्रार्थना
- परमेश्वरलाई प्रशंसा,
- हाम्रा पापहरुको स्वीकार अनि क्षमाको आश्वासन,
- प्रभुभोज मनाउनु,
- एउटा अर्कोसित संगति गर्नु,
- दिनु,
- परमेश्वरको वचवन अध्ययन गर्नु।"

"के हामीले यसलाई नियमीत ढंगमा गर्नु?

"नियमीत ढंगमा गर्नुहोस्, किन कि तिम्रो निम्ति राम्ररी काम गर्दछ।"

सहयोगीले भन्दछ, मेरो विचारमा एउटा नयां मण्डली वा एक या दुई परिवारहरुको एउटा सानो झुण्ड जब एकसाथ भेला हुन्छन् तब यी विषयहरु गर्न सक्नेछन्।"

"जब तिमीहरु सानो झुण्डमा भएर घरमा भेला हुँदछौ, श्री बुद्धिमानले सर्तक गराउँदछ, "तिमीहरुसित उपासनको समयको निम्ति निर्दिष्ट शुरुवात र निर्दिष्ट अन्त हुनपर्छ। नत्र भने अन्य कार्यक्रमहरुसित उपासनाको गड़बड़ी हुँदछ अनि परमेश्वरको अद्‌भुत उपस्थिती भित्र गम्भीर श्रद्धाको साथमा हामीलाई ल्याउन सक्दैनौं।"

"मैले त यो पहिलेनै थाहा गरेको थिएँ, "सिकारुले भन्दछ। "सेवा शुरु गर्दा हामी सबैलाई खड़ा हुन लाउँछौं अनि प्रशंसाको भजनहरु गाउँदछौं। शेष भागमा विदाइ र आशिषको विशेष प्रार्थनाको निम्ति खड़ा हुन्छौं। यस प्रकारले गर्दा नानीहरुले पनि  कहिले खेल्न बन्द गर्नु अनि हल्ला गर्नु, अनि कुन समयमा सेवा शेष भएपछि फेरि शुरु गर्न सक्छन् भनी जान्नेछन्।"

श्री बुद्धिमानले भन्दछ, "मैले तिमी र तिम्रो परिवारलाई परिवारीक उपासना साधरण ढंगले कसरी गर्ने देखाएको छु। तिमीले राम्रो गर अनि अरुहरु जस्तै सहायक र तिनको स्वास्नी रिचेल तिमीसित मिलेको छ। म त यहाँ संधैभरी हुँदीन। कुनै समय पनि म यहाँबाट जानपर्छ। तिमीहरुले मेरा सहायता बिना अगुवाई गर्नुपर्नेछ सिकारु, प्रत्येक व्यक्तिलाई केहि न केहि गर्नलाई दिनु, कसले के गर्नमा आनन्द लिंदछ याद गर। यसले तिनीहरुमा भएको आत्मिकी वरदानहरुमा मेल खानेछ। तब मात्र सबैले भाग लिन सकनेछ।"



**ब्यवहारीक कार्य**

- ती मानिसहरुको निम्ति जो तपाईको नजिक वा टाड़ामा छन्, त्यागिएका छन्, जसलाई येशूको खाँचो छ, तपाईको मण्डलीसित मिलेर प्रार्थना गर्नुहोस्
- येशूको बारेमा अरुलाई विशेष तिनीहरुको परिवार र मित्रहरुलाई, एक मित्रभावले कसरी बताउने तपाईको जनहरुलाई देखाउनु होस्।
- तपाईको मानिसहरुले तिनीहरुका मित्रहरुलाई सुसमाचार सुनाउनको निन्ति समय पाउनलाई हप्ता भरको सभाहरुको संख्यालाई नियन्त्रित राख्नुहोस्।
- हप्ताको मुख्य सभामा उपासनाका सबै महत्त्वपूर्ण तत्वहरुलाई अभ्यास गर्नुहोस्।
- सभाहरुमा अरुलाई सुधार गर्ने केहि विषयहरु गर्नलाई हरेक बिश्वासीलाई मदत गर्नोस्।

### II - 4 – ख्रीष्टको आज्ञा # 4

## प्रेम

सिकारु अनि तिनको भाई सहायक तिनीहरुको छिमेकी र मित्रहरुलाई येशूको बारेमा सुसमाचार सुनाउनलाई भेट गर्न जाँदछन्। सहायकले तिनीहरुलाई गीतहरु गाएर सुनाउँदछ। तिनीहरु टाड़ा–टाड़ा जगहहरुमा बसेको हुनाले, एकदिन सहायकको क्षेत्रहरुमा, अर्को दिन सिकारुको क्षेत्रहरुमा भ्रमण गर्दछ। सहायकको छिमेकी, श्री ध्यानदिने, सहायकलाई भन्दछ, "म एक शिक्षक हूँ, तर म रोगी बने र काम गर्न सकिन।"

सहायकले उसलाई येशूको बारेमा बताउँदछ, तर सिकारु चुप बस्दछ। जब तिनीहरु उसको घरबाट बिदा लिंदछ, सहायकले सिकारुलाई सोद्धछ, "तिमी किन चुप्प लागेर बसेको? हामीले उसलाई कुनै न कुनै तरीकाले मदत गर्नुथ्यो। उसको परिवारले दु:ख पाइरहेको छ।"

मलाई श्री ध्यानदिनेलाई मन पर्दैन," सिकारुले प्रकट गर्दछ। "उ श्री मूर्खको जूवाई हो। वितेको साल मैंले उसको निम्ति कुर्सीको एक खाल (Set) बनाइ दिएको थिएँ तर उसले मलाई पैसा दिएकै छैन्। मैले पैसा मांग्दा वहस भयो। उ मसित रिसायो अनि एउटा पुस्तक मलाई फ्याँक्यो। उ मेरो शत्रु हो। म अब उसो उसलाई भेटन आउँदिन।"



तिनी सिकारुको घरमा फर्कर जाँदछ अनि घरमा श्री बुद्धिमानले पर्खिरहेको भेटाउँदछ। सहायकले तिनलाई भन्दछ, "सिकारुले ध्यानदिनेलाई यस्तो खाँचो समयमा मदत गर्न चाहँन्दैन, कारण बिता साल देखि यिनीहरुको सम्बन्ध बिग्रेको छ।"

श्री बुद्धिमानले सल्लाह दिंदछ, "सिकारु, तिमीले येशूको आज्ञा प्रेमलाई पालन गर्नैपर्छ, मत्ती 22:36–40 अनुसार। यो परमेश्वरको सबै भन्दा महान आज्ञा हुन्। येशूले **जाती सामरीको** बारेमा के भन्न भएको छ, म तिमीलाई सुनाउछु।

**अभ्यास**

व्यवहारिक प्रेमको विषयमा सिकारुले के पत्तो लगाउँछ **लूका 10:25–37** मा पाउनु हुन्छ:

- परमेश्वर बाहेक, अरु कसलाई हामीले प्रेम दर्शाउनु छ?
- सामरी स्त्रीले तिनको छिमेकीको निम्ति प्रेम दर्शाउनलाई के गरीन्?
- परमेश्वरको दृष्टिकोणबाट हाम्रो छिमेकी को हुन्?

यस बारे तिनीहरु सिकारुको घरमा बात गर्दै रहे। श्री बुद्धिमानले अर्त्ति दिंदछ, "सिकारु ती धर्मगुरुहरु जसले तिनीहरुको छिमेकीलाई

प्रेम गर भन्ने आज्ञाहरु जान्द थिए, घाइते यात्रीको छेउबाट भएर गए, तर तिनीहरु त्यस मानिसलाई मदत गर्नलाई रोकेन। सामरीहरु अनि यहूदीहरुको धेरै पुरानो शत्रुता थियो, तर तयो सामरीले घाइते यहूदी यात्रीलाई मदत गर्नलाई रोकिए। साँचै, एउटा व्यक्ति जो शत्रुनै भएता पनि, हाम्रो छिमेकी हुन जसै त्यो परमेश्वरले देख्नुहुन्छ। हामीले सबैलाई प्रेम गरेको उहाँले चाहानु हुन्छ।"

"के मैले श्री ध्यानदिनेलाई प्रेम गर्नु?"

"तिमीलाई कस्तो लाग्छ?"

"मलाई त्यस्तै लाग्छ।"

"परमेश्वर प्रेम हुनुहुन्छ, अनि हामी उहाँ जस्तै हुनलाई सृष्टि गरीएका हौं। उहाँलाई प्रेम गर्न हामीलाई बनाउनु भयो अनि जसरी उहांले हामीलाई प्रेम गर्नु भयो त्यसरी नै एउटाले अर्कोलाई प्रेम गर्नलाई बनाउनु भयो। प्रेम उपयोगी हुनैपर्छ। येशूको बारेमा कुरा गरेर मात्र पर्याप्त हुँदैन। मानिसहरुले जानेका छन् कि हामी ख्रीष्टका हौं जब हामीले अरुको खातिर उपयोगी प्रेम दर्शाउने मार्गहरुको खोजी गरीरहेका हुन्छौं। हामी उसो परमेश्वरले हाम्रो निम्ति के गर्न सक्नु हुन्छ भन्नेमा मात्र चासो छैन्।"



"उपयोगी प्रेम भन्नुको तिम्रो मतलब के हो?"

जब येशूको आज्ञा अनुसार हामी कामहरु गर्दछौं प्रेम उपयोगी बन्दछ। हाम्रो उपासना अनि हाम्रा मण्डलीका सबै क्रियाकलापहरु यो पहिलो महान आज्ञाबाट आउँदछ। हाम्रा छिमेकीहरुलाई हाम्रो प्रेम, तिनीहरुको सेवा उपयोगी तरिकाहरुमा गरेर प्रमाणित गरौं, विशेष तौरले जब तिनीहरुलाई मदतको आवश्यकता पर्दछ।"

श्री मूर्ख हातमा एउटा हरियो तरल पदार्थको बोतल लिएर सिकारुको ढोकामा आइपुग्छ। "यो गलाको औषधि हो," उसले सुचित गर्दछ। "एक महिना सम्म एक चमच् गरेर प्रत्येक दिन लिनुहोस् अनि तपाईले असल स्वरमा गाउन सक्नुहुन्छ। श्री बुद्धिमान, मानिसहरुले तपाईको उपदेश टाड़ोबाट पनि सुन्नेछ। यहाँ हेर्नुहोस्, म यो बिरालोमा गरेर प्रदर्शन गर्नेछु।" उसले एउटा चमच् भर्दछ अनि भूईंमा खन्याउँदछ। बिरालोले त्यो सुङ्दछ, डयार्र गरेर त्यसले उसको औंला टोकिदिन्छ। श्री मुर्खले अरूलाई हप्काउँछ, तिमीहरु त्यत्ति साह्रो हाँस्नु पर्दैन्! तपाईहरु असल आचरणको कमि छ।"

साराले उसको औंलामा पट्टी लगाइ दिन्छिन् र भन्दछिन् "येशूले हामीलाई आज्ञा गर्नुहुन्छ कि हामीलाई दुर्व्यवहार गर्नेहरु प्रति पनि

प्रेम देखाउनु। बुझनु भयो, श्री मूर्ख? आज बिहान मैंले यो मत्ती 5:44 मा पढ्दै थिएँ।"

"तर तिमीले एउटा शत्रुलाई तिम्रो विरोद्ध गर्न दिदैनौं अनि केहि नगरी बस्दैनौं पनि, बिरालो ले धरी जाँन्दछ कि जसले तिमीलाई दूर्व्यवहार गर्ने विचार राख्दछ त्यस्तालाई तिमीले टोकी दिनुपर्छ। गलतीको कष्ट मानिसहरुले भोगुन् जसले गर्दा फेरि त्यस्तो हुनेछैन्।"

"दया गरेर! श्री बुद्धिमानले वाधा दिंदछ, "**क्षमा नगर्ने नोकरको** बारेमा तिमीहरुलाई मैंले भन्नुछ।"

## अभ्यास

**मत्ती 18:21-35** मा पत्तो लगाउनु होस्:

- मालिकले कति ऋण माफ गरिदिए?
- दोस्रो दु:खी नोकरलाई पहिलो नोकरले कस्तो व्यवहार गरे?
- क्षमा नगर्ने नोकरलाई मालिकले के गरे?

सिकारुको घरमा तिनीहरु प्रेम र क्षमाको बारे बातचितलाई अगाडि बड़ाए। श्री बुद्धिमानले व्याखा गर्दछ, "जब हामीले शत्रुलाई क्षमा गर्छौं हामी तिनीहरूलाई प्रेम देखाउँछौं। येशूले हामीलाई कसरी क्षमा गर्नु भएको छ। हामीले नयाँ विश्वासीहरुलाई हाम्रो माण्डलीक परिवार भित्र स्वागत जनाउँदै प्रेमलाई दर्शाऔं। हामीले हाम्रा चेलाहरुको सुनेर अनि फलवन्त सेवकाइहरु हुनमा सहयोग गरेर तिनीहरुलाई हाम्रो प्रेम प्रकट गरौं। एफिसी 4:11-12 ले भन्दछ कि कुनै असरदार सेवकाई हुनलाई शिक्षकहरुले सबै बिश्वासीहरुलाई मदत गर्नै पर्छ।

प्रार्थनाको बादमा सिकारुले सुस्केरा हाल्दछ। "म ध्यानदिनेलाई क्षमा दिन्छु। तर उसलाई घृणा गर्न बन्द गर्नु कठीन छ। सारा, उसको परिवारको निम्ति केहि खानपिन तयार पार्नुहोस्। म तिनीहरुलाई मदत गर्छु।"

तिनले अण्डा, रोटी र अरु थोकहरु एउटा टोकरीमा हालेर ध्यानदिनेलाई लगिदिंदछ, जो अत्ति धन्यवादि बनेकोछ। सिकारुले तिनलाई भन्दछ, "तिमीलाई कामको दर्कार छ तर पूरा दिन अहिले काम गर्न सक्दैनौ। तिम्रो शरीरमा शक्ति नआउञ्जेल सम्म मेरो पसलमा केहि समय काम गर्नलाई आऊ। तिमीले हल्का कामहरु गर्दै गर, रंग लगाउनेअनि स-साना नक्साहरु बनाउने काम। यदि तिमी कुनै समयमा थकित बन्यौं भनें काम बन्द गर्न सक्छौ। यति गरेर तिम्रो परिवारको निम्ति प्रशस्त कमाउने छौ।"

ध्यानदिनेले लामो समय सम्म सिकारुलाई हेरि बस्दछ। "तिमीलाई धन्यबाद। तिम्रोमा म बिहानै आउनेछु।"

केहि हप्ता पछि उसले सिकारुलाई भन्दछ, "म फेरि पूरा समय सिकाउन सक्छु। सुन्नुहोस्। बिता साल हाम्रो झगड़ा भएको थियो। मेरो गलती भएको थियो। मैंले कति दिनपर्छ म दिनेछु।" ख्रीष्टलाई ग्रहण गर्न र बप्तिसमा लिन धेरै अगिनै ध्यानदिनेले चर्च जान शुरु गर्दछ।

आराधनाको सेवामा श्री बुद्धिमानले झुण्डलाई भन्दछ, "परमेश्वरले तपाईहरुलाई एउटा असल अगुवा दिनुभएको छ। अब सिकारुले मेरा मदत बिना आराधना सेवालाई असल प्रकारले संचालन गर्दछं अनि तिनले बाइबलको आधारमा यो गर्दछ। तपाईहरु सबैले भाग लिनुहुन्छ। तपाईहरुले साक्षी दिनुहुन्छ, उत्साहको वचनहरु बोल्नु हुन्छ, स्मृतिबाट पदहरु सुनाउनुहुन्छ अनि बाइबलका कथाहरु भन्नुहुन्छ। कतिले गाउनुहुन्छ, अरुले बाइबलका कथाहरुलाई नाटकमा प्रस्तुत गर्नुहुन्छ। कसैले बाइबलका अंशहरु पढ़े पछि वा कथा सुनाए पछि सिकारुले सोध्नुहुन्छ तपाईहरुले प्रश्नको उत्तर दिनुहुन्छ। यसैले पावलले 1 कोरिन्थी 12 देखि 14 अध्यायमा हामीलाई भन्दछ। यी सबै बाइबलबाट आएका र आत्मिकी स्वास्थ्य हुन। तपाईहरुलाई एउटा अगुवा दिनु भएको निम्ति सबैले परमेश्वरलाई धन्यबाद दिनुपर्छ किनकि बाइबल अनुसार गर्नुपर्ने तिनले अगुवाई गर्ने भएका छन्।"

सिकारुको घरबाट अरु मानिसहरुले बिदा लिएपछि, श्री मूर्खले श्री बुद्धिमानलाई भन्दछ, "तपाईले साँच्चै नै सिकारुलाई गौरवान्वित

तुल्याउनु भयो! तर तिनको नेतृत्व मलाई मन पर्दैन्। हाम्रो झुण्डमा भएका ती नयां मासिहरुले तिनको प्रश्नहरुको उत्तरहरु भक् भकीन्दै हाँसहउठदो प्रकारले दिंदछन्। तिनले तिनीहरुलाई साह्रै बेसी भाग लिन लगाउँछन्। तिनीहरुलाई यति छिटो यी अधिकारहरु छैनन्। तिनीहरुलाई साह्रै बेसी स्वतंन्त्रता दिएका छन्। झुण्डलाई एउटा नियम-निष्ठ अगुवाको खाँचो छ। मैले राम्ररी नेतृत्व गर्नुसक्थें।"

"अहो, होइन!" श्री बुद्धिमान छटपटाउँछ। "तिमी परमेश्वरको अनुग्रहसित अत्ति कञ्जूस छौ। एउटा **ईर्ष्यालु खेतालाको** कथा सुन्नुहोस्।"

## अभ्यास

**मत्ती 20:1-16** मा पत्तो लगाउनु होस्:

- हामीले ख्रीष्टको निम्ति कठीन कार्य गरेता पनि अनि उहाँको निम्ति कष्ट सहेतापनि, अनि तिनीहरुले गरेका छैनन् भनेता पनि हाम्रो व्यवहार नयाँ विश्वासीहरु प्रति कस्तो हुनपर्छ?

श्री मूर्खले श्री बुद्धिमानलाई टिप्पणी गर्दछ, "तपाईको शिक्षालाई म बुझ्न सक्दिन! नयाँ विश्वासीहरुलाई पनि परमेश्वरको अनुग्रहमा एउटै अधिकार हुनुपर्ने थियो जसरी पुरानोहरुले पाएका छन्।"

"परमेश्वरले जति अनुग्रह देखाउनु हुन्छ त्यही हामीले मण्डलीमा प्राप्त गर्छौ।"

माण्डलीक शरीरको एकतालाई बलियो बनाइ राख्नलाई सिकारुले नजिक बोलाउँदछ अनि श्री बुद्धिमानले तिनीहरुलाई विन्ती गर्दछ। **हामी एक हुनलाई अनि एउटाले अर्कोलाई प्रेम गर्ने वारे तिनले येशूको प्रार्थना** सुनाउँदछ।

## अभ्यास

पत्तो लगाउनलाई **यूहन्ना 17:20-23** पढ्नुहोस्:

- परमेश्वरले हाम्रोनिम्ति के गरुन भनी येशूले प्रार्थना गर्नुभयो?
- परमेश्वर पिता र परमेश्वर पुत्र विचको एकता झै हामीमा एउटाले अर्कोसित कुन प्रकारले एकता बनाई राख्छौं?
- परमेश्वरले येशूलाई पठाउनु भएको हो भनी संसारले जान्नेछन् भनी येशूले कसरी भन्नु भयो?

श्री बुद्धिमानले श्री मूर्ख र सिकारुलाई भन्दछ, "तिमी दुइजना एकार्कासित साथमा हुनु खाँचोछं, परमेश्वरका मानिसहरु उहाँको मण्डलीमा एक हुन्छन्। येशू ख्रीष्टमा हामी सबै एक छौं। एउटा स्थानीय मण्डली मानिसहरुको एक झुण्ड हो, जसले प्रेममा एक भएर येशूको आज्ञापालन गर्दछ, जहीं कहीं किननै नहोऊँन्। हामीले एकार्कालाई मदत गरेको अनि एउटाले अर्कोलाई प्रोत्साहित गरेको परमेश्वरले चाहनुहुन्छ। हामीले आ-आफ्नै तरिकामा उहाँलाई पछयाउनलाई येशूले हामीलाई भन्नु हुन्न। हामी एकसाथ मिलेर गरौं।"

"ख्रीष्टमा हामी सबै एक हौं भन्नुको अर्थ तपाईंको के हो?"

पवित्र आत्माले हामीलाई ख्रीष्टको शरीरमा यस्तो प्रकारले मिलाउनु हुन्छ जसलाई मानिसको विचार शक्तिले व्याखा नै गर्न सक्दैन। येशूले यूहन्ना 17 अध्यायमा भन्नु भएको छ कि जसरी उहाँ पितामा एक हुनुहुन्छ त्यसरी नै हामी उहाँमा एक छौं।"

"म त्यो सब बुझ्दीन, श्री मुर्ख गन्गनाउँछ। मैले न बुझ्को कुनै कुरालाई म बिश्वास गर्दीन।"

"कुनै मानिसले परमेश्वरको गुप्त कुरोलाई अनि हाम्रो पवित्र जीवन जो ख्रीष्टमा लुकिएको छ बुझ्न सकदैन, जसै कलस्सी 3:1-7 ले प्रकाश गर्दछ। हाम्रो समझ परमेश्वरको निम्ति महत्त्व राख्दैन। उहाँले हाम्रो आज्ञाकारिता चाहनुहुन्छ। हामी ध्येरै सिद्धान्तहरु सिक्नसक्छौं अनि यो असल हो। तर येशूको आज्ञालाई मान्न सिक्नु अझ असल हो। दुबैलाई गर्नु अझ असल हो। सिक अनि पालन गर। त्यसले ख्रीष्टको शरीर मण्डलीलाई दरीलो बनाउँदछ।"

"तपाईले झुण्डलाई ख्रीष्टको शरीर किन भन्नुहुन्छ?" सिकारु ले प्रश्न गर्दछ।

"नयाँ नियमको मण्डली ख्रीष्टको शरीर हो – कुनै सामप्रदाय, श्रेणी वा घर होइन। हाम्रो अर्थ, परमेश्वरका मानिस जो उपासना गर्नलाई र उहाँको सेवा गर्नलाई एकसाथ भेला हुन्छन्। हामी शरीरको अंग भएको हुनाले एक साँचो परमेश्वरलाई अनि एकार्कालाई व्यवहारीक प्रेम देखाउन सिक्छौं।"

"प्रेम किन यति मुख्य छ?" श्री मुर्खले श्री बुद्धिमानलाई सोद्धछ।

"हामी प्रेम गर्नेहरु सबैको निम्ति यो अत्ति पवित्र अभिप्राय हो। सिकारु तिमीलाई थाहा छ, यस बारेमा येशूले के भन्नु भएको थियो?

"ज्यू। उहाँले प्राचिन आज्ञालाई **व्यवस्था 6:4-5** बाट निश्चय गर्नु भएको थियो, 'हे इस्राएली हो सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै हुनुहुन्छ! तिमीहरुले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सम्पूर्ण मनले, आफ्नो सम्पूर्ण प्राणले र आफ्नो सम्पूर्ण शक्तिले प्रेम गर।"

जब सम्म उहाँ एउटै हुनुहुन्छ भनी हामी विश्वास गर्दैनौं परमेश्वरलाई प्रेम गर्नु असम्भव हुन्छ, श्री बुद्धिमानले बताउँदछ।

"प्रेममा येशूको आज्ञा पालन गर्नलाई नयाँ नियमका विश्वासीहरु एकसाथ भेला हुन्थे। प्रेरित 2 अध्यायले दर्शाउदछ कि तिनीहरुले पश्चत्ताप गरे अनि बप्तिस्मा लिए, तिनीहरुले प्रेरितहरुको शिक्षालाई तिनीहरुको जीवनमा प्रयोग गरे। तिनीहरुले मिठो संगतीको अभ्यास गरे; उदारतासितदिए, प्रभुभोज मनाए अनि सामर्थको साथ प्रार्थना गरे। यही संयुक्त हाम्रा प्रभु ख्रीष्ट येशूमा प्रेममय आज्ञाकारिता द्वारा प्रथम मण्डलीको शुरुवात भएको थियो। परमेश्वरबाट जन्मिएको साँचो प्रेम आनन्दमय आज्ञाकारितामा परिणीत हुन्छ; यो हाम्रो विश्वासको विशेष गुण हो।"




## व्यवहारिक कार्य

- तपाईको मण्डलीलेप्रेममा जरा गाँड़ेको अनि स्थापित भएको होऊन भनी प्रार्थना गर्नुहोस्।
- लूका 10:27 मा प्रेमको विषयमा येशूको आज्ञा कण्ठस्थपार्नलाई तपाईको मण्डलीलाई मदत गर्नुहोस्।
- शारीरिक वा आत्मिकी खाँचोमा परेका मानिसहरुको सेवा गर्नलाई तपाईको मण्डलीको निम्ति व्यवस्था गर्नुहोस्।
- संगठनको रूपमा क्रियाकलापहरुको योजना बनाउनु होस् जसले एकार्कासित स्नेहमय एकता बनउनेछ अनि अरु मण्डलीहरुसित।

## II-5- ख्रीष्टको आज्ञा # 5

# प्रार्थना

केहि दिन पश्चात्, श्री बुद्धिमानले ख्रीष्टको बारेमा एक जना ट्रक चालकसित कुरा गर्दै गर्दा ध्यानदिनेले हतार साथ तिनीकहाँ आएर कानमा भन्दछ, "प्रहारीले तपाईलाई पक्रने योजना गरेको छ! ती मध्ये दुइ जानाले यस्तो बात गर्दै गरेको मैंले सुनें। तपाईले येशूको बारेमा खुल्लमखुल्ला बोलेको अधिकारीहरुले मनपराएको छैन्, आउनुहोस्।"

तिनीहरु चाँड़ो गरी सिकारूको पसल तर्फ लाग्दछ। सिकारुसित प्रार्थना गरेपछि, श्री बुद्धिमानले व्यक्त गर्दछ, "मलाई थाहा छैन, अब कहिले सम्म म तपाईहरुलाई भेटन सकूँला। म यहाँबाट जान अगि, म यो पक्का गर्न चाहन्छु कि प्रार्थना चाँहि तपाईहरुको जीवनको एक हिस्सा बन्न सकोस्, अनि केवल खतराको धम्की आउँदा मात्र गर्ने होइन। यूहन्ना 16:24 मा येशूले हामीलाई प्रार्थना गर्नलाई भन्नुहुन्छ, र त्यसैले हाम्रो आनन्द पूर्ण भएको होस्। जब येशूले मृत्युको सामना गर्दै हुनुहुन्थ्यो तब **येशूको अत्ति संकष्टमय प्रार्थनाको** बारेमा म तिमीहरूलाई सुनाउछु।"




**अभ्यास**

अब पत्तो लगाउनलाई **मत्ती 26:36-46** पढ्नुहोस्:

- येशूले प्रार्थना कहाँ गर्नुभयो?
- येशूले कसलाई प्रार्थना गर्नु भएको थियो?
- यस्तो घड़िमा येशूको दशा कस्तो भएको थियो, जसले उहाँको प्रार्थनाको महान वेदनालाई दर्शाएका थिए।
- येशूको प्रार्थनामा उहाँको महान इच्छा के थियो, जसले उहाँलाई पहिलो बिन्ति त्यागगर्नलाई डोरयाए?

काठको पासलमा सिकारू र ध्यानदिनेलाई श्री बुद्धिमानले टिप्पणी गर्दछ, "येशूले आफ्नो पितासित खुरन्धार बिन्ति गरीबसे तबसम्म कि उहाँ क्रूसमा मर्न चाहनु हुन्नथ्यो, उहाँले पिताको आज्ञा पालन गर्नलाई इच्छुक हुनुहुन्थ्यो। यदि पिताको प्रत्युत्तर 'होइन' भएता पनि पिताको उत्तर असल उत्तर हुन्छ भनी उहाँले भरोसा गर्नहुन्थ्यो। हामीले पनि हाम्रा आफ्नैइच्छा नराखेर परमेश्वरमा भरोसा पर्दै उत्सुकतापूर्वक प्रार्थना गरीरहन सिक्नुपर्छ।"

"तपाईले हामीलाई छोड़ेर नजाउन भनी प्रार्थना गरेको छु," ध्यानदिनेले भन्दछ।

"परमेश्वरले मेरो निम्ति त्यही चाहनु भएको होस्। जे भएता पनि उहाँको इच्छा हामीलाई जाहेर गरी दिऊन भनी पवित्र आत्माको शक्तिमा पितालाई हामी प्रार्थना गरौं। तपाईहरुलाई याद छ मैले पछिल्लो हप्ता प्रार्थनाको बारेमा के सिकाएको थिए?"

"ज्यू, सिकारुले उत्तर दिंदछ। हामी येशूको नाऊँमा प्रार्थना गर्दछौ जो पमरेश्वरमा हाम्रो एक मात्र बाटो हुनुहुन्छ। उहाँको क्रूसको मृत्युद्वारा मात्र पिताको सामने उपस्थित भइ हाम्रा मांगहरु निर्धक्क राख्नलाई सम्भव हुन्छ, जसरी हिब्रू 4:16 ले जाहेर गर्दछ। हाम्रा पापहरुले अब उसो परमेश्वरसित प्रार्थना गर्नलाई बाधा दिन सक्दैन। येशू मात्र हाम्रो मध्यस्थ हुनुहुन्छ।"

ध्यानदिनेले थपेर भन्दछ, "मरेकालाई प्रार्थना नगर भनी धर्मशास्त्रले पनि हामीलाई बताउँछ, ब्यवस्था 18:11 मा। मैंले ख्रीष्टलाई चिन्न भन्दा अगाड़ि मैंले गर्दथें। मैंले विचार गर्थे कि एक जना पुर्खाको आत्माले सिकारुको कुर्सीको पैसा दिनु हुँदैन भनेर मेरो मनमा हालेका छन्।

येशूले म र मेरो परिवारलाई ती आत्माहरुको भएदेखि छुटकारा दिनु भएकोछ! अब हामीलाई थाहा भएको छ कि कुनै प्रेतआत्मा भन्दा अधिक शक्ति उहाँमा छ।"

श्री बुद्धिमानले उत्तरदिंदछ, "हाम्रा सबै प्रार्थनाहरु केवल परमेश्वरलाई गर्नुपर्छ। अनि हामीले येशूको नाउँमा प्रार्थना गर्छौं, जसलाई पिताले स्वर्ग अनि पृथ्वीमा सबै अधिकार दिइएको छ; जो मत्ती 28:18 ले बताउँदछ।"

ध्यानदिनेले श्री बुद्धिमानलाई सोद्धछ, "प्रार्थना गर्नलाई अरु तरीकाहरु भन्दा अधिक शक्तिशाली के एउटै बाटो छ? यदि कराएर मैंले बारम्बार एउटै प्रार्थना गरीरहें वा ठूलो स्वरले कराएर भने के परमेश्वरले मलाई उत्तर दिन अत्ति इच्छुक बन्नु हुन्छ? श्री मुर्खले मलाई भनेका थिए कि उसको नातेदार भाईको चर्चमा प्रार्थना गर्ने तरीकाले यदि हामीले गर्छौं भनें परमेश्वरले हाम्रो प्रार्थना सुन्नु हुन्छ अरे।"

धर्मशास्त्रमा हामी देख्छौं कि हामीले भिन्दा-भिन्दै तरीकाले प्रार्थना गर्न हामीलाई स्वतंन्त्रता छ। हामी उठेर, बसेर, घुँड़ा टेकेर वा लम्पसार परेर, कराएर वा मौन, एकलै वा अरुसित मिलेर, यी सबैलाई परमेश्वरले वास्ता गर्नुहुन्न। कुनै शंका बिना हृदयबाट हामीले प्रार्थना गरेको परमेश्वरले चाहनुहुन्छ। मानिसहरुलाई छाप पार्नलाई गरीने लामो र मनोहर शब्दहरुसित प्रार्थना गर्नबाट उहाँले सर्तक गराउँनु हुन्छ, मत्ती 6 अध्याय। उहाँआफैलाई पक्राउ गरून् भनी स्वीकार्ण भन्दा अघि, येशूले उहाँको सर्म्पण पितालाई अनि उहाँको महान आवश्यकतालाई दर्शाउन उहाँले शाष्टांग प्रणाम भूईंमा गर्नुभयो। बाइबलमा मानिसहरूले बसेर खड़ा भएर, घोड़ा टेकेर वा हात उठाएर प्रार्थना गरेकाछन्। मानिसहरुले भिन्दा-भिन्दै तरीकामा प्रार्थना गर्दछन्। तिनीहरु बात गरेर, गीत गाएर, जपेर, झुण्डमा एक साथ प्रार्थना गर्थे अनि मौन धारण गरेर प्रार्थना गर्थे। हाम्रो प्रार्थना शरीरको स्थितिको कारणले अर्थपूर्ण हुँदैन तर हामी परमेश्वरमा इमान्दार अनि हाम्रो हृदयलाई उहाँमा ढाल्दा उहाँले हाम्रो सुन्नु हुन्छ भन्ने पक्का विश्वासले हुन्छ।"

सिकारुले कुरा अगाड़ि बढ़ाउँदछ, कहिले कहीं येशू एकलै पितासित प्रार्थना गर्नलाई एकान्तमा जानु हुन्थ्यो। हाम्रो सम्बन्धलाई हाम्रा स्वर्गीय पितासित बलियो पार्नलाई प्रत्येक दिन हामी पनि एकलै प्रार्थना गर्छौं। येशूले पनि खुल्लमखुल्ला प्रार्थना गर्नुभयो, त्यसरीनै, हामी पनि ख्रीष्टमा हाम्रा दाज्यू माइ, दिदि बहिनीहरुसित जोड़-तोड़ले प्रार्थना गर्न सक्छौं।"

श्री बुद्धिमानले भन्दछ, "म एउटा कथा तिमीहरुलाई सुनाउछु जसमा **प्रार्थना कसरी गर्नु येशूले सिकाउनु हुन्छ**। उहाँले हामीलाई प्रार्थना गर्ने अनेकौं कारणहरु दिनुहुन्छ, जो हाम्रो स्थिति भन्दा अत्ति मुख्य छन्।"

## अभ्यास

यो प्रार्थना पढ़नुहोस्, जसलाई कत्तिले "प्रभुको प्रार्थना" भन्दछन्, **मत्ती 6:1-13।** निरन्तर प्रार्थना गर्नको निम्ति यी कारणहरु व्यक्त गर्नलाई शब्दहरु पत्तो लगाउनु होस:

- परमप्रभु परमेश्वरलाई प्रशंसा गर्नलाई
- परमप्रभु परमेश्वरको राज्य फैल्याउनलाई
- हाम्रो आवश्यक्ताको निम्ति सोध्नलाई
- क्षमा मांग्नलाई
- दुष्टबाट बचाउनलाई

श्री मूर्ख पसलको ढोकाबाट सुनीरहेका हुन्छन् र मित्र पस्दछ। "मैले परमेश्वरलाई एउटा ठूलो घर मांगी रहेको छु अनि मैले पाएको छुइन। परमेश्वरलाई लाग्दा मात्र हाम्रो प्रार्थनाको उत्तर दिनुहुन्छ। उहाँले जे गर्नुहुन्छ त्यही गर्नुहुन्छ किनभनें उहाँ परमेश्वर हुनुहुन्छ, अनि हामीले त्यसमा केहि गर्नुछैन्।"

"परमेश्वरले हामीलाई उत्तर दिनुहुन्छ," श्री बुद्धिमानले व्यक्त गर्दछ "हाम्रो प्रार्थनाको उत्तर हाम्रा आज्ञाकारितामा निर्भर गर्दछ, जसरी यूहन्ना 3:21-22 ले ब्याखा गर्दछ। हाम्रा प्रार्थनाहरुलाई चार कुरोले बाधा दिंदछः क्षमा दिनमा चुकनु, स्वार्थपन, विश्वासको कमी, र अरु मानिसहरु प्रति प्रेमको कमी। हामीले यी पापहरु मानीलिनै पर्छ। यदि हामीले यसो गर्छौं भनें, हामीलाई क्षमा गर्न अनि हाम्रा हृदयहरु परिवर्तन गर्नलाई परमेश्वर विश्वास योग्य र न्यायी हुनुहुन्छ। जसै यी प्रतिज्ञाहरु यूहन्ना 1:8-10 मा छन्।"

श्री बुद्धिमानलाई पुलिसबाट सुरक्षित राख्नु भनी परमेश्वरसित प्रार्थना गर्नलाई त्यस बेलुकी सिकारूले तिनको घरमा विश्वासीहरुलाई भेला गर्दछ। प्रेरित 4:29-31 मा भएका नयाँ नियमको झैं तिनीहरुले उत्सुकतापूर्वक प्रार्थना गर्दछ। मानिसहरुमा येशूको बारे तिनीहरुले सुसमाचार लैजाउन भनी परमेश्वरसित प्रार्थना गर्दछ।

## ब्यवहारिक कार्य

- मत्ती 6:9-13 मा भएको प्रभुको प्रार्थना कण्ठस्थ पार्नलाई तपाईको बगाललाई मदत गर्नुहोस्।
- प्रत्येक परिवारका सदस्यहरुलाई संधै व्यक्तिगत र पारिवारिक प्रार्थना गर्न, सिकाउनलाई बाबुहरुलाई सहयोग गर्नुहोस्।
- प्रत्येक परिवारलाई प्रतिदिन प्रार्थना गर्नको निम्ति एउटा निर्दिष्ट समय छुट्याउन लगाउनु होस्।
- परमेश्वरले जब प्रार्थनाको उत्तरहरु दिनुहुन्छ अरुलाई प्रोत्साहन दिनु, मण्डलीलाई सुचित गर्नुहोस्।
- कुनै ठूला शब्दहरु, वा बिचार रहित शब्द दोहोराएर मानिसलाई छाप पार्ने प्रयास विना नै हृदयबाट कसरी शुद्धमनले प्रार्थना गर्ने भनी तपाईका मानिसहरुलाई देखाउनु होस्।

## II-6-ख्रीष्टको आज्ञा # 6

# रोटी तोड्नु

एक दिन विहानै सिकारु श्री बुद्धिमानको आफन्त भाइको घरमा जाँदछ, यही डरमा कि कतै श्री बुद्धिमानलाई प्रहरीले पकड़ी हाल्छ। तिनी त्यहीं थिए। "मेरो घरमा आउनुहोस्," सिकारुले विन्ति गर्दछ। "यदि तिनीहरु तपाईलाई पकड्न आए, तपाईको आफन्त भाइले हामीलाई चेतावनी दिनु सक्छन् अनि हामी तपाईंलाई लुकाउने छौं। तपाईले प्रभु भोजमा अगुवाई गर्नु हुन्छ भनी विश्वासीहरु पर्खीरहेका छन्।"

श्री बुद्धिमानले जवाब दिंदछ, "म आउने छु, तर अब देखि उसो सेवा तिमीले नै चलाउन पर्छ।कसरी गर्ने म तिमीलाई देखाई दिनेछु।"

शिक्षार्थीले उसको घरमा एउटा छलफललाई नेतृत्त्व गर्दछ, जसको तयारीको निम्ति श्री बुद्धिमानले मदत गरेका थिए। झुण्डले रोटी तोड्नलाई, प्रभुको आज्ञा अनि उहाँको शरीरमा उदेक तौरले भाग लिन बारे बातचित गर्दछ। शिक्षार्थीले टेबलमा भएको प्याला र रोटीलाई देखाउँदछ। "श्री बुद्धिमानले बाइबलमा सिके अनुसार प्रभुभोज कसरी मनाउनु हामीलाई देखाउनु भएको थियो। **हामीले प्रभुभोज किन मनाउछौं** भन्ने बारेमा हामी चर्चा गरौं।"

### अभ्यास



- रोटी र कचौरा के हुन भनी भनेर येशूले भन्नुभयो **मत्ती 26:26 27** मा पत्तो लगाउनु होस्।
- प्रभुभोज मनाउने उद्देश्य हामीलाई येशूले दिनुभयो **लूका 22:1-22** मा पत्तो लगाउनुहोस्।
- **1 कोरिन्थी 11:23-34** मा पत्तो लगाउनु होस्:
- प्रभु भोजलाई एउटा पूर्ण भोजन सित हामीले संधै किन मिसाउनु हुँदैन्।
- प्रभुभोजमा कसले भाग लिनपर्छ।

शिक्षार्थीले उसको घरमा बगालहरुलाई बुझाउँदै जान्छ, येशूले हामीलाई भन्नु हुन्छ कि रोटी उहाँको शरीर हो अनि कचौरा येशूको रगत परमेश्वरले स्थापना गर्नुभएको नयाँ करार हो। यस उत्सवमा प्रभु हाम्रो अत्ति नजिक छ भनी हामी बुझदछौं। परमेश्वर अनि हाम्रो बिचको नयाँ सम्झौताले येशू द्वारा हामी उहाँको नजिक आउन सक्छौं। येशू द्वारा, उहाँ पवित्र आत्माको शक्ति द्वारा हामीसित नयाँ, पवित्र अनि अनन्त जीवन छ। तपाईहरुले यसलाई प्रेरित 2:38 र हिब्रू 9:15 मा देख्नु हुन्छ। प्रभुभोज लिएर हामीले परमेश्वरको अनुग्रहमा हाम्रो बिश्वासलाई बलियो तुल्याउँछौं।"

ध्यानदिनेले सोद्धछ, "तपाईले यसलाई नयाँ सम्झौता किन भन्नु भएको?"

शिक्षार्थी अन्कनाउदछ, यसैले श्री बुद्धिमानले उत्तर दिंदछ। "येशू मर्न र मृत्युबाट बौरी उठन भन्दा अघि मानिसहरुको पापहरु ढाक्नलाई बली गरिएको पशुको रगत परमेश्वरले ग्रहण गर्नुहुन्थ्यो। त्यो पूरानो सम्झौता वा करार थियो जो इस्राएलका प्राचिन जातीसित बाँघ्न भएको थियो जब मोशाले तिनीहरुलाई डोरयाउदै थिए। नयाँ सम्झौता वा करार येशूको रगतमा आधारित छ। व्यवस्थाहरुको सट्टामा, जसले यदि त्यसलाई भंग गरेमा मृत्यु ल्याउँथे, हाम्रो हृदयलाई विकाश गर्नलाई र हामीलाई डोरयाउनलाई अब परमेश्वरले उहाँको पवित्र आत्मा हामीलाई दिनुहुन्छ। हामी पुरानो व्यवस्थाको अधिनमा छैनौं। रोमी 1-8 अध्यायले यसलाई प्रष्ट पार्दछ।"

शिक्षार्थीले भन्दछ, "हामी प्रभुभोज येशूको सम्झना गर्नलाई अनि उहाँ फर्की नआउञ्जेल सम्म उहाँको बलिदानको मृत्युमा हाम्रो विश्वास जाहेर गर्नलाई मनाउँछौं। जो भइरहेका अद्‌भुत कुराहरु हामीले बुझ्नु पर्दैन।

"त्यो सही हो," श्री बुद्धिमानले समर्थन गर्दछ। "हाम्रा आज्ञाकारीताको निम्ति प्रभुबाट आशिष पाउनलाई हामी लगातार प्रभुभोज मनाउछौं। प्रभुभोजलाई भुल्ने मण्डलीले ख्रीष्टको महिमा गर्दैन। प्रभुभोजले एउटै शरीर झैं एकार्कासितको हाम्रो एकतालाई दर्शाउँछ। अब शिक्षार्थीले यी हामीलाई बांढने छन्।"

श्री बुद्धिमानले शिक्षार्थीलाई सोद्धछ, "के ले हामीलाई प्रभुभोज लिने योग्यको तुल्याउँछ, तिमीले सम्झना गर्छौ?"

शिक्षार्थीले एकक्षण विचार गार्दछ, तब याद गर्दछ, "1 कोरिन्थी 10:16-17 ले हामीलाई भन्दछ कि रोटी र कचौराको सम्भागी हुन हाम्रो प्रभुका शरीर र रगतमा सहभागिता हो। यो हामी साह्रै राम्रो गरी बुझ्दैनौ। यसैले जब हामी प्रभुभोज मनाउँछौं हामी बाइबलका बचनहरु उल्लेख गर्छौं, अनि हाम्रो हृदयमा उहाँले काम गर्नु हुन्छ भनी भरोसा राख्छौं। उहाँको अलौकिक कार्य हामी भित्र हुन्छ, निर्जिव रोटीको टुक्रामा होइन। येशूले जे भन्नु भएको छ हामीले भन्छौं, "लेओ अनि खाओ; यो मेरो शरीर हो। पीओ, यो नयाँ करारको मेरो रगत हो, मत्ती 26:27-28 मा झैं।"

प्रभुभोजको सेवा पछि श्री मूर्ख ठूलो स्वरले कराउँछ, प्रभुभोज एउटा पवित्र संस्कार हो। मेरा आफ्ना माइले मलाई भन्नु भएको यस विधिलाई संञ्चालन गर्न अधिकारिक कागज पत्र भएको एउटा पास्टर अनि बाइबल विध्या लिएको हुनपर्छ। यदि यसलाई बेसी गर्‍यौं भनें कसैले पनि यसलाई  गम्भीरतापूर्वक लिंदैन।"

श्री बुद्धिमानले असहमत जताउँदछ। "नयाँ नियमको मण्डलीले तिनीहरुको घरमा हप्ताको पहिलो दिन एक साथ रोटी तोड़े, यसलाई प्रेरित 20:7 ले प्रष्ट गर्दछ। हप्तै पछि रोटी तोड़नलाई परमेश्वरले आज्ञा गर्नु भएको छैन्, प्रेरितहरुले हामीलाई उदाहरण दिएकाछन्। यसले अनुशासन र नयाँ मण्डलीहरुको उपासनालाई बलियो गराउँदछ। तिमीहरुसित शिक्षित पास्टर नमए सम्म मेरो आज्ञा पालन गर्नलाई पर्खीवस भनेर प्रभुले भन्नु भएको छैन्। मानिसले बनाएका खाँचोहरुमा ख्रीष्टको आज्ञालाई पालन गर्न बाधा दिंदछ द्येरै नोकसान गर्दछ।

श्री मूर्खले असन्तुष्टि प्रकट गर्दैभन्छ, "तीन हप्ता अगाड़ि सहायकको स्वास्नी रिचेलसित मेरो स्वानीको झगड़ा भएको थियो। यसैले क्षमा नगरुञ्जेल सम्म कसैले प्रभुभोज लिनु हुँदैनं, रिचेलले छ महिना जति लिनुहुँदैन। मेरो आफन्त भाइले मलाई यो भनेको हो।"

"श्री मूर्ख तिमीले भुली रहेकाछौ कि प्रभुभोज चाँहि ख्रीष्ट अनि एकार्का प्रतिको हाम्रो प्रेमको उत्सव मनाउनु हो। हामी यसैकारणले गर्छौं किनभने हामी ख्रीष्टलाई पालन गर्छौं। एकजनाको पापले गर्दा हरेकलाई इन्कार गर्न सकदैनौं। कसैले पनि कहिल्यै भाग लिन नसक्ने! अनि गलती गर्ने मानिसहरुको निम्ति, धेरै समयसम्म तिनीहरुलाई अलग गराएर, सजाय दिनलाई कोर्रा जस्तो प्रयोग गर्दैनौं। गलाती 6:1 ले सिकाउँदछ कि जब गलती गर्ने विश्वासीले पश्चत्ताप गर्दछ, उसलाई हामी भट्‌टै ग्रहण गर्दछौं। त्यही चाँहि हामीले गरयौं। परमेश्वरले हाम्रो संगतीलाई नवीनीकरण गर्नुहुन्छ। जस्तै 1 यूहन्ना 1:9 मा प्रतिज्ञा दिएकाछन्, यदि हामीले आफ्ना पापको स्वीकार गरयौं भने, हाम्रो पाप क्षमा गर्न र हामीलाई सबै अधर्मबाट शुद्ध पार्नलाई उहाँ विश्वास योग्य र धर्मी हुनुहुन्छ। सहायकको स्वास्नी रिचेलले तिम्रो स्वानीलाई भूल स्वीकार गरेकी छिन् अनि क्षमा मांगेकी छे। यसैले हामी तिनलाई प्रभुको मेचमा फेरि स्वागत गरेका थियौं।"

श्री मूर्ख गन्‌गनाउँछ, "तिमीले तिनलाई क्षमा गर्न चाहँन्छौ, तर म चाहन्न।"

श्री बुद्धिमानले दृढ़तापूर्वक भन्दछ, "एउटा मण्डलीको समुहले गफ र निन्दालाई अभ्यास गर्दैन तर परमेश्वर तर्फ फर्कन तिनीहरुको निम्ति बाटो पत्तो लगाउनमा मदत गर्दछ। यदि रिचलले परमेश्वरलाई तिनको पाप स्वीकार गरेकी छिन् भने, उहाँले तिनलाई क्षमा गरिसक्नु भएको छ। मण्डलीले पनि तिनलाई क्षमा दिनै पर्छ। **गलती गर्ने विश्वासीहरुसित हामीले उठाउने कदमहरु** तिनीहरुलाई फर्काउनलाई हामीले हेर्ने गरौं, अनि पश्चत्ताप नगर्नेसित के गर्ने, हेरौं।"



### अभ्यास

● यस्ता अनुशासन खाँचो परेका विश्वासीहरुलाई सच्याउनलाई हामीले लिनपर्ने कदमहरु मत्ति 18:15–17 मा पत्तो लगाउनु होस्।

शिक्षार्थीको घरमा प्रभुभोज मनाए पछि, श्री बुद्धिमानले झुण्डलाई बताउँदछ, "अब मैले तपाईहरुबाट बिदा लिनै पर्छ मैले तपाईहरुलाई छाड़ेर जानै पर्छ। परमेश्वरको इच्छा भए कुनै दिन मलाई फर्काएर ल्याउनु हुनेछ।" आँसुले तिनको आँखा रसिन्छ। धेरै रूँदछ।

शिक्षार्थीले भन्दछ, "श्री बुद्धिमानले यो मण्डलीलाई औधी माया गर्नुभएको छ अनि येशूको आज्ञाहरु पालन गर्न हामीलाई सिकाउनु भयो यसैले उहाँ जानु भए पछि पनि हामी एक बलियो मण्डली हुन सक्छौं। उहाँले निश्चय गर्नु भएको छ कि हामी बढ़नलाई अनि अरु नयाँ मण्डलीहरु शुरु गर्नलाई हामीसित सबैथोक छन्। हामी सबै तपाईंलाई धन्यवाद दिन्छौं, दाइ।"

"पर्ख" श्री बुद्धिमानले भन्दछ, "मैले केहि भुलें। अझ केहि गर्नुछ।" तिनले एउटा **एल्डरको निम्ति आवश्यक्ताहरु** पढ़ीदिंदछ।

### अभ्यास

एउटा गोठालो गर्ने एल्डर हुनको निम्ति आवश्यक्ताहरु अहिले **तितस 1:1–9** मा पत्तो लगाउनुहोस्।

श्री बुद्धिमानले झुण्डलाई बताउँदछ, "ईश्वरीय नेत्तृत्व बिना एउटा मण्डली पुरा हुँदैन। केहि महिना देखि शिक्षार्थीको जीवन एक ईसाईको रुपमा मैले निरीक्षण गरेकोछु। उसले एउटा एल्डरमा हुन पर्ने बाइबलका सबै आवश्यकताहरुलाई पुरा गर्दछ। उसको भाई सहायकले पनि यी आवश्यकताहरु पुरा गर्दछ। अब परमेश्वरको अभिषेक पाएर तिमीहरुलाई यी बगालको जिम्मेवारी लिनलाई म तिमीहरु दुबैको शिरमाथि हात राख्नेछु।"

श्री मुर्खले शिकायत गर्दछ, "तपाईले यस्तो तरीकाले हाम्रो नेताहरुलाई अधिकार दिनु सही गर्नु भएको छैन्, श्री बुद्धिमान तपाई बाहिरको हुनुहुन्छ। तपाई यो संस्थाको हुनुहुन्न अनि यो मण्डलीको सदस्य पनि हुनुहुन्न। मेरो आफन्त भाइले भन्दछ कि बाहिरबाट आएका विशपहरुले एउटा चर्चमा अगुवाहरुको नाम लिन सकदैनन्। चर्च आफैले नै नाम उठाउन पर्छ, एन्टिओकका चर्चमा गरे जस्तै।"

"तिम्रो आफन्त भाइले केहिकुरा ध्यान दिएका छैनन्," श्री बुद्धिमानले उत्तर दिंदछ। "एन्टिओकमा भएको चर्चले अगुवाहरुको नाम लिन सकथे, जसै त्यो गरेता पनि, प्रेरित 13:1–3 मा झै, कारण त्यो एउटा परिपक्क मण्डली थियो, धेरै परिपक्क कार्यकर्ताहरु समेत। तर क्रेटमा मण्डलीहरु सबै नै नयाँ थिए अनि त्यहाँ अनुभवी कार्यकर्ताहरु थिएनन्। यसैले पावलले तितसलाई भन्दछ, नयाँ अगुवाहरुलाई तयार पार्नमा बाहिरबाटका एक अनुभवी कार्यकर्ताले नाम तोकन पर्दछ, तितस 1:5 मा। यसैले तितसले नयाँ मण्डलीको निम्ति पर्यवेक्षकको काम गरे, मैंले पनि तपाईंहरुको खातिर त्यही गरीरहेको छु।"

शिक्षार्थी र सहायकलाई श्री बुद्धिमानले भन्दछ, "तिमी दुई यो नया मण्डलीको निम्ती गोठालो गर्ने एल्डरहरु हौ। तिमीहरु विश्वासमा

कच्चै छौ, तर तिमीहरुलाई डोरयाउने बाइबल तिमीहरुसित छ अनि पवित्र आत्माले तिमीहरुलाई शक्ति दिनु हुन्छ। शिक्षार्थी, तिमीले सहायकलाई सिकाउँदै जाउ जसरी मैले तिमीलाई सिकाएको छु। सहायक, तिमीले पनि अरुलाई सिकाऊ अनि नयाँ मण्डलीहरु आरम्भ गर। म तिमी दुबैलाई पत्र लेख्दै गर्नेछु अनि हुन सके म फेरि तिमीहरुलाई भेटन आउने कोशिष गर्नेछु।"

"हामी आशा गर्छौं" शिक्षार्थीले भन्दछ।

"तिमीहरुको मण्डलीलाई विश्वाससाथ डोरयाउनलाई तिमी दुबै राजी छौ? अरु भन्दा माथि येशूको आज्ञाहरु पालन गर्नलाई के तिमीहरुले तिनीहरुलाई सिकाउँछौ? यी मानिसहरुको सेवा नम्रता साथ गर्छौ अनि सबै विश्वासीहरुले मण्डलीको सेवा गर्नलाई तिनीहरुको कामहरु पत्तो लाउनमा मदत गर्छौ जो 1 पत्रुस 5:1–4 ले मांग्दछ?

शिक्षार्थी र सहायकले झुण्डको सामने विधिपूर्वक प्रतिज्ञा गर्दछ, हामी परमेश्वरको सहायताले उहाँका मानिसहरुका देखभाल गर्नेछौ।।"

श्री बुद्धिमानले झुण्डलाई सोद्धछ, "परमेश्वरको सहायतामा यी अगुवाहरुको निम्ति प्रार्थना गर्नलाई अनि परमशेवरका वचनहरु पालन गर्नलाई अनि तिनीहरुले तयार पारेका सेवाहरुमा सहयोग दिनलाई तपाईहरु प्रतिज्ञा गर्नुहुन्छ?"

तिनीहरु सबैले उत्तरमा "आमेन!" भने, श्री मुर्ख बाहेक।

श्री बुद्धिमानले शिक्षार्थी र सहायक माथि हात राख्दछ अनि पवित्र आत्मा द्वारा गोठालाको रुपमा तिनीहरूको अभिषेकको निम्ति प्रार्थना गर्दछ, जसरी तितसले क्रेटका नयाँ गोठालो गर्ने एल्डरहरुको निम्ति गरेका थिए।

प्रार्थना गर्नलाई झुण्डले घुँडा टेक्दछ। कोहि रूंदछन्। शिक्षार्थीलाई थाहा लाग्दछकि अब उसमा पवित्र आत्माको शक्ति छ जसमा तिनले अनि तिनको भाइले परमेश्वरको बगाललाई गोठाला गर्नसक्ने छ।

## व्यवहारिक कार्य




- मत्ती 26:26–28 कण्डस्थ पार्नुहोस् जसमा तर्पांइले जब प्रभुभोज मनाउनु हुन्छ तब प्रभु येशूको वचन बोल्न सक्नुहुन्छ।
- पश्चतापी हृदय लिएर आउनेहरुसित लगातार प्रभुभोज बाँटनु होस्।
- नयाँ मण्डलीहरुमा प्रभुभोज बाँटनलाई अधिकार अनि आदेशहरु अरुलाई थमाउनु होस्।

### II-7-येशूको आज्ञा # 7

# दिनु

श्री बुद्धिमानलाई विदाईको दुई शब्द भनेपछि विश्वासीहरु शिक्षार्थीको घरबाट बिदा लिए। तिनी शिक्षार्थीसित प्रार्थना गर्नलाई बसे। कसैले ढोका ढकढकाउँदछ। एकजना प्रहरीले भन्दछ। "श्री बुद्धिमान म तपाईलाई यो भन्न आएको हूँ कि तपाईले हाम्रो इलाकालाई छोड़ेर झट्टै गइहाल्नु होस्। म तपाईलाई नपकड़ीकन जानलाई उपकार गर्दछु। किनभने तपाई एक असल मानिस हुनुहुन्छ। गइ हाल्नुहोस् नत्र भने मैले तपाईलाई झ्यालखानामा हाल्नै पर्छ।"

साराले चाड़ो गरि एउटा झोला खानाहरुले भरी दिन्छिन्, श्री बुद्धिमानलाई बाटोमा केहि मदत मिलोस भनेर तिनले भन्दछ, "तिमी दयालू छौ। म धन्यवादी छु। शिक्षार्थी दिनेको विषयमा येशूको आज्ञा पालन गर्नलाई बाँकी तिमीले सिकाउनै पर्छ जसै लूका 6:38 ले भन्दछ। बुझाउनुहोस् कि तिनीहरुले परमेश्वरबाट सबै थोक पाएका छन् यसैले तिनीहरुले येशूलाई पछयाउनु अनि अनन्त जीवनको भागीदार बन्न खाँचो छ। जसरी परमेश्वरले तिनीहरुलाई दिनु भएको छ, तिनीहरुले अरुलाई पनि उदारचित्तले दिनै पर्छ।"



"कतिजना गरीब छन् अनि तिनीहरुसित पैसा हुँदैनन्।"

"त्यस्ता व्यक्तिहरुले खाँचोमा हुनेहरुलाई अरु भौतिक वस्तुहरु दिएर मदत गर्न सक्छन् शिक्षार्थी, मैले जसरी तिम्रो सेवा गरें त्यसरी तिमीले सेवा गर संसारका नेताहरु जस्ता नहोओ जो तिनीहरुले अधिकार जमाएकाहरुमाथि मालिक बन्न चाहन्छन्। तिम्रो अधिकारको भूका नबन। नयाँ मण्डलीहरुमा नयाँ गोठाला गर्ने एल्डरहरुसित बाँड़्ने गर। अरुलाई येशू ख्रीष्टको सुसमाचार सुनाउने मौका हर्दै गर।"

"म गर्नेछु," शिक्षार्थीले तिनलाई अश्वासन दिंदछ।

"यो म तिमीलाई एउटा सौगात स्वरूप टक्राउँदैछु।" श्री बुद्धिमानले तिनको हातमा एउटा बाइबल थमाई दिंदछ। "जब तिमीले यसलाई अध्ययन गर्छौ, याद गर, मैले तिमीलाई के सिकाएको थिए।"

"तपाई जान भन्दा अघि हामीलाई अर्को एउटा बाइबलको कथा सुनाउनु होस्। वस गाड़ी आउन अझै एक घण्टा जत्ति छ।"

"हामी **उदारमना बिधवाको** बारेमा पढ़ौं।"

**अभ्यास**

**लूका 21:1-4** मा पत्तो लगाउनु होस्:

- विधवासित भएको जम्मा कति तिनले दिइन?
- धनी मानिसको दानको तुलनामा तिनको दानको नापलाई परमेश्वरले कसरी नाप्नु हुन्छ?

श्री बुद्धिमानले व्याखा गर्दछ, "हेर्नुहोस्, विधवाले तिनीसित भएको सबैनै। कसरी दिइहालिन्, 100%? यदपि पुरानो नियमका मानिसहरुलाई तिनीहरुले प्राप्त गरेकोबाट 10% परमेश्वरलाई दिनु भनि आज्ञा दिएका थिए, नयाँ नियममा हामीलाई त्यस व्यवस्थाले उस्काउनु हुँदैन। परमेश्वर प्रतिको हाम्रो प्रेमले, हामीले जे दिन सक्छौ हामीलाई उस्काउँछन् विधवा झैं। पावलले कोरिन्थीका ईसाईहरुलाई परमेश्वरको कामको निम्ति हप्तै पछि केहि न केहि छुटयाउनलाई सिकाए, 1 कोरिन्थी 16:2 मा। हाम्रो कमाइको चोखो प्रतिशत एक असल शुरुवात हो।"

शिक्षार्थीले सहमती जनाँउदछ।

जसले खुशि र धन्यवादी हृदयले दिंदछ तिनीहरुलाई परमेश्वरले आशिष दिनेछु भनी प्रतिज्ञा दिनुभएका छन्, 2 कोरिन्थी 9:6–7 मा। हामीसित जे पनि छन् परमेश्वरबाट आएका हुन्। हामी खुशि साथ दिन्छौं कारण हामी उहाँमा धन्यवादी छौं। हाम्रो उदारताले दखाउदछ कि हामी विश्वास गर्छौं कि हामीमा भएका सबैथोकको उहाँ प्रभु हुनुहुन्छ। उहाँले हामीलाई आशिष दिनुहुन्छ अनि हाम्रो वास्ता राख्नु हुन्छ भन्ने उहाँको प्रतिज्ञामा यसले हाम्रो विश्वासलाई दर्शाउँछ।

विधवाको छोटो कथालाई शिक्षार्थीले फेरि एकपल्ट पढ्दछ। "परमेश्वरले विधवा र धनी मानिसको हृदयभित्र देख्नु हुन्थ्यो। तिनीहरुले किन दिइरहेकाछन् उहाँले देख्नु हुन्थ्यो। धनी मानिसले जे उब्रेका थिए त्यसबाट चढ़ाएका थिए, अड्चनलाई पूरा गर्न वा मानिसहरुलाई छाप पार्न। विधवाले दुइवटा साना सिक्का चढ़ाइन तर परमेश्वरले जान्नु भयो त्यो प्रेमको आनन्दमय बलिदान थियो। उहाँले धनी मानिसको भेटिनभन्दा त्यस विधवाको भेटीलाई ग्रहण गर्नु भयो।"

बाइबलमा मानिसहरुले तिनीहरुको भेटीलाई प्रयोग गरेका केहि तरिकाहरु श्री बुद्धिमानले शिक्षार्थीलाई बताउँदछ:

- गोठालो गर्ने एल्डर अनि प्रचारकहरुलाई सहायता गर्नलाई
- विधवा अनि टुहुरा–टुहुरी अनि खाँचोमा हुनेहरूलाई मदत गर्नलाई,
- भोकाएकालाई मदत गर्नलाई,
- पूरानो नियमका मन्दिरलाई बनाउनु वा मरम्मत गर्नलाई।

श्री बुद्धिमानले विदा लिंदछन्। श्री मूर्ख ढोका बाहिर पर्खी रहेछ अनि तिनलाई भन्दछ, "यदि तपाईले अधिकारी वर्गलाई तिनीहरुको आज्ञा (कुरा) मान्नेछु भनी प्रतिज्ञा गर्नु भएको भए, तपाईको निम्ति राम्रो हुने थियो र तपाईलाई बस्न दिनेछ। तपाईले आफ्नो जीवन किन बिर्गानु हुन्छ? तपाईको विश्वासले यो जीवनमा अलिक राम्रो गर्ला। येशूको बिषयमा सिकाउने बारे बिर्सी दिनुहोस् अनि यहाँ एउटा राम्रो जागीर लिनुहोस्।"


श्री बुद्धिमानले सुस्केरा हाल्दछ। "श्री मूर्ख, तिमीले हाम्रो धन्यको आशालाई बुझ्दैनौ। हामीले अहिले जे लगानी गरेका छौं त्यसको इनाम हाम्रो निम्ति स्वर्गमा छ। उहाँ जसरी जानुभएको छ, त्यसरीनै हामीउहाँको दोस्रो आगमनलाई, पर्खी रहेका छों, जसै प्रेरित 1:9–11 ले भन्दछ। जब उहाँ आउनु हुनेछ, सबै कुरो परिवर्तन भएको हुनेछ। हामीले स्वर्गीय इनाम पाउनेछौं। हामीसित त्यो धन्य हुनेछ जो अनन्त सम्मको निम्ति हुनेछ। अब म जानै पर्छ। श्री मूर्ख, **येशूमा झैं हाम्रो भविष्य कस्तो छ** प्रकाश 21 अध्यायमा पत्तो लगाउनु होस्।" श्री मूर्खले यतिमात्र भन्दछ, "विदा पाउँ" अनि गइहाल्दछ, तर शिक्षार्थीले बाइबलका प्रतिज्ञाहरुलाई उसको आँखामा आनन्दको ज्योति लिएर पढ्दछ।

## अभ्यास

पत्तो लगाउनलाई **प्रकाश 21:1–9** पढ्नुहोस्:

- नयाँ राज्यमा परमेश्वरसित को रहन्छ?
- आँसु र मृत्यु स्वर्गमा के हुन्छ?
- परमेश्वरमा भरोसा नगर्ने र पापको जीवन छोड्ने मानिसहरुलाई के हुनेछन्?

शिक्षार्थी खुशी हुँदछ, "यसो भन्दछ कि हामी परमेश्वरसित रहनेछौं अनि उहाँका मानिसहरु हुनेछौं। हामी शिद्ध बन्ने छौ, अनि एउटा लोग्नेले सुन्दर दुलहीलाई जसरी स्वागत गर्दछ, उहाँले हामीलाई स्वागत गर्नुहुनेछ! त्यहाँ अब उसो रुवाई, कष्ट र मृत्यु हुनेछैन्। श्री



बुद्धिमान, यदि मैले तपाईलाई फेरि देखिन भने, जब परमेश्वरले नयाँ स्वर्ग र पृथ्वी बनाउनु हुन्छ म तपाईलाई देख्ने छु।"

श्री बुद्धिमानले भन्दछ, "शिक्षार्थी, हामी एउटा उदेकको राज्यको लागी पर्खी रहेकाछौ। यसैले, यो जीवनमा धनी र प्रभावशाली वन्ने वारेमा फिक्री नगर। यी थोकहरु महत्वका छैनन्; किनभने यो जीवन चाँड़ै बिती जानेछ। यदि परमेश्वरले तिमीलाई पैसामा आशिष दिनु भए, त्यसले परमेश्वरको सेवा गर कमजोड़लाई मदत गर्नलाई प्रयोग गर। तिमीले मेरो उदाहरण देखेका छौ। म तिम्रो निम्ति निम्ति कहिल्यै बोझन बनिन। याद राख कि लिनु भन्दा दिनु अधिक आशिषित हुन्छ; जसरी परमेश्वरले प्रेरित 20:34,35 मा भन्नु भएको छ।"

शिक्षार्थी अनि तिनको भाई सहायकले तिनीहरुको आँखा भरी आँसु लिएर श्री बुद्धिमानलाई हेर्दछन्। "हामीले तिनलाई अब फेरि भेटदैनौं होला," शिक्षार्थीले दु:ख पोखाउँछ।

## व्यवहारिक कार्य

- 2 कोरिन्थी 9:6-7 कण्ठस्थ गर्नुहोस्; हामीले खुशिसाथ के दिन सक्छौ, दिनेको वारेमा। त्यसपछि तपाईको जनहरुलाई सिकाउनुहोस्।
- मानिसहरुले टक्राएका भेटीहरुको पैसाको हर-हिसाब राख्नलाई अनि कसरी खर्च गर्ने तपाईको बगालसित योजना बनाउनु होस्।
- एक जना कोशाध्यक्ष अनि पैसा गन्ती गर्नलाई अर्को व्यक्तिको नाम पारित गर्नोस्।
- मण्डलीका अगुवाहरुको स्वीकृति बिना कुनै पैसा रिण दिन वा केही थोकको निम्ति भुक्तान कहिल्यै नगरून भनि कोशाध्यक्षलाई अर्ति दिनुहोस्।
- पैसा खर्च कसरी गर्नु वा आफ्नो निम्ति लिने भन्ने विषयमा गोठाला एकलैले निर्णय लिनु हुँदैन।
- भेटीलाई केको निम्ति प्रयोग गर्ने चर्चको समितिसित योजना बनाउनुहोस्। ती मानिसहरुलाई प्रथम मदत गर्नुहोस् जो अत्ति सोंचनिय अनि अत्यावश्यक खाँचोमा छन्।

## खण्ड III

# मौलिक सेवकाइहरु विकास गर्नु

**नयाँ नियमको आवश्यक्ताहरु 'सेवकाइहरु' का अध्यायहरु खण्ड III मा छन्। तपाईं अनि तपाईंका मानिसहरुले सन्तुष्ट पार्नलाई गर्दै गर्नुभएको सेवकाइलाई जाँचेर ✓ लगाउनु होस्।**

III–1 सेवकाई 1 अरूलाई सुसमाचार पुरयाउनु अनि नयाँ विश्वासीहरुलाई बप्तिस्मा दिनु

III–2 सेवकाई 2 एउटाले अर्कोलाई सेवा गर्न हाम्रा आत्मिक बरदानहरुद्वारा ख्रीष्टको शरीरलाई विकास गर्नु

III–3 सेवकाई 3 परमेश्वरको उपासना गर्नु अनि प्रभुभोज मनाउनु

III–4 सेवकाई 4 अध्ययन, सिकाउनु अनि परमेश्वरको वचनलाई प्रयोग गर्नु

III–5 सेवकाई 5 नयाँ मण्डलीहरु शुरु गर्नु

III–6 सेवकाई 6 गोठालाहरुलाई प्रशिक्षण दिनु (गोठालो गर्ने एल्डरहरु) अनि अन्य नेताहरु

III–7 सेवकाई 7 संगतीलाई मण्डलीहरु माँझ अनि भित्र विकास गर्ने

III–8 सेवकाई 8 व्यक्तिगत् वा पारिवारिक समस्या भएका मानिसहरुलाई भेट गर्ने अनि परामर्श दिने

III–9 सेवकाई 9 बिवाहहरु अनि सम्पूर्ण परिवारहरुको विश्वासलाई बलियो पार्नु

III–10 सेवकाई 10 रोगी, निर्धन अनि अवहेलितको वास्ता राख्नु

III–11 सेवकाई 11 ख्रीष्ट झैं हुनु अनि मण्डलीमा अनुशासनलाई कायम राख्नु

III–12 सेवकाई 12 परमेश्वरसित बातचित गर्नु

III–13 सेवकाई 13 परमेश्वरको धनकोषको असल भण्डारी बन्नु

III–14 सेवकाई 14 सेवकहरु पठाउनु

## खण्ड III लाई कसरी प्रयोग गर्ने

खण्ड III ले चौघ वटा मौलिक सेवकाईहरुसित व्यवहार गर्दछ। यिनै सेवकाईहरु हुन जसलाई मण्डलीले गरेको परमेश्वरले चाहनु हुन्छ। गोठालाको कथा किताबमा शिक्षार्थी झैं तपाईंको आफ्नै मण्डलीले सामना गर्नुपर्ने समस्या वा मौकाको निश्चय गर्नु। रेस्टुरेन्टको खानाको एउटा सुची झैं माथिका सेवकाइहरुको सुची प्रयोग गर्नुहोस्। यी समयहरुमा तपाईको मण्डलीलाई बलियो गराउने सेवकाइ पत्तो लगाउनु होस्। त्यस सेवकाइलाई त्यही सेवकाइ अन्तर्गत सुझाउ दिएका कथाहरु सिकाएर अनि तिनीहरुको प्रयोग द्वारा विकास गर्नुहोस्। तब मात्र तपाईंको मण्डलीलाई परमेश्वरको सत्यतालाई कार्यरुप दिनमा मदत गर्नुहोस्।

यस पुस्तकको पहिलो खण्डमा हामीले तपाईलाई श्री बुद्धिमान नाम भएको एक शिक्षकसित परिचय गराएका थियौं। उहाँ वास्तवमा कुनै व्यक्ति हुनुहुन्न, तर तिनी बाइबलमा भएका प्रेरित पावल जस्तै हुनुहुन्छ। प्रभु येशू ख्रीष्टले पावललाई राष्ट्रहरुबाट बिश्वासीहरुको मण्डलीहरु स्थापना गर्ने काम सुम्पन्नु भयो। पावलले प्रचार गर्न थाले, मण्डलीहरु शुरू गरे अनि त्यहाँ एल्डरहरु नियुक्त गरे। तिनलाई मदत पुरयाउन भनी तितस र तिमोथी जस्ता व्यक्तिहरुलाई तालिम दिए। पावलले शुरु गरेका मण्डलीलाई तिनले कहिले भुलेनन् अनि तिनीहरुलाई शिक्षा र उत्साह दिनलाई पत्रहरु पठाइरहे। बाइबलमा कतिपय पत्रहरु हामी पाउँदछौं। तिनले तितस र तिमोथीलाई तालिम दिनलाई लेखेका पत्रहरु बाइबलमा हामीसित छन्।

पावलको उदारहणहरुलाई हेरेर, श्री बुद्धिमानले एक जना मानिस शिक्षार्थी नाम भएको र उसको मित्रहरु समेत अनि परिवारलाई प्रचार गरेका थिए। श्री बुद्धिमानले शिक्षार्थी, एक मिस्त्रीलाई एउटा मण्डली भित्र नयाँ बिश्वासीहरु संगठन गर्नमा मदत गरेका थिए। तिनीहरुले ख्रीष्टको मौलिक आज्ञाहरु पालन गर्न शुरुगरे अनि हामीले परमेश्वरलाई उपासना गर्दा उहाँले हामीलाई गर्नु भनी भन्नु भएका कुराहरुलाई अभ्यास गर्नथाले। ईसाई नेताहरु प्रति प्रहरीहरु विरोधी बनेका थिए अनि श्री बुद्धिमानलाई त्यस ठाउँ छोड़ेर जान बाध्य गराए। शिक्षार्थीले तिनलाई धेरै लामो समयसम्म देखेका थिएनन्।

शिक्षार्थीले तिनको भाई, सहायकलाई मण्डलीमा एक अगुवा बन्नलाई, तालिम दिनलाई प्रस्ताव राखे। सहायकले उत्तरदिए, "म राम्ररी पढ्न सक्दिन। तर म राम्ररी गीटार बजाउन, गीत गाउन सक्छु।"

तिमीले यी अध्ययनहरुमा असल प्रकारले पढ्न चाड़ै सिकनेछौ। मैले श्री बुद्धिमानबाट सिकेका कुराहरु तिमीलाई थमाई दिनेछु। तिनी प्रेरित पावल जस्तै हुनुहुन्छ। तिनी टाड़ामा भएता पनि तिनले यहाँ नयाँ अगुवाहरुलाई लगातार तालिम दिइरहनुहुन्छ, तिनले अध्ययनहरु हामीलाई डाकद्वारा पठाउनुहुन्छ। श्री बुद्धिमानबाट प्राप्त गरेका अध्ययनहरु र बाइबल दुवै हामी प्रयोग गर्नेछौं। त्यसमा बाइबलका कथाहरुले भरिएका छन् जसबाट मानिसहरुमा परमेश्वरको सत्यता प्रयोग हुँदछ।"

यस गोठालाको कथा किताबमा कथाहरु सामेल छन् जसलाई श्री बुद्धिमानले प्रयोग गर्नु हुन्छ।यो खण्ड II ले बताउँदछ कसरी शिक्षार्थीले सिकेर तिनका चेलाहरु र तिनका मण्डलीलाई थमाई दिंदछ। यस प्रकारले शिक्षार्थीले ख्रीष्टको सात मौलिक आज्ञाहरुबाट निस्केका सेवकाईहरुलाई विकास गर्नमा तिनको मण्डलीलाई मदत गर्दछ। उसले सहायक अनि अरु अगुवाहरुलाई तालिम दिंदछ। सहायकले एउटा नयाँ मण्डली शुरु गर्दछ। शिक्षार्थीको परिचित, श्री मूर्ख, एउटा व्यपारी हो जसले कसैले नचाहने थोकहरु वेच्नलाई प्रयास गार्दछ। त्यसबाट केहि फायदा पाउछु कि भनेर उसले मण्डलीमा सम्मिलित हुँदछ। उ त्यहाँ ख्रीष्टको प्रेमको खातीर थिएन अनि ख्रीष्टको आज्ञा पालन गर्ने शिक्षार्थीलाई चेलाहरु बनाउन देखि निरुत्साहित पार्दछ।

### III -1- सेवकाई 1

# अरुलाई सुसमाचार पुरयाउनु अनि नयाँ बिश्वासीहरुलाई बप्तिस्मा दिनु



संधैं झैं सहायकले प्रशंसाका गीतहरु गाउँछन्, शिक्षार्थीलाई काठको पसलमा एउटा सिंड़ी बनाउनमा तिनले मदत पनि गर्दै गर्छ। श्री मूर्ख आइपुग्दछ अनि बिन्ति गर्दछ, "शिक्षार्थी, मेरा बिक्रीका समानहरु प्रस्तुत गर्नलाई तिमीले मेरो निम्ति दुई चक्के एउटा हल्का ठेलुवा गाड़ी बनाई दिन सक्छौ? पैसा चाँहि म अहिले तिर्न सकिदन, तर म धेरै चिजहरु बिक्रि गरेर अर्को महिना सजिलैसित तिर्न सकनेछु।" शिक्षार्थीले केहि क्षण सोंचेर उत्तर दिंदछ, "जाउ गएर मलाई दुइवटा पुरानो साइकलको चक्काहरु र बेकामे चिजबीज ल्याइदेऊ र म त्यो बनाइ दिन्छु। पैसादिनु पर्दैन। श्री बुद्धिमानले हामीलाई पैसा दिनु र लिनुको विरुद्धमा सर्तक गराउनु भएकोछ।"



शिक्षार्थीले उसको योजनाहरु बारे कुरा गर्दछ, श्री मूर्ख सुन्नलाई बस्दछ। "म अर्को एउटा मण्डली शुरु गर्न चाहन्छु – तिम्रो घरमा भेला हुनेहरूको एउटा छोरी चर्च, शिक्षार्थी। म जहाँ वस्छु यहाँ ताड़ाबाट थोरै मानिसहरु उपासना गर्नलाई आउने गर्छन्।"

सिकारुले उत्तर दिंदछ, "यसको निम्ति मैले प्रार्थना गरीरहेको थिएँ। हाम्रो मण्डलीहरुलाई पनि त्यहाँ जानलाई भन्नेछु। मलाई लाग्छ तिनीहरूले भाग लिनेछन्।"

"होइन!" श्री मुर्खले शिकायत गर्दछ, "त्यसरी गर्दा यहाँ हाम्रो चर्च कमजोड़ पर्न सकला!"

शिक्षार्थीले तिनलाई सुधार गार्दछ, "श्री बुद्धिमानले भन्नु हुन्थ्यो कि ख्रीष्टको निम्ति हाम्रा सम्पूर्ण इलाकामा पुग्ने एउटै तरिका धेरै मण्डलीहरु शुरुगर्नु हो, प्रत्येक समुदायमा एउटा। हाम्रा इलाकामा मण्डली हाम्रो सानो झुण्ड मात्र हुनलाई होइन। ध्येरै झुण्डहरु एकसाथ मिलेर काम गर्नेछन्। त्यस प्रकारले हामी येशूको निम्ति हजारौं कहाँ पुग्न सक्छौं। सुसमाचार सारा क्षेत्रमा

एउटा विशाल भद्राक्ष झैं फैलिंदै जानेछ।"

श्री मूर्ख जाँदछ अनि सहायकले भन्दछ, "सुसमाचारमा सहयोग गर्नलाई मेरा छेउ-छाउका विश्वासीहरुलाई भनेको छु। तिनीहरुले भन्दै थे कि कसरी गर्ने, तिनीहरुलाई थाहा छैन्। तिनीहरु डराएका छन्। तिनीहरुको भयलाई जित्न मैले तिनीहरुलाई कसरी मदत गर्न सक्छु?"

भयसित ब्यवहार गर्ने, श्री बुद्धिमानले छोड़ी राखेको, एउटा अध्ययनलाई शिक्षार्थीले याद गर्दछ। तिनले भन्दछ, "श्री बुद्धिमानले तिम्रो र अरूको निम्ति अध्ययनहरु छोड़ेका छन् जसबाट अगुवाहरु हुनलाई हामी तालिम दिन्छौं। यी अध्ययन मध्येमा बाइबलमा कति मानिसहरुले अरूलाई विश्वास र साहससित परमेश्वरको बारेमा सुनाए, त्यस विषयमा छ। यसले तपाईंको सहयोगीहरुलाई त्यस्तै तरीकाले तिनीहरुको विश्वासलाई ब्यवहारमा ल्याउने भनी व्याखा गर्न तपाईलाई मदत मिल्नेछ। जब तिनीहरु येशूको बारेमा कुरा गर्दछन् तिनीहरुले समस्याहरुको सामना गर्नुपर्ने छ। **दाऊद अनि गोलियतको** कथाले सहासको एउटा उदाहरण दिंदछ।"

**अभ्यास**

भयको 'दैत्य' सित कसरी लड़ने भनी **1 शमूएल 17:1-51** मा पत्तो लगाउनुहोस्:



- दाऊद एउटा गोठाला भएर एउटा अत्ति डरलाग्दो मानिससित लड़नलाई तिनको असल कामले कसरी तयार पारे?
- दाऊदले सिपाहीको शस्त्र (हतियार) बिनानै दैत्यलाई पराजय गर्न सक्छु भनेर किन निश्चय थिए?

सिंड़ीको काम गर्दैगर्दा शिक्षार्थीले व्यखा गर्दछ, "दाउदले उसको भेंड़ाहरुको देखभाल गर्दै हुँदी, तिनले भयानक परिस्थितीमा परमेश्वरमा भरोसा गर्न सिके। यसले तिनलाई निर्भयताको साथ गोलियतको सामना गर्नलाई तयार पारे। बाइबलमा धेरै मानिसहरु परमेश्वरको निम्ति गवाहीहरु बनेका थिए। अब **तीन मानिसहरु एउटा आगो भित्र** परेको एउटा कथा सुनौं, ।"

**अभ्यास**

दानिएल 3 मा पत्तो लाउनुहोस्:

- तिनीहरू भय रहित खतराको सामना गर्ने किन भए?
- परमेश्वरको महानताले राजा किन निश्चित थिए?

सुसमाचारलाई प्रोत्साहन दिन, दाऊद झैं सहासी हुन बारे सहयोगीले एउटा गीत लेख्दछ। गीतले तिनीहरूको हृदयलाई छुँदछ अनि अब उसो भय वाधा बन्दैन्। अर्को दिन सहयोगी सिकारूको कारखानामा केह सोघ्नलाई पुग्छ, "प्रभावशाली सुसमाचार कसरी गर्ने भनी के बाइबलले हामीलाई उदाहरणहरू दिन्छन्? हामी मदत चाहन्छौं।"

सिकारूले आरा लाउन बन्दगर्छ अनि अर्त्ति दिंदछ, "**कर्निलियस र प्रथम अ-यहूदी मण्डलीलाई** अध्यन गर। सुसमाचारको निम्ति तिमीले तीनवटा मार्गनिर्देशन पाउनेछौ।"

सिकारूले **सुसमाचारको निम्ति प्रथम मार्गनिर्देशनः तयार** बारे व्याखा गर्दछ। "हामी तयार हुनैपर्छ। परमेश्वरले पत्रुसलाई प्रभावशाली सुसमाचारको निम्ति तयार पार्नु भयो।"

**अभ्यास**

सहायकले के पत्तो लगाउँदछ **प्रेरित 10:1-33** मा पाउनु हुन्छ:

- मानिसहरुले पत्रुसलाई खोज्न भनी जोप्पा तर्फ यात्रा गरीरहेको बेला पत्रुसले के गर्दै थिए?
- पत्रुसलाई अरू कहां जान पर्छ अनि तिनी जस्तै तिनीहरु पनि होऊन भनी पर्खी रहनुको सट्टा तिनीहरुको तरीकाहरु ग्रहण गर्नलाई परमेश्वरले कसरी देखाऊन भएको थियो?
- कर्निलियस बाहेक सिजरियमा कसले पत्रुसलाई पर्खी रहेका थिए?
- सुसमाचारको सन्देश तिनले शुरु गर्नभन्दा अघि पत्रुसले कर्निलियस प्रति कस्तो सम्मान दिए?

सहयोगीले एउटा साण्डपेपरको टुक्रा लिंदछ र एउटा टेबल खतम गर्नमा शिक्षार्थीलाई मदत गर्दछ। पत्रुसले सुसमाचारको निम्ति कसरी तयार पारेका थिए भन्ने विषयमाथि चर्चा गर्दछ। शिक्षार्थीले व्याखा गर्दछ, "तिनले यी विषयहरु द्वारा गरेका थिए:

1) प्रार्थना गर्दै

2) परमेश्वरको अगुवालाई याद गर्दै

- पत्रुसको प्रार्थनामा परमेश्वरले तिनलाई देखाउनु भयो कि उहाँले सबैलाई ग्रहण गर्नुहुन्छ। मानिसहरु हामी जस्तो होऊन भनेर पर्खी रहनुको सट्टा, पहिले तिनीहरु सम्म हामीले सुसमाचार पुरयाउनु छ।

3) एउटा कार्य झुण्ड बनाउदै।

- पत्रुस एकलै जानुको सट्टा आफूसित अरुलाई लगे। हामीहरु पनि मानिसहरुकहाँ जाँदा दुइ वा बड़ीको एउटा दलमा जान पर्छ।

4) जन साधरणहरु कहाँ जान भन्दा परमेश्वरका वचनहरु सुन्न चाहनेहरुलाई खोज्दै।

- जब तिनी सिजरियामा पुगे, पत्रुसले कर्निलियसको घरमा तिनका मित्रहरु अनि आफन्तलाई सुसमाचार सुन्नलाई पर्खी रहेको भेटाए।

5) खोज्ने अनि तिनका परिवार र मित्रहरु प्रति श्रद्धा देखाउँदै।

- तिनीहरुले किन तिनलाई बोलाएका भनी सोधेर अनि तिनीहरुसित कुरा गर्न भन्दा अघि तिनीहरुको विषय सुन्दै पत्रुसले तिनीहरुको आदर गरे। जब मानिसहरुले कर्निलियस झैं उत्तर दिंदछ, तिनीहरुलाई तिनीहरुका मित्र र परिवार सम्म सुसमाचार पुरयाउनमा हामीले मदत गर्नुपर्छ।"

तिनीहरु एकसाथ पसलमा काम गर्दैगर्दा शिक्षार्थीले सहायकलाई **प्रचारको निम्ति दोस्रो मार्गनिर्देशन** बुझाउँदछ: **प्रेरितहरुको तरीकाले गरे झैं ख्रीष्टको** साक्षीको निम्ति "उहाँले हामी सबैको निम्ति के गर्नु भएको छ, अनि हामीले जे अनुभव गरेका छौं हामी ख्रीष्टको साक्षी दिंदछौ। तिमीले अब राम्ररी पढ़न सिकेका छौ। यसलाई पत्तो लगाउनलाई प्रेरित 10 अध्ययमा, पद 34–43 सम्म हेर्नुहोस।"

## अभ्यास

**पत्रुसको उपदेश प्रेरित 10:34–43** मा पाउनु हुन्छ:

- पत्रुसले तिनको आफ्नै बारेमा के गवाही दिए?
- पत्रुसले येशूको बारेमा तीन मुख्य विषयहरु के के बताए?
- येशूले उहाँको पुनरुत्थानको प्रत्युत्तरमा उहाँका चेलाहरुलाई के गर्ने आज्ञा दिनु भयो?

शिक्षार्थीले बुझाउँदछ, "पत्रुसको झैं, हाम्रो संदेश हुनपर्छ, साधरण शब्दहरुमा, परमेश्वरले हामीलाई कसरी परिवर्तन गर्नुभयो अनि

उहाँको बारेमा अरुहरूलाई सुनाउन हामीलाई पठाउनु भयो। हामीले येशूको उदारता र शक्ति, उहाँको मृत्यु, अनि उहाँको पुनरुत्थानको वर्णन गर्नुपर्छ। येशूको नाममा पापहरुको क्षमा छ भनी प्रतिज्ञा गर्नुपर्छ।

शिक्षार्थीले सहायकलाई **प्रचारको निम्ति तेस्रो मार्गनिर्देशन: नयाँ विश्वासीहरुलाई परमेश्वर अनि उहाँका जनहरु द्वारा तिनीहरुलाई मँञ्जुरी गरीएको निश्चताद्वारा आश्वासन।** जतिले उत्तर दिंदछन् तिनीहरुलाई निश्चय गर्नलाई हामीले के गर्ने अब पत्तो लगाऔं।"

## अभ्यास

**प्रेरित 10:44-48** मा के भयो पत्तो गर्नुहोस्:

- जब पवित्र आत्मा मानिसहरुको हृदयमा आउनुभयो, पत्रुसले येशूको मृत्यु पछिको कुन महान घटनालाई साक्षी दिए?
- पवित्र आत्माको कामलाई पक्का गर्न भनेर पत्रुसले झट्ट के गरे?

जसै तिनीहरु एकसाथ पसलमा काम गरे, शिक्षार्थीले तिनको भाई सहायकलाई बुझाउँदछ, "जसै पत्रुसले झुण्डलाई परमेश्वरको संदेश विश्वास गरेको थाहा गरे तिनले तिनीहरुलाई बप्तिस्मा लिने आज्ञा दिए। तिनले थाहा गरे कि तिनीहरुले आफ्ना पापहरु क्षमा मांगेकाछन् अनि क्षमा भइसके, किनभने पवित्र आत्मा तिनीहरुमा आइ संकेका थिए। तिनले अरू कुनै कुरालाई परिव बसेन तर पवित्र आत्माको कामलाई बप्तिस्मा द्वारा दृढ़ गराए। पत्रुसले मत्ति 28:18-20 माझै येशूको आज्ञालाई चेलाहरु बनाउनमा पालन गरे। येशूमा कसरी क्षमा पाउने भनी तिनले कर्निलियस र तिनका मित्रहरुलाई भने। जब तिनीहरुले स्वीकार गरे, तिनले एकै पटकमा बप्तिस्मा दिए। हामीले पत्रुसको साधरण, तुरन्तै येशूको आज्ञाकारी बन्ने उदाहरणलाई पालन गर्नुपर्छ।

सहायकले प्रत्युत्तर दिंदछ, "हामी प्रभावशाली भएका छैनौं, कुनै उदेकको कुरा छैन्! प्रथम हामी मानिसहरुकहाँ जान भन्दा हाम्रा समाहरुमा निमंत्रना दिएका थियौं। हरेकलाई तिनीहरुको परिवार र मित्रहरुसित कुरा गर्नलाई, खास गरी नयाँ विश्वासीलाई, हामीले मदत गर्नुपर्छ।"

शिक्षार्थीले सम्झना गर्दछ, "श्री मुर्खले सुसमाचारीय सभा गर्नलाई उसको आफन्त भाइको चर्चबाट एक जना प्रचारकलाई निम्ताएका थिएं उसले बड़े ठूला शब्दहरु प्रयोग गरेथे अनि उपदेशलाई जटिल बनाए यसैले मानिसहरुले केहि बुझेनन्। तिनको निम्ति ठूलो भेटी दिनलाई मानिसहरुलाई उसले बिन्ती गरेका थिए!"

"पत्रुसले गरेझैं हामीले सुसमाचार सुनाउने काम गरौं," सहायकले सल्लाह दिंदछ, "म आज राती ध्यान दिनेलाई सोधने छु कतै हामी तिनको मित्रहरुलाई येशूको बारे कुरा गर्नलाई जान सक्छौं कि। श्री बुद्धिमानले छोड़ी राख्नु भएको किताबमा मैले पढ़ेको थिए कि कोहि मानिसहरुले हामीलाई इन्कार गर्नेछन्। येशूले मत्ती 10:14 मा भन्नु भएको छ कि यदि कसैले सुनेनन् भने देखि, हामी अन्य अरु कसैकोमा जानु पर्दछ। म, हाम्रा सन्तानहरु वस्ने ठाउँहरुमा पनि सुसमाचार लिएर जान चाहन्छु। के मलाई मदत गर्नु हुन्छ?"

शिक्षार्थीले उत्तर दिंदछ। "हो मैले तिमी र अरुलाई धेरै मण्डलीहरुको अगुवाहरु हुनलाई तालिम दिन श्री बुद्धिमानले भन्नुहुन्थ्यो। तिमीले सुसमाचार सुनाई राखेका मानिसहरुलाई मैले भेट गर्नु आवश्यक छ; यसरी मैले तिमीहरुको काम देख्न सकनेछु अनि जसरी श्री बुद्धिमानले मलाई भेट गरे अनि तालिम दिए तिमीलाई तालिम दिन्छु। परमेश्वरको शक्तिमा बलियो बन्न, हामी आफूमा होइन, श्री बुद्धिमानले भन्नु भएको थियो। म तिमीलाई **स्तिफनसको निर्भय साक्षीको** कथा सुनाउनेछु।"

## अभ्यास

स्तिफनसको उपदेशलाई इन्कार गरेता पनि तिनले कसरी परमेश्वरको महिमा गरे **प्रेरित 6:57 देखि 7:60** पत्ता लगाउनुहोस्।

शिक्षार्थीको स्वास्नी साराले घरको बाहिर घन्टी बजेको सुन्दछ। श्री मूर्खले ठेला गाड़ीमा एउटा घन्टी लगाएका रहेछन् अनि त्यो

बजाएर मानिसहरुलाई तिनको सामानहरु किनी दिऊन भनेर बजाउँथे। उसले तिनलाई भन्दछ, "यो सुन्दर मोमबत्ती हेर्नुहोस्। शिक्षार्थी हुनुहुन्छ?"

तिनले उत्तर दिंदछिन्, "तिनी काम गर्दै हुनुहुन्छ।"

श्री मूर्खले एउटा मोमबत्ती उठाउँदछ अनि भन्दछु, "हेर्नुहोस्, यस मोममा रासायनिक पदार्थ छ यसकारण यसले भिन्दा भिन्दै रंगको ज्वाला दिंदछ। यो सुन्दर छ। हेर्नुहोस् यहाँ म एउटा बालेर देखाउनेछु।" उसले आफ्नो कदम घर तर्फ बड़ाउदछ अनि मोमबत्ती बाल्दछ। त्यो पहेंलो, त्यसपछि रातो अनि फेरि निलो बल्दछ, तब जोड़ले बोल्दा हुँदि थूक उछिटयाएर मोमबत्ती निभाइ पठाउँछ अनि पिरो धुँवाले फोठा भरिन्छ। साराले एउटा गम्छा हल्लाउँदै दुषित हावालाई बाहिर निकाल्दछ।

एउटा छिमेकी केटी, दबोरा, कराउँछिन्, "आगो! अनि मदत गर्नलाई दौड़िन्दै आउँछिन्।

जब सबै जनाले खोक्न बन्द गर्दछन्, दाबोरा खुशी हुंदै भन्दछिन्, "मलाई साह्रै शान्ती र सुरक्षित लागिरहेछ जब देखि मलाई शिक्षार्थीले बप्तिस्मा दिएका थिएं येशू संघै भरी मसित हुनुहुन्छ।"

"के?" श्री मुर्ख कराउँछ। "तिमी कसरी यति चाँड़ै बप्तिस्मा हुन सक्थौ," उसले सारालाई असन्तुष्टि प्रकट गर्दछ, "तिनीसित बिवाह नगरी जन्माएको नानी छ अनि यति पनि थाहा छैन् कि बाबु को हो! शिक्षार्थीले यस्ता व्यक्तिहरुलाई मण्डलीमा हालेर यसलाई विगार्ने छ!"

दबोरा सुस्काउँछिन्, 'मैले त्यो पापमय जीवनलाई त्यागी सकेकी छु!" तिनी जान लाग्छीन् तर साराले तिनको हात पक्रन्छीन अनि कुर्सी तर्फ लैजान्छीन्। श्री मूर्खले जसै ढोका देखि वाहिर पाइला जोड़ले टेकदछ र उसको कुम पट्टि शिर फर्काएर कराउँदै भन्दछ, 'म जति यसको बारेमा जान्दछु तपाईहरुले जान्नु हुन्न। तपाईहरुले देख्नु हुनेछ। तिनलाई बप्तिस्मा दिएकोमा शिक्षार्थी दुःखित बन्नु पर्छ।" दबोराले आफ्नो जिब्रोमा लगाम लाउछीन् अनि उ जाँदै गर्दा उसको ढाड़ पछाड़ी अनुहार बनाउछीन्।

### बप्तिस्मा लिनु ख्रीष्टको आज्ञा पालन गर्नु

दबोरालाई दिन साराले प्रयास गर्दछीन्। तिनले **एउटा स्त्री जसलाई दूंगा हानेर मार्ने प्रयास गरीएको थियो** त्यस कथालाई याद गर्दछ जो शिक्षार्थीले पारिवारिक प्रार्थनाको समयमा भनेका थिए।

**अभ्यास**

**यूहन्ना 8:1-11** मा पत्तो लगाउनु होस्:

- फरिसीहरुले स्त्रीलाई किन येशूकहाँ ल्याए?
- त्यस किसिमको स्त्रीलाई के गर्नु भनी मोशाको पुरानो नियम व्यवस्थाले आज्ञा दिएका थिए?
- यस पापीनी, जो मृत्यु दण्डको भागीदार थिए, फरिसीहरुले कस्तो ब्यवहार गरे?
- येशूले उसलाई कस्तो व्यवहार गर्नुभयो?
- येशू आउनु भएपछि पापीहरुलाई दोष लगाउने अधिकार कससित छ?

साराले देबोरालाई विश्वास दिलाउँदछ, "मेरी तरूण मित्र जब परमेश्वरले तिमीलाई क्षमा गरी सक्नु भएपछि मानिसले तिमीलाई कसरी दोष लगाउन सक्छन्? उहाँले तिमीलाई प्रेम गर्नुहुन्छ! श्री मुर्खले यस कथामा भएका फरिसीहरु झैं कार्य गरे। तिनीहरुले स्त्रीको बारेमा वास्ता राखेका थिएनन्। तिनीहरुले येशूलाई जालमा फँसाउन उहाँकहाँ त्यस स्त्रीलाई ल्याएका थिए। तिनीहरुले स्त्रीलाई सबैको सामने उभाएर लज्जित तुल्याए। यदपि येशू हुनुहुन्थ्यो अनि तिनलाई दुंगाले लोहोस्याउन सक्नु हुन्थ्यो तर येशूले तिनलाई दोषी ठहराउनु

भएन। उहाँले तिनलाई मृत्युबाट बचाउनु भयो। उहाँले तिमीलाई पनि मृत्युबाट बचाउनु भएको छ। "हेर, येशू आउन भन्दा अघि मानिसहरु कसरी जीउन भनि परमेश्वरले मोशालाई उहाँको ब्यवस्था दिनु भयो। व्यवस्थाले भने मुर्ति पूजा नगर्नु, हत्या नगर्नु, न चोर्नु, झूठ नबोल्नु वा व्यविचार नगर्नु। पुरानो नियममा हामी यी व्यवस्था पाउँछौं परमेश्वर पवित्र हुनुहुन्छ अनि पापलाई सहन सक्नु हुन्न भनि यस व्यवस्थाले मानिसहरुलाई देखाउँदछ। जुन मानिसले ब्यवस्था भंग गर्थे मृत्यु दण्ड पाउँथे। येशू मात्र हुनुहुन्छ जसले व्यवस्थालाई संधै कामय राख्नु भयो। जब उहाँ भर्नुभयो, हामीलाई मृत्युको दण्ड दिने आज्ञालाई उहाँले गर्नु भयो।

"हामीले तिमीलाई बप्तिस्मा दियौं यसै कारणले कि तिमीले येशूको नाममा परमेश्वरलाई क्षमा माग्यौ उहाँले तिमीलाई बचाउनु भयो अनि तिमीलाई नयाँ जीवन दिनुभयो। उहाँले तिमीलाई पवित्र आत्माको वरदान दिनु भयो तिम्रो विश्वास र परमेश्वरको प्रतिज्ञालाई बप्तिस्मा द्वारा हामीले पक्का गरेका छौं। तिमी पाप र व्यवस्था संसगै ख्रीष्टसित मरेकी छयौ। त्यस पछि तिमी येशूमा नयाँ जीवन लिएर बौरी उठेकी छयौ। येशूको पूर्ण क्षमालाई सम्झना गर्नुहोस् अनि अब उसो पाप नगर्नुहोस्।"

शिक्षार्थी घर मा आइ पुग्दछ। श्री मूर्खले दबोरालाई के भनेका थिए साराले वृतान्त सुनाउछीन्। शिक्षार्थीले तिनलाई निश्चय गराउँदछ, "धेरै अनभिज्ञ मानिसहरु झैं, श्री मूर्खले विचार गर्दछ कि तिमी बप्तिस्मा हुनलाई परिपक्क हुनपर्छ। यो वप्तिस्मा को अर्थ होइन। प्रौढ़ भएर नयाँ विश्वासी जसले येशूलाई ग्रहण गर्दछ परमेश्वरको दृष्टिमा नया जन्मेका बालकहरु हुन्छन्। झुठोहरु बाहेक, जसले भन्नेमात्र गर्दछ 'तिनीहरु योग्यका छन्'। कहिल्ये बप्तिस्मा भएका हुँदैनन्। तिनीहरुले आत्मिकी आरम्भकाल भरि द्येरै गलतीहरु गर्छन्। तिनीहरुलाई हाम्रो प्रेम, वास्ता अनि बप्तिस्मा द्वारा ग्रहणको तुरन्तै दर्कार पर्छ।"

## येशूको बप्तिस्मा

दबोरा रून छोड्छ। तिनले भन्दछीन्, "मलाई डर लाग्छ कतै म पापमा लड्न सक्छु। परमेश्वरको सेवा गर्नलाई म साह्है कमजोड् छु।" मत्ती 3 अध्यायमा भएको **येशूको बप्तिस्माको** कथा साराले तिनलाई सुनाउछीन्।

### अभ्यास

**मत्ती 3** अध्यायमा पत्तो लगाउनु होस**:**

- येशू पापी हुनु हुन्थ्यो वा उहाँ सबै पापीहरुको पक्षमा भएको हुनाले उहांले बप्तिस्मा लिनु भएको थियो?

**मत्ती 4** अध्यायमा पत्तो लगाउनु होस्**:**

- कुन तीन कुरोहरु गराउन भनी शैतानले येशूलाई परिक्षा गरे?
- यदि येशूले शैतानलाई पुजे केको प्रतिज्ञा दिएको थियो?

**दुबै अध्यायहरूलाई** स्मरण गर्नुहोस् (मत्ती 3–4)

- येशूको बप्तिस्मा उहाँले चेलाहरुलाई बोलाउनु अनि उहाँको सेवकाईको अगि वा पछि भएको थियो?

दबोरा कराउँदछ, "येशू पापी हुनु हुन्नथियो। उहाँले प्रत्येकलाई देखाउनु भयो कि उहाँ ब्यभिचारीनी स्त्री र म जस्तो पापीहरुलाई दोषी ठहराउन आउनु भएको थिएन। अब म बुझदछु। उहाँ श्री मूर्ख जस्तो हुनुहुथ्यो, येशू हाम्रो पक्षमा हुनलाई आउनु भयो। येशूले गरे झैं, म पनि वप्तिस्मा भइसकेकी छु, अब म पनि परमेश्वरको सेवा गर्न सक्नेछु।"

"हो बिल्कुल!" साराले सहमती जनाउँछीन्, "**सबै भन्दा पछि आउने खेतालाको** कथालाई सुन्नुहोस्। परमेश्वरले हामीलाई चाँडै भन्दा चाँडै कसरी काम गर्नलाई दिनुहुन्छ तिमीले देख्ने छौ।"



## अभ्यास

**मत्ती 20:1–16** मा पत्तो लगाउनुहोस्:

- दिनको समयको वास्ता नगरी प्रत्येक खेतालाहरुलाई जमिनमालिक ले के काम लगाए?
- पहिलो खेतालाले पछिल्लो खेतालासित किन आरीस गरेकाथिए?

**व्यावहारिक कार्य**

- तपाईको मानिसहरुले तिनीहरुका परिवार र मित्रहरुमा सुसमाचार लैजानको निम्ति साहस दिनलाई यो खण्डमा सिकाएका कथाहरु प्रयोग गर्नुहोस्।
- तपाईको मानिसहरुले येशूको जीवन, मृत्यु र पुनरुत्थान बारे साधरण प्रकारले सुनाउनलाई, येशूले तिनीहरुको जीवनमा के गर्नु भएको छ त्यसबारे साधरण साक्षीहरु दिनलाई तयार पार्नमा मदत गर्नुहोस्।
- कसैले येशूलाई पापहरुको क्षमा मांग्दछ भने तिनीहरुको पश्चत्तापलाई पक्का गर्न चाँड़ै भन्दा चाँड़ै बप्तिस्मा दिइ हाल्नु होस्। तिनीहरुलाई मण्डलीको जीवन भित्र स्वागत गर्नुहोस्।
- बप्तिस्माको निम्ति नयाँ नियमलाई जे खाँचो छ त्यती मात्र आवश्यक छ। यो दुष्ट मानिसहरुको निम्ति हो जसले आफनो पापहरु मानी लिंदछ अनि तिनीहरुलाई क्षमा गर्नुहुन्छ र परिवर्तन गर्नु हुन्छ भनी येशूमा भरोसा राख्दछ।
- मण्डलीमा यस्तो व्यवस्था मिलाउनुहोस् कि नयाँ विश्वासीहरुले तिनीहरुका परिवारहरु र मित्रहरुलाई सुसमाचार सुनाउनलाई परिपक्क ईसाईहरुले मदत गर्नसकूँन।

## III -2- सेवकाई 2

# एउटाले अर्कोको सेवा गर्न हाम्रा आत्मिक वरदानहरु द्वारा ख्रीष्टको शरीरलाई विकास गर्नु

शिक्षार्थी अनि तिनको स्वास्नी सारासित तिनीहरुको घरमा दबोरा बोली रहेकी छे। तिनी खुशिले हाँस्दछीन् अनि भन्दछीन्, अनुग्रह के हो मैंले बुझें। परमेश्वरका बगालका प्रत्येक अरु सदस्यले झैं मैले पनि परमेश्वरबाट त्यही दया र क्षमा प्राप्त गरेकी छु! प्रभु येशूले मलाई उहाँको सेवा यस घड़ी देखिनै गर्न लाउनु हुन्छ। मेरो कृतज्ञतालाई मेरा सम्पूर्ण हृदयले उहाँको सेवा गरेर देखाउन चाहन्छु।" तिनले साराको हात पक्रिन्छन्, "म अहिले नै शुरु गर्न सक्छु। के म तपाईको घरको काममा हात बटाउन सक्छु जसमा कि तपाईले नानीहरुको निम्ति कथाहरु तयार पार्नमा धेरै समय पाउनु हुनेछ?

शिक्षार्थी कराउँछ, "यो बड़ो उदेक! मेरा मनमा लागेकै थिएन कि यति चाँड़ै नयाँ विश्वासीहरुले परमेश्वरको सेवा गर्छन् भनेर। मलाई श्री बुद्धिमानले भन्नु हुन्थ्यो कि समुदाय र मण्डलीमा अरुको सेवा गर्नलाई नयाँ विश्वासीहरुको निम्ति धेरै तरिकाहरु छन्। मण्डलीमा हरेकलाई पवित्र आत्माले कामहरु दिनु हुन्छ।"

दबोराले भन्दछीन्, "मलाई यो बुझाइदिनु होस्। परमेश्वरको आत्माले हरेक व्यक्तिलाई कसरी काम दिनुहुन्छ?

शिक्षार्थीले एउटा बाइबल अध्ययन तिनको हातमा थमाई दिंदछ जो श्री बुद्धिमानले छाड़ेका थिए। तिनले पढ़छीन् "पवित्र आत्माले हाम्रो जीवनमा कमसे कम पाँचवटा कुराहरु गर्दछन्:

पहिलो, पवित्र आत्माले हामीलाई नयाँ बल प्रदान गर्दछ, जस्तै यूहन्ना 3:1-8 ले जाहेर गर्दछ। हामी आत्मामा फेरि जन्मेका छौं। यदि हाम्रो शरीर पापको कारण मरेको मएता पनि, हाम्रा आत्माहरु ख्रीष्टमा जीवित छन्।

दोस्रो, पवित्र आत्माले हामीलाई छाप लगाउनु हुन्छ। पावलले एफिसी 1:12-13 मा यसरी लेखेका छन् कि पवित्र आत्मा हामी माथि एउटा छाप जस्तै राखिएका छन्, हामीलाई बचाउनलाई परमेश्वरको प्रतिज्ञाको जमानी बसेर।

तेस्रो, पवित्र आत्माले हामीलाई ख्रीष्टको शरीर भित्र बप्तिस्मा दिनु हुन्छ, जसरी 1 कोरिन्थी 12:12-13 ले जाहेर गर्दछ। उहाँले हामीलाई परमेश्वरको निम्ति जिइएको चाहनुहुन्छ।

चौथो, पवित्र आत्माले हामी प्रत्येकलाई आत्मिकी वरदानहरु दिनुहुन्छ, जसरी रोमी 12 र 1 कोरिन्थी 12 ले जाहेर गर्दछ। ख्रीष्टको निम्ति कामगर्नलाई उहाँले हामीलाई सामर्थ प्रदान गर्नु हुन्छ। यी वरदानहरु हाम्रो आफ्नैनिम्ति होइनन्, तर समस्त मण्डलीको सेवा गर्नलाई मण्डलीमा भएका हरेकलाई तिनीहरुको वरदानहरु प्रयोग गर्नलाई एक असल गोठालाले मदत गर्दछ।

पाँचौं, उहाँले हामीमा फल फलाउनु हुन्छ, गलाती 5:22-23। जब हामी परमेश्वर कहाँ आउँछौ उहाँले हामीलाई सम्पूर्ण तौरले क्षमा गरेता पनि अनि उहाँलाई खुशि पार्ने काम गरेता पनि, रोमी 7 ले भन्दछ हामी हामीभित्र लड़ाई लड़ी रहन्छौं। हामी भित्र भएको नयाँ व्यक्तिले जे असल छन्, त्यो गर्न चाहन्छन्, तर कहिले कहीं, त्यो पुरानो मनुष्यत्व जो हाम्रो संसारीक देहमा वास गर्दछ हामीलाई पाप तर्फ धकेल्दछ। केहि मानिसहरु आत्मिकी परिपक्वतमा छिट्टै बढ़दछ तर अरूलाई धेरै वर्ष लाग्दछ। जसै हामी विश्वासद्वारा परमेश्वरलाई उत्तर दिंदछौ, हामी धेरै धेरै येशू झैं कसरी वन्नु सिकदछौं। जब हामी पाप रहित जीवनमा महिमा गर्नलाई हामी उचालींदछौं, हामी समयलाई पर्खन्छौं।"

दबोराले पछि अध्ययन गर्नलाई बाइबलका अंगहरु लेख्दछीन। साराले कुरा यप्दछ, "तिमीले अरूको सेवा गर्नलाई परमेश्वरले तिमीलाई आत्मिकी वरदानहरु दिनु भएको छ। उदाहरणको निम्ति, शिक्षार्थीमा नहेम्याह जस्तै प्रशासन चलाउने वरदान छन्, म एज्रा जस्तै एक शिक्षक हूँ। एफिसीका एल्डरहरु झैं सहायक एक गोठाला हुन्। हाम्रो मण्डलीमा मानिसहरुलाई गोठाला गर्नमा उसले मदत गर्छन्। अरुहरु मण्डलीमा अक्विला र प्रिस्किला झैं कार्यकर्ताहरु जो एकसाथ काम गर्दछन्। म बाइबलबाट तिम्रो निम्ति आत्मिक वरदानका उदाहरण अनि मानिसहरुले त्यसलाई कसरी प्रयोग गरे पढ़ी दिन्छु। मण्डलीमा तिनीहरुको काम पत्तो लगाउन हरेकले उत्साह पाउन भनी यी उदाहरणलाई हामी प्रयोग गर्छौं।" अरुलाई सिकाउनलाईभनि श्री बुद्धिमानले तिनीहरूलाई छाड़ी राखिदिएका सुचि सराले पढ़दछीन्।



## अभ्यास

**रोमी 12:3-8 मा सुचीत गरेका आत्मीय वरदानहरुको प्रयोग**

साराले दबोरालाई देखाएका आत्मीय वरदानहरुको सुची यी हुन्। तपाईलाई परमेश्वरले कुन वरदान दिनु भएको छ त्यसलाई गर्नको लागि सजिलो पार्न, यदि सक्नु हुन्छ भने, क्रियाकलापमा दाग लगाउनु होस्:

☐ 1 शमुएल 1:20:28 शमुएल झैं सेवा गर्नु।

☐ यूहन्ना 1:26-34 मा बप्तिस्मा दिने यूहन्ना झैं अगमवाणी गर्नु।

☐ प्रेरित 4:36-37 मा बर्णबास झैं दिनु

☐ नहेम्याह 8 मा एज्रा झैं सिकाउनु

☐ प्रेरित 20:17-38 मा एफिसीसका एल्डरहरुलाई पावलले गरे झैं उत्साहित (प्रोत्साहित) गर्नु

☐ नहेम्याह 2-3 अध्यायमा नहेम्याह वा प्रस्थान 18:13-26 मा मोशा झैं अगुवा गर्नु।

☐ 1 शमुएल 24 मा दाऊदले गरे झैं दया देखाउनु।

**1 कुरिन्थी 12:4-11 बाट थप वरदानहरु**

☐ 1 राजा 3:5-28 मा सुलेमान झैं **बुद्धिका** वचनहरु बोल्नु

☐ याकूब 3 मा याकूब झैं, जसले बसमा राख्न नसकने जिब्रोको खतराको चेतावनी दिए, **ज्ञानसित** बोल्नु

☐ उत्पत्ती 15:1-6 जब अब्राहामले ताराहरु देखे अनि परमेश्वरको प्रतिज्ञालाई विश्वास गरे तिनी झैं **विश्वासलाई** अभ्यास☐गर्नु वा मत्ती 8:1-13 मा कप्तान अनि कोरी झैं विश्वासलाई अभ्यास गर्नु

☐ मर्कूस 2:1-12 मा येशू झैं वा प्रेरित 3:1-16 मा पत्रुस झैं **चंगाई** गर्नु

☐ 1 राजा 18:16:46 मा एलिशा झैं **आश्चर्य काम** गर्नु

☐ प्रेरित 13:6-12 मा पावलले गरे झैं **आत्माहरु छुटाउनु**

 प्रेरित 10:44-48 मा कर्निलियसको परिवारले गरे झैं **भाषाहरुमा** बोल्नु

 1 कोरिन्थी 14:26-28 मा कोरिन्थीकाहरुलाई सिकाएझैं भाषाहरुको **अर्थ खोल्नु**

**एफिसी 4:11-16 बाट धेर वरदानहरु**

 प्रेरित 13-14 अध्यायामा पावल र बर्णाबास झैं एक **प्रेरितको** रुपमा तिरस्कृत क्षेत्रहरुमा जानु

 प्रेरित 8:26-40 मा फिलीप झैं एक **प्रचारक** झैं सुसमाचार घोषणा गर्नु

 प्रेरित 20:28-34 मा एफिसीका एल्डरहरुलाई सिकाएको झैं **पास्टर** (गोठाला)

यस सुचीलाई हेरे पछि, देवोराले सारालाई घरको काममा हात बड़ाउँदछ। अर्को बिहान सारा दबोरालाई भेटन भनी जाँदछीन अनि दबोराले अघिल्लो रात सिकेका सबै कुराहरु तिनको दाइलाई बुझाउँदै गरेको सुन्छिन्। बाइबलमा भएका आत्मीय वरदानहरु अनि ती व्यक्तिहरु जसले नमूना दिएका थिए तिनीहरुले प्रयोग गरे,

दबोराले सारालाई भन्दछीन्, तिमीले मलाई दिएको सम्पूर्ण अध्ययन मैंले पढ़ें।

तिनीहरूको मण्डलीमा मानिसहरूलाई परमेश्वरले दिनुभएको आत्मिको बरदानहरू बारे तिनीहरू कुरा गर्नलाग्छन्। साराले भन्दछीन्, "मेरो बिचारमा मेरो लोग्ने सिकारूमा निर्माणकर्ता नहेम्याहको झैं एउटै आत्मिकी वरदानहरू छन्। यस्ता नेताले अरूले असम्भव छ भनेको कामलाई सक्न तिनको मानिसहरूलाई ब्यवस्थित बनाउँदछ। यहूदी जातीले परमेश्वरलाई त्यागेका थिए। परमेश्वरले तिनीहरूको शत्रुहरूलाई तिनीहरूमाथि विजय हुनदिनु भयो। तिनीहरूको राजधानी, यरूसलेम, नाश गरीए अनि तिनीहरूलाई बिदेशमा लगिए। परमेश्वरको प्रतिज्ञानुसार पछि फर्कि आए; तर तिनीहरूले यरूसलेमको पर्खालहरू खड़ा गरेनन्। सय वर्ष सम्मन् पर्खालहरू भग्नावशेष अवस्थामा नै र्हिरहे। नहेम्याहले यसबारे सुनें अनि सहयोग गर्नलाई गए। तिनी एक साँचो अगुवा थिए।

दबोराले सोद्धछिन्, "मसित कुन आत्मीय वरदान छ?"

साराले उत्तर दिंदछिन्, "यो पक्का गर्नु अहिले अलिक छिटो हुन्छ, तर तिम्रोमा अरुको सेवा गर्ने शमुएलको वरदान छ जस्तो देखापर्छ। शमुएलले खुशिसाथ परमेश्वरको भवनको देखरेख गरे। तिमीसित एज्रा झैं सिकाउने वरदान पनि हुनपर्छ जस्तो लाग्छ। तिमीले तिम्रो भाईलाई राम्ररी सिकायौ। सेवा गर्नलाई तिम्रो योग्यताहरु परमेश्वरले कसरी विकास गर्नु हुन्छ यो देख्दा आनन्द लाग्छ।"

त्यसदिनको साँझ शिक्षार्थी तिनको भाई सहायकको साथमा घरमा फर्की आए। तिनको स्वास्नी साराले दबोरासित आत्मीय बरदानहरु बारे छलफल गरेका कुराहरु तिनीहरुलाई सुनाउँदछिन्। "मैले उसलाई भनि दिएँ तपाईसित नहेम्याह झैं अगुवा गर्ने वरदान छ।"

शिक्षार्थीले उत्तर दिंदछ, "भलाई आशा छ। सहायक, श्री बुद्धिमानले छोड़ेर जानु भएको एउटा असल अगुवाको गुणहरु पत्तो लगाउनलाई नहेम्याहको बारेमा त्यो अध्ययनलाई हामी दोहोर्याएर हेरौं।"

**अभ्यास**

यी विषयहरु पत्तो लगाउनलाई **नहेम्याहको** पुस्तक अध्ययन गर्नुहोस् (यो अभ्यास लामो भए पनि प्रयासको मूल्य छ):

पत्तो लगाउनलाई **नहेम्याह 1:1-11** हेर्नुहोस्:

- नहेम्याहले तिनका मानिसहरुका कष्टलाई कसरी विचार गरे?
- नहेम्याहले तिनको पाप र तिनका मानिसहरुका पापको निम्ति के प्रार्थना गरे?

**नहेम्याह 2 अध्यायमा पत्तो लगाउनुहोस्:**

- नहेम्याहले राजाको सेवा गरीरहेको समयमा परमेश्वरले नहेम्याहको प्रार्थनाको उत्तरमा के गर्नु भयो?
- नहेम्याहले तिनको योजना बारे कसैलाई बताउन अगि तिनले यरूशलेममा के गरेका थिए?
- पर्खालको काम शुरु गर्नको निम्ति मानिसहरु बटुल्नलाई नहेम्याहले के गरे?

**नहेम्याह 3 अध्यायमा पत्तो लगाउनु होस्ः**

- नहेम्याहले कार्यकर्ताहरुलाई कसरी संगठन गराए?

**नहेम्याह 4अध्यायमा पत्तो गर्नुहोस्ः**

- विरोधीहरुले कार्यकर्ताहरुलाई के सामना गर्न लगाए?
- विरोधीहरुलाई पराजय गर्नलाई नहेम्याहले मानिसहरुलाई कसरी व्यवस्थित ढंगमा राखे?
- मानिसहरुले पालन गर्नको निम्ति नहेम्याहले कस्तो किसिमको उदाहरण देखाए?

**नहेम्याह 6:15-17 मा पत्तो लगाउनु होस्ः**

- मानिसहरुले कति दिनमा पर्खाल निर्माण गरे?
- परमेश्वरले उहाँका मानिसहरुलाई आशिष दिनु भएको जब छेउ-छाउका राज्यहरुले देखे कस्तो अनुभव गरे?

**नहेम्याह 8:1-6 अनि 9:3 मा पत्तो गर्नु होस्ः**

- अगुवाहरुले मानिसहरुलाई के पढ़ी सुनाए जसले एउटा ठूलो जागृती अनि परमेश्वरका आशिष ल्याए?

साराले मानिसहरुलाई कफी ल्याउछिन् अनि सहायकले उसको शिक्षक शिक्षार्थीलाई भन्दछ, “मलाई छाप परेको छ कि धेरै वर्ष सम्मन भत्किएर वसेको ठूलो परर्वाललाई मानिसहरुले बाऊन्न (52) दिनमा निर्माण गरे। मलाई आशा छ म पनि नहेम्याह झैं बलियो र स्थिर अगुवा हुन सक्छु। तिनको समुदाय र मण्डलीमा भएका समस्या बारे तिनले धेरै ध्यान दिएका थिए।”

“हो,” शिक्षार्थीले उत्तर दिंदछ। “जब नेहम्याहले तिनको मण्डली र तिनका देशको अगुवाहरुको निम्ति प्रार्थना गरे, तिनले आफ्नै र तिनीहरुको निम्ति क्षमा माग। मानिसहरुको सेवा प्रेमसित गर्न बुद्धिमान योजनाहरुको निम्ति परमेश्वरलाई विन्ति गरे। तिनले देखेका समस्याहरुको बारेमा तिनको मण्डलीलाई विश्वाससित बोले अनि तिनीहरुले होशियारी साथ ती सबैसित व्यवहार गर्नलाई योजनाहरु बनाए।” तिनले जसै प्रार्थना गर्न लागेका थिए तिनको स्वास्नी सारालाई पनि प्रार्थनामा सम्मिलित हुनलाई बोलाए, “प्रभु, मलाई तपाईको मदतको खाँचो छ। म नहेम्याहको उदाहरणलाई अनुकरण गर्न चाहन्छु अनि हाम्रा मानिसहरुले विरोधीको सामना गर्नु परेता पनि काम गर्दै जाने प्रेरणा दिन चाहन्छु। अरुको सेवा गर्नलाई प्रत्येकले तिनीहरुका आत्मीय बरदानहरु चलाउन भनी हामी चाहन्छौ।”

सहायकले भन्दछ, अरु अगुवाहरुले नहेम्याहको उदाहरणलाई अनुकरण गर्नलाई प्रोत्साहन दिन, तिनको बारेमा म एउटा गीत लेख्ने छु।

**ब्यवहारिक कार्य**

- तपाईको मण्डलीमा नयाँ ईसाईहरु र बालकहरु समेत, चर्चको निर्माण गर्न तिनीहरुको वरदानहरु प्रयोग गर्नलाई प्रत्येकलाई मदत गर्न माथिका आत्मीय वरदानहरु र बाइबलका नमुनाहरुको सुची प्रयोग गर्नुहोस्, नहेम्याह झैं, तपाईको आफ्नै पापहरु पहिले परमेश्वरलाई स्वीकार्नु होस् अनि उहाँको निम्ति महान कुराहरु गर्नलाई मण्डलीलाई संगठीत बनाउन अनि तपाईले प्रेरणा पाए झैं तपाईलाई बुद्धिमान योजनाहरु दिऊन भनी बिन्ति गर्नुहोस्।

## III-3- सेवाकाई 3

# परमेश्वरको आराधना गर्नु तथा प्रभुभोजमा सम्भागी बन्नु

सिकारूले आफनो घरमा सिकाउँदैछ जबकि श्री. मूरर्व र अन्यहरू निदाउँछन्। उसले प्रभु भोजको समयमा दुईजना व्यक्तिलाई केहि खाईरहेको देख्छ। नानीहरू यताउता आँखा दौड़ाउँछन। उसकी स्वास्नी साराले पछि उसलाई भन्छे "म पनि त्यहाँ छु भनी थाहा नभएर कोहिहरूले कुरा गरेको मैंले सुनें। तिनीहरूले भन्दै थिए हामी कसको पछि लाग्नु? श्री बुद्धिमान, सहायक वा तपाईलाई? एकजनाले चाही श्री मूर्खलाई पछयाउनु भन्यो। एकजना जवानले अर्कोलाई भन्यो, 'अल्छी लाग्दो। सिकारूले सँधै सब गर्छ र यो सँधै यस्तै हो। हामी नसोंची गर्छौं र यो रीति नै हो। त्यसैले मैंले केहि खानुलाई लिएर आएँ।"



सिकारूले के हुँदैछ भनी बताउन श्री बुद्धिमानलाई लेख्छ। मण्डलीमा पढ़िदिनलाई श्री बुद्धिमान ले फेरि उसलाई यसरी लेख्छ, "मेरा प्रिय भाई बहिनीहरू। पावल प्रेरितले कोरिन्थी 11:17-34 मा कोरिन्थीहरूलाई के भने, मैले पनि त्यही नै भन्नपर्छ। अर्थात तिमीहरू भेला हुँदा असलभन्दा बढ़ि खराबी कै कुरा गर्छौ। तिमीहरूमाझ फूट छ। तिमीहरू भेला हुँदा तिमीहरू खासैगरि प्रभुभोजको लागि वास्ता गर्दैनौ। प्रभुभोजको बेला अरू भोकै रहनेहरूको अघाड़ि तिमीहरूमध्ये कोहि कोहिहरू खान्छौ। खानु पिउनुको लागि तिमीहरूको घर छैन र? प्रभुभोज गम्मीरताले खाँर्दनौ भने हामी पाप गर्छौं। मण्डलीमा आराधना हुँदा प्रभु उपस्थीत हुनुहुन्छ भनेर के तिमीहरूले भुल्छौ?"

### अभ्यास

**1 कोरिन्थी 11:17-34 मा खोज्नुहोस्:**

- जुन रात प्रभु येशू पक्राउ पर्नुभयो त्यस रात उहाँले रोटी भाँच्नुहुँदा भन्नुभएका शब्दहरू के हुन्?
- प्रभुभोजको बेला ख्रीष्टको शरिरको अनादर गर्नाले हामीले कसको विरूद्धमा पाप गर्छौं?
- परमेश्वरको न्याय हामीमाथि पर्न नदिन, प्रभुभोजमा सम्भागी बन्दा हामी आफै आफूलाई कसरी जाँच गर्छौं?

श्री. बुद्धिमान पत्रमा अझ अघाड़ि लेख्छ, "म तिमीहरूबाट विदा हुनअघि मैंले आराधना कसरी गर्नु सो सिकाएँ। मैले सिकाएँ कि हामी भेला हुँदा परमेश्वरको उपस्थिति हुन्छ। हामीले उहाँलाई हाम्रा सबै कार्यहरूद्वारा पुज्छौं।"

सिकारूले भन्छ, "मैंले श्री बुद्धिमानका शिक्षा पुनः याद गर्छु! हामीले प्रार्थना र प्रशंसामा परमेश्वरको वचनको शिक्षा दिंदा, हाम्रा पापहरू कायल गर्दै प्रभुभोजमा दिंदा र हाम्रो भेलामा आराधना गरयौं। हामीले यी सब मनोरंजनको लागि गरेनौं। परमेश्वरले भिन्नै तरिकाहरूमा यी कराहरू गर्न हामीलाई स्वतत्रंता दिनुहुन्छ पावलले एफिसीहरूलाई भजन संगीत र आत्मिकी गीतहरूले हाम्रो हदयमा प्रभुको प्रशंसा गर्नु बताए। गीतहरू, भजन अथवा अरूहरूले र आफैले रचेका शब्दहरू हुनसक्छन। त्यी सबै परमेश्वरका महान कार्यहरूको साक्षी र उहाँलाई धन्यवाद दिनलाई हुन्। त्यी गीतहरू परमेश्वरको महानताको बढ़िबढ़ाई गर्न र उहाँलाई भज्नलाई हुनँ्।"

सहायकाले थप्छ "पूरानो नियमकाहरूले कसरी विशेष प्रकारले तिनीहरूका चाड़हरूमा परमेश्वरको आराधना गरे श्री बुद्धिमानले हामीलाई त्यो पनि सिकाए। निस्तार चाड़ प्रत्येक दिन एक विशेष बलिको साथ सात दिनसम्म मनाइयो पहिलो र अन्तिम दिनमा विशेष भेलाहरू हुन्थे। सुलेमान राजाले परमेश्वरको भवन बनाई सकेपछि ध्रेरै भीड़हरू चाड़ मनाउन यरूशलेममा जमा भए। तिनीहरूले संगै खाए र पालहरूमा बसे। तिनीहरू खड़ा भएरै गीतहरू र संगीतका ध्युनहरू सुने। राजा सुलेमानले तिनीहरूको निस्ति विशेष प्रार्थना

गरिदिए, उ खड़ा भए र साथै घुँड़ा पनि टेके। हाम्रा प्रार्थनाहरू परमेश्वरको उपस्थितिमा मिठो सुगन्धित वासना झै हुन्।"

सिकारूले अझ पत्रबाट पढ़छ, "यहाँ तिमी अगुवाहरूको लागि एक दुई कुराहरू, जुन् कुराहरूबाट तिमीहरूले परमेवरको उपस्थितिमा आराधनालाई सुवासना सरह असल तुल्याउन मदत पाउनेछौ:

तयारीमा प्रार्थना गर।

आराधनाको विभिन्न भागमा सहायता गर्न पहिलैबाट अरूहरूलाई भन।

अघाड़ी नै तयार रहन प्रत्येकलाई मदत गर।

प्रत्येकको निम्ति साथसाथै वानीहरूको लागि पनि विभिन्न भारहरूको व्यवस्था मिलाऊ।

विशेष दिनहरू मनाउन उत्सवहरू जस्तै ख्रीष्टको जन्म, मृत्यु र पुनरूत्थान आयोजना गर।"

केहि क्षणका लागि यी कुराहरूमाथि बिचार विमर्ष गरेपछि सिकारूले पत्र पढ़न जारी राख्छ, "हिब्रू लेख्नेले जस्तो कि यसो भन्छ, पुरानो नियममा परमेश्वर हाम्रा पुर्खाहरूसंग अगमवक्ताहरूद्वारा बोल्नुभयो।

तर अब यी अन्तिम दिनहरूमा उहाँ आफना पुत्र प्रभु येशूद्वारा बोल्नुहुन्छ कारण प्रभु येशूमा परमेश्वरको आफनो महिमा प्रकट हुँदछ र उहाँबारेका सम्पूर्ण कुराले परमेश्वरलाई प्रतिनिधित्व गर्दछ, हाम्रो स्वर्गमा पिताको दाहिने हातमा बस्नुभयो। जब हामी परमेश्वरलाई आराधना गर्छौं त्यत्तिबेला उहाँको नाउँमा प्रार्थना गरेर, उहाँका वचनहरू सिकाएर र प्रभुभोजमा उहाँको मृत्युको सम्झना गरेर प्रभु येशूलाई आदर गर्छौं। दिएर अनि भेला भएर उहाँको शरिर अर्थात मण्डलीका आवश्यकताहरूको ख्याल गर्छौं।"

घेरैले भन्छन् "आमेन" र सिकारूले पत्र पढ़िसिघ्याउँछ : "जब तिमीहरू परमेश्वरको आराधना गर्न भेला हुन्छौ र प्रभुभोजमा सम्मागी बन्छौं तब तिमीहरू ख्रीष्टको शरिर रगतमा सम्मागी हुन्छौ तिमीहरूले उहाँको मृत्युको घोषणा गर। तिमीहरू परमेश्वरको उपस्थिति मित्र पस्छौ। यदि तिमीहरूले यी कुराहरू ख्याल गर्दैनौ भने तिमीहरूले ख्रीष्टको शरिर र रगतको अनादर गर्छौं। पुरानो नियमले हामीलाई ख्रीष्टको रगत बहाईलाई कति महत्वपूर्ण छ सो बताएको छ।"

सिकारूले भन्छ "सहायक, कृपया आज हामीले पढ़ेको **निस्तारको चाड़को** कथा बताईदेऊ परमेश्वरको उपस्थितिमा कसरी पस्नुपर्छ त्यो पनि बुझाई देऊ।"

## अभ्यास

**प्रस्थान 12:21-42** मा हेर्नुहोस् परमेश्वरले मिश्रको दासत्वबाट कसरी उहाँको जनलाई मुक्त गराउनुमयो:

- मध्यराती कसको मृत्यु भयो?
- इस्राएलीहरूको जेठो छोराहरू गुमाउनबाट कसले बचाउनुभयो?
- मिश्रीहरूका जेठो छोरांहरू मरेपछि दासत्वबाट छुटकारा पाउन इस्राएलीहरूलाई मदत पाउन के कुरा छट्यो?
- दासत्वबाट पाएको यस छुटकाराको सम्झना इस्राएलीका सारा पुस्ताले कसरी सम्झना गर्नपर्छ?

सभापछि सिकारू र उसको भाई सहायकले ले तिनीहरूको लागि सूचिवघ्द पारि राखिदिएको पुरानो नियमको वासस्थान र आराधनाका विषयहरू बारेमा लेखिएका पदहरू पढ़िदिन्छन। सिकारूले सहायकलाई भन्छ, "यसबारे आउँदो साता शिक्षा देऊ।"



जब सहायकले शिक्षा दिन गुरू गर्छ त सबैले ध्यानपूर्वक सुन्छन्। उसले निस्तार चाड़को बलिको रगतबारेमा लेखेको गीत गाउँछ। उसले बुझाउँछ "पुरानो नियममा परमेश्वरलाई प्रेम गर्ने इस्राएलीहरूले प्रत्येक वर्ष निस्तार चाड़ मनाए उनीहरूको छुटकाराको निम्ति परमेश्वरले कसरी रगंत प्रयोग गर्नुभयो सम्झना गरे। यो एउटा उदाहरण थियो कि परमेश्वरले हामीलाई पापको दासत्वबाट उहाँको रगतले कसरी छुटकारा दिलाउनुहुनेछ। हिब्रूमा **संसारको वासस्थान स्वर्गीय वासस्थानको प्रतिलिपी** बताइएको छ।"

## अभ्यास

**हिब्रू 9:1-26** मा सहायकले कस्तो शिक्षा दिन्छ हेर्नुहोस्:

- वासस्थानको बाहिरी स्थानमा अर्थात पवित्रस्थानमा के के सामग्रीहरू थिए?
- भित्रि स्थान अर्थात महा पवित्रस्थानमा के के सामग्रीहरू थिए?
- बर्षेनी महा पुजारीले आफनै र अन्य मानिसहरूको पापको क्षमादानको निम्ति के गर्नेगर्थे?
- परमेश्वरका पुत्रले सदाको लागि हाम्रो उद्धार कसरी सुनिश्चित गर्नुभयो?



सहायकले मानिसहरूलाई सोध्छ,"तपाईहरूसित कुनै प्रश्नहरू छन्?" "एकजनाले सोध्छ" पुरानो नियममा आराधना कसरी गरिन्थ्यो?"

"श्री बुद्धिमानले यसबारे बतांई सक्नुभएको छ। पुरानो नियममा मानिसहरूले आराधना गर्न जाँदा एउटा थुमा वा एउटा साँड़े लिएर जान्थे। त्यसमाथि हात राखेर आ-आफना पापहरू कायल गर्थे अनि पुजारीले त्यसको घोक्रो काटि दिन्थे। रगतैरगतपूर्ण हुन्थ्यो यो। रगतको यस बलि अर्थात पापबलिले प्रभु येशूको मृत्युलाई अघिबाटै दर्शाएको हो जसको रगत संसारका सबै पापीहरूको लागि एक पल्ट र एकैचोटिको लागि बहाईयो। सहायक, यो बुझाउनमा मलाई सहायता गर्नसक्छौ?"

सिकारूले अघाड़ि भन्छ, "पवित्र स्थानमा सामदान टेबल र भेटीको रोटी हुन्थे। पर्दाको पछाड़ि महा पवित्रस्थानमा धूप र करारको सन्दूक हुन्थे। प्रधान पुजारी एकलै वर्षमा एकचोटि उनको आफनो र अन्य मानिसहरूको पापको निम्ति पापबलि चढ़ाउन। जब प्रभु येशू मर्नुभयो तब मिन्दरको पर्दा दुई भाग गरि च्यातियो अनि परमेश्वरको उपस्थिति, हाम्रो प्रधान पुजारीको रूपमा प्रभु येशू प्रवेश हुनुभयो। अब हामी स्वतंत्रता पूर्वक परमेश्वको उपस्थितिमा अर्थात महा पवित्रस्थानमा पस्नसक्छौं र हाम्रा प्रार्थनाहरू धुप झै उहाँलाई चढ़ाउँछौं। जब हामी ख्रीष्टको रगतको नयाँ कचौराबाट पिउँदा उहाँको उपस्थिति हुन्छ। उहाँले प्रतिज्ञा गर्नुभएको छ कि दुई वा तीन जना उहाँको नाउँमा भेला हुन्छौ भने उहाँ त्यहाँ उपस्थित हुनुहुन्छ।"

सेवादिनेले भन्छ, "हामीले प्रभु भोज बाँड्दा मैंले ख्रीष्टको शरिरलाई थाहा गरेको थिइन रहेछु भन्ने अब चाल पाएँ। मैले भुलेको थिएँ कि हामी एकसाथ आराधना गर्दा हामी परमेश्वरको उपस्थितिभित्र प्रवेश गर्दछौं। मलाई लाग्छ आराधना प्रति हाम्रो प्रवृति परिवर्त्तन गर्नुपर्छ।

सिकारूले टिप्पणी गर्छ, "पावलले पनि कोरिन्थी 12-18 अध्यायमा यसबारे स्पष्ट कुरा गरेका छन् कि एकजना अगुवा सारा काम गर्नु होइन। द्यैरैभन्दा द्यैरैले आराधनामा सक्रिय रूपले भाग लिनपर्छ। अबदेखि उसो मेरो अगुवापनका दायित्वहरू अरूसित बाँड़चुड़ गर्नेछु। यसको निम्ति अधिकरूपमा भाग लिनचाहनेहरूलाई म सहायता गर्नेछु। हामी सबै बढ़ने छौं र मण्डलीमा द्यैरै नयाँ अगुवाहरू खाड़ा हुनेछन् र जसहरूले नयाँ मण्डलीहरू शुरू गर्नेछन्।"

सिकारू सहायकतर्फ फर्केर भन्छ, "मलाई तिम्रो सहायताको खाँचो छ। प्रभुभोजको निम्ति हाम्रा जनहरूलाई तयार गर्न मलाई मदत गर। र मलाई तपाईहरू सबैको सहायता चाहिन्छ हाम्रो आराधनाका विभिन्न भागहरूमा सुधार ल्याउन अनि हाम्रा अन्य सेवाकाईहरूको निम्ति। हामी यी सेवाकाईहरूमा वृद्धि गरेर ख्रीष्टको आदर गर्नेछौं। सहायक, म चाहन्छु तिमीले संगितमा मदत गरेको।" सहायकले अरूलाई विभिन्न काम सुम्पन्छ यसैले कि आराधनाको अगुवाई गर्न केवल मात्र नबनून्।

सेवा समाप्तभएपछि सिकारूले सहायकलाई भन्छ, "म यी निर्देशनहरू हाम्रो मण्डलीको खातिर पालन गर्न गईरहेछु। म लापरवाह भएको छु भनेर अहिले मैंले थाहा गर्छु। जसरी पावलले कोरिन्थी 11 अध्यायमा भनेका छन् प्रभुभोजको बेला ख्रीष्टको शरिरलाई आदर गर्न असफल बनेकोमा परमेश्वरले कोरिन्थीहरूलाई दण्ड दिनुभयो। तिनीहरू ख्रीष्ट कठोर शासनाको सम्झना गर्न असफल भए। एकसाथ भेला हुनु ख्रीष्टको  शरिर हुनु भन्ने कुरा तिनीहरूले याद गरेनन्।


परमेश्वरले यस रहस्यलाई औधी गम्भीरताले लिनुहुन्छ। प्रत्येकले मण्डलीमा यसरी नै लिनुहुन्छ। प्रत्येकले मण्डलीमा यसरी नै लिनुपर्छ। तसर्थ पावलले चेताउनी दिएका हुन् कि प्रभुभोज लिंदा भत्यार गर्नु होइन कारण मानिसहरू ख्रीष्टको शरिर र रगतभन्दा बढ़ता खानपिनमा ध्येर चासो राख्छन्। कोरिन्थी 10:16–17 मा लेखिएझैं।"

## व्यवहारिक काम

- संगितमा (गाउने बजाउने) क्षमताहरू तथा आत्मिक वरदान हुनेहरूलाई आराधनाका विभिन्न भागहरूमा अगुवाई संचालन गर्न, शिक्षा दिन अयवा वचन बाँड़न लगाउनुहोस्।
- नया एवं सृजनात्मक तरिकाहरूमा मानिसहरूलाई उनीहरूको परमेश्वरप्रतिको प्रेम व्यक्त गर्न प्रेत्साहन दिनुहोस्। संगीतमा क्षमाताहरू हुनेहरूलाई गीत लेख्न (प्रंगसाका गीतहरू स्थानीय लयहरूमा) उत्साह दिनुहोस्।
- परमेश्वरलाई आराधना गर्न हामी भेला हुँदा उहाँको उपस्थिति हुन्छ भनी सिकाउन यस भागमा भएका कथाहरू प्रयोग गर्नुहोस्।
- गीत गाउन बाहेक नानीहरू लगायत हरेकलाई आराधनाका कुनै न कुनै क्षेत्रमा भाग लिन दिन योजना बनाउनुहोस्।
- आराधनाका विभिन्न भागहरू सञ्चालन गर्नेहरूलाई पहिलैबाट तयारी गर्न मदत गर्नुहोस्।

## III-4 सेवाकाई 4

# अध्ययन शिक्षा र कार्यन्वेन परमेश्वरको वचन



सिकारू आफनो सहायक भाईको धरमा उसलाई सिकाउन र उसको काम कस्तो प्रकारले अघि बढ्दैछ हेर्न जान्छ। ध्यानदिने जो ेशिक्षक हो, सहायकको घर नजिकै बस्छ र सिकारूले उसलाई सिकाउन आउँदा उ पनि उपस्थित हुन्छ। सर्व प्रथम सिकारूको मण्डलीमा उ गयो तर अब उसले सहायकको नयाँ मण्डलीलाई भेट गर्छ जुन मण्डली उसको घरदेखि सबभन्दा नजिक छ।

प्रार्थनापछि सहायकले आफनो योजना बताउँछ "सिकारू तपाईले मलाई ख्रीष्टलाई पछयाउनेहरूसित एउटा नयाँ मण्डली थाल्ने उत्साह दिनुभयो। मलाई तपाईको मदत चाहिन्छ। एउटा नयाँ मण्डलीले पालन गर्न पर्ने विभिन्न विधिहरूबारे म अल्लमल्ल परेको छु।"

सेवादिनले थप्छ, "म पनि अल्लमल्ल परें। मेरा जुँवाई श्री. मूर्ख आएर यस नयाँ मण्डलीलाई अगुवाई गर्न चाहन्छ। सहायक अहिले जवानै छ र उ एउटा पास्टर हुनुभन्दा पहिले बाइबल स्कूल गएर उसले धेरै वर्ष अध्ययन गर्नैपर्छ भनि जोड् दिंदैछ। उसले भन्देथियो,पावलले यरूशलेमको एउटा वियालयमा बाइबल अध्ययन गरे। उसले हाम्रो झुण्डमा प्राय सबैलाई यो कुरा बताइसकेको छ। अरूहरूले पनि भन्दैछन हामीले अकै तरिकाले काम गर्नपर्छ। कतिले हाम्रो आराधनामा मोमबत्ती जलाउन चाहन्छन् कसो गर्न पर्ने प्रत्येकले हाम्रो नयाँ मण्डलीलाई केहि न केहि बताउन चाहन्छ!"



सिकारूले आश्वास्त गाराउँछ "सबैको कुरामन्दा ख्रीष्ट येशूको आज्ञाहरू मान, सरल छ। यहि नै तिमीहरूको नयाँ मण्डलीको जग हो। ख्रीष्टका आज्ञाहरूमाथि मण्डलीले आफना अख्तियार स्थापित गर्दैन् भने शैतान झट्टै आएर स्थान ओगटछ। र तिमीहरू सँधै अलमल्ल परि नै रहनेछौ। अख्तियारका तीन स्तरहरू याद गर:

- अरूहरूको भन्दा पहिले ख्रीष्ट र उहाँका प्रेरितहरूहले के आज्ञा गर्नुभएका छन् त्यी पालन गर।
- दोस्रो त्यी कुराहरू गर्न तिमीहरूलाई स्वतंत्रता छ जुन् कुराहरू प्रेरितहरूले गरे तर आज्ञा चाही गरेका छैनन् तर मण्डलीका सबैले यी गर्नैपर्छ भन्ने मांग चाहीं नगर किनकि परमेश्वरले मात्र यस पृथ्वीका सारा मण्डलीहरूको निम्ति नियमहरू बनाउन सक्नुहुन्छ।
- तेस्रो आज्ञाकारितालाई बाधा नपुऱ्याउने अनि नयाँ मण्डलीमा सुधार गर्ने कुनै पनि मानवीय प्रथाहरू जाँच गर।"

सेवा दिनेले सोध्छ "अख्तियारका यी स्तरहरूमध्येमा कुन चाहीँले एउटा बाइबल स्कूल जानपर्छ भन्छ?"

सिकारूले तुरन्तै जवाफ दिन्छ, "तिमी के सोच्छौ?"

सेवा दिने एकछण चुप्प रहन्छ र भन्छ, ख्रीष्टले त शैक्षिक संस्थानबाट स्नातक गर भनेर हामीलाई कहिले भन्नुभएको छैन्। प्ररितहरूले मण्डलीका शरिरहरूबाट अलग गरेर आफना भेंड़ाहरूलाई तालिम केन्द्र पठाएनन्। तसर्थ यो अख्तियारको तेस्रो स्तरमा आउँछ, मानवीय प्रथा सबभन्दा तलको प्रथा।"


"ठिक भन्यौ। यसको अर्थ यो होइन कि शैक्षिक तालिम गलत हो तर सरल कुरा हामीले बाइबल कसरी कार्य गर्नु सो बारेका पद्धतिहरूको साटो चाहीँ मांग गर्न् सक्दैनौं।

तिम्रो मण्डलीमा मिल्ने कुनै पनि पद्धति चुन्न तिमी स्वंतंत्र छौ।

मण्डलीहरूको अतिरिक्त एउटा शैक्षिक तालिम केन्द्र केहि शर्तहरूमा फाइदा जनक हुन्छ जहाँ मण्डलीहरू बलियो हुन्छन् र जहाँ असल पढ़ेका पास्टरहरू पयार्प्त हुन्छन। तर यसले हाम्रो जस्तो नयाँ अभियानलाई जारी राख्दैन्।"

सेवा दिनेले भन्छ, "पावललेझैं हामीले पनि नयाँ अगुवाहरूलाई खटाउँदा कुन स्तरमा खटाउनु पर्छ।"

सिकारूले सोध्छ, "हाम्रो प्रभु येशू ख्रीष्ट र प्ररितहरूले आफना चेलाहरूलाई सिकाए तर अख्तियार जमाउनुभएन। त्यसैले नयाँ अगुवाहरूलाई दुईवटा स्तरमा तयार गर्नसक्छौं एक वैकल्पिक प्रेरितको आभ्यास। मलाई जसरी श्री. बुद्धिमानले सिकाउनु भयो म पनि सहायकलाई त्यासरी नै तालिम दिन चाहन्छु। श्री. बुद्धिमानले भने, उनले पावल प्रेरितको देखासिकी गरे, जसले द्येरै नयाँ भेड़ाहरूलाई तालिम दिए। पावले यी भेंड़ाहरू मध्ये एक जवानलाई आफनो प्रशिक्षु बनाए। जवान तर आत्मिकी रूपमा परिपक्व जसको नाउँ हो तिमोथी। पछि अन्य देशहरूमा नयाँ मण्डलीहरू थाल्न यात्रामा जाँदा अथवा रोमको एउटा झ्यालखानामा पर्दा, कसरी एक असल गोठाला बन्नुपर्छ भनि बुझाएर र उत्साह दिन पावलले तिमीथीलाई पत्रहरूलेखे। तिनलेलाई एक पुनरूत्पादित प्रभावको निम्ति अरूलाई अझ प्रशिक्षण दिनेहरूलाई तालिम देऊ भने।"



सेवादिने ले भन्छ, "मलाई याद भयो पुनरूत्पादान परिक्रमांको अर्थ के हो भनि श्री. बुद्धिमानले सिकारूलाई तालिम दिए (अरूलाई पनि)। सिकारूले तिमीलाई सिकाए सहायक! र तिमीले अरू अगुवाहरूलाई सिकाउँदै छौ कारण हामी नयाँ मण्डलीमा काम गर्छौं। श्री. बुद्धिमानले झै बाइबल कसरी प्रयोग गर्नु मलाई पनि तपाईले देखाउनुहोस्। तत्पश्चात हामी सबैले पावल प्रेरितको उदाहरणको अनुसरण गर्नेछौं।"

सिकारूले भन्छ, "खूबै असल सहायक, **बाइबल कसरी प्रयोग गर्न भनि पावलले तिमोथीलाई के लेखे** सो सेवादिनेलाई हेर्न मदत गर्नसक्छौ?"

### अभ्यास

**2 तिमोथी 3:10 देखि 4:5** मा सहायकले सेवादिनेलाई के खोज्न साघाउँछ पत्तो लगाउनुहोस्।

- जवान भेड़ा तिमोथीलाई पावलले कस्ता कामहरू दिन्छन्?
- बाइबल परमेश्वरको वचन भनि हामी कसरी विश्वास गर्नसक्छौं?
- अरूलाई सहायता गर्न हामीले बाइबललाई कस्तो प्रकारले प्रयोग गर्न पर्छ?
- कस्तो तरिकामा पावलले आफना क्रियाकलापहरू एवं बोली वचनहरू द्वारा तिमोथीलाई सिकाए?
- परमेश्वरले हामीलाई के दिनुहुन्छ जसबाट हामीले ख्रीष्ट येशूमा विश्वास द्वारा प्राप्त हुने उद्धारबारे निश्चयताका साथ अरूलाई सिकाउन सक्छौं।

सिकारू सुनिरहेको छ र सहायकले सेवादिनेलाई बताउँछ, पावलले तिमोथीलाई असल जीवन जीउनको लागि शिक्षा दिन, हकार्न, सुधार गर्न र प्रशिक्षण दिन बाइबलका वचनहरू प्रयोग गर्नु भनी सिकाए। सिकारूले मलाई परमेश्वरद्वारा बोल्नुभएका वचनहरू सिकाए। यी वचनहरूमा परमेश्वरको अख्तियार छ र यी सबैले उहाँको सत्यताबारे शिक्षा दिन्छन्। हामीलाई सिकाईएका त्यी सबै वचनहरू हामीले पालन गर्नु नै परमेश्वरको आज्ञा मान्नु हो। बाइबल अध्ययन गर्दा र पालन गर्दा हामीलाई पवित्र आत्माले सहायता गर्नुहुन्छ। उहाँले हामीलाई ख्रीष्टका आज्ञाकारी चेलाहरू बन्न मदत गर्नुहुन्छ।"

सिकारूले सहायकलाई भन्छ "तिमीले सहि सिकाउँदैछौ, जसरी श्री. बुद्धिमानले मलाई र मैंले तिमीलाई सिकाएँ। भन्दै जाऊ।"


"पावलले केवल परमेश्वरको वचनद्वारा मात्र तिमोथीलाई नसिकाएर आफना उदाहरण (जीवन) द्वारा पनि सिकाए। पावल र तिमोथीमाझ बलियो सम्बन्ध थियो। तिमोथीले पावलको जीवनशैली, तिनको विश्वास र शासना देखे पावलले उसलाई तिनका वचनहरू र क्रियाकलापहरूको देखासिकी गर्न लगाए। प्रभु येशूले पनि हामीलाई उहाँका वचनहरू साथै क्रियाकलापहरूबारे सिकाउनुभयो। उहाँले कहिले पनि परमेश्वरको वचन उहाँको जीवनमा पूरा गर्नमा चुक्नुभएन। प्रभुयेशू र पावल दुवैले परमेश्वरको वचनमा आज्ञाकारी बन्नुभएकोमा सतावट सहनु परयो। शैतानले हर सम्भव हर प्रकारले प्रभु येशूलाई विरोध गर्‍यो।"

सेवादिनेले सोध्छ "शैतानले कसरी प्रभु येशूको विरोध गर्‍यो?"

सिकारूले सहायकलाई बुझाउन लगाउछँ। सहायकले भन्छ, "**प्रभु येशूलाई शैतानले गरेको पहिलो मूख्य परिक्षालाई पुनः** विचार गरौं त।"

### अभ्यास

**मत्ती 4:1-11** मा खोज्नुहोस्:



- प्रभु येशूलाई कसरी शैतानले तीन प्रकारको परिक्षा गरयो?
- प्रत्येक परिक्षामा शैतानलाई जवाफ दिनुहुँदा प्रभु येशूले कुन् वचन भन्नुभयो?

परिक्षापछि प्रभु येशूको सेवा टहलको निम्ति को आए?

सहायकले बताउँछ, "परमेश्वर र उहाँको वचनमा विश्वास गर्नबाट रोक्न शैतानले प्रभु येशूलाई वाधा दिन चाहन्थ्यो। प्रत्येक परिक्षामा उहाँले शैतानलाई वचन उद्धृत गर्नुभएर जवाफ दिनु भयो। उहाँले परमेश्वरको  वचन पालन गर्नुभयो शैतानका शब्दहरू होइन। परिक्षाको सामना गर्नु गाह्रो छ। प्रभु येशूले उहाँको कठोर परिक्षमा परमेश्वरको वचन विश्वासयोग्यले पालन गरेर नै विजय प्राप्त गर्नुभयो। त्यसपछि स्वर्गदतहरू आएर उहाँको सेवा टहल गरे।"

**बाइबलका वचनहरू कसरी अध्ययन गर्नु**

सेवादिनेले सहायकलाई सोध्छ, तिमी भन्छौ बाइबल परमेश्वरको वचन हो। यसको अर्थ के हो? मैले सोच्थे यी वचनहरू मानिसहरूद्वारा लेखिएका हुन् भनेर।"

सिकारूले सिकाएको कुरा सहायकले सेवादिनेलाई बझाउँछ "बाइबल पवित्र आत्माको प्रेरणामा मानिसहरूद्वारा लेखिएका 66 पुस्तकहरूको संग्रह हो। यी पुस्तकहरूमा प्राचिन व्यवस्थाहरू, इतिहास, कविता, अगमवाणी, ख्रीष्ट येशूको जीवनी र नयाँ मण्डलीहरूलाई लेखिएका पत्रहरू सामेल छन्। बाइबलको मुख्य सार प्रभु येशू ख्रीष्ट हो। यूहन्ना 2:16 ले बाइबलको सन्देशको सारांश दिन्छ, "परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुमयो र उहाँले आफनो एकलौते पुत्रलाई दिनुभयो र जस कसैले उदाँमाथि विश्वास गर्छ कोहि नाश हुनेछैन् तर अनन्त जीवन पाउनेछ।"

"मैले त बाइबल दुईवटा पुस्तकहरू हो सोचेको थिएँ पुरानो र नयाँ नियम।"

सहायकले सिकारूबाट एक साता अघाड़ि मात्र सिकेको कुरा बताउँछ, "बाइबल दुई भागमा छ। पुरानो नियममा प्रचिन इस्राएलहरूलाई परमेश्वरले उहाँका व्यवस्था पालन गरे आशिष र पालन नगरेमा दण्ड दिने करार तिनीहरूसित बाँध्नुभएको कुरा उल्लेख छ। जब प्रभु येशू मर्नुभयो  उहाँले सम्पूर्णरूपले हामीलाई यस मृत्युको व्यवस्था मुक्त गर्नुभयो र पुरानो व्यवस्थालाई पूरा गर्नुभयो। अबोप्रान्त हामीले पुराना नियमका व्यवस्थाहरू पालन गर्दैनौं जस्तै, सातौं दिन अर्थात शनिचरवार काम गर्नेहरूलाई दुंगा हानेर मार्ने। नयाँ करार ख्रीष्ट येशूमा विश्वास गर्नाले हामीलाई बचाउनुहुने करार नयाँ नियमले प्रभु येशूलाई प्रेम गर्न सिकाउँछ। हामी पुरानो नियम बड़ो ध्यानसित पढ़छौं कारण परमेश्वरको व्यक्तित्व चरित्र र ख्रीष्टको कामबारे कुन प्रकारले बुझ्नु यसले शक्तिशाली उदाहरणहरू हामीलाई दिंदछ।

"नयाँ नियमले हामीलाई प्रभु येशूका चेलाहरू कसरी बन्नु सो बताउँछ। यसमा सामेल छन्:

**सुसमाचारहरूले** ख्रीष्ट येशूको जीवन, मृत्यु र पुनरूत्थानको वर्णन गर्छन्। यी पुस्तकहरूले व्यवस्थाका पुस्तकहरू पुरानो नियमका पाँचवटा पुस्तकहरूसित मेल खान्छन्।

**प्रेरितहरूका कर्मले** प्रभु येशू स्वर्गारोहन हुनुभएपछि पवित्र आत्माको शक्तिमा प्रेरितहरूले कसरी नयाँ मण्डलीहरू शुरू गरे, वर्णन गरेका छन्। यस पुस्तक इस्राएलका न्यायकर्त्ताहरू र राजाहरूका महान कार्यहरूसित सम्बद्धित पुरानो नियमका ऐतिहासिक पुस्तकहरूसित मेल खान्छ।

**पत्रहरू,** जुन प्रेरितहरू र तिनीहरूका सहकर्मीहरूले आफना नयाँ मण्डलीहरूलाई मदत गर्न लेखे र विश्वासीहरूले हितोपदेश र भजन संग्रहका पुस्तकहरू जस्ता पुरानो नियमका कवितात्मक लेखहरू व्यवहारमा ल्याए।

**प्रकाशको पुस्तक** भविष्यमा हुनआउने कुराहरू यूहन्नालाई नियमका पछिल्ला र अगवाणिका पुस्तकहरू जस्तै यशैया, यर्मिया र योनासित मेल खान्छ।

सेवादिनेले सोध्छ "बाइबल अध्ययन गर्ने असल तरिका के हो?" सहायकले सिकारूलाई हेर्छ तर सिकारूले उसैलाई जवाफ दिन भन्छ "सहायक, उ तिम्रो प्रशिक्षु हो, तिमी यी सबै कुरामा छौ र तिमीले उसलाई त्यी सिकाउनुपर्छ।"

सहायकले सेवादिनेलाई बताउँछ, "जब तिमी बाइबल अध्ययन गर्छौ प्रार्थना गरेर शुरू गर्नु। त्यसपछि बाइबलको कुनै एउटा पुस्तक वा एउटा विषयाबारे पढ़ जस्तै प्रार्थना अथवा विश्वासको विषय। समाप्त गर्नलाई जत्ति दिन भए पनि लगाउन। केवल एउटा पदमा मात्र ध्यान दिई नरहनु कारण यसो गर्नाले तिमीले गलत बुझ्नसक्छौ। बरू सम्पूर्ण अनुच्छेद नै यस संगसंगै पढ़नु । पढ़दा त्यस पद अधाड़ि र पछाड़ि के छ पढ़नु तब यसको सर्न्दभ बुझ्न सक्नेछौ। अनुच्छेद बुझेनौ भने पूरा अध्याय नै पढ़नु। अध्याय पनि नबुझे पुरै पुस्तक पढ़नु।"

"सर्न्दभ भनेको के हो?"

"सर्न्दभको अर्थ हो ऐतिहासिक वर्णन कि के हुँदै गईरहेछ," सहायकले भन्छ, "अहिले के भनिएको छ वा लेखिएको छ र अब के हुनेछ। कसले लेख्यो वा कसलाई लेख्यो र किन भनियो जान्न हामी सर्न्दभ खोज्छौं। के यस अध्यायले चिन्हयुक्त दर्शनहरू अथवा सोझै अर्थ लगाउने एउटा ऐतिहासिक घटना बारे पो बताईरहेको छ? शैतान पो बोल्दैछ वा केहि दुष्ट मातिसहरू? यदि यसो हो भने हामी विश्वास गर्दैनौं अथवा के भन्छन् हामी त्यसो गर्दैनौं।

"तिमीले भनेझैं पढ़दा पनि सर्न्दभ हामीले अझ पनि नबुझे के गर्नु?" "तिमीले नबुझेको कुरा कसैलाई नसिकाउनु" सहायकले जवाफ दिन्छ, "नयाँ नियमबाट सिकाउन शुरू गर्नु। पछि, पूरा बाइबल पढ़नु। यदि हामी आज्ञा पालन गर्दैनौं भने बाइबल पढ़नु मात्र असल कुरा होइन। तिमीले जे सिक्छौं त्यही गर्न मदत गरून भनेर परमेश्वरलाई भन।"

"जब बाइबलको एउटा पद पढ़दा, यदि यी कुराहरूमाथि ध्यान दिन्छौ भने तिमीले बुझ्नेछौ:

**यस पुस्तक कसले लेखे, कसलाई?**

**यस पदमा कहिले र कहाँ यी घटनाहरू घटे?**

**यस पदमा कसले कुरा गर्दैछ।**

**हामीले के गर्नपर्छ भनि यस पदले तयार गर्छ?**

**वचनहरू कसरी सिकाउनु र ख्रीष्टका चेलाहरू बनाउनु**

सहायकले बताउँछ, "म एउटा गीत लेख्न गईरहेछु कि परमेश्वरको वचन अध्ययन गर्नु कति अचम्मले आशिष पूर्ण हुन्छ। गीतले कुन कुरालाई बढ़ि जोड़ दिनपर्छ?"

सेवादिनेले सल्लाह दिन्छ, "तिमीले यो उल्लेख गर्नसक्छौ, पवित्र आत्मामा जब हामी वचन प्रयोग गर्छौं तब हाम्रो जीवनहरू परिवर्त्तन हुन्छन्।"

सिकारूले थप्छ, "हामी **असल राजा योशियाह र नविकरणबारे** गाउन सक्छौं। तिनले परमेश्वरको वचन पढ़े औ आफनो मानिसहरूको आत्मिकी नविकरण गरे।"

## अभ्यास

**2 इतिहास 34:1-13** हेर्नुहोस्:

- परमेश्वरप्रति राजा योशियाहको कस्तो व्यवहार थियो
- परमेश्वरलाई खोज्न तिनले कुराहरू गरे।

**2 इतिहास 14-21** मा होर्नुहोस्:

- राजा योशियाह किन आत्तिए र किन तिनले तिनका मानिसहरूले गरेका पापको निम्ति हृदयमा पश्चाताप गरे?

**2 इतिहास 34:32-33** मा हेर्नुहोस्:

- राजा योशियाहको पश्चाताप र परमेश्वरको वचनप्रति आज्ञाकारी जवाफबाट के परिणाम आयो।

सेवादिनेले सिकारू र सहायतालाई बुझाउछ, "म पनि तपाईहरू झैं परमेश्वरको वचन प्रचार गर्न चाहन्छु। एउटा असल संदेश कसरी तयार गर्नु बताउन सक्नुहुन्छ?"

सिकारूले सेवादिने र सहायकलाई श्री. बुद्धिमानले सिकाएका कुराहरू बुझाउँछ, "प्रचार गर्न जब तिमी तयार हुन्छौ तब, यी मौलिक कुराहरू ध्यानमा राख: योजना बनाऊ, बुझाऊ र प्रयोगमा ल्याऊ।

- **संदेशको योजना बनाऊ:** परमेश्वरको अगुवाईको लागि प्रार्थना गर। तिम्रो मण्डलीले कुन निर्दिष्ट सत्यता सुन्न जरूरी छ सोंच। सशक्त पार्न पर्ने कुनै एउटा सेवाकाई छ कि? बाइबलको कुन भागले तिम्रो मण्डलीको प्रेम र ख्रीष्टको सेवालाई बलियो पार्नेछ?
- **वचन अध्ययन गर:** तिम्रा मानिसहरूलाई के कुराको खाँचो छ भनि बाइबलमा कहाँ पाइन्छ खोज। एउटा बाइबलको पुस्तक वा छोटो पद वा एउटा सार खोज। एउटा सार, एउटा विषय एउटा शिर्षक हो जसले तिमीले सिकाउन योजना बनाएको सत्यताबारे बताउँछ। हामी जसरी चर्चा गर्छौं त्यसरी नै बाइबल पढ़। सिकाउन भन्दा पहिले तिमीले एउटा शिर्षक वा पुस्तक द्येरै सातासम्म अध्ययन गरिरहन सक्छौ। तिमीले पाएका महत्वपूर्ण कुराहरू लेख। आफनो जीवनमा त्यी शिक्षालाई अनुसरण गर्न एउटा व्यवहारिक उपाय खोज।
- **परमेश्वरको वचन बुझाऊ:** एउटा प्रश्न वा एउटा उदाहरणको साथ तिम्रो संदेश शुरू गर जसले उददेश्यलाई स्पष्टता प्रस्तुत गर्दछ। पद अध्ययन गर्दा तिमीले लेखेका महत्वपूर्ण कुराहरू बताऊ। वचन अथवा आफनै जीवनबाट उदाहरण वा कथाहरू भन जसबाट मानिसहरूले त्यस शिक्षालाई तिनीहरूको जीवनमा लागू गर्न मदत पाऊन्।"
- **परमेश्वरको वचन प्रयोगमा ल्याऊ:** मानिसहरूलाई बताऊ यस पदलाई तिनीहरूले आफना जीवनमा कसरी व्यवहारमा ल्याउन। समाप्त गर्नुको लागि सुनेका वचन तुरन्तै जीवनमा गर्न प्रोत्साहन दिनु।"

सहायकले सिकारूलाई भन्छ, "आज राती हाम्रोनयाँ झूण्डलाई के तपाई प्रचार गर्ने? तिनीहरूले पनि वचनको अख्तियार बारे सिक्न खाँचो छ जसरी तिमीले आज सेवादिनेलाई र मलाई सिकायौ।"

सिकारूले भन्छ, "अहँ, धन्यवाद तर म तिमीलाई वचनको अख्तियारबारे तिम्रो मण्डलीको निम्ति एउटा सन्देश तयार गर्नमा मदत गर्नेछु। 2 तिमोथी 3:16 र 17 मा. हेरौं। उदाहरणका लागि येशू प्रभुलाई भएको परिक्षा र राजा योशियाहको सुधारको कथा तिमीले सामेल गर्नसक्छौ।"

त्यस राती मानिसहरूलाई सिकाउँदा सहायक आत्तिन्छ। उसले उनीहरूलाई अख्तियारका तीनवटा स्तरहरू पुन: दोहोराउँछ "पहिलो स्तर हो नयाँ नियमका आज्ञाहरू। दोस्रो आज्ञा नगरिएका नयाँ नियमका विधिहरू र तेस्रो चाहीं मानवीय रीतिहरू। यी सबै स्तरहरू उसले उनीहरूलाई बुझाउँछ।

सिघिएपाछि सहायकले भन्छ, "तपाईहरू कतिजनाले म केहि वर्षको निम्ति बाइबल स्कूलमा अध्ययनको लागि गएको चाहनुहुन्छ। औ अब म देख्छु कि यो न ख्रीष्टको आज्ञा नता प्रेरितहरूको काममा देखिएको रहेछ। यो त पास्टरहरूको निम्ति प्रशिक्षणको एउटा सामान्य प्रथा पो रहेछ। सिकारूबाट नै परमेश्वरको वचन सिक्न ज़ारी राख्ने योजना छ मेरो कारण उसले कसरी प्रभावकारी प्रकारले परमेश्वरको वचन तिमीहरूको खातिर व्यवहारमा ल्याउनु सहयोग गरिरहको छ। प्रत्येक दुई साता उसले मलाई भेट्न आऊँछ र यस नयाँ मण्डलीको जीवन बढ़ीभन्दा बढ़ी परमेश्वरको वचन व्यवहारमा कसरी ल्याउनु सो बताउँछ।"

सेवादिनेले प्रत्युत्तर दिन्छ, "सिकारू, परमेश्वरको वचन पालन गर्न हामीलाई मदतगर्न सहायकलाई तालिम दिईरहनुमएकोमा हामी धन्यवादी छौं ।"

**व्यवहारिक काम**

- तिम्रो मण्डलीलाई वचनको अख्तियारवारे सिकाउन यस भागका कथाहरू चलाऊ।
- बाइबलमा भएका पुस्तकहरूको नाउँ कण्ठ गर्न तिम्रो मण्डलीलाई मदत गर औ याद गर्न लगाउ। प्रत्येक पुस्तक कस्तो हो कविता, इतिहास, पत्रहरू वा अगमवाणीको पुस्तक।
- मण्डलीका क्रियाकलापहरूको निम्ति अख्तियारका तीन स्तरहरूबीच भिन्नता छुट्टाउन मण्डलीलाई मदत गर।
- चारवटा मौलिक कुराहरू योजना, अध्ययन प्रेम र सेवा (ख्रीष्टको निम्ति) बलियो बनाउन सन्देशहरू तयार पार्न तिम्रो मण्डलीका अन्यहरूलाई मदत गर।

## III 5 सेवाकाई 5

# नयाँ मण्डलीहरू शुरू गर

सिकारूको घरमा एउटा आराधना सेवा पछि महिलाहरू, श्री. मूर्ख साथै दुई जना खड़ा भएर सिकारूलाई भन्छन्, "हामी तिमीसित कुरा गर्नपर्नेछ। हामीले निर्णय गरयौ कि तिम्रो प्रशिक्षु सहायकले अर्को नयाँ मण्डली शुरू गर्नु हुँदैन। त्यो नयाँ मण्डलीमा जानका लागि द्यैरैले हाम्रो मण्डली छोड़ेका छन्। यसो गर्नाले हाम्रो मण्डली कमजोड़ हुन्छ। सहायक यहाँ हाम्रो सेवाकाईको निम्ति तिमीसित काम गर्नपर्छ।"

सिकारूले जवाफ दिन्छ, "म तपाईहरूको चिन्ता बुझ्छु तर मेरो भाई, सहायकले श्री बुद्धिमान र मैंले गर्न भनेका कुराहरू गरिरहेछ। उसले आफनी पत्नीका शाखा सन्तानहरू जोहरू नजिकै छन् भेटघाट गर्न गईरहेकै छ। उनीहरू सुसमाचार सुनिरहेका छन्। उनीहरू यहाँ आएको म चाहन्नँ। यसो गर्नाले परमेश्वरको राज्यको वृद्धि सिमित हुनजान्छ। हाम्रो राष्ट्रभरि मण्डलीहरूको संख्या बढ़ेर ख्रीष्टको राज्य विस्तार भएको होस्।"

एउटी महिलाले भन्छे, "म यसमा सहमत छुइन तर तिमीले यहाँ नयाँ मण्डली शुरू गर्‍यौ भने यसको अगुवा तिमीनै हुनुपर्छ। सहायक अहिले एउटा नयाँ विश्वासी हो र अगुवाई गर्न सक्दैन।"

सिकारूले द्यीरजपूर्वक भन्छ, "सहायकको नयाँ झुण्ड चाँड़ै एउटा बलियो मण्डली बन्नेछ। यो मेरो मण्डली होइन, ख्रीष्टको हो। शुरू भएको प्रत्येक नयाँ मण्डलीको अगुवाई गर्ने मसित समय हुनेछैन्। तसर्थ मण्डलीलाई अगुवाई गर्ने र अरू गोठालाहरूलाई तालिम दिने बनाउन म सहायकलाई प्रशिक्षण दिंदैछु। पवित्र आत्माले उसलाई अगुवाई गर्नुहुनेछ जसरी हामीलाई गर्नु भयो।"

उसले भन्छ, "के तपाईहरू सुन्न चाहनुहुन्छ कि पावलले **कसरी मण्डलीहरू शुरू गरे**?" एउटी महिलाले 'भन्छे र केहि पुरूषहरू सुन्नलाई भेला हुन्छन् र सिकारूले फेरि बस्ने निम्तो दिन्छ।

### अभ्यास

**प्रेरित 13 र 14** अध्यायमा हेर्नुहोस्:

- एन्टियोकका विश्वासीहरूले पावल र वर्णाबासलाई कसरी रोजे अनि नयाँ मण्डलीहरू गुरू गर्न उनीहरूलाई अलग गरे।
- पिसिदिया एन्टियोक र तिस्त्रामा प्रेरितहरूको दलले कसरी सुसमाचार प्रस्तुत गरे?
- यहूदीहरूले उनीहरूलाई केहि शहरहरूबाट साँद्य सिमाना पारी गर्दा उनीहरूले के गरे।
- यी क्षेत्रहरूभएर फिर्त्ता हुँदै गर्दा पावल र बर्णाबासले के गरे जहाँ उनीहरूको प्रचारद्वारा मानिसहरू विश्वासमा आएका थिए?
- एन्टियोकमा आफनो मण्डलीमा फर्केर उनीहरूले के गरे?

श्री मुर्खलाई भनिरहेको कुरा सुन्नालाई भेला भएका केहि व्यक्तिहरूको एउटा सानो झुण्डलाई सिकारूले बुझाउँछ "मण्डलीले आराधनामा र उपवास बस्दा के थाहा गरे भने परमेश्वरले एक विशेष कामको लागि पावल र वर्णाबासलाई छुट्टाउनुभयो। अगुवाहरूले उनीहरूमाथि हात राखेर प्रार्थना गरि एक झुण्डमा अरू क्षेत्रमा पठाए। जताजता उनीहरू गए त्यता त्यत्तै मानिसहरू सुन्न इच्छुक भएको उनीहरूले देखे र प्रभु येशूबारे तिनीहरूलाई बताए। उनीहरूले तिनीहरूलाई बताए कि कसरी प्रभु येशू परमेश्वरले प्रतिज्ञा गर्नुभएको एकजना अभिषेक मारिए तर पुन जीवित हुनुभयो अनि द्यैरैले उहाँलाई देखे। उनीहरूले रोगीहरूको निम्ति प्रार्थना गरे र केहि निको भए। लिस्त्रामा उनीहरूलाई परमेश्वरको रूपमा पुजिरहेका मानिसहरूलाई बुझाए अनि तिनीहरूलाई मूर्तिपूजा त्याग्न र सत्य परमेश्वरमा फर्कनु भने।



"अन्यजातिहरू सुसमाचार प्रति प्रतिक्रियात्मक भए र घेरैले विश्वास गरे तर घेरैले तिरस्कार पनि गरे। जब पावल र बर्णावासलाई खेदि निकाले तब उनीहरूले आफना खुट्टाहरूको धुलो टकटकाए र अर्को ठाँउमा गए। पछि यहि शहरहरू भएर फर्कदा उनीहरूले प्रत्येक मण्डलीको अगुवाई गर्न एल्डरहारूलाई नियुक्त गरे र प्रार्थना एवं उपवास सहित प्रभुमा तिनीहरूलाई समर्पण गरे। त्यसपछि आफनो मण्डलीमा फर्केर आई जुन कामको लागि पठाइएका थिए त्यसबारे पूरा रिर्पोट दिए। सहायक र उसको नयाँ मण्डलीबाट शुरू गर्दे यहि नै हाम्रो मण्डलीले पनि गर्देछन।" श्री मूर्ख रिसाएको घोड़ा जस्तो कराएर दुई महिलाहरूलाई लिएर त्यहाँबाट जान्छ।

## नयाँ मण्डलीहरूको शुरूवात

सिकारू फेरि सहायकलाई भेटघाट गर्न र सिकाउन साथै प्रोत्साहन गर्न जान्छ। उसले सहायकलाई भन्छ, "सहायक, रेचेल तिम्री पत्नीका शाखासन्तानहरूले प्रेरितकर्महरूमा धेरै अन्यजातिहरू झै चाँड़ै सुसमाचार  सुने। के तिमीले उनीहरूलाई पश्चाताप गर्नु ख्रीष्ट येशू माथि विश्वास गर्न र उहाँको नाउँमा बप्तिस्मा लिन भन्यौ?"

"भने। अब म के गरूँ?"

"मुख्य मण्डलीमा हामीबाट सिकेको आराधनाका मौलिक कुराहरू सहित कसरी परमेश्वरको आराधना गर्नु सो उनीहरूलाई सिकाऊ। सेवादिनेको सहायता माग। तर मौलिक कुराहरू नभुल्नु। उनीहरूलाई प्रार्थना गर्न परमेश्वरको वचनबाट सिक्न आआफना पाप स्वीकार गर्न तथा पापक्षमाको आश्वासन पाउन, प्रभुभोज लिन र संगति दिन र गर्नबारे शिक्षा देऊ। कुनै न कुनै तरिकाले प्रत्येकलाई सहभागी बनाऊ। तर सबैभन्दा बढ़ि चाँहीं ख्रीष्टका मूल आज्ञाहरू पालनगर्न सिकाऊ। के तिमीलाई त्यो सबै याद छ?"

सहायकले भन्छ, "म गीतमा यी सबै गाउँछु। म कदापि भुल्न सक्दिन । उसले गीत गाउँछ जसमा पश्चाताप र विश्वास बप्तिस्मा लिन, प्रेम, प्रभुभोज बाँड़न, प्रार्थना गर्न, दिन र चेलाहरू बनाउन सबै विषयहरू समावेश छन्। "परमेश्वरको पवित्र आत्माले हामीलाई यी सब गर्न लगाउनुहुन्छ।"

सिकारूले भन्छ, खूब राम्रो नियमित रूपले झुण्डमा भेला हुँदा अन्य असल अगुवाहरू चुन र प्रार्थनासहित उनीहरूमाथि हात राख प्रेरितहरूले झैं तिमीहरू उपवास बस्न सक्छौ यद्धपि यसो गर भनि आज्ञा दिएका छैनन्। यी अगुवाहरू, केहि समयको लागि हुनसक्छन। अर्थात अस्थायी रूपले यी अगुवाहरूलाई के कसो गर्छन् याद गर्नलाई हेर। यस दायित्वका लागि कसलाई परमेश्वरले वरदान दिनुभएको छ परमेश्वरले त्यो हेर्न समय लाग्छ। लगत्तै ख्रीष्टले गर्नुभएका सात आज्ञाहरू यी अगुवाहरूमा लागू गर्न तिनीहरूलाई मदत गर। मबाट सिकेको कुरा तिनीहरूंलाई सिकाऊ। तिमीलाई खाँचो परेमा म तिमीलाई मदत गर्नेछु।

दुई सातापश्चात सिकारू सहायकलाई भेट्न जान्छ। यहायकले रिर्पोट दिन्छ, "तिमीले सिकाएका कुरा मैंले व्यवहारमा ल्याएँ मैंले रेचलका परिवारहरूलाई बढ़ि भेट गरें। त्यसपछि उनीहरूलाई लिए उनीहरूका मित्रहरूलाई भेट्न गएँ। घेरैले ख्रीष्टलाई ग्रहण गरे। उनीहरूलाई सिकाउनलाई तिमीले मलाई सिकाएको कुरा  नयाँ मण्डलीमा प्रत्येकले व्यवहारमा ल्याउँदैछ।"

केहि साताहरूपछि सिकारू फेरि सहायकलाई भेट्न जान्छ। सहायकले रिर्पोट दिन्छ, "हामीले अर्को नयाँ मण्डली थाल्यौं। मेरो ससुरालीमा यो मण्डली लाग्छ। केहि समयको निम्ति यस मण्डलीको देखरेख गर्न गोठालो गर्न मैंले रेचलका दुईजना काकाहरूलाई एल्डर बनाएको छु।"

"पवित्र आत्माले काम गर्नुभएको देखेर म रमाउँछु। अब हाम्रो एउटा नतिना मण्डली भयो। म प्रेरितकर्म पढ़िरहेको थिएँ। **पहिलो मण्डली कसरी गुरू भयो** म त्यो बताउन परयो यसैले कि त्यही कुरा रेचलका काकाहरूलाई तिमीले तालिम दिंदा सिकाउन सक्छौ।

**अभ्यास**

**प्रेरित 1** अध्यायमा हेर्नुहोस:

- स्वर्गारोहण हुनुमन्दा अघि प्रभु येशूले आफना चेलाहरूलाई सुसमाचार कता–कता प्रचार गर्न भन्नुभयो?
- तिनीहरूलाई शक्ति कहाँबाट आयो?

**प्रेरित 2** अध्यायमा हेर्नुहोस:

- पवित्र आत्मा चेलाहरूमाथि आएपछि के भयो?
- पत्रुसले मानिसहरूलाई प्रभु येशूबारे के भनें?
- मानिसहरूले पश्चाताप गरेर के गरे जसको फलस्वरूप पहिलो मण्डलीको जन्म हुन गयो?

सिकारूले सहायकलाई भन्न जारी रारव्छ, "प्रभु येशूले उहाँका चेलाहरूलाई सुसमाचार प्रत्येकलाई बताउने आज्ञा गर्नुभयो सबभन्दा पहिले आफनो नजिककाहरूलाई। उहाँले स्वर्गबाट शक्ति, पवित्र आत्मा पठाउनु हुने प्रतिज्ञा गर्नुभयो। पेन्तिकोसको दिनमा पवित्र आत्मा आउनुभयो अनि चेलाहरू यस पवित्र आत्माले भरिए। एउटा भावना अथवा व्यक्तिगत अनुभव दिनलाई मात्र उहाँले यसो गर्नुहुन्न। प्रेरितहरूले भीड़हरूलाई तिनीहरूकै भाषामा सुसमाचार सुनाए। जुन भाषाहरू प्रेरितहरूले कहिले सिकेका थिएनन्। पत्रुसले द्येरै आश्चर्यकर्महरूद्वारा प्रभु येशू, परमेश्वरले चुन्नु भएका हुनुहुन्थ्यो भनि प्रमाणित गर। हाम्रो पापको निम्ति हामीलाई बचाउन मर्नु र गाँड़िनुभएपछि उहाँ पुन: जीवित हुनुभयो।"

सहायकले भन्छ, "मलाई थाहा छ। तीन हजार मानिसहरूले पत्रुसको प्रचार सुने र आआफना पापहरू मानिलिए। प्रेरितहरूले तिनीहरूलाई बप्तिस्मा दिए र त्यही दिन मण्डलीमा ल्याए। तुरन्तै तिनीहरूले प्रभु येशूका सातवटा आज्ञाहरू पालन गरिहाले र यरूशलेम यसरी पहिलो मण्डली शुरू भयो। तिनीहरूले एकार्कालाई द्येरै माया गर्थे।"

### व्यवहारीक रूपमा एकार्कालाई प्रेम गर्न र दिनलाई ख्रीष्टले दिनुभएको आज्ञा पालन गर्दै

परमेश्वरले सहायकको मण्डलीलाई आशिष, दिनहुन्छ र च्यो आम प्रकारले बढ़छ कारण मानिसहरूले आफना मित्र एवं सन्ताहरूलाई प्रभु येशूको बारेमा बताउँछ। सहायक सिकारूकोमा आएर भन्छ, "मेरो मण्डली द्येरै नै बढ़ेको छ र संगतिको आनन्द उठाउन र पहिले जस्तो एर्काकालाई भेटने मौका पाउँदैनन उनीहरूले। उनीहरू केवल आउँछन् र सुनेर मात्र गईहाल्छन आजकल एर्काकालाई चिन्दैनन् र मेरो घरमा पनि अटाउँदैनन्। एर्काकाप्रतिको हाम्रो प्रेम सेलाउँदैछ कारण झुण्ड अब ठुलो भएको छ। एकार्का बातचीतसम्म गर्दैनन् र अब यो एउटा ठूलो प्रेमपूर्ण परिवार रहेन। सानो झुण्डहुँदा गरे झै अब उनीहरूले सुसमाचार सुनाउदैनन्। हामीले प्रभु येशूको निम्ति हाम्रो साक्षी र संगति कसरी बलियो राख्न सक्छौं?"

सिकारूले भन्छ, "यो त एउटा आम समस्या हो। मण्डलीकी दुईवटा मुख्य काम छ मानिसहरूलाई ख्रीष्टमा ल्याउनु र तिनीहरूलाई ख्रीष्टका आज्ञाकारी चेलाहरू बनाउनु। यस काम राम्ररी गराउन तिमीले तिम्रो मण्डलीलाई ससाना झुण्डमा व्यवस्थीत गर्नुपर्छ। नयाँ सानो

झुण्डका अगुवाहरूको जसहरू केहि परिवारहरूसित आआफना घरमा भेला हुनेछन्। कसरी ससाना झुण्डहरू बनाउनु त्यसबारे यहाँ सुझावहरूको एउटा सूचि छ। लेखिएको छः

**प्रत्येक सानो झुण्ड नयाँ नियमको एउटा मण्डली हो, एउटा मण्डलीको सारा काम यस झुण्डले गर्छ, यद्धपि यो एउटा ठूलो मण्डलीको अगं हो। प्रेरितकर्ममा यसरी नै प्रेरितहरूले मण्डलीहरूलाई व्यवस्थीत पारेकाछन्। शहरीय मण्डलीहरूमा द्यैरेको संख्यामा मानिसहरू थिए तर घरैमा भेला हुन प्रार्थना गर्न, वंचन अध्ययन गर्ने, र प्रभुभोज मनाउन भनि यी मानिसहरूलाई ससाना झुण्डहरूमा भाग गरिए।**

**हरसम्मव अगुवाको घरमा भेला नहुनु। मानिसहरूले सोंच्नसक्छन् कि यो झुण्ड उसको हो र अरूहरूको घर घर गएमा द्यैरैलाई खीष्टमा ल्याउन सकिन्छ।**

**झुण्डमा उठाइएको भेटी अगुवाले देखरेख गर्नु हुँदैन्। कसैलाई नै खाँजाञ्चीको भार दिनुपर्छ। झुण्डको देखरेख गर्न अगुवासित समय हुन जरूरी छ।**

**सानो झुण्ड त्यसै प्रचार नगरेर उनीहरूसितै वचन अध्ययन गर्नुपर्छ। अध्ययन गरेपछि प्रश्नहरू गर्नु। सबैजनालाई बोल्न दिनपर्छ हरेकलाई उनीहरूको वरदानुसार आराधनामा भाग लिन र सिकाउन उत्साह दिनुहोस्।**

**सम्पूर्ण परिवारलाई नै कार्यक्रमहरूमा सामेल गराउनुहोस्।**

**भेला हुँदा प्रत्येक पल्ट नै पूरै भोजन नखानुहोस कारण मेला हुने घरकाहरूलाई यो बोझ हुन जान्छ र प्रभु भोजलाई असर पार्नसक्छ जसरी पावलले 1 कोरन्थी 11 अध्यायमा चेताउनी दिएका छन्।**

**झुण्डलाई सिकाउन आगन्तुकहरूलाई अनुमति नदिनु। तिमी र अन्य अगुवाहरूले उनीहरूको जीवन र शिक्षालाई पहिले जाँच गर्नपर्छ।**

**नयाँ झुण्डलाई मदत गर्नलाई नयाँ अगुवाहरूलाई तालिम दिनका लागि मानिसहरू खोज। तिमीले जे जत्ति सिक्यौ यो अरूलाई सिकाऊ। चौड़ैभन्दा चौड़ै तिनीहरूलाई आफनै झुण्डहरू शुरू गर्न प्रोत्साहन देऊ। यसो गर्नाले ख्रीष्टको अमियान बढ़ि नै रहनेछ।**

दुई महिनापछि सहायकले सिकारूकोमा गई रिर्पोट दिन्छ, "अन्य एल्डरहरू र मैंले तिम्रो सल्लाहनुसार गरिरहेछौं। सबै क्षेत्रमा भएका घरहरूमा भेला हुनलाई हामीले ससाना झुण्डहरूको व्यवस्था मिलायौं। केहि झुण्डहरू गैर विश्वासीहरूका घरमा भटेघाट गर्न जान्छन्। अरूहरूले प्रार्थनाको निम्ति नयाँ ठाँउहरूमा कर्मीहरूलाई पठाउनमा ध्यान दिन्छन्। प्रायः सबैले समुदायमा खाँचोमा परेकाहरूलाई मदत गर्छन्। सबै जना नै सुसमाचार लिएर आआफना मित्रहरू कहाँ जान्छन। नयाँ ससानाझुण्डहरूको गोठाला गर्ने एल्डरहरूकहाँ प्रार्थना र उनीहरूको रिर्पोट सुन्न, समस्याहरूको समाधान गर्न तथा उनीहरूलाई प्रोत्साहन दिन म नियमित रूपमा भेट गर्छु।"

"कति राम्रो!"

एउटा झुण्डले टाड़ामा बस्ने आफन्ताहरूलाई भेट गरिरहेको छ। एल्डरहरू र मैंले यी झुण्डहरूलाई नयाँ मण्डली मा व्यवस्थीत गर्ने योजना गर्दैछौं। उनीहरू सबै संयुक्त आराधना र भोजको लागि महिनामा एकपल्ट आउँछन्। कृपया अर्को पटक आई दिनु।"

सिकारूले सर्तक गराउँछ, "यदि उनीहरू ठुलो झुण्डमा भेला हुँदैछ भने तिमी होशियार बस। यहि कारणले अधिकारीरूले श्री बुद्धिमानलाई यहाँबाट जान बाध्य बनाए। ख्रीष्टको मण्डलीमा वृद्धि हुँदा सतावट प्रायैः हुँदछ।"

सहायकले जवाफ दिन्छ, परमेश्वरले ख्रीष्टको साक्षी बन्न कतिलाई टाड़ा पठाउनुहुन्छ, जस्तो श्री बुद्धिमालाई पठाउनुभयो। यस कामको निम्ति द्यैरै समय धन र प्रयासको आवश्यकता पर्छ तर तिमीले मलाई सिकाएका परमेश्वरको कामको प्रत्येक भागमा हाम्रो

मण्डली सहभागी बनोस् भनी म चाहन्छु।"

"खूब राम्रो!" सिकारूले भन्छ। परमेश्वरचाहनु हुन्छ, ख्रीष्टको विषयमा सुसमाचार यस पृथ्वीमा भएका प्रत्येक जातिसमूह र संस्कृतिले सुनेको होस्।



**व्यवहारीक काम**

- परमेश्वरसित, नयाँ मण्डलीहरू शुरू गर्न सक्ने व्यक्तिहरूलाई चिन्न तिमीलाई मदत गर्न भनि प्रार्थना गर्नु र तिमीलाई चिन्न मदत गर्न भनि प्रार्थना गर्नु र चिनेपछि उनीहरूलाई प्रार्थना गरेर, उपवास बसेर र उनीहरूमाथि हात राखरे सेवाकाईमा पठाउनु।
- नयाँ मण्डलीको रूपमा आराधना गर्न भेला हुने र ख्रीष्टको आज्ञा मान्ने बप्तिस्मा लिएका नयाँ विश्वासीहरूको कुनै पनि झुण्ड पत्तो लगाउनु अनि यस झुण्डको लागि स्थानीय अगुवाहरू नियुक्त गर्नु।
- यदि नयाँ अगुवाहरू विश्वासमा धेरै नौला छन् भने उनीहरूले प्रमाण्ति नगरेसम्म देखरेख गर्ने एल्डरहरूको रूपमा केहि समयको लागि नियुक्त गर।
- पछाड़िबाट यी नयाँ अगुवाहरूलाई सिकाऊ। तिनहरूलाई केहि महिना वा एक वर्षको निम्ति एल्डरहरू नियुक्त गर्नु अर्थात जबसम्म यस दायित्वको निम्ति तिनीहरू मध्ये कसलाई परमेश्वरले वरदान दिनुभएको छ भनि स्पष्ट नभईजेल।
- सबैकुराभन्दा र पहिले चाहाँ यी नयाँ अगुवाहरूलाई ख्रीष्टका सारा आज्ञाहरू पालन गर्न सिकाऊ। बप्तिस्मा कसरी दिनु, प्रभुभोज कसरी मनाउनु र आराधनाका मौलिक कुराहरू व्यवहारमा कसरी ल्याउनु ची अगुवाहरूलाई सिकाऊ।
- यदि अधिक अनुभवि अगुवासित जसले, यी अगुवाहरूको काम हेर्छन् र चिनीहरूलाई सिकाउँछन्, भेटघाट गर्दैछन् भने मात्र उनीहरूलाई यसो गर्न दिनु।
- भेटघाट हुँदा प्रत्येकको कुरा सुन्नको लागि यदि तिम्रो मण्डली ठूलो भएकोले, सम्भव नमए एर्काकाको सेवा गर्ने एउटा प्रेमले भरिएको परिवार बन्न साना झुण्डहरू बनाऊ। झुण्डलाई यसैले सानै राख्नु कि प्रत्येकले भाग लिन र व्यवहारीक तौरमा एर्काकाको सेवा गर्न पाऊन व सकून्।

### III 6 सेवाकाई 6

## देखरेख गर्ने एल्डरहरू र अन्य अगुवाहरूलाई प्रशिक्षण देऊ

एकदिन सहायक सिकारूको घरमा बात गर्न आउँछ तर सिकारूले भन्छ "आज म तिमीलाई भेट्ने फुर्सद छैन्। माफी चाहन्छु।" सहायक छक्क पर्छ र के भयो सौध्छ तर सिकारूले अहिले बात गर्न सक्दिनँ भनि भनिदिन्छ।

समस्या के हो भनि सारालाई सहायकले सोध्छ। साराले भन्छे, "मलाई थाहा छैन्। केहि कुरामा उ निरूत्साहित छ। सायद अहिले यसबारे उ कुरा गर्न चाहदैन्।"

नराम्रो मान्दै सहायक फर्किन्छ। उसले श्री. बुद्धिमानलाई पत्र लेख्छ "म सिकारूलाई लिएर चिन्तित छु। सेवाकाईको निम्ति उसले जीश हराएको छ, मलाई लागदैछ। केहि त भएको छ।"

केहि दिनमा श्री बुद्धिमान द्येरै अवधि पछि पहिलो भेटघाटको निम्ति आईपुग्छ। सहायकलाई लिएर उ सिकारूसित कुरा गर्न जान्छ। सिकारू घरैमा हुन्छ तर उ कुरा गर्न चाहँदैन्। उनीहरू फर्कनै लाग्दा साराले आग्रह गर्छे "श्री बुद्धिमान म अतिनै खुशी छु तपाई आउनुभयो। के चाहीँ भएकों हो सायद मलाई थाहा भयो। मण्डली अतिनै बढ़ेको छ र सिकारू एक्लैले समय पाउँदैन् र द्येरै व्यस्त हुन्छ। उसले आफनै परिवारलाई समय दिन पाउँदैन। मण्डलीका केहिले उसलाई आर्थिक सहयोग पुरयाउँदैछन् तसर्थ पसलमा कामको दरकार उसलाई अब पर्दैन तर, घेरै नै उत्तरदायित्वहरू उसमाथि आईपरेका छन्। कारणै विना हरेकसित उ रिसाउँछ नयाँ विश्वासीहरूसित पनि।"



श्री बुद्धिमान र सहायकले सिकारूलाई प्रार्थना गर्न लगाउँछ उ उनीहरूसित प्रार्थना गर्न चाहदैन्, सुस्तरी बोल्छ, "म घेरै थाकें। मैले यति द्येरै काम गर्नुपर्छ। तिमीले फेरि अगुवाको भार सम्माल्वुपर्छ श्री. बुद्धिमान पुलिस पनि हाम्रो पछाड़ि लागीरहन्छन्। यसो गर्नु नै ठिक हुन्छ।"

श्री बुद्धिमानले मान्दैन् "तिमीसित पनि मोशासितको झैं त्यही समस्या रहेंछ। तिनीआफैले मात्र द्येरै काम गरे। तिनले अरूलाई पास्टरका दायित्वहरूको अभिभारा दिन असफल भए। तिमीले सहायक र नयाँ मण्डलीहरूलाई कामहरू अह्राएर खूब असल गरयौ तर तिम्रो आफनै मण्डलीमा चाहीं यसो गर्न असफल बन्यौ। तिम्रो मानिसहरूको देखरेख गर्न तिमीलाई मदत गर्न म यहाँ फर्केर आउन सक्दिनँ। यदि मैंले शुरू गर्न मदत गरेको मण्डली प्रत्येकको देखरेख गर्ने प्रयास गरे भने, मैंले पवित्र आत्माको काममा वाधा खड़ा गर्नेछु। म आफै यति व्यस्त भए पछि म अरूलाई मदत गर्न नसक्ने हुन्छु, जसको तिमीहरूलाई दाकार छ।"

सिकारू चुपचाप सुन्दै बस्दा श्री बुद्धिमानले भन्न जारी राख्छ, "प्रभु येशूले हामीलाई चेलाहरू बनाउने जे जे आज्ञा गर्नुभयो त्यो पालन गर्न अरूलाई सिकाउने आज्ञा गर्नुभयो। सेवाकाई गर्न र नयाँ मण्डलीहरू खड़ा गर्नलाई आवश्यक हरेक कुराहरू उदाँले आफना चेलाहरूलाई सिकाउनुभयो। उहाँले, तिनीहरूसितै हुँदा दुई दुई जना गरि प्रचार गर्न पठाउनुभयो। उहाँको स्वर्गारोहणपछि तिनीहरूले उदाँभन्दा महान कामहरू गर्नेछन् भनि उहाँले भन्नुभयो। तिनीहरूले उहाँको आज्ञा पालन गरे र उहाँबाट प्राप्त गरेका हरेक कुरा तिनीहरूले अरूलाई सिकाए। परमेश्वरले तिनीहरूले प्रेममय आज्ञाकारिता आशिष दिनुभयो।"

"म त तिनीहरू झैं बलियो छुइनँ।"

"परमेश्वरले तिमीलाई शक्ति दिनुहुन्छ। ख्रीष्टले जे गर्नुभयो अब तिमीले त्यही गर्नपर्छ। सेवाकाईको लागि अरूले जे जे गर्नपर्छ तिमीले आफनो मण्डलीलाई सिकाऊ। मैंले तिम्रो शिरमाथि हात राखी अगुवाको अभिभारा तिमीलाई सुम्पें। ममा झैं तिमीमा पनि पवित्र आत्मा बास गर्नु हुन्छ। अब भन्छौ तिमी अति व्यस्त हुन्छौ। **धेरै व्यस्त रहने अगुवाहरूलाई यित्रोको सल्लाह** हामी मिलेर लौ पढ़ौं।"

## अभ्यास

**प्रस्थान 18 अध्यायमा** हेर्नुहोस् मोशाका सुसराले के गर्नु भनि मोशालाई बताए:

- मोशालाई सल्लाह दिनअघि मोशाले के गल्ती गर्दैछ भनि यित्रोले थाहा गरे?
- बिहानदेखि साँझसम्म मोशाका वरिपरि मानिसहरूले के गरिरहेका थिए,
- मोशालाई यित्रोले कस्तो समझपूर्ण सल्लाह दिए?
- मोशालाई यित्रोले कस्ता अगुवाहरू नियुक्त गर्नु भने?
- अगुवाको दायित्व बाँड़चुँड़ गर्नाले किन मोशाले असल प्रकारले सेवाकाई गर्न सके?

साराले चिया ल्याउछे र श्री बुद्धिमानले सिकारू र सहायकलाई यस कथाबारे बुझाउँछ, "मोशा महान अगुवा थिए। तिनले परमेश्वरका जनलाई मिश्रको दासत्वबाट छुटाएर ल्याए। बाइबलले भन्छ उ अति नम्र व्यक्ति थिए। तिनले आफनो जनलाई दिलोज्यानले सेवा गरे तर, तिनले एकलै चाहीं सुचारू रूपमा तिनीहरूको सेवा गर्न सकेनन्। यित्रोले देखे कि मानिसहरू बिहानदेखि साँझसम्म तिनीहरूको शिकायत लिएर मोशाको प्रतिक्षा गरिरहन्थे र  तिनको न्याय सुन्थे। तिनी चाँही मानिसहरूसित व्यस्त थिए। असल अगुवाहरू होइनन् भने उनीहरूले अरूसित आफनो अगुवाको भार बौड़चुँड गर्दैनन्। अव सिकारू कृपया मलाई भन यस कथाबाट तिमीले के थाहा गर्छौ?"

सिकारूले एकछण सोंच्छ र भन्छ, "यित्रोले मोशालाई कार्यभारमा सघाउन सक्ने परिपक्व अगुवाहरूलाई काम सुम्पन भने। यी मानिसहरू इमान्दार आत्मिकी तौरमा परिपक्व र सक्षम हुनुपर्छ। तिनले ठुलो झुण्डका अगुवाहरूलाई हेर्नु थियो जसहरूले दश दश जनाका ससाना झुण्डहरूको देखरेख गरे जहाँ तिनीहरूले घेरै प्रभावशाली रूपमा मानिसहरूलाई अगुवाई गर्न सके।"

"हो जब मोशाले यसरी आफनो कार्यभार बाँटे तब तिनीसित प्रार्थना गर्ने र सिकाउने समय भयो। तिनले राम्ररी मानिसहरूको देखभाल गर्न सके। सिकारू, मोशा सरह तिमी पनि घेरै नै काम गर्छौ। जबकि तिम्रो  बलियो एल्डरहरूसित असल सम्बन्ध छ, त उनीहरूसित पनि तिम्रो कार्यभार बाँट। उनीहरूलाई ससाना झुण्डहरूमा देखभाल गर्न लगाऊ।"

सिकारूले शिकायत गर्छ, "नयाँ अगुवाहरूले गल्ती गर्छन् र म तिनीहरूलाई गल्ती गर्न दिन सक्दिनँ।

श्री. बुद्धिमान भन्छ, "हो, हो, मेरो भाई तिमीले यसो गर्नसक्छौ मैंले शुरू शुरूमा तिमीलाई पनि गल्ती गर्न दिएँ। प्रभु येशूले पनि उहाँका चेलाहरूलाई गल्ती गर्न दिनुभयो। तिम्रो नयाँ अगुवाहरूले गल्ती गर्नेछन्; मैंले भन्दा पनि बढ़ता नै। तर प्रभु येशूका चेलाहरूले

शुरूमा घेरै नै गल्ती गरे।"

सिकारू हाँस्छ "यो सल्लाह मैंले नै सहायकलाई दिएँ तर म आफैले चाहीं त्यस अनुसार गर्न भुलिदिएँ!"

श्री. बुद्धिमानले जवाफ दिन्छ, "त्यसो भए **अरूलाई सिकाउनलाई अगुवाहरूलाई तालिम दिनबारे पावलले तिमोथीलाई के सिकाए,** एकसाथ हेरौं।"


**अभ्यास**

**1 तिमोथी 2:1–2** मा हेर्नुहोस्:

- पावल र तिमोथीबीच कति घनिष्ठ सम्बन्ध थियो?
- पावलले तिमोथीलाई, घ्रैरै जना साक्षीहरू अघाडि् उसले सुनेको कुरा के गर्न भनि उसलाई भने?
- यस तालिमको साङलामा कतिवटा जोर्नीहरू तिमी भेटाउन सक्छौ? पावलबाट गन्ती गररे अरूलाई पनि गन्ती गर।

श्री बुद्धिमान र सिकारूलाई छोड़ेर सहायक जान्छ। श्री बुद्धिमान ले भन्छ, "के तिमीले 2 तिमोथी 2:2 मा चेला पनको साङ्गला देख्छौ? पावलले तिमोथीलाई एउटा छोरालाई झैं प्रेम गर्छन। पावलले उसलाई तितस र अरूलाई, सिकाए। प्रत्येक नयाँ मण्डलीको निम्ति तिनले एक जना आफनै एल्डर सुनिश्चित पारे अरूलाई सिकाउन सक्षम थिए।

"हो 2 तिमोथी 2:2 मा चारबटा जोर्नीहरू रहेछन्।"




चेलापन एउटा त्रीकोण जस्तै हुन्छ। एक कोण हो प्रेम, दोस्रो हो वचन र तेस्रो कोण हो काम अर्थात वचनलाई व्यवहारमा ल्याउनु। तीनैवटा कोण आफनो आफनो स्थान हुन जरूरी हुन्छ नत्र यो त्रिकोण बन्न सक्दैन्। पावलले चेलापनका यी तीनैवटा कुराहरूलाई आफनो जीवनमा अप्नाए। तिनले आफना चेलाहरूलाई प्रेम गरे, तिमोथीलाई आफनो छोरा भनि बोलाए। तिनले विश्वासयोग्यताले तिनीहरूलाई परमेश्वरको वचन सिकाए जे जे तिनले सिकेका थिए त्यी सबै सिकाउँदै गए। तिनले तुरन्तै तिनीहरूको जीवन र बगालको जीवनमा परमेश्वरको वचन कार्यवित हुन दिन तिनीहरूलाई मदत गरे। अब सिकारू, तिम्रो के गर्ने योजना छ?"

"एल्डरहरूसितको मेरो सम्बन्ध कामजोड़ हुन गएको छ। उनीहरूको कुरा सुनेर अब यसलाई मैंले बलियो पार्नपर्छ । सिकाउनभन्दा अगि झुण्डहरूलाई केको खाँचो छ उनीहरूलाई सोघ्न परयो। उनीहरूको आफनो बगाललाई उनीहरूको शिक्षा व्यवहारमा ल्याउन मदत गर्नेछु। अरूलाई सिकाउन, सक्नेहरूलाई अरूहरूमा कसरी शिक्षाहरू सिकाउनु सो देखाउनेछु। जस्तो पावलले गरे। तिमीले जस्तै म पनि एल्डरहरूसित भेटघाट गर्दा प्रार्थना गर्न, सुन्न र मिलेर योजना बनाउन म सदैव होशियार रहनेछु। भेट गर्दा नयाँ एल्डरहरूलाई सल्लाह दिन सिकारूले गर्न पर्ने कुराहरूको सूचि बनाउँछ: सल्लाहको समयहरूको बेला सबैलाई अगुवाई गर्न पवित्र आत्मालाई प्रार्थना गर्ने।

**सेवाकाईका क्रियाकलापहरू बारे रिर्पोट दिंदा सिक्नेहरूको कुरा सुन्ने।**

**बाइबलबाट के सिक्दैछन् भनि उनीहरूले सारांश दिंदा सुन्ने।**

**सासान झुण्डहरूमा खाँचोहरू तथा अवसरहरू अनुसार नयाँ कार्यक्रमहरू आयोजना गर्ने।**

**साँचो एवं आवश्यकताहरू अनुसार नयाँ बाइबल अध्ययनहरू अह्राउने।**

**प्रार्थनामा हाम्रा योजनाहरू सुम्पने।**

श्री. बुद्धिमानले भन्छ, "जब एउटा अगुवाले अरूहरूसित आफनो अगुवापनंका भारहरू बाँटन विफल हुन्छ भने उसमा सहिणुताको अभाव छ। उसलाई सेवक अगुवा बन्न खाँचो छ। प्रभु येशूले सेवक अगुवाहरू कस्ता हुन्छन सो देखाउनु भयो। उहाँले हामीलाई ठूलो र शक्तिशाली नबनि मानिसहरूको सेवा गर्नु भन्नुभयो। मसित **सेवक अगुवाबारे जसले आफना चेलाहरूको पाउँ धुनुभयो,** पढौं।

**अभ्यास**

**यूहन्ना 13:1-17** मा हेर्नुहोस्:

- कसरी परमेश्वरका पुत्रले एउटा दासले गर्नु पर्ने काम अर्थात आफना चेलाहरूका खुट्टा धोई दिनुभयो?
- यसरी हाम्रो प्रभु र गुरूले आफना चेलाहरूको सेवा गर्नुभयो भने, हामीले कुन् प्रकारले अरूको सेवा गर्नुपर्छ?
- प्रभु येशूले वचनहरूद्धारा मात्र चेलाहरूलाई सेवक-अगुवाको तालिम दिनुभएन। उहाँले अरू के गर्नु भयो?

सिकारूले श्री. बुद्धिमानलाई भन्छ "हो रहेछ। प्रभु येशू परमेश्वरका पुत्रले सबै आदर र भक्ति पाउनपर्छ। तर उहाँले नम्र भएर आफना चेलाहरूको सेवा गर्नुभयो। उहाँले चेलाहरूको मैला पाउँहरू धोई दिनुभएर त्यस बेलाको समयमा एक दासले गर्नुपर्ने काम गर्नुभयो। महान गुरू स्वयंले नै आफनो कामद्वारा हामीलाई सिकाउनुभायो। प्रेममा हामीले यस्तै नम्रताका साथ अरूको सेवा गर्नपर्छ। हामीले अगुवाहरूलाई तालिम दिंदा केवल परमेश्वरको सत्यताबारे मात्र उनीहरूलाई नसिकाएर नम्रताको उदाहरण देखाएर हामीले कसरी परमेश्वरको आज्ञा मान्नपर्छ सो पनि देखाउनपर्छ।"

अर्को दिन सिकारूले भेला हुन भनि मण्डलीलाई बोलाउँछ र बताउँछ, "अब म तिमीहरूलाई अझ बढ़ि भारहरू दिन गईरहेछु। तिमीहरू मेरा सहकर्मीहरू हुनेछौ।"

सिकारूले श्री. मूर्खलाई बोलाएको थिएन तर उ आई पुग्छ र बीचैमा बोल्छ, "सिकारू, सह-अगुवाहरूको कामको निम्ति कोहि पनि योग्यता प्राप्त भएको छैन्। हामीले शुरू गर्नलाई सहायता गरिरहेकाहरू, नयाँ मण्डलीलाई यिनीहरूले डोर्स्याउन सक्दैनन्। योग्य (सक्षम) हुनभन्दा अघि यिनीहरूलाई तीन चार बर्षको लागि बाइबल स्कूल पठाउनपर्छ।"

श्री बुद्धिमान पनि त्यही थियो। उसले सहमति दिदैन्। यस्तो पनि पहिलै गरिसकिएका छन् र हाम्रो परिस्थितिमा यस्तो कुरा सायद काम लाग्दैन्। हामी हेरौं त अगुवाहरूको योग्यताबारे पावलले के भन्छन्। सिकारू, तिमीलाई **एउटा अगुवामा के के योग्यताहरू** हुनपर्छ त्यो याद छ? पावलले तिमीथीलाई लेखेका पत्रमा हामीले के पढ़ेका थियौं?"

**अभ्यास**

**1 तिमोथी 3 अध्याय र तितस 1:5**-9मा हेर्नुहोस् र पाउनुहोस्:

- तितस 1:5 अनुसार क्रेटमा पावलले तितसलाई किन छोड़े?
- क्रेटको नयाँ मण्डलीहरूका लागि तितसले के गर्नु परयो?
- देखरेख गर्ने एल्डर कस्तो हुनुपर्छ? उसको चरित्रबारे व्याख्या गर।
- देखरेख गर्ने एल्डर सिकाउन सक्ने हुनपर्छ। परमेश्वरलाई किन यसको खाँचो?

श्री. बुद्धिमानले सिकारूको घरमा भेला भईरहेका त्यी अगुवाहरूलाई प्रोत्साहन दिन जारी राख्छ। "पावलले शुरू गरेका हरेक

मण्डलीमा उसको आफनै एल्डरहरू होस भनि पक्का गरे। तिनीहरूले मानिसहरूको गोठाला गरे। तिनीहरू सह–अगुवा (पास्टर) का रूपमा मिलेर काम गरे। नयाँ मण्डलीको आफनै अगुवाहरू नभइञ्जेलसम्म पावलले काम पूरा भयो भनि मानि लिदैन थिए। एउटा समुदायदखि बाहिरकाहरूले मण्डलीको हेर्चाह गर्नु हुँदैन्। कतिचोटि त पावल अगुवाहरू नियुक्त गर्न फेरि त्यी मण्डलीमा पछि गए पनि। एल्डरहरू नियुक्त गर्न पावलले क्रेटमा तितसलाई छोड़िराखे। पावल र तितसले मण्डलीभित्रैका व्यक्तिहरूलाई नियुक्त गरे। तिनीहरूले विश्वासी, गैर विश्वासी एवं उनीहरूकै परिवारले मान गरेका व्यक्तिहरूलाई चुने। एउटा अगुवाको चरित्र 'सिकाउन' क्षमता सरह महत्वपूर्ण हुनुपर्छ।"

श्री. मूर्खले शिकायत गर्छ, "मेरो आफन्ताहरूको मण्डलीमा एक अगुवा बन्नलाई कोहि पनि पढ़ेका छैनन्।"

श्री बुद्धिमानले जवाफ दिन्छ, "कतिपय मण्डलीहरूले पढ़ेको अध्ययन गरेका अगुवाहरू राख्छन्, जुन् कुरा बाइबलमा उल्लेख छैन। जुन कुरा नता ख्रीष्टले न प्रेरितहरूले आज्ञा गरे अथवा पालन गरेका छन्। यस्ता मानवीय प्रथाहरूले नयाँ मण्डलीहरूमा एल्डरहरू नियुक्त गर्नबाट बञ्चित गराउछँन्। यसले पवित्र आत्माको काममां बाद्या दिन्छ। ख्रीष्टको आज्ञा मान्न जब हामीलाई मानवीय प्रथाहरूले बाधा दिंदछन् भने हामीले त्यी त्याग्नपर्छ।"

सिकारूले झुण्डलाई भन्छ "यित्रोले मोशालाई दिए झैं श्री बुद्धिमानले हामीलाई पनि त्यही सल्लाह दिंदैछ। के के आवश्यकता रहेछ भनेर पहिले यित्रोले सुने र विचार गरे। अवश्यकता एवं सेवाकाईका लागि अवसरहरू बारे स्पष्ट थाहा नपाएसम्म यित्रोले सल्लाह दिएनन्। श्री बुद्धिमानले पनि त्यसै गर्छ। उसले सुन्छ अनि कार्यक्रमहरू तयार पार्न हामीलाई मदत गर्छ र यी आवश्यकता पूरा गर्ने विषयहरू अध्ययन गर्न बाइबलका पदहरू दिन्छ, अगुवाहरू खट्टाउन र नाउँ तोक्न मदत गरेकामा धन्यवाद। पवित्र आत्माले महान महान काम गर्न ध्येरै मानिसहरूलाई प्रयोग गर्दैहुनुहुन्छ।"

## व्यवहारीक काम



- 1 तिमोथी 3 र तितस 1:5–9 मा रहेका आवश्यकताहरूलाई याद गर्दै प्रत्येक नयाँ मण्डलीमा एल्डरहरू नियुक्त गर।
- हेर्चाह गर्ने एल्डरहरूको रूपमा विश्वासयोग्य व्यक्तिहरूलाई प्रशिक्षित गर र अन्य नयाँ अगुवाहरूलाई प्रशिक्षित गर्न उनीहरूलाई चाँडै मदत गर।
- तिम्रो वचन र उदाहरणका साथ सेवक अगुवाहरू बन्न नयाँ अगुवाहरूलाई शिक्षा देऊ र घमण्डले नियंत्रण नगर।
- तिमी र तिमीले प्रशिक्षित गरिरहेको अगुवाहरूवीचको सम्बन्ध बलियो पार।
- तिमीले प्रशिक्षित गर्दै गरेका अगुवाहरूलाई नियमित रूपमा भेट। संगै मिलेर नयाँ अध्यनहरू र कार्यक्रमहरूको योजना बनाऊ। उनीहरूका मानिसहरूलाई भेटन जाँदा तिमी साथमा जानु र बोल्न चाँहीं उनीहरूलाई दिनु।
- भेटघाट गर्न जाँदा जसहरूलाई तिमीले तालिम दिंदैछौ उनीहरूले प्रचार गरून्। उनीहरूको अगुवापनको मान गर्छौ र उनीहरूमाथि भरोसा गर्छौ भन्ने अरूहरूलाई देखाउन यसो गर। प्रचारको लागि उनीहरूलाई राम्ररी तयार गर्ने काम र तिमीले उनीहरूलाई अझ सुधार गर्न कसरी मदत गर्नसक्छौ सो जान्न उनीहरूलाई सुन्न जरूरी हुन्छ।

## III-7- सेवाकाई 7

# मण्डलीहरूमाझ र मण्डलीहरूभित्र संगति बढ़ाऊ

अर्को दिन सिकारूको मण्डलीबाट श्री. मूर्ख सित केहि मानिसहरू उसको घरमा आउँछन् र भन्छन् "सिकारू, हामी त्यस प्रसिद्ध प्रचारकलाई सुन्न मेरो आफन्तकहाँ गयौं। म त अब गएको धेरै पल्ट भयो। हामी तिमीलाई स्वागत गर्छौं कि परमेश्वरको साँचो काम कसरी गर्न सो सिक्न तिमी हामीसित आउनु। हामीले सबै कुरा गलत प्रकारले गरिरहेका छौं। उसले झैं हामीले पनि त्यस्तै सुसमाचारको काम गर्नपर्छ। यस महान व्यक्तिको शिक्षा पछ्याउन यहाँ म एउटा नयाँ झुण्ड शुरू गर्न गईरहेको छु। मण्डलीका अन्यहरू यसमा सहमत छन्। यो हाम्रो मण्डलीका निम्ति परमेश्वरको इच्छा हो।"



**एर्काकालाई प्रेम गर्न, ख्रीष्टको आज्ञा मान**

त्यी व्यक्तिहरूको अनुहार देर्दा सिकारूलाई रीस उठ्छ। तिवीहरू फर्किसकेपछि उसले सारालाई भन्छ, "यस्तो देखिइन्दैछ कि श्री मूर्खले उसको आफन्तको मण्डलीबाट ल्याएको विचारधारा हाम्रो मण्डलीमा फैलाउँदैछ। यस विचारधाराले पहिलै दुःखद विमाजन ल्याईसकेको छ।"

अर्को पल्ट मण्डली भेला हुन्छ र मानिसहरू एकार्कामा तर्क वितर्क गर्छन् । अन्योल फैलिन लाग्छ। उसले श्री. बुद्धिमानलाई खबर पठाउँछ र श्री. बुद्धिमानले सिकारूको मण्डलीकाहरूका लागि जवाफ पठाउँछः

प्रियहरू हो, म तिमीहरूलाई 1 कोरिन्थीमा भएको पावल प्ररितको उदाहरण लिने आग्रह गर्छु। म आग्रह गर्छु प्रभु येशूको नाउँमा, तिमीहरू वाद विवाद गर्न बन्द गर। साँचो भाईचारामा बस ताकि मण्डलीमा अझ बढ़ि विभाजन हुनेछैन्। विचार र उदेश्यमा बाँधिएर एकै मनका होऊ। नानीहरूको विश्वास एंव प्रेम जस्तै प्रभु येशुका आज्ञाहरू मान्न तिमीहरूले सिकेका छौ। अब बन्द नगर। तिमीहरूमध्ये कतिले म श्री बुद्धिमानलाई पछयाउँछु र कतिले सिकारूलाई पछयाउछु" भन्छौ। कतिले चाही श्री. बुद्धिमानलाई उसको आफन्तसित सेवा गर्ने मण्डलीका त्यस प्रचारकलाई पछाउने कुरा गर्छौ। के ख्रीष्ट विभाजित हुनुभएको छ ? के म, श्री. बुद्धिमान तिमीहरूको खातिर क्रूसमा मरें र? यस्तो प्रकारको प्रवृति घमण्डले गर्दा उत्पन्न हुदँछ।

जब म पहिलो चोटि तिमीहरूकहाँ आएँ, मैंले ठुलठला कुराहरू गरिनँ। मैंले ख्रीष्ट र उहाँको क्रूसीकरण अर्थात मृत्युमा बढ़िध्यान दिएँ। मेरो संदेश र प्रचार सरल थिए तर पवित्र आत्माले चलाउनु भयो। हामी संसारको ज्ञान चलाउँदैनौं। याद राख तिमीहरूमध्ये धेरै, संसारको आँखा अघाड़ि ज्ञानी र बलिया छौ, तर परमेश्वरले तिमीहरूको जीवनमा अचम्मका काम गर्नुभयो। सिकारूले मरो उदाहरणलाई

लिएको छ र तिमीहरूले पनि उसको कुरा मान्नपर्छ साथै देखरेख गर्ने एल्डरहरूको पनि कारण, उनीहरूले परमेश्वरको वचन **तिमीहरूलाई सिकाउदै छन्।**

श्री मूर्ख बीचैमा बोल्नखोज्छ तर सिकारूले पत्र पढ्न जारी रारव्छ।

**के तिमीहरूले बिर्स्यौ, तिमीहरू सबै परमेश्वरका मन्दिर हौ र तिमीहरूमा पवित्र आत्मा बास गर्नु हुन्छ? मानव अगुवाको पछि लाग्दा तिमीहरू घमण्ड नगर। हामी सबै ख्रीष्टका सेवकहरू हौ र उहाँले प्रत्येकलाई उहाँको मण्डलीमा काम खट्टाउनुभएको छ। एउटाले बीऊ छर्छ र अर्कोले जलमल गर्छ तर परमेश्वरले ती बीऊहरूलाई बढ़ाउनुहुन्छ। तिमीहरू परमेश्वरको खेत र उहाँको भवन हौ, हाम्रो होइनौ। यस्तो विभाजन तिमीहरूकै घंमण्डबाट आउँदछ।**

श्री. बुद्धिमानको पत्रले **मान्छेको घमण्ड र मुर्खताले कसरी मानिसहरूलाई विभाजितगरे** भनि पुन दोहोराउँछ।

**अभ्यास**

**उत्पत्ति 11:1-9** मा हेर्नुहोस्:

- कसको महानतामा मानिसहरूले भरोसा गरे?
- परमेश्वरले उहाँ विरूद्ध जाने घण्मडी विरोधीहरूलाई कसरी रोकनुमयो?

सिकारूले आफनो घरमा श्री. बुद्धिमाननको पत्र मण्डलीमाझ पढ्रे सुनाउँछ, "हजारौं वर्षहरूदेखि मानिसहरू विभिन्न देश, भाषा र सस्कृतिहरूमा बाँड़िदै आएकाछन्। अब परमेश्वरको ज्ञानमा उहाँले ख्रीष्टमा हामी सबैलाई एकत्रित गर्दैहुनुहुन्छ जो उहाँको खास उद्देश्य हो।

भर्खरै नियुक्त एक नयाँ एल्डरले थप्छ, यसबारे हालैमा हामीले हाम्रो सानो झुण्डमा अध्ययन गरयौं। यूहन्ना 17 अध्यायमा प्रभु येशूले हामीहरूको निम्ति प्रार्थना गर्नु भयो, "पिता तिनीहरूलाई एक पार्नुहोस् जसरी तपाई र म एक हौं।" उहाँको प्रार्थनाको उत्तर स्वरूप आजको विश्वव्यापी मण्डली ख्रीष्टमा एक छौं। उहाँ हाम्रो शिर हुनुहुन्छ। हुनसक्छ हामी यस्तो नबनौला तर यसरी यो सत्यता परिवर्त्तन हुनसक्दैन कारण पवित्र आत्माले हामीलाई एक बनाउनुहुन्छा" ख्रीष्टमा आत्मिक एकताको निम्ति प्रार्थना गरेर भेला बर्खास्त हुन्छ।"

अर्को दिन सिकारू आफनो विढ्यार्थी सहायककोमा जान्छ र भन्छ "श्री मूर्ख द्वारा डोरयाईएको मण्डलीको एउटा झुण्डमा विमाजन आएको छ। आएर मलाई मदत गर।" दवैले छलफल गर्छन् कि कसरी सत्ता र नियत्रण खोज्ने व्यक्तिहरू ले कसरी विभाजन उत्पन्न गराउँछन्। सहायकले आफनो शिक्षकलाई भन्छ, "मैले भर्खरै 1 कोरिन्थीमा पढ़ें तिनीहरूमाझ पनि फूट र विभाजन थिए। मलाई लाग्छ 13 अध्याय **प्रेमको अध्यायबाट** हामी सहायता पाउनसक्छौं कि"

**अभ्यास**

**1 कोरिन्थी 13 अध्यायमा** हेर्नुहोस्:

- प्रेममा हामीले हाम्रो वरदानहरू प्रयोग गर्दैनौं भने यी केहि महत्वको हुन्छ?
- प्रेम चाहीँ के के हो?
- प्रेम के के होइन?
- प्रेमले कुन् कुन् कुरा गर्दछ?
- प्रेमले कुन् कुन् कुरा गर्दैन्?

दुवै जना सिकारूको घर फर्कदा उनीहंरूले के अध्ययन गरे टिप्पणी गर्छ, "हामीले हाम्रो दान वरदानहरू प्रेममा होइन तर घमण्डमा प्रयोग गर्छौं भने सबै व्यर्थ हुनजान्छन्। परमेश्वरले अरूको हितवारे सोंच्न लगाउँदै हाम्रो हृदयमा प्रेम भरिदिनुहुन्छ। उहाँले हामीलाई क्षमागर्ने शक्ति दिनुहुन्छ। हामीले जे अनुभव गर्छौं त्यो प्रेम होइन तर हामी के गर्छौं त्यो हो प्रेम। विश्वासद्धारा प्रेममा हामीले मानिसहरूसित व्यवहार गर्नसक्छौं। यद्धपि हामीलाई यस्तो गर्न मन लाग्दैन। प्रेममा यसो गर्नलाई हाम्रो भावनाहरू मिलाउनलाई कतिचोटि समय लाग्छ।

सिकारूले प्रार्थना गर्छ, "हे प्रेमिलो पिता, विभाजन ल्याउनेहरू प्रतिको मेरो नराम्रो भावनाहरूको लागि मलाई क्षमा गर्नुहोस् र मलाई शक्ति दिनुहोस् ताकि म स्थीरता र प्रेममा यी कुरा हरूको सामना गर्नसकूँ।"

अर्को दिन सिकारू र सहायक श्री मूर्खलाई विभाजन उत्पन्न गराउन देखि रोक्न उसलाई आग्रह गर्न जान्छन्। श्री. मूर्खले तुरन्तै कुरा बंग्याउँछ "सिकारू तिमीले भने अनुसार तिम्रा मानिसहरूले खाँचोमा परेकाहरूलाई मदत गरिरहेका छैनन्। तिमीले उनीहरूलाई तिम्रो अख्तियारको अवहेलना गर्न दिंदैछौ। भेला गरेर कुरा मान्न अथवा निस्केरजान भनि हेऊ। मण्डलीमा विभाजन ल्याउने उनीहरू नै हुन्।"

**मण्डलीमा मतमा भिन्नताहरूको सामना कसरी गर्नु**

सिकारूले श्री. मूर्खलाई भन्छ, "कुनै ठूला उपायहरूको प्रयोग गरेर हामी विभाजन रोक्न सक्दैनौं। म तिमीलाई विभाजित राज्यहरूबारे बताउँ। राजा दाउदले परमेश्वरलाई आफनो पूर्ण हृदयले प्रेम गरे र तिनका सन्तानले आजन्म राजाको रूपमा शासन गर्नेछन् भनि परमेश्वरले प्रतिज्ञा गर्नुभयो। तिनको छोरा रहबामले यद्धपि परमेश्वरको वास्ता गरेनन् अर्थात आफनो पिताले झैं आफनो मानिसहरूको ख्याल राखेनन्। तिनले गलत सल्लाह सुने अनि **एउटा बैठकमा लिएको निर्णयले इस्राएलमा विभाजन ल्यायो।**

**अभ्यास**

**1 राजा 12:1-19** मा हेर्नुहोस्:

- रहबामलाई मानिसहरूले के गर्न भने?
- रहबामका सल्लाहकारहरूका दुई झुण्ड थिए। तिनले कुन् झुण्डको कुरा सुने?
- रहबामले मानिसहरूका समस्याहरूं सुन्न नमान्दा उनीहरूले के गरे?

श्री. मूर्खले केहि नबोली सिकारू र सहायकका कुरा सुन्छ र भन्छ, "मलाई भेट्न आएको र यो बुझाएको निम्ति तिमीहरूलाई धन्यवाद। तिमीहरूले भनेको कुरावारे म सौंच्नेछु।"

सहायक आफनो घर जान्छ र सिकारू चाँहि के के भयो सोंच्न भनी आफनो पसल जान्छ। उसले थाहा गर्छ कि परमेश्वरको वचन मनन गर्न कतिचोटि उसको हातले काम गर्दा मदत पुरयाउँछ। उसले प्रार्थना गर्छ, "पिता विमाजनको कुरालाई समझदारीले मिलाउन मलाई मदत गर्नुहोस्।" उसले श्री. बुद्धिमानले **दुइ मण्डलीहरूले झगड़ा साम्य कसरी पारे** त्यसबारे बताएको विषयलाई पुन: याद गर्छ। पावल र अरूहरूले एन्टियोकको मण्डलीमा विभाजन ल्याउने एउटा समस्याको कसरी समाधान निकाले, उसले सोच्छ।

**अभ्यास**

**प्रेरित 15 अध्यायमा** हेर्नुहोस् दुइ मण्डलीका अगुवाहरूले कसरी तिनीहरूका मतभेदहरू हटाए:

- के अगुवाहरूले तिनीहरूको झगड़ामा अन्य कसैलाई बोल्न दिए?
- पत्रुसले उसित मतमा नआउने फरिसीहरूलाई कसरी आदर गरे?

- मतभेदको हल याकूबले कहाँ पाए?
- तिनीहरूको निर्णयमा सबै सहमत हुन के परमेश्वरले मदत गर्नुभयो?
- के यहूदी ईसाइहरूले अन्यजाति ईसाईहरूलाई तिनीहरूका सबै रीतिहरू पालन गर्न जोड़ गरे?
- पावल र बर्णावासले जब अर्को मिशनेरी यात्रा शुरू गरे तब के कुराले उनीहरूलाइ एउटा झुण्ड होइन तर दुईवटा झुण्डमा भएर काम गर्न बाध्य बनायो?

सहायक अर्को भेलामा विभाजनको समस्या मेटाउन सिकारूलाई सहायता गर्न उसको घरमा जान्छ। सिकारूले भन्छ, "प्रेरित 15 ले बताउँछ कि मानिसहरूले विभिन्न तरिकामा परमेश्वरको सेवा गर्छन्। ख्रीष्टको मण्डलीको एकताको अर्थ, प्रत्येक विश्वासी वा मण्डलीसित एकै प्रकारका आत्मिक वरदानहरू हुनपर्छ, एकै प्रकारका विचारहरू हुनपर्छ वा एकै प्रकारका रीतिहरू हुनपर्छ भन्ने होइन। एकता होइन। हामी मानिसहरूलाई ख्रीष्टका र उहाँका प्रेरितहरूका आज्ञाहरू मात्र मान्ने आज्ञा दिन्छौं। एन्टियोकको मण्डलीमा एक गम्भीर विभाजन आयो। फरिसीहरूले अन्य धेरै आज्ञाहरू पालनमाथि जोड़दिए, मानौ तिनीहरूसित परमेश्वरको झैं अख्तियार छ। मण्डलीलाई अर्को मण्डलीबाट मदतको खाँचो परयो।"

सिकारूले प्रेरित 15 अध्यायका केहि भागहरू पढछ र टिप्पणी गर्न सहायकलाई भन्छ। उसले भन्छ, "पावल र बर्णाबास एन्टियोकदेखि यरूशलेममा यात्रा गरे र साथमा मिलेर काम गरे, यो बताउनलाई कि परमेश्वरले अन्यजातिहरूलाई यहूदी रीतिहरू पालन नगरि पनि कसरी ग्रहण गर्नुभयो। यरूशलेममा मुख्य अगुवाहरू थिए। पत्रुस र याकूब तिनीहरूले बीचमा नबोली मानिसहरूका विचारहरू ध्यानपूर्वक सुने। त्यसपछि, खण्डन नगरि तिनीहरूले पवित्र आत्माको शक्तिमा वचनमा परमेश्वरले अन्यजातिहरूलाई यहूदीहरूका रीतिहरूबाट स्वतंत्र गराउनभएको छ देखाए। अगुवाहरूले पहिले सुने त्यसपछि प्रेममा सत्य बोले। परमेश्वरले त्यस विभाजनलाई ठिक गर्नुभयो।"



अनेकले भने "आमिन!"

सहायकले भन्न जारी राख्छ, "पछि यद्धपि सेवाकाई कसरी गर्न भन्ने कुरामा पावल र वर्णाबासको मत मिलेन। दुवैले तिनीहरूको मतदेत एर्काकाको कुरा वा खण्डन नगरि आपस्तमा नै मेटाए । तिनीहरूले एकार्काका मतहरूको आदर गरे र आफना आत्मिकी वरदानहरू अलग अलग प्रयोग गर्न सहमत भए। परमेश्वरले तिनी दुवैलाई आशिष दिनुभयो कारण दुवैले मण्डलीहरूलाई उत्साह दिन र धेरै धेरै नयाँ मण्डलीहरू खड़ा गर्न एक झुण्डको साटो दुई झुण्डमा भएर अलगै काम गर्न लागे।"

## आज्ञाहरू र तरिकाहरूबीच भिन्नता

सिकारूका मानिसहरूले सठिक कुराहरू गर्न चाहन्छन र उसले बुझाउँदा राम्ररी सुन्छन "प्रेरित 15 अध्यायमा दुईवटा मत भेदलाई हामी विचार गरौं। पहिलो थियो, ख्रीष्टको अख्तियाबारे जो उहाँले आफना मण्डलीलाई दिनुहुन्छ। दोस्रो थियो, यी आज्ञाहरू व्यवहारमा ल्याउने तरिकाहरूबारे। तर ईसाइहरूले आफना आत्मिक वरदानहरू अनुसार विभिन्न सेवाकाईहरूमा व्यवहारमा ल्याउन विभिन्न तरिकाहरू प्रयोग गर्न स्वतंत्र छन्। हामीले ख्रीष्टको मण्डलीका लागि अखितयारका स्तरहरूमा अलमलाउनाले नै विभाजन उत्पन्न हुँदछ। तर यी आज्ञाहरू पालन गर्ने तरिकाहरूमा भने निकै फरक पर्नसक्छ।"

लामो समयसम्म तर्क वितर्क जारी रहन्छ। श्री. मूर्ख र उसको कुरा सुन्नेहरू अरूलाई सुन्दैनन्। तिनीहरूले सिकारूलाई निन्दा गरिरहन्छ। श्री. मूर्ख चाहीं तिनीहरूको प्रभुख आवाज हो र उसले भनि नै रहन्छ, "सिकारू असल व्यक्ति हो। तर उससित शैक्षिक योग्यता छैन्। उसले मान्यता प्राप्त धर्मविज्ञान संस्थानबाट डिम्लोमा हासिल गर्न पर्छ। तसर्थ उसले पूर्ण सत्यता नै हामीलाई सिकाउँदैछ के भनि हामी पक्का हुनसक्दै नौं।" केहि मानिसहरू उसको वरिपरि छन् र तिनीहरू पनि यहि नै दोहोराउँछन्।"

सिकारूले भन्छ, "हामी कसै पनि पूर्ण सहमतिमा आईपुगेका छैनौं। म देख्छु  तिनीहरूमध्ये धेरै थकित भईसकेका छौं।जान चाहनेहरू जान सक्छन्।"

महिलाहरू र जवानहरू निस्कन्छन्। केवल एकजना व्यक्ति याकूब मात्र श्री. मूर्खको कुरामा सहमत भईरहन्छ। उ भर्खरै मात्र श्री. मुर्खको आफन्तको मण्डली जान थालेको हो र हालैमा उ सिकारूको समुदायमा सामेल भएको हो। तेस्रो पल्ट याकूबले भन्छ, "म जाने मण्डलीले झैं प्रत्येक कुरा हामीले एकै प्रकारले गर्नपर्छ।"

सिकारूले भन्छ (मानिसहरूलाई), "यदि हामी यस्तो अमेलतामा  छौं भने म प्रभुभोज बाँटने कुरामा सहि अनुभव गर्छु। हामीले प्रत्येकको विचार सुन्यौं। म देखरेख गर्ने एल्डरहरूसित विन्ती गर्न परयो कि यस विभाजन मेटाउन तिमीहरू प्रार्थना गर र उपवास बस।"

केहि दिनपछि तयी एल्डरहरूले श्री मूर्ख र उसका मानिसहरूलाई भेटछन्। तिनीहरूले प्रार्थना गर्छन् र गाउँछन्। "कृपया भन, तिमी चाँहीं प्रमुख अगुवाको रूपमा मलाई हटाएर मण्डलीमा कस्तो नयाँ परिवर्त्तनहरू चाहन्छौ भनि सिकारूले श्री. मूर्खलाई विन्ती गर्छ।

श्री. मूर्खले बोल्न शुरू गर्छ तर याकूबले हस्तक्षेप गर्छ र भन्छ "मलाई इमान्दर बन्न दिनुहोस्। श्री. मूर्खले जे चाहन्छ हामी प्रायैले यस्तो चाहँदैनौं। सिकारूलाई हटाउने वित्तिकै हामीले उसलाई यस मण्डलीका पास्टर नियुक्त गरोस् भन्ने चाहन्छ। यद्धपि एक शैक्षिक धर्मविजान सेमिनारीबाट उसले केहि शिक्षा प्राप्त गरेका छैन्। हामी वास्तवमा के चाहन्छौं भने मेरो पहिलेको मण्डलीको तरिका हामीले मानौं। हामीलाई तिनीहरूको आराधनाको शैली मनपर्छ। तिनीहरूसित राम्रो संसाधनहरू गर्न छन् र ठूलो सुसमाचारीय सभाहरूको आयोजन तिनीहरूले प्राय: स्टेडियम बुक गर्छन्, जुन् सभाहरूमा विशेष गायकहरू र व्यवसायिक संगतिकारहरूलाई ल्याईन्छन्।

सबै एल्डरहरू एकैसाथमा विरोध गर्छन्। सिकारूले प्रेरित 15 मा दुईवटा मतमेतबाट उसले के सिक्यो सो बुझाउँछ। नम्रभएर उसले भन्छ, "मलाई खुशी लाग्छ कि ख्रीष्टका आज्ञाहरूबारे यो मत भेत उत्पन्न भएको होइन। यो त सेवाकाई गर्ने विभिन्न तरिकाबारेमा मतभेद हो। तिमीहरूले मन पराउने अगुवाले सुसमाचार पुरयाउन विभिन्न तरिकाहरू अपनाउछन्। मसित उसकोमा भएका वरदानहरू छैन्। उनीहरूका तरिकाहरू अप्नाउन हाम्रो मण्डलीसित पर्याप्त धन छैन्। सुसमाचार सुनाउने हाम्रो तरिकाले हाम्रो समुदायमा राम्ररी काम गर्छ हाम्रा एल्डरहरू साथै अरू धेरैले यहाँ त्यी तरिकाहरू नै गर्न इच्छा गर्छन् जुन् तरिकाहरूमा परमेश्वरले आशीष दिँदै आउनुभएको छ। हाम्रा मानिसहरूको लागि यी सजिलो छन्। हामी याकूबका पहिलेको मण्डलीहरूको खण्डन गर्दैनौ जसहरूले तिनीहरूको प्रचारकको कुरा पालन गरे अनि उसले भनेभनुसार गरे। तिनीहरू बद्लिनु हामी भन्दैनौं। अब हामी सबै यसमा सहमत भयौं। अलग अलग तरिकाहरूको लागि एर्काकाको खण्डन गरेको निम्ति हामी एर्काकालाई क्षमा मागौं।

सिकारूले बताउँछ, "यरूशलेममा पहिले मण्डली प्रत्येक दिन यहूदी सभाघर र तिनीहरूका घरमा भेला हुन्थ्यो। तिनीहरू एक

मिलापी परिवार थियो। प्रेरितहरूको समयमा उनीहरूले **मण्डलीहरूमा** उत्साह दिन। प्राय: पाहुनाहरू पठाउने गर्थे। एकार्काको खण्डन गर्नुको साटो तिनीहरूका मतभेदहरू प्रेममा मेटाउने गर्थे। अन्यजाति मण्डलीहरूले भिन्नै रीतिहरू मानेता पनि तिनीहरूले यहूदी मण्डलीहरूसित संगति गरे। तिनीहरू एकार्कालाई आदर दिने तथा प्रभु येशूका आज्ञाहरू पालन गर्ने कुरामा चुकेनन् तबसम्म तिनीहरूले प्रत्येकलाई आफना संस्कृति अनुसार रीतिहरू पालन गर्न दिए। हामी पनि यसो गर्नसकछौं।" तिनीहरूले प्रेरित 2 र 10 खोलेर यरूशलेमको **यहूदी मण्डली** र सिजरियाको **अन्यजाति मण्डलीबीचका** भिन्नताहरूलाई दजाए। तिनीहरूले गलातीको अन्यजाति मण्डली थिए त्यो पनि विचार गरे।

श्री. मूर्ख जान्छ र याकूब अल्पमल्ल परेर सोध्छ, "मलाई थाहा थिएन बाइबलमा यस्ता भिन्नताहरू **मण्डलीहरू** माझ हुन्छ भनेर। र मैंले कहिले पनि त्यी तरिकाहरू बीच विचार गरिनँ जुन् तरिकाहरू अलग र वैरिवक हुनसक्छन्। तसर्थ म देखरेख गर्ने एल्डरहरूका सल्लाह मान्न तयार छु र सिकारूलाई मेरो अगुवा मान्छु। उसको तरिका मेरो पहिलेको पास्टरभन्दा अलग्गै छ तर, अब म देख्छु त्यति महत्वपूर्ण छैन् रहेछ।"

**व्यवहारीक काम**

- तिम्रो मण्डली र मण्डलीहरू बीच संगति बलियो पार्ने योजनाहरू गर।
- एक सानो झुण्ड अथवा पुरै मण्डलीमा खेलकूद र अन्य माध्यमहरूसहित संगति रमाइलो बनाउन नियमित समयहरू तयार पार्न सक्छौं।
- अन्य मण्डलीहरूसित संगति गर्न समय निकाल र सहायताको खाँचो छ भने उनीहरूको मदत गर।
- असहमतिले मण्डलीको एकतालाई खतरा पुरयाउँछ भने बोल्न चाहनेहरूको कुरा सुन्न बैठक बोलाऊ। त्यसपछि एल्डरहरूले यसबारे विचार, प्रार्थना गरून् र के गर्न पर्ने बताऊन्।
- देखरेख गर्ने एल्डरहरू तबसम्म नबनाऊ जबसम्म उनीहरूले साँच्चै नै अरूलाई डोराईरहेका छैनन्। यो सानो झुण्डका अगुवाहरू हुनसक्छन् ( 1 पत्रुस 5:1-4)
- प्रत्येकको कुरा सुन्ने महत्वत्ता एल्डरहरूलाई सिकाऊ र प्रार्थनापूर्वक एउटा सहमतिमा पुग्ने महत्वता पनि सिकाऊ।
- जुनै पनि तरिका गर्ने तिमी सल्लाह दिन्छौं तर पक्का गए कि यसबाट प्रभु येशूको कुनै पनि आज्ञा प्रति आज्ञाकारी प्रमाणित भएको होस्, अनि न त थोरैलाई बढ़ि सामर्थ देखाउन र नियंत्रण गर्ने हो।

III -8- सेवाकाई 8

# भेटघाट तथा सल्लाह

सिकारूले नयाँ अगुवाहरूलाई, जसहरूलाई उसले तालिम दिंदैछ, भेट गर्न नियमितरूपमा जान्छ। उसले यो उदाहरण श्री बुद्धिमान बाट लिन्छ। सहायकको घरमा उसले सोध्छ "तिम्रो मण्डलीले कसरी उन्नति गर्दैछ?"



सहायकले जवाफ दिन्छ, " म चिन्तित छु। सेवादिने परिवारलाई मलेरिया भएको छ। उ निरूत्साहित छ। उसको छोराको पनि खुट्टा भाँचियो। उसकी पत्नी सोचमा परीकी छ र रूँदै बस्छे र वाल्ल परिरहन्छे। के तिमी उनीहरूसित बातचीत गर्नसक्छौं?"

उनीहरू सेवादिनेको परिवारलाई भेटन जान्छन् र त्यहाँ श्री मूर्खलाई देरव्दा छक्क पर्छन्। उसले सिकारूलाई भन्छ "सेवादिनेकी पत्नी कारमेन मेरी बहिनी हो। म मेरो जुवाईलाई उधारो माँग्न आएको हुँ कारण मेरो पसलमा विक्री घटदै जाँदैछ। तर विरामी भएको कारण उसले शिक्षकको काम छोड्न परयो। तापनि तिमीले मलाई सहायता गर्नसकछौ होला।"

श्री. मूर्खले सेवादिनेलाई उसकी पत्नी कारमेन कै अघि भन्छ, "तिमीलाई यो समस्या आएको छ कारण तिमी र तिम्रो परिवारले घेरै पाप गरेका छौ। तिमीहरू साँच्चै प्रभु येशूद्वारा बचाइएका छैनौ किनकि यदि तिमीहरू साँचो ईसाइहरू हौ भने कष्ट सहन पर्ने थिएन।" कारमेन जोड्जोड्ले रूर्दे कोठाबाट निस्कन्छे।

सेवादिने कराउँछ, "म यो कुरा सन्ने छूँइन।" उ आफनो घरदेखि बाहिर जान्छ। सिकारू र सहायक उसको पछि जान्छन्। उसले उनीहरूलाई भन्छ, "श्री मूर्खले मेरो परिवारमा धेरै नै बाधा ल्याएको छ। हामी मण्डली छोड्दै छौं।"

सहायकले यसो नगर्न भनि उसलाई मनाउन प्रयास गर्छ तर उसले सुन्दैन्। सिकारू घर गएर सारासित प्रार्थना गर्छ। उ तुरन्तै श्री. मूर्खको घरमा गएर उसलाई हप्काउँछ "तिम्री बहिनी कारमेनको परिवारले सहायकको मण्डली छोड्को छ कारण तिमीले उनी हरूलाई निरूत्साहित गरयौ।"



श्री. मूर्खले जवाब दिन्छ, "म खुशी छु" "लोभी व्यक्ति छैन्भनें मण्डली राम्रो हुन्छ। कामरेनले उसलाई विहे नगर्नु पर्ने थियो।"

सिकारूलाई रीस उठ्छ तर केहि भन्दैन। अर्को दिन उ सहायककहाँ गइ उसलाई उत्साह दिन्छ। श्री बुद्धिमानले निरूत्साहित ईसाईहरूलाई शिक्षा दिनलाई प्रबन्ध गरेको अध्ययन उसले लगेर जान्छ। उसले सहायकलाई दु:खित धुनमा गिटार बजाईरहेको भेट्टाउँछ मूल सेवाकाई हो। सिकारूले त्यो अध्ययन उसलाई पढ़िदिन्छ, "एउटा हाम्रो मानिरूहरूलाई भेटनु र उनोहरूलाई सल्लाह दिनु एउटा मूल सेवकाई हो। जीवन पिड़ापूर्ण हुँदा पनि परमेश्वरलाई भरोसा गर्न र आनन्दित बन्न एर्काकालाई मदत गर्नलाई यहाँ व्यवहारीक उपायहरू छन्। परमेश्वरको आत्मालाई हाम्रो सल्लाहकार भनिन्छ। निरूत्साहित अगमबक्ताबाट सिक कि परमेश्वरले कसरी तिनलाई सहायता गर्नुभयो।"

### अभ्यास

**1 राजा 19:1-18**

- एलिया किन निरूत्साहित थिए? यदि पूरै कथा जान्न चाहनु हुन्छ भने 18 अध्याय पनि पढ्नुहोस्।

- 19 अध्यायमा एलियालाई मदत गर्न परमेश्वरले पहिलो कस्तो सहायता पठाउनुभयो?
- गुफामा एलिशालाई परमेश्वरबाट पठाईएका पहिलो शब्दहरू के थिए?
- परमेश्वर वोल्दै थिए भनि एलियाले कसरी थाहा पाए?
- परमेश्वरले एलियालाई उत्साह दिन तिनलाई के गर्न भन्नु भयो?

रेचेलले दुबैको निम्ति चिया ल्याउँछे र सहायकले अध्ययनबाट पढ्छ, "परमेश्वरका साहसी अगभवक्ताहरू पनि निरूत्साहित भए। परमेश्वरले एलियालाई ठूलठूला आश्चर्यकाम गर्ने शक्ति दिनुभयो तर जब रानी ईजबेलले तिनलाई मार्ने धम्की दिन्छिन् तिनी डरले भाग्छन्। तिनी धेरै टाड़ा भाग्छन् र धेरै थकित बन्छन्। आफनो दासलाई छोड़ेर तिनी एक्लै जान्छन् जुन् चाही तिनको भूल थियो। तिनी मर्न चाहन्थे, निरूत्साहितको आधा भाग चाही आफनै शरिर थकित भएर आयो। परमेश्वरले उहाँको स्वर्गदूतलाई भोजन र पानी दिन खट्टाउनुभयो र तिनको शरिरमा शक्ति नआउञ्जेल तिनलाई सुत्न दिनुभयो। त्यसपछि परमेश्वर तिनीसित बोल्नुभयो। परमेश्वरको पहिलो शब्दहरू एउटा प्रश्न थियो, "तिमी यहाँ किन छौ?" परमेश्वरले पहिले एलियाको कुरा सुन्नुभयो। उहाँले एलियासित कुरा गर्दा नरम र शान्त चालमा बोल्नुभयो। गर्जन स्वरमा बोल्नुभएन। अन्तमा परमेश्वरले एलियालाई जिउने एउटा कारण दिनुभयो। उहाँले तिनलाई काम र उहाँका शक्तिमा नयाँ आशा दिनुभयो।"

उनीहरूले 1 राजा 19 अध्याय फेरि पढ़े र सिकारूले भन्छ, "हामी महान सल्लाहकारको उदाहरण अनुसरण गर्नेछौं। जब मानिसहरू निरूत्साहित छन् भनि थाहा पाउँछौं हामी भेटघाटको निम्ति जाँन्छौं। तिनीहरूको कष्ट कारण शारीरिक पो हो कि पहिले पत्तोलागाऔं। के तिनीहरू थाकेका, भोकाएका वा विरामीछन्? रोगीको निम्ति प्रार्थना गर अनि शारीरिक खाँचो पूरा गर्ने प्रयत्न गर। त्यसपछि के भूल भएको रहेछ भनी जान्न प्रश्नहरू गर। मानिसहरू किन हतास र दु:खित छन् त्यसको मूल कारणको लागि धैर्यसाथ सुन। नरम बन। परमेश्वर चोट पाएका मानिसहरूसित रीस द्वारा होइन तर हाम्रो करूणा द्वारा बोल्नुहुन्छ।"

सहायकले भन्छ, "मैंले पनि यसरी नै सेवादिने र उसको परिवारको निम्ति गर्न जरूरी छ। म पनि उसित परमेश्वरले एलियासित झैं व्यक्तिगत रूपमा नरम बोलीमा बातचीत गर्नपर्छ।

अध्ययानबाट सहायकले पढ्छ, "तिमीले अरूबाट सुनेका नराम्रा कुराहरूको खबर जबसम्म साँचो र बड़ाई चढ़ाई नगरेको खबर रहेछ भनि पूर्ण तौरमा पक्का नभएसम्म अरूलाई नबताउनु। मानिसहरूलाई तिनीहरू ख्रीष्टमा को हुन् याद दिलाउँदै हतास भएका विश्वासीहरूलाई आशा देखाऊ। एफिसी 1:3–14 मा भएका उत्साहका शब्दहरू भन्न र प्रत्येक बहमूल्य प्रतिज्ञा दाबी गर्न लगाऊ। तिनीहरूलाई पदहरू पढ्न लगाउ वा तिम्रो पछि पछि दोहोर्‍याउन लगाऊ। प्राय: तिनीहरूको जीवनमा पाप हुन्छ जुन् परमेश्वरको अघाड़ि स्वीकार गरेका हुदैनन्। पाप कायल गर्न तिनीहरूलाई मदत गर। कसैसित केहि गलती भएको छ भनें क्षमा मांग्नमा तिनीहरूलाई मदत गर, विशेष गरेर तिनीहरूको आन्फै परिवारमा भएका मानिसहरूमाझ।परमेश्वरको क्षमादानबारे आश्वास्त गर। अन्तमा, परमेश्वरलाई व्यवहारीक तौरमा सेवा गर्न तिनीहरूलाई मदत गर, चाहे कठिन परीस्थीति किन न आओस।"

सहायकले अध्ययन राख्छ र जोश संग भन्छ, "हो, म यो गर्नेछु। म हाम्रोमण्डलीमा भेटघाट गर्ने तथा सल्लाह दिने सेवाकाई आयोजित गर्नेछु। आज राती म हाम्रा कार्यकर्त्ताकहरूसित भेटगर्नेछु। सिकारू कृपया बसिदेऊ र मलाई मदत गरिदेऊ।"

### अभ्यास

**एफिसी 1:3–14** मा ख्रीष्टमा विश्वासीहरूलाई उत्साह दिने अनेक बहुमूल्य प्रतिज्ञाहरू खोज।

त्यस रात सहायकले उसको नयाँ मण्डलीका कार्यकर्त्ताहरूलाई बुझाउँछ "हाम्रा मानिसहरूले समस्याहरूको सामना गर्नपर्छ र हामीहरू उनीहरूको घरमा भेटघाट गर्न गए मात्र यी समस्याहरूको समाधान निकाल्न सक्छौं, केहि कसैसित मिलिरहेको हुँदछ। कतिजना

विरामी, वृद्धर कमजोड् अथवा बेरोजगार हुन्छन् र कति चाही जँड्याह, ड्रग्य खाने वा यौन समस्याहरूका शिकार हुन्छन्। कति नयाँ विश्वासीहरू भने तिनीहरूको उद्धारमा पक्का हुँदैनन् र ख्रीष्टको मण्डलीमा तिनीहरूको कस्तो स्थान छ त्यो तिनीहरूलाई थाहै हुँदैन्। कतिका मित्रहरू र आफन्तहरू हुन्छन् जसहरूले अझसम्म प्रभु येशूलाई चिनेका छैनन्। प्रत्येक नयाँ विश्वासीले कसै न कसैबाट नियमित भेटघाट पाओस् भनि हामी योजना बनाऊ। सिकारू, हामीले के गर्नपर्छ कृपया बताईदेऊ।"

सिकारूले समझपूर्ण सल्लाह दिन्छ, "तिमी यहाँको अगुवा हौ। तिमीलाई नै याहा छ के गर्नपर्ने हो। तिमी उनीहरूलाई भन।"

झुण्डलाई सहायकले भन्छ, "जोड़ी जोड़ी जाऊ। पुरूषहरूले पुरूषहरूलाई र स्त्रीहरूले स्त्रीहरूलाई भेटन जाऊ। अरूको कुरा पटक्कै नगर। पति पत्नीहरूले एकसाथ परिवारहरूलाई भेट गर। भेट गर्नगएका मानिसहरूसित प्रार्थना गर। त्यी सिकाएका कथाहरूबाट भन, प्रभु येशूबारे बताउन र तिनीहरूको समस्याहरूको समाधान निकाल। परिपक्व विश्वासीहरू तिमीहरू नयाँ विश्वासीहरूका साथ नबाँचेका मित्रहरू भेटन जाऊ र के भन्न पर्ने हो चाँड़ै सिक्न नयाँ विश्वासीहरूलाई मदत गर। याद गर, हामी सबैजना प्रभु येशू जस्तै गोठालाहरू हौं, प्रभु येशू हाम्रो महान गोठाला। हामी सबैले प्रेम र करूणामा उहाँका भेंड़ाहरूको रव्याल राखौं। बिचारी हौ! खाँदै गर्दैगर्दा वा कामको बेला मानिसहरूलाई हस्तक्षेप नगर। शुद्ध, आदरणीय र नरम बन। ख्रीष्टले गर्नुभए झै आफूहरूले प्रदर्शन गर।"

सहायक र सिकारूले सेवादिनेको परिवारलाई, जसले मण्डली छौड्यो भेटन जान्छन्। सहायकले फेरि सिकारूको मदत माग्छ तर सिकारूले "तिमी उनीहरूका गोठाता हौ र तिमीले बोल्न पर्छ" भन्छ।

सहायकले सेवादिने र उसको परिवारलाई अय्यूबले कसरी कष्ट भोगे त्यो बताउँछ। अय्यूब विरामी पर्दा तिनका मित्रहरूले तिनलाई सान्त्वना दिने प्रयास गरे तर उनीहरूले तिनको पिड़ा उल्टो झन् बढ़ाईदिए। उनीहरूले तिनलाई तिनी नराम्रो भएकोले कष्ट भोग्न परेको हो भनिरहे। अय्यूबले किन तिनले कष्ट भोग्न परिरहेछ भनि परमेश्वरलाई सोध्न चाहे कारण तिनले दुष्ट मानिसहरू आरामसाथ जिउँदै गरेको देखे। **पिड़ा कष्टमा हुनेहरूले कसरी सान्त्वना पाए,** म त्यो बताउँ।

## अभ्यास

**अय्यूब 1 र 2** अध्यायमा खोज:

- परमेश्वरले अय्यूबको विश्वासको कसरी जाँच गर्नुभयो।
- परमेश्वरले अय्यूबलाई किन जाँच गर्दै हुन्थ्यो, के तिनले बुझे?

**याकूब 37, 2 42** अध्यायहरूमा हेर्नुहोस्:

- परमेश्वरले अय्यूबलाई कसरी जवाफ दिनुभयो?
- अन्तमा उसलाई के भयो?

सेवादिनेको की घरमा सहायकले उसलाई र कारमेनलाई भन्छ, "हामीलाई कष्ट धेरै कारणहरूले आउन सक्छ। हाम्रै मूर्खताहरूले गर्दा हामीमाथि कष्ट ल्याँउछौं। परमेश्वरले पनि हामीलाई ठिक बाटो ल्याउन उहाँको सम्झना गर्न अथवा हामीलाई हाम्रो स्वर्गको घरमा लौजान रोगहरू दिनुहुन्छ। उहाँले हाम्रो विश्वास दरिलो पार्न र जाँच गर्न कष्ट आउन दिनुहुन्छ। कतिचोटि उहाँको शक्तिले हामीलाई ठिक गर्नुहुन्छ। उहाँले हाम्रो दुर्बलतामा हामीलाई उहाँको शक्ति प्रदर्शन गर्नुहुन्छ, जसै पावलले कोरिन्थीको मण्डलीलाई भने।

कारमेन र नानीहरू सुत्नजान्छन् तर सेवादिनेले अझ सिक्ने इच्छा गर्छ। सहायकले **कष्टप्रति पावलको प्रवृत्तिबारे** बुझाउँछ।

## अभ्यास

- **2 कोरिन्थी 1:3-7** मा हाम्रो सान्त्वनाको मुख्य स्रोत खोज।

- **2 कोरिन्थी 4:7–12** मा विश्वासीको कष्ट उसको शरिरले के प्रतित गर्छ खोज।
- **2 कोरिन्थी 12:7–10** मा परमेश्वरले पावललाई किन कष्ट सहन दिनुभयो एउटा कारण खोज।

सहायक सेवादिनेसित प्रार्थना गर्न जारी रारव्छ र भन्छ, "हामीले कष्ट भोगेको परमेश्वरले चाहनु हुन्न। प्रभु येशू हाम्रो कष्ट बोक्न आउनुभयो। यदि हामी परमेश्वरलाई भरोसा गर्छौं भने उहाँले हाम्रो कष्ट द्वारा केहि असल कुरा निकाल्नु हुन्छ। जसरी उहाँले प्रभु येशू पावल र अय्यूबको कष्टद्वारा निकाल्नभायो। अब हरे म तिमीलाई **अन्धा मानिसबारे बताउँ जसलाई कसैले विश्वास गरेनन्।"**

## अभ्यास

- **यूहन्ना 9 अध्यायमा** मान्छको अन्धोपनको कारण के असलकुरा भयो, हेर।
- **याकूब 5:13–20** असल र कष्ट दुवैको समय सामना गर्नेहरूका लागि सल्लाहका शब्दहरू खोज।
- **हिब्रू 12:5–12** मा एउटा मुख्य कारण हेर कि परमेश्वरले विश्वासीहरूलाई, जसहरूले पाप गरिरहे, सजाय दिनुहुन्छ।

जब उनीहरू सेवादिनेको घरबाट निस्कन्छन् त सिकारूले सहायकलाई भन्छ, "तिमीले राम्रो सल्लाह दियौ। मलाई थाहा थियो तिमीले राम्रो सल्लाह दिनेछौ भनेर त्यसैकारण म चुपचाप रहेको हुँ।"

अर्को दिन सहायक आफनी पत्नी रेचलको पत्नी कारमनलाई भे न जान्छ। रेचलले पनि भेटघाट र सल्लाह दिनबारेमा अध्ययन गरेटकी थिई। उसले कारमेनलाई बताउँछे, "तिम्रो कष्टको अर्थ तिमीलाई परमेश्वरले त्याग्नुभएको होइन। पछि उनीहरू मिलेर निरूत्साहको मूल जड़ के हो निकाल्न प्रयास गर्छ। भन्छ, "मलाई याहा छ मूल जड़ के हो। मैंले मेरो परिवारलाई परमेश्वरको विश्वासनीयता भुल्न दिएँ। हामी परिवार भेला भए र प्रार्थना गरेका थिएनौं। लौ अब हामी संगै प्रार्थना गरौं र हाम्रो कष्टबाट असल कुरा ल्याउनहोस् भनि परमेश्वरलाई भनौं जसरी उहाँले अय्यूबलाई गर्नुभयो।"

सहायकको मण्डलीका केहि सदस्यहरूले यस परिवारको निम्ति भोजन ल्याउँछन् र धेरै दिनसम्म सहायता दिईरहन्छन्। चाँडै परमेश्वरले उनीहरूको शरीरिक रोग कष्ट पनि निकोपार्नुहुन्छ। सेवादिने अरूलाई भेट गर्न जान थाल्छ, प्रभु येशूबारे भन्छ र सान्त्वना दिन्छ। पाएका त्यी सहायताबारे उसले भन्न चाहन्छ, "परमेश्वरले हाम्रो निम्ति असल कुरा ल्याइदिन उहाँले नराम्रा कुराहरू प्रयोग गर्नुभयो।"

आराधना सेवाको बेला सहायकले सूचना दिन्छु, "मण्डलीले सेवादिने र कारमेनले अन्य धेरैलाई दिईरहेको करूणामय हेर्चाहको सम्मान गर्छ। हामी अब उनीहरूलाई डिकनको रूपमा अभिषेक गर्न हाम्रो हातहरू राख्दछौं।"

## व्यवहारीक काम

- समस्यामा परेकाहरूलाई भेट गर्ने र सरसल्लाह दिने सेवाकाई बढ़ाऊ। अरूलाई सरसल्लाह दिन चाहनेहरूलाई मण्डलीमा खोज। यस भागमा भएका कथाहरूलाई लिएर अरूलाई उत्साह दिन तिनीहरूलाई सिकाऊ
- चाहे समस्या होस् वा नहोस् कहिले कहिले प्रत्येकलाई भेट्ने व्यवस्था गर।
- भाग 1 मा भएको प्रभु येशूका त्यी मूल आज्ञाहरू पालन गर्न नयाँ विश्वासीहरूलाई सिकाऊ।
- बुर्जग हरूमाथि जोहरू अति कमजोड़, रोगी वा अन्य कुराको खाँचोमा छन् विशेष ध्यान देऊ।
- नयाँ विश्वासीहरूसित प्रभुमा नबाँचेका मित्रहरूलाई गवाही दिन जाऊ।

### III-9- सेवाकाई 9

# विवाहहरू र सम्पूर्ण परिवारहरूको विश्वास सुदृढ़ पार

श्री. मूर्ख सिकारूको घरमा उसको बिक्री सूचि ल्याउँछ र बिक्रीका थोकहरू देखाउँदै भन्छ, "यहाँ हेर त कहिले नसकिने फ्लाशलाईट बैटरी। तिम्रो फ्लिशलाईटको लागि एउटा पुरै प्याकिट किन।"



सिकारूले भन्छ, "यदि कहिले नसकिने बैटरी हो भने किन यति धेर किन्नु? त्यो कपड़ामुनि के राखेको तिमीले?"

"व्यक्तिगत सरसमानहरू।" सिकारूले कपड़ हटाउँछ र मूर्तिहरू भेट्टाउँछ।"

श्री. मूर्खले भन्छ, "त्यी त घरमा सजाउने प्रतिमाहरू मात्र हुन्।"

"त्यसो भए किन तिमी लुकाउँछौ।"

"तिमीले मनाही गर्नेछौ भनेर मलाई थाहा थियो तिमी संकीर्ण विचारको छौ। यदि तिमीमा बलियो विश्वास हुँदो हो ता तिमीलाई यो प्रतिमा केहि होइन भनि याहा हुने थियो र यसलाई चर्चाको विषय बनाउने थिएनौ। मेरो त विश्वास बलियो छ तसर्थ विना समस्या नै म यी मूर्तिहरू बेच्न सक्छु।"

"मैंले तिम्रो विचार बुझिनँ। अन्य जातिहरूले पो पूजा गर्नलाई यी किन्छन्" सिकारूले भन्छ।

"तिमीसित साँचो विश्वास छैन् रहेछ। मबाहेक कसैसित हाम्रो मण्डलीमा साँचो विश्वास छैन्।

तिम्रो मानिसहरू असल जीवन व्यतित गर्दै होलान् तर प्राय: सबै पिरिवारहरूमा समस्याहरू छन्। पतिहरू आफना पत्नीहरूसित झगड़ा गर्छन् र नानीहरूलाई ध्यान दिदैनन्। तिनीहरूसित विश्वास छैन् म त मेरो परिवालाई व्यवस्थीत राख्छु। मैंले भनेको कुरा पत्निले सुनेन् भने म उसलाई कुटछु।"

सिकारूले जवाफ दिन्छ, "यो सत्य हो, हाम्रा परिवारहरूमा समस्याहरू छन् र यस्तो लाग्दैछ तिमीसित पनि छ। श्री. बुद्धिमानलाई मैंले भनें हामीलाई हाम्रा सारा परिवारको विश्वास सुदृढ़ पर्न खाँचो छ। उसले मलाई अब्राहामाको विश्वासको पात्रबारेमा यस अध्ययनलाई छोड़ेको छ। हामी पढ़ौं। तर पहिले मलाई प्रतिज्ञा गर कि तिमीले यी मूर्तिहरू बेच्ने छैनौं।

श्री मूर्ख गनगनाउँछ, "तिमी भन्छौ भने ठिकै छ म बेच्दिनँ। म मेरो मण्डलीमा समस्या चाहदिनँ।"

सिकारूले भन्न जारी रारव्छ, "राम्रो। लौ, हामी साँचो विश्वास के हो जान्न **अब्राहाम, विश्वासको पात्रबारेमा** यस अध्ययन पढ़ौं। परमेश्वरले अब्राहामलाई तिनका सन्तानहरू मध्ये एउटाबाट सारा देशहरूलाई आशीष दिनुहुने प्रतिज्ञा गर्नुभयो। र त्यो प्रतिज्ञा हो, प्रभु येशू। अब्राहामले यस प्रतिज्ञामाथि विश्वास गरे।"

### अभ्यास

**उत्पत्ति 21:1-7** मा अब्राहामको बृष्द अवस्था र बाजी स्वास्नी सारालाई जन्मदिने सम्मवको कसले बनाए पत्तो लाउनुहोस्।

**उत्पत्ति 22:1-18** मा हेर्नुहोस्:

- परमेश्वरले अब्राहामको विश्वास कसरी जाँच गर्नुभयो?
- परमेश्वरले अब्राहामको छोरालाई कसरी बचाउनुभयो?
- परमेश्वरले विश्वास गरेकोले अब्राहमासित कस्तो प्रतिज्ञा गर्नुभयो?

श्री. मूर्ख सिकारूको घरको अघाड़ि आफनो विक्री सूचिमा अड़ेस लागेर केहि बेर चुपचाप बस्छ। त्यसर्पाछ उसले भन्छ, "आज कुनै व्यक्तिकोमा भन्दा बढ़ि विश्वास अब्राहामसित थियो। तिनी र तिनकी पत्नीले त्यी कुराहरू पहिलै गरिसकेका छन्। आज हामीले भिन्दै समस्याहरूको सामना गर्छौं।"



सिकारूले जवाफमा भन्छ, "अब्राहामको उदाहरण अहिले पनि हाम्रो जीवनमा प्रयोग हुन्छ। परमेश्वरले तिनलाई एउटा छोरा दिनुभयो जसद्वारा सारा संसारलाई आशीष दिनुहुने प्रतिज्ञा पूरा गर्नुभयो। त्यसमा हामी पनि सामेल छौं। उहाँले अब्राहामलाई तिनको छोरालाई बलि चढ़ाउन भनेर तिनको विश्वासको जाँच गर्नुभयो। अब्राहामले परमेश्वरमाथि पूर्ण भरोसा गरे र उहाँको आज्ञा माने र परमेश्वरले तिनका छोराको साटो एउटा थुमा जुटाउनु भएर इसहाकलाई बचाउनुभयो यो एउटा उदाहरण अर्थात एउटा अगमवाणी थियो कि कसरी 2000 वर्षपछि प्रभु येशू हाम्रो साटो मर्नुहुनेछ। प्रभु येशूद्वारा जो अब्राहामका सन्तान हुनुहुन्छ परमेश्वरले संसारका सारा परिवारहरूलाई आशीस् दिनुहुने उहाँको प्रतिज्ञा पूरो गर्नुभयो।"

"उहाँले मलाई केहि बिक्रीहरूबाट आशीष दिनुहुनेछ।"

"तिम्री पत्नीलाई कुट्ने सम्बन्धिमा भनौं त्यो ठीक होइन। परमेश्वरले विवाह रच्नुभयो र दम्पत्तिलाई बनाउनुभयो। उहाँले हामीलाई नानीहरू दिनुहुन्छ र तिनीहरूलाई आशीष दिनुहुन्छ। हाम्रो परिवारको निम्ति यदि हामी उहाँका निर्देषहरू पालन गर्छौं भने हामी सुख र शान्तीमा बाँच्छौं।"

## अभ्यास

**एफिसी 5:21–23** मा यी कुराहरू पाउनलाई पढ़नु होस्:

- ईसाई पत्नीहरूले कसको अधिनमा आफूलाई अर्पण गर्नुपर्छ?
- यदि पत्नीहरू अधिनमा रहोस् र अर्पण गरोस् भनी चाहने ईसाई पतिहरूले के गर्नपर्छ?
- एउटा पतिले एउटी पत्निलाई कतिको गहिराईमा प्रेम गर्नपर्छ?
- ईसाई विवाहको उदाहरण के को?

यी कुराहरू पाउन पढ़नुहोस् **एफिसी 6:1–3:**

- एउटा ईसाई घरमा नानीहरूको कर्त्तव्य के हो?
- आमा बाबूको कर्त्तव्य के हो?

सिकारूले श्री मूर्खलाई बुझाउँछ, "वचनले भन्दछ, पुरूष र स्त्रीले आफना आमा बाबुलाई छोड़ेर विवाहमा बाँधिनपर्छ। आजीवन तिनीहरू एकार्कामा विश्वासयोग्य रहनपर्छ। पतिले आफनी पत्नीहरूलाई आफूलाई जत्ति प्रेम गर्छ त्यत्तिनै प्रेम गर्नपर्छ। पत्नीले आफना पतिलाई आदर गर्नपूर्छ र आफैलाई अर्पण गर्नपर्छ। पतिले रीसपूर्ण शब्दहरू र धम्कीहरू द्वारा पत्नी माथि अधिकार जमाउनु होइन। बरू एकार्कामा अर्पण गर्नु भनि पावलले भन्छन्। यदि एउटा पति आफनी पत्नीलाई प्रेम गर्छ र असल हेर्चाह गर्छ भने पत्नीले पतिको कुरा खुशी खुशी मान्छे।"

श्री. मूर्ख बीचमा बोल्छ, "त्यस्तो त पति र पत्नी दुवै ईसाइहरू छन् भने मात्र हुन्छ। मेरो पत्नी त ईसाई होइन। उसलाई केहि थाहै छैन्। म उसलाई पारपाचुके दिएर एउटा जवान ईसाइ केटी विवाह गर्ने योजना गर्दैछु। त्यसपछि मेरा नानीहरूले असल व्यवहार देखाउँला।"

सिकारूले भन्छ, "पावलले होइन? कोरिन्थी 7:10-16 मा भन्छ, गैरईसाई पत्नी ईसाई पतिसित बस्न राजी छ भने बसोस् अविवाहित विश्वासीहरूले अन्य विश्वासीहरूलाई नै विवाह गर। पावलले कसरी नानीहरूलाई शिक्षा दिनु त्यो पनि सिकाउँछन्।" सिकारू वचनको पद पढ्न थाल्छ तर श्री. मूर्ख त्यहाँबाट निस्केर जान्छ।

## ख्रीष्टमाथि विश्वास राख्नु नानीहरूलाई कसरी सिकाउनु

अर्को सभामा सिकारूले मण्डलीलाई भन्छ, "हामीले हाम्रो परिवारलाई बलियो बनाउन पर्छ। पावलले एफिसी 6:1-4 मा नानीहरूलाई भन्छन कि तिनीहरूले प्रभुमा आफना आमा बाबको आज्ञा पालन गरून् यसैले कि तिनीहरू लामो र राम्ररी जिउन सकून्। तिनले आमा बाबुहरूलाई पनि आफनो नीनीहरूले सजिलै मान्न नसक्ने आज्ञाहरू दिएर नानीहरूलाई निरूत्साहित नगरि तालिम दिन भन्छन्। असल आमा बाबूहरूले  आफना नानीहरूलाई आज्ञा पालन गर्न  सिकाउँछन्। प्रार्थना गर्न र प्रभु येशूका आज्ञाहरू पालन गर्न बाइबलका कथाहरूबाट तिमीहरूले नानीहरूलाई शिक्षा दिनसक्छौ। प्रत्येक परिवारले घरमा नियमित आराधना सेवा गर्ने योजना बनाउनपर्छ। पुरोहित एलिका दुष्ट साथै असल छोराहरूको बारेमा लौ हामी सिकौं।"

### अभ्यास

**1 शमूएल 3 अध्यायमा** हेर्नुहोस्

- एलिले बोलाएको रहेछ भनी सम्झेर शमूएलले कति चाँड़ो आज्ञा माने?
- ईश्वर निन्दा गर्न छोराहरूलाई के गर्न असफल बने?

सिकारूले आफनो घरमा भेला भएको मण्डलीलाई बझाउन जारी राख्छ, "परमेश्वरले एलिलाई तिनका छोराहरूलाई सुद्यार्ने चेताउनी दिनुभयो। इस्राएलका महापुजारी भएर एलिले सारा देशलाई नराम्रो उदाहरण दिईरहेका थिए। तिनका छोराहरूले मानिसहरूलाई लुटन र उनीहरूलाई नराम्रो व्यवहार गर्न तिनीहरूका अख्तियारका ओहोदाहरूको गलत प्रयोग गरिरहेका थिए तर एलिले तिनीहरूलाई हप्काएनन्। एलिले आफना छोराहरूलाई नसुधारेको कारण तिनीहरूको मृत्यु भयो। अर्को पट्टि शमूएलका माता पिताले शमुएललाई तुरन्तै र खुशीसाथ आज्ञा पालन गर्न सिकाए। आज्ञाकारिताको लागि परमेश्वरले शमूएललाई जीवनभरि आशीष दिनुभयो।"

सिकारूले मण्डलीलाई तिनीहरूका परिवारहरूलाई बलियो पार्न के गर्ने हो सोबारे कुरा गर्न लगाउँछ। याकूब जो सिकारू प्रति इमान्दारी बनेको छ र ख्रीष्टमा अब बढ़दैछ छिटो छिटो जवाफ दिन्छ, "आमा बाबुहरू भएर हामी हाम्रा नानीहरूलाई साना छँदानै आत्मिकी खतराहरूबाट तालिम दिएर बचाउँछौं। तिनीहरूले गर्न भनि हामीले चाहेका कुरा गर्न तिनीहरूलाई हामी बुझाउँछौं। हामी हाम्रा नानीहरूले शमुएलले झैं चाँड़ैं आज्ञा पालन गरेको चाहन्छौं। यदि तिनीहरूले चाँड़ै र खुशी खुशी आज्ञा मान्दैनन् त हामी सुधाछौं। आमाहरू के यसमा सहमत छन्?"

एकक्षण् चुप बसेर साराले जवाफ दिन्छे, "म मानिलिन्छु याकूब। हितोपदेश 13:14 ले भने झैं हामीले तुरन्तै र शारीरिक रूपमा

तह लगाउँदा सासाना नानीहरूले चाँडै सिकिहाल्छन। ठलाठूला नानीहरूले आज्ञा नमान्दा हामीले तिनीहरूबाट केहि बेरको लागि केहि थोक खोस्छौं र तिनीहरूले आज्ञा मान्न राख्नुपर्छ र चिच्चाउनु हुँदैन। हामीले तिनीहरूलाई रीसले सुधार्न हुँदैन् नता चोट पुग्ने गरि हिर्काउन हुन्छ। आमा बाबू दुवैले सामान नियमहरू अनुसार सिकाउँछन् भनेर हामीलाई पक्का हुनपर्छ।"

देबोराले सभामा पहिलो चोटि मुख खोल्छे, "हामीले हाम्रो उदाहरणबाट हाम्रा नानीहरूलाई सिकाउनपर्छ। हामीले तिनीहरूलाई मद्यपान र ड्रग्स सेवनबाट टाड़ा रहन सिकाउनुपर्छ। दुष्ट कुराहरूहले परिक्षामा नपार्ने मित्रहरू चुन्न हामीले कसरी त्यो देखाउँछौं। हामीले प्रभुको निम्ति जसरी काम गर्दछौं त्यहि प्रकारले सबै कुरामा असल काम गर्दै परिश्रम कसरी गर्नु देखाउछौं। हामी तिनीहरूलाई परमेश्वरको वचन तिनीहरूको जीवनमा कसरी प्रयोग गर्नु सो देखाउँछौं।

"खूबै असल!" सिकारूले हर्षित हुन्छ। बाइबलमा भएका परिवारहरूबारेमा यहाँ केहि कथाहरू छन्। नानीहरूलाई सिकाउन केहि कथाहरू छन्। नानीहरूलाई सिकाउन त्यी सबै सरल छन् र तिमीहरू आमा बाबुहरूले त्यी कथाहरूबाट नानीहरूलाई बहुमूल्य सत्यताहरू सिकाउन सक्छौ। त्यी कथाहरू तिम्रा साथै गैर ईसाई आामा बाबुका छोरा छोरीहरूलाई बताऊ।"

## अभ्यास

**उत्पत्ति 24** अध्यायमा होर्नुहोस् परमेश्वरले इसाहाकको निम्ति पत्नी कसरी जुटाई दिनुभयो।

**उत्पत्ति 29:1-30** मा हेर्नुहोस् याकूबले राहेलको निम्ति के गर्न पेरयो?

**प्रेरित 6:9-14** मा हेर्नुहोस्:

- युसूफले तिनका दाज्युहरूलाई क्षमा गरि दियो भनि कसरी व्यक्त गरे जुन् दाज्यूहरूले तिनलाई दासको रूपमा बेचेका थिए
- परमेश्वरले यूसुफको परिवारलाई अनिकालको बेला बचाउन तिनको कष्टलाई कसरी प्रयोग गर्नुभयो?

**लूका 1 र 2** अध्ययमा हेर्नुहोस्-कस्तो परिवारमा प्रभु येशूको जन्म भयो।

सिकारूको घरमा भएको सभाको अन्तमा साराले आमाहरूलाई एकक्षण पर्खन भन्छे। उसले तिनीहरूलाई भन्छे, "सिकारूले मलाई नानीहरूको लागि शिक्षिक हुन मदत गरेको छ। उसले हामीलाई कथाहरूको सूचि बनाउन भनेको छ र एउटा सानो नाटक प्रत्येक हप्ता मण्डलीमा प्रस्तुत गर्न नानीहरूलाई मदत गर्नु भनेको छ।"

सिकारूले थप्छ, "भाग लिनलाई हामी बाबुहरूलाई पनि भनौं। यी कथाहरूमा ठूलाहरूले पनि भाग लिए गहकिला बन्न जान्छन्।"

साराले आग्रह गर्छे "नानीहरूलाई सिकाउन चाहने जत्तिले सहायता गर्नुहोस्। हामी एकसाथ प्रत्येक हप्ता तयारी गर्नेछौ। हामीले सिकाउँदा नानीहरू खुशी र आदर गर्ने होऊन् भनि हामी चाहन्छौं। बाबूहरूले पनि भाग लिए झन् राम्रो हुनेछ। यसको निम्ति सिकारू तिमीले मदत गर।"

याकूबले आफना नानीहरूलाई भन्छ, "भौली देखि शुरू गरौं तिमीहरू स्कूल जानभन्दा अघि हामी परिवार साथमा प्रार्थना गर्नेछौं।"

## व्यवहारीक काम

- परिवारमा अख्तियारको लागि परमेश्वरको नमुना लिन तिम्रो मण्डलीका परिवारहरूलाई मदत गर।
- परमेश्वरको वचन अध्ययन गर्दा, गीत गाउँदा र साथमा प्रार्थना गर्दा समयहरू मिलाउन तिम्रा परिवारहरूलाई सघाऊ।
- प्रेममा नानीहरूलाई शिक्षा दिन आमा बाबूहरूलाई सिकाऊ।
- नीनीहरूलाई बाइबलका कथाहरू बताउने व्यवस्था गर त्यसपछि नाटक गरेर देखाऊ र आराधनामा भाग लिन देऊ।
- बाइबलका कथाहरूबाट ठुलाहरू आफैलाई वा नानीहरूसित पनि नाटक गर्न लगाऊ।

## III-10 सेवाकाई 10

# विरामी, खाँचोमा परेका र अवहेलितको वास्ता गर

देबोरा सिकारूकी छिमेकी बिहानै उसको घरमा आउँछे र भन्छे, "मेरो भाई जोसेफ जेलमा छ। यस शहरमा एउटा नयाँ मण्डली शुरू गर्न तिमीले उसलाई मदत गरयौ। उनीहरू घरमा भेटछन। शहरका अधिकारीहरू  ईसाईहरूको विरूद्धमा छन्। उसका नौजना नानीहरू छन् र तिनीहरू भोकै छन्।"

सिकारू र उसकी पत्नी साराले एक बोरा चामल र केहि थोकहरू लगेर जोसेफकी पत्नी लिसालाई दिन्छन्।

लिसाले भन्छे, "जोसेफ जेलमा छ। अधिकारीहरूले उसलाई बिना आज्ञा सभाहरू गरेकोमा दोषी ठहराउन मुद्धा चलाउन लागेका छन्। सिकारू, एक वकिल खोज्न मलाई मदत गर्नसक्छौ? मलाई थाहा छैन् के गर्नपर्छ भनेर। एकक्षण है! म चिया बनाउँछु।"



लिसा भान्साकोठातिर लाग्छे र साराले सिकारूलाई विस्तारै भन्छे, "यस्ता प्रकारका मामिलाहरू तिमीले अरूलाई अह्राउने छौ भन्दै थियौ। हाम्रो मण्डलीमा प्रायै: घेरै गरिब छन्। कति त पढ़ेका छैनन्। तिमी र मैले उनीहरूको ख्याल राख्न सम्भव छैन्।"

सिकारूले लामो सांस फेर्छ, "तिमीले ठिक भन्दैछौ। यी मामिलाहरूका लागि हाम्रो मण्डलीका मानिसहरूलाई भन्नपर्छ। एउटी विधवाको घर मरम्मत गर्नु पर्नेछ र यस महिलालाई एउटा वकिलको खाँचो छ–आफना छोटालाई बचाउन।

तिनीहरू फर्केपछि सिकारूको घरमा दुवै सहायक र श्री. मूर्ख परिर्वरहेका हुन्छन्। श्री. मूर्खले भन्छ, "सिकारू, म के बेचिरहेछु सो घोषणा गर्न एउटा लाउडस्पीकर किन्न पर्याप्त पैसा ऋण देऊ न कृपया। यसो गरे मेरो बिक्री बढ़छ र अर्को महिना म तिम्रो पैसा तिरिदिई हाल्छु।

मैंले तिमीलाई ऋण माग्न छोड़ भनेको छु।"

"तिमी पास्टर भएर तिम्रो काम गरिब र खँचोमा परेकाको ख्याल राख्नु हो तिमीले हामीलाई लत्याउँदैछौ।"

सिकारूले जवाफमा भन्छ, "खाँचोमा परेकालाई म एकदमै याद गर्छु। तर पैसा दिएर मात्रै समस्या समाधान हुँदैन्। म बरू तिम्रो लागि एउटा काम खोजी दिन मदत गर्न चाहीँ खुशी हुनेछ। त्यसपछि तिमीले खाँचोमा परेकाहरूलाई मदत गर्नसक्छौ, उनीहरू जस्तै तिमीहुनुभन्दा।"

सहायकले टिप्पणी गर्छ, "मैंले मेरो मण्डलीलाई खाँचोमा परेकाहरूलाई मदत गर्ने शिक्षा दिईरहेको छु। भेड़ा र वाख्राको उखानबाट यो काम थालें।"

### अभ्यास

**मत्ती 25:31-46** मा पाउनुहोस्

- खाँचोमा परेकाहरूलाई सहायता गर्दा हामीले कसको पनि सेवा गरिरहेका हुन्छौं?
- खाँचोमा परेकाहरूलाई सहायता नगर्नेहरूको अवस्था मरेपछि कस्तो हुनेछ?

सिकारूको घरमा साराले सिकारू र श्री. मूर्खलाई चिया दिन्छे जबकि सहायकले बताउँछ "प्रभु येशूले भन्नुभयो, गरिब भोक, शोका मनाउने र निर्दोष व्यक्तिहरू जसहरूले दु:ख भोग्छन् परमेश्वरबाट विशेष आशिष पाउँछन्। जब हामी यी व्यक्तिहरूको सेवा गर्छौं, परमेश्वरको सेवा गर्छौं। जब हामी यी व्यक्तिहरूलाई लत्याउँछौं तब हामी परमेश्वरलाई तिरस्कार गरिरहेका हुन्छौं।"

### परमेश्वरले उहाँका जनहरूका खाँचोहरू कसरी पूरा गर्नुहुन्छ

सिकारुले थद्धै भन्छ, "गरिब व्यक्तिहरु जो कोहिले पनि माग्नु होइन तर आफ्नो दिनहुँको भोजनको लागि प्रार्थना गर्नपर्छ। ऋण तिर्न नसक्ने स्थीतिमा छौं भने ऋण लिन भन्दा मांग्नुनै बेस हुन्छ। यो चोरीको सबैमन्दा ठूलो भ्रमात्मक रुप हो। हामी सबैले हाम्रो खाँचोहरु पूरा हुन परमेश्वर माथि भरोसा गर्नपर्छ।"

श्री. मूर्खले गनगनाउँदै भन्छ, "यो भन्नु तिमीलाई सजिलो छ जब तिमीसित खाने कुराको दु:ख छैन्।"

सिकारूले भन्छ, "प्रस्थानको पुस्तकमा हेरौं परमेश्वरले उहाँका जन इस्राएली जातिको कसरी वास्ता राख्नुभयो तिनीहरु मिश्र देशमा धेरै वर्षसम्म दासत्वमा थिए। परमेश्वरले तिनीहरुको निम्ति एक अगमवक्ता मोशा पठाउनुभयो। मोशाले मिश्रका फिरऊनलाई भनें, परमेश्वरले उहाँका मानिसहरु स्वतंत्र भएको चाहनुहुन्छ। फिरऊनले यो कुरा मानेनन र परमेश्वरले मिश्रमा डरलाग्दो रुढ़िहरु पठाउनुभयो। अन्तमा उहाँले पहिलो जन्मेकाहरुलाई मार्न मृत्युको दूत पठाउनुभयो।

मोशाले इस्राएलीहरुलाई एउटा थुमा मारेर त्यसको रगत आ–आफ्ना ढोकामा लगाउन भनि चेताउनी दिए ताकि, त्यस दूतले कुनै क्षति गर्न नसकेका हुन। फिरऊनको आफ्नै छोरा पनि मर्‍यो अन्तमा फिरउनले इस्राएलीहरुलाई जान दिन्छन्। प्रस्थान का प्रथम केहि अध्यायहरु यससित सम्बद्ध छन्। सहायक, यो कथा तिमीले सिध्याउन सक्छौ?"

सहायकले भन्छ, "मानिसहरु मिश्रदेखि लाल समुद्रतिर हिड़छन र रोकिन्छन्। कहिं जाने ठाउँ नै उनीहरुले देख्दैनन्। फिरऊनको मन परिवर्त्तन हुन्छ र इस्राएलीहरुको पछि पछि आफ्ना सेनाहरु पठाउँछन्। परमेश्वरले उनीहरुको निम्ति समुद्र बीचमा एउटा सुखा जमिन खोलि दिनुहुन्छ र मिश्री सेनाहरु पछयाउने हुँदा, समुद्र जोड़िन्छ र तिनीहरु डुबेर मर्छन्। इस्राएलीहरु कनान देश पुग्न अघाड़ि उजाड़ भूमिमा चालिस वर्ष बिताए। उजाड़भूमिमा उनीहरुले केहि खानेकुरा पाएनन् र कति चोटि त पानी पनि पाएनन तर, परमेश्वरले उनीहरुलाई आवश्यक सबै कुरा प्रबन्ध गरिदिनुभयो। तब परमेश्वरले तिनीहरूलाई **अचम्भको मन्ना** दिनुभयो।"

**अभ्यास**

**प्रस्थान 16:11-35 मा हेर्नुहोस्:**

- परमेश्वरले उहाँका जनलाई कसरी खुवाउनुभयो, के मन्ना पाएर पनि मानिसहरुले गनगन गर्न र परमश्वेरको आज्ञा उल्लंघन गर्न बन्द गरे?

सिकारुले अर्को कथा भन्छ, "यस्तै प्रकारले, प्रभु येशूले खाँचोमा परेकाहरुको ख्याल राख्नुहुन्छ। म तिमीहरुलाई बताउँ कि **ख्रीष्ट येशूले उहाँको शरिर खान कसरी** दिनुहुन्छ।"

**अभ्यास**

**यूहन्ना 6 अध्यायमा** हेर्नुहोस्:

- पद 2–13 मा प्रभु येशुले रोगी र भोकाएकाहरुको निम्ति के गर्नुभयो?
- पद 14–27 मा प्रभु येशुले कुन दुईवटा कुराहरु गन्नुभएको मानिसहरु चाहन्थे?
- पद 17–21 मा सृष्टिको राजा हुनुहुन्छ भनि उहाँले कसरी प्रदर्शन गर्नुभयो?
- पद 27–40 मा स्वर्गको रोटी को हुनुहुन्छ र हामी कसरी यो प्राप्त गर्नसक्छौं?
- पद 41–69 मा अनन्त जीवन दिनुहुने त्यस रोटी पाउन हामीले के गर्नपर्छ?

सिकारूले भन्न जारी राख्छ, "प्रभु येशूले धेरै रोगीहरुलाई चंगाई गर्नुभयो। उहाँलाई सुन्नेहरुसित भोजन नहुँदा तिनीहरुलाई उहाँले तृप्त गर्नुभयो। मानिसहरुले उहाँलाई राजा बनेको र उनीहरुलाई सित्थैमा सँधै भाजने दिएको चाहन्थे। प्रभु येशूले यो सजिलै संग गर्नुसक्नु हुनेथियो। उहां सबका राजा हुनुहुन्छ, उहाँले प्रकृतिमाथि पनि राज गर्नुहुन्छ, उहाँले आँधीलाई शान्त पार्न र पानी माथि हिड्नुभयो। उहाँलाई थाहा थियो, शारीरिक भोजनले तिनीहरुको हृदय परिवर्त्तन गर्न सक्दैन्। तिनीहरु अझैपनि परमेश्वरदेखि टाड़ा नै रहनेछन्। प्रभु येशूले यस्तो भोजन दिन चाहनुभयो जुन् भोजनबाट तिनीहरुलाई सदाकाल सम्म सन्तुष्ट रहनसकून। यो भोजन हो प्रभु येशू स्वयं नै। यूहन्ना 6 अध्यायमा उहाँले तिनीहरुलाई अनन्त जीवन पाउन, उहाँको शरिर खान भन्नुभयो। आत्मिकी सत्यताबारे सुन्न नचाहनेहरु यस कुराबाट रिसाए। परमेश्वर चाहनुहुन्छ प्रत्येकले प्रभु येशूलाई विश्वास गरेको र उहाँबाट जीवन प्राप्त गरेको। जब हामी मण्डलीको हिस्सा बन्छौं, ख्रीष्टको शरिर बन्छौं तब उहाँले हामीलाई यो जीवन दिनुहुन्छ।"

श्री. मूर्खले जवाफ दिन्छ, "त्यो त राम्रो कथा रहेछ तर मेरा परिवारको टेबुलमा यस कथाले भोजन ल्याईदिँदैन्। लौ म हिड़े हैं।"

## डिकनहरुले ख्रीष्टको प्रेम दर्शाउँछन

श्री मूर्ख गएपछि, सहायकले सिकारूलाई सोद्ध, "हाम्रो मण्डलीमा साथै नयाँ मण्डलीमा मैले अगुवाको काममा बाधा न पुग्न दिई र मण्डलीलाई शिक्षा दिँदै खाँचोमा परेकाहरुको कसरी ख्याल राख्नु?"

"खाँचोमा परेकाहरुलाई नलत्याई तिमी तिम्रो शिक्षा दिने वरदानको सबै असल रुपमा प्रयोग गर्नसक्छौ। यरूशलेममा भएको मण्डलीका अगुवाहरुले पनि यस्तै समस्याहरुको सामना गरे। धेरै विधवाहरुलाई वास्ता गर्नपर्ने थियो तर उनिहरु प्रभु येशूबारेमा सुसमाचारको शिक्षा दिनमा ब्यस्त थिए। **पहिलो डिकनहरुको** विषयमा म तिमीहरुलाई बताउँ।

**प्रेरित 6 र 7: 54–60** मा हेर्नुहोस्:

- अन्यजाति विधवाहरुलाई लत्याईएका छैनन् भनि प्रेरितहरुले कसरी पक्का भने?
- प्रेरितहरुलाई कसरी थाहा भयो कि खाँचोमा परेकाहरुलाई सेवा गर्न कसलाई नियुक्त गर्नु।
- विधवाहरुको सेवा गर्ने सात जनामध्ये एक स्तीफनस कस्ता व्यक्ति थिए?

सिकारुले सहायकलाई बुझाउँछ, "प्रेरितहरुले खाँचोमा परेकाहरुलाई ख्याल गर्नका लागि यरूशलेममा भएको मण्डलीलाई शिक्षा दिने र अगुवाई गर्ने तिनीहरुका जिम्मवारीहरु त्यागेनन्। त्यसर्थ तिनीहरुले असल आचरण, पूर्ण सक्षम भएका अनि पवित्र आत्माले भरिएका सातजना व्यक्तिहरुलाई चुने। प्रेरितहरुले उनीहरुमाथि हात राखि प्रार्थना गरिदिए। यस्तै प्रकारले खाँचोमा परेकाहरुलाई सहायता पुरयाउने स्त्री–पुरुषहरुलाई डिकन भनिए। डिकन परमेश्वरका जनहरुका सेवकहरु हुन्। स्तीफनसले, जो एक डिकन थिए, पवित्र आत्माको शक्तिमा अविश्वास नगर्ने यहूदीहरुलाई प्रचार पनि गरे। तिनको मुहार चम्कियो र तिनले प्रभु येशूलाई स्वर्गमा पितासंग बिराजमान भएको देखे। यहूदीहरुले तिनलाई ढुंगा हानेर भारे।"

सहायकले जवाफ दिन्छ, "तिमीले डिकनहरु बारेमा सिकाएको कुरा मलाई याद छ। डिकन हरु असल आमा– बाबुहरु तथा

विश्वास योग्य दम्पत्तिहरु हुनुपर्छ भनी पावलले तिनका चेला तिमोथीलाई सिकाए।

उनीहरू असल आचरण भएका परिपक्व विश्वासीहरू, पैसा रूपियाको पछि नभाग्ने र मद्यपान नगर्ने हुनपर्छ। खाँचोमा परेकाहरूलाई सहायता परयाउने दुईवटा स्त्रीहरू डोरकस र लिडिया थिए। डोरकसले गरिब दु:खीहरूको लागि वस्त्र सिउँथी र लिडियाँले पावल प्रेरितको मिशनेरी दललाई बस्ने ठाउँ दिई।"

सहायकले लामो सास तान्छ, "अब मैंले बुझें खाँचोमा परेकाहरूलाई सहायता सुनिश्चित पार्दै म कसरी मेरो मण्डलीलाई अगुवाई गर्न जारी राख्न सक्छु। उनीहरूको सेवाको निम्ति डिकनहरू नियुक्त गर्न म एउटा सभा बोलाउनेछु जसरी पहिलो विश्वासीहरूले गरे।"

एक सातापछि सहायकले सिकारूलाई रिर्पोट दिन्छ, "मेरो मण्डलीले सेवादिने र उसकी पत्नी कारमेनलाई डिकनको कामको लागि नियुक्त गरेको छ। हामीले तिनीहरू माथि हात राखेर प्रार्थना गरिदियौं कि परमेश्वरले खाँचोमा परेकाहरूलाई मदत पुरयाउँदा स्तीफनसलाई झैं परमेश्वरले तिनीहरूलाई ज्ञान दिऊन्।"

"**हजुर, बिरामीहरूसित एल्डरहरूले कस्तो व्यवहार गर्नु पर्छ** त्यसबारे याकूबको पुस्तक क्रिपया पढ़।

## अभ्यास

याकूब 5:13–17 मा एल्डरहरू ले बिरामीहरूको लागी के गरे अब हेरौं।

### व्यवहारिक

- तिम्रो मण्डली र समुदायमा ती मानिसहरूको सूची बनाऊ जसहरूलाई तिम्रो मदतको खाँचो हुन्छ।
- यो खाँचोमा परेकोहरूको सेवा र्गन बारे तिम्रो मण्डलीसित प्रार्थना गर।
- भेड़ाहरूको पक्षमा खाँचोमा परेकाहरूलाई मदत गर्न डीकनहरूको आवश्यकताहरू पूरा गर्न मानिसहरू तिम्रो मण्डलीमा को को छन् हेर।
- प्रार्थना र शिरमाथि हाथ राख्ने पावल प्रेरितका आवश्यकताहरूको पालन गर्ने डीकनहरू नियुक्त गर।

"सिकारूले सहायकलाई भन्छ, प्रभु यीशुले पनि कष्ट भोकनु भएको कुरा सम्झना गर्दै कष्टमा परेका हरूलाई हामी मदत गर्न सकछौं। उहाँ हामीहरू जस्तै मानवनै हुनुहुन्थ्यो।"

"मैले त उहाँ परमेश्वर पो सम्झेको थिए"

"हो उहाँ परमेश्वर हुन्छुन्छ। तर उहाँ कन्य मरियमको कोखबाट हाम्रो मानव रूप घारण गरि जन्मनुभयो। उहाँले परमेश्वरका पुत्र भएर उहाँको स्वर्गीय वैभव त्यागी हाम्रो कमजोरीहरूमा जम्नु भयो तर एउटै भिन्नता चाहीं यो छ कि उहाँले कहिल्यै पाप गर्नु भएन। फिलीपी 2:1–11 ले यो कुरा बुझाउँछ। हिब्रु 2:17–18 ले बताउँदछ कि उहाँ हाम्रो महापुजारी बन्न र कष्टमा परेकालाई मदत गर्न सकुन भनेर उहाँ मानव बनी आउनु भयो।

### III - 11- सेवाकाई 11

## ख्रीष्ट झै बननू र बगालमा अनुशासन कायम राखनू

याकूब सिकारूको घरमा यसो भन्न आउँछ, "भाइ सिकारू, मेरो एक जना कर्मचारी सफायरले मेरो कुराहरू चोरी गर्दैछे। सफायर ख्रीष्टमा एउटी बहिनो हो। मैले उसलाई सोधें तर ऊ रिसाइ। बगालमा तनाव रोक्न के मैलें यस पापलाई ध्यानबाट हटाउनु पर्छ?"



सिकारूले जवाफ दिन्छ, "वगालमा हामी पापलाई नजर संगैं नजर अनदाज गर्न सक्दैनौं। बाइबलले तुरन्तै यसबारे केही भन्छ। मेरी पत्नी सारा र म उसकहाँ सोझै जानेछौं कारण हामी ख्रीष्टका आज्ञाहरू अनुसार यसो गर्नेछौं। पक्का हामी दुवै मिलेर सफायरलाई पश्चाताप गर्न मदत गर्नेछौं। हामी गलाती 6:1 ले भनेझैं प्रेम र नम्रतामा जानेछौं" तिनीहरू सफायरको घरमा पुग्छन् र ऊसंग मात्रै बातगर्ने आग्रह गर्छन्। याकूबले उसलाई भन्छ, "मैले तिमीलाई मेरो पत्नीलाई खाना पकाउन र साफ सुग्घरको लागी राखें। मैले तिमीलाई पूरा तलब दिएं। तर तिमीले हाम्रो तौंलिया र अन्य थोकहरू चोरेर लग्यौ।"

ेसफायर डरले काँमछ। साराले उसलाई एकातिर लगेर आश्वस्ता गर्छे, "तिमीलाई हामी यहाँ गालमा पार्न आएका होइनौं। हामी चाहन्छौं कि तिमीले परमेश्वरको क्षमा र प्रश्स्त आशिष पाऊ। तिमीले के गरौं भन्ने कुरा बारे हामी बातचित गन भन्दा अघि तिमीले केही कुरा जान्न खाँचो छ, प्रभु हामीलाई सिकाउनु भयो कि खिष्ट चाँही जिउनेहरूमा परमेश्वरको आशिष आउँछन्।

हामी संगैं मिलेर **आनन्दको स्रोतहरूपढ़ौं**।"

### अभ्यास

मत्ती 5:1-16 मा आशिषहरूका सम्बधीत परमेश्वरका प्रतिज्ञाहरू खोज।

- प्रभुले परमेश्वरबाट आनन्द पाउने मानिसहरूको बारेमा कसरी वर्णन गर्नु भएको छ
- ख्रीष्टलाई पछयाउँदा मानिसहरूले हामीलाई सताउँदा हामीले कस्तो प्रकारले प्रतिक्रिया जनाउनु पर्छ
- हाम्रो कार्यहरू द्वारा हामी कसरी परमश्ेवरलाई महिमा ल्याउन सकछौं



साराले सफायरलाई अनुशासन बारे बुझाउँछे "हेर अब हामी ख्रष्टिका हौं, उहाँको आत्माले हामीलाई उहाँ जस्तै बन्न इच्छा र शक्ति दिनुहुन्छ। त्यसपछि हामीलाई गलत कुरा गर्न मनपर्दैन तर हाम्रो पुरानो पापपूर्ण मुनष्यत्वले हामीलाई दुष्ट कुरा गर्न लगाउँछ। हामी हाम्रो पूरानो भनुष्यत्वले के गर्न चाहन्छ र नयाँ मनुष्यत्वले के गर्न चाहन्छ यसैमा संर्घष गर्छौं जब हामी पापमा पर्छौं पवित्रआत्माले हामीलाई पाप गर्दैछौं भनी बताउनु हुन्छ र हामीलाई पश्चाताप गर्न लगाउनु हुन्छ। पवित्र आत्माले अन्यहरूलाई सठीक कुरा गर्न, पश्चाताप गर्न र परमेश्वरको क्षमादान बारे हामीलाई बताउन प्रयोग गर्नुहुन्छ।

"तर म नराम्रो मान्छे। म तिमी जस्तो असल छुँइन।"

"तिमी परमेश्वरकी छोरी हौ र उहाँले तिमीलाई परिवर्तन गर्दै हुनुहुन्छ" साराले यसरी

सफायरलाई ढाढ़स दिन्छे। "परमेश्वरले एउटी असल आमाले प्रेमले आफना छोराछोरीहरूलाई सुधारे झैं परमेश्वरले हामीलाई सुधार्नुहुन्छ। परमेश्वरले हामीलाई खतराबाट जोगाउनुहुन्छ। पूरानो नियममा इस्राएललाई पाप गर्नबाट रोक्न चेताउनी दिन अगमवाक्ताहरूले 66 पुस्तकहरू लेखे। इस्राएलले परमेश्वरको सुधारलाई सुनेन् र डरलाग्दो शारिरिक र आत्मिक खतरामा पर्न गए। अब हामीसित पवित्र आत्मा हुनुहुन्छ। उहाँले हामीलाई ख्रीष्टमा हामीले पाएको नयाँ जीवन जीउन मदत गर्नुहुन्छ। जब ख्रीष्टले हामीलाई पश्चाताप गर्ने र बप्तिस्मा लिने आज्ञा गर्नुहन्छ भने, उहाँले हामीलाई यो नयाँ जीवन बिताई रहने आज्ञा गर्नुभएको हो। अब म बताऊँ कि **पवित्र आत्माले कस्तो प्रकारले हामीलाई पवित्र पार्नुहुन्छ।"**

## अभ्यास

**गलाती 5:16 र 6:3** मा पाउनुहोस्:

- हामी ख्रीष्टलाई जानेका हुँदेनौं तब हामीले हाम्रा आदतहरूद्वारा कस्ता कस्ता गलत कुराहरू गरिपठाउँछौं।
- परमेश्वरले उहाँको पवित्र आत्माद्वारा हामीमा विकासीत गर्नुहुने नौवटा गुण अर्थात् फलहरू के के हुन्:
- यस संसारको पापबाट जोगिनलाई हामी हाम्रो पापपूर्ण प्रवृत्तिबारे के गर्छौं?
- पापमा लड़ेकाहरूलाई उठाउन हामी कसरी मदत गर्छौं?

पुरूषहरूले सारालाई सफायरसित कुरा जारी राख्न छोड़िदिन्छन्। साराले भन्न जारी राख्छे "प्रभु येशूका चेलाहरू भएर, प्रेममा उहाँको आज्ञा मान्न हामी हाम्रो आदत बनाउँछौं। यसले हामीलाई आनन्द दिन्छ र परमेश्वरका आशीषहरू ल्याउँछ। यसले हामीलाई आत्मिक खतराबाट जोगाउँछ। प्रत्येक दिन हामी प्रार्थना गर्छौं र हाम्रो जीवनमा उहाँको वचन प्रयोग गर्छौं। हामी हाम्रो कार्यहरू र व्यवहारहरूमा ख्रीष्टको उदाहरण आत्माको फल अनुसरण गर्छौं। हामी त्यी सबै हामीमाथिका अख्तियारको कारण मान्छौं। आत्मिक खतराबाट टाड़ो रहन हाम्रो अनुशासन विकसीत गर्ने यी तरिकाहरू हुन। यी आदतहरू जसै हामी विकसीत गर्दै जान्छौं उसै पवित्र आत्माले हामीलाई पापमाथि विजय पाउन शक्ति दिनुहुन्छ।"

"मेरो मामिलामा त यो एउटा ठूलो आश्चर्यकर्म नै हुने थियो।"

"तिमी एक्लो छैनौं। कुनै न कुनै तरिकामा हामी सबैले हाम्रो परानो अभिलाषाहरूलाई क्रूसमा टाँग्नुपर्छ र परमश्वेरले हामीलाई सँद्यै नै सहायता गर्नुहुन्छ। नयाँ नियममा प्रेति पावलले हामीलाई निम्नलिखित गल्तीहरू गर्दा हुने आत्मिक एंव शारिरिक खतराबारे चेताउनी दिन मानिसहरूलाई भन्छन्:

झगड़ा र विभाजन खड़ा गर्ने, आलस्य अथवा अर्कोको कुरागर्ने, अनैतिक क्रियाकलाप अथवा मतवालीपन,

लोभ अथवा चोरी, मूर्तिपूजा, सैद्यान्तिक गल्ती"

साराले नरम प्रकारले सफायरलाई आश्वस्त गर्छे, "परमेश्वरले तिमीलाई तिम्रा नराम्रा आदतहरूबाट छुटकारा दिनुहुनेछ। कृपया अहिले नै उहाँलाई छुटकारा गर्नुहोस् भनि प्रार्थना गर।"

सफायर केहि क्षण्सम्म रून्छे त्यसपछि परमेश्वरलाई प्रार्थना गर्छे र क्षमा गर्न भन्छे। उ सारासित सिकारूको घरमा गई उसकी मालिक याकूबलाई भन्छे, "कृपया मलाई क्षमा गरिदिनुहोस्। तपाईबाट मैंले चोरी गरेका सबै म फकाई दिनेछु। मलाई अफसोस छ।"

अर्को सभाको बेला सफायरले मण्डलीमा भूल (पाप) स्वीकार गर्छे, "मेरो जीवनमा पापहरू थिए।मैंले लुकाउने कोशिषगरे। चोरी पनि। तर मैंले ती पाप मानिलिएको छु र परमेश्वरको क्षमादान प्राप्त गरेकी छु। तपाईहरू सबैले मलाई क्षमा गरिदिनुहुन्छ भन्ने मेरो आशा छ।"

मनिसहरूले उसलाई क्षमा दिनेछन् भनि जवाफ दिन्छन् तर श्री. मूर्ख पछि सिकारू कहाँ आएर गनगनाउँछ, "यो त अति सजिलो भयो। चोरी त ठूलो पाप हो। मण्डलीमा उसलाई ग्रहण गर्न भन्दा पहिले उसले सजाय त भोग्नुपर्छ। उसले पर्खन पर्छ र पश्चाताप साँच्चै गरेकी हो वा होइन प्रमाणित गर्नपर्छ।"

सिकारूले अस्वीकार गर्छ, "होइन श्री. मुर्ख हामी उसको हृदय जाँच गर्दैनौं। ख्रीष्टलाई पछयाउन उसलाई हाम्रो मदतको दरकार छ। उसलाई पापबाट अलग बस्न परमेश्वरको शक्तिको खाँचो छ । उ बलियो र निर्घक्क नबनुञ्जेल, काममा जान अघि सारा प्रत्येक बिहान उसित प्रार्थना गर्न जाने भएको छ। प्रभु येशूले कति चोटि हामी क्षमा गर्छौं त्यो गन्ती नगर्ने शिक्षा दिनुभएको छ। हामी अरूलाई परिक्षाबाट बाँच्नलाई मदत गर्छौं। यदि हामी क्षमा गर्न सक्दैनौं भने हामीले परमेश्वरको महान क्षमादानबाट हाम्रा हृदयका ढोकाहरू बन्द गरिदिंदछौं। परमेश्वरले हामीलाई उहाँको अनुग्रहमा मात्र बचाउनुहुन्छ हाम्रो असल कार्यहरू प्रमाणित गरेर होइन।"

श्री. मूर्खले ब्यंग हान्छ, "त्यसो भए हामीले चाहे जत्ति पाप गर्नसक्छौं कारण परमेश्वरले त क्षमा गरिहाल्नु हुन्छ।"

सिकारूले आश्चर्यसाथ भन्छ "होइन यस्तो प्रकारको विचारले केवल यहि दर्शाउँछ कि हामी साँच्चै पश्चातापी छैनौं।"

## मण्डलीमा भएका अगुवाहरूलाई सुधार गर्न

श्री. मूर्ख याकूबको धरमा जान्छ र सिकारूको कुरालाई तिरस्कार गर्छ, "उ सफायरप्रति अति नै नरम बन्यो कारण त्यो सानो चोर चाहिँ औधि राम्री छे।" याकूब हाँस्छ। श्री. मूर्खले अन्य धेरैसित यहि कुरा भनिहिड्छ चाँडे यस्तो कुरा विश्वासीहरू माझ फैलिन जान्छ।

सिकारूले हस्तक्षेप गर्छ "मैंले श्री. बुद्धिमानसित बाइबलमा गल्ती गर्ने विश्वासीहरूसित कसरी पेश आउनु सम्बन्धि अध्ययन गरें। यदि हामी एर्काकासित झगड़ा गर्दैछौं भने, हामीले एर्कालाई क्षमा गर्नपर्छ र प्रभुभोजमा सम्भागी बन्न अगि मेलमिलाप गरेको हुनपर्छ।"

श्री. मूर्खले सोध्छ, "तर मण्डली कै अगुवाले गल्ती गर्छ भने चाहिँ?"

याकूबले जवाफ दिन्छ, "हाम्रा सबै छन्। यदि उनीहरू पापमा लड़े, धेरै व्यक्तिहरूलाई उनीहरूले चोर पुऱ्याउन सक्छन्। परमेश्वरको वचनले सिकाउँछ, यदि उनीहरूमध्ये कसैको विरूद्ध विरोध वा चर्चा हुँदैछ भने हामीले यसमाथि सर्तक भएर विचार गर्नपर्छ।" यदि कुनै गम्भीर गल्ती तिमीसित छ भने ठिक गर। यदि अगुवाले सार्वजनिक तौरमा पाप गर्छ भने अन्यहरूलाई चेताउनी दिन मण्डलीको सामू तिमीले उसलाई सुधार गर्नपर्छ। पत्रुसले पनि गल्ती गर्दा पावलले मानिसहरू कै सामु सुधार गरे। अगुवाहरूलाई सबै मानिसहरूको सामु सुधार गर्न जरूरी छ यदि तिनीहरूले पाप गर्छन् भने। नत्रभने तिनीहरूको गल्तीले मण्डलीमा फाटो ल्याउन सक्छ ख्रीष्टको अगुवाको काम गर्न सजिलो काम होइन।

### अभ्यास

**गलाती 2:11-21** मा **पत्रुसको देखावटीपनको** कथा पढ्नुहोस्:

- पत्रुसले विश्वासीहरूलाई पापतिर डोराउँदै गर्दा पावलले तिनलाई कसरी सुधार गरे?
- पत्रुसको यस्तो व्यवहार प्रभु ख्रीष्टको सुसमाचार विरूद्ध कसरी खड़ा भयो?
- पत्रुस किन देखावटी भए?
- प्रभु येशू ख्रीष्टमा हामी कसरी बाँच्न सक्छौं विश्वास गरेर वा कड़ा नियमहरू पालन गरेर?
- पत्रुसले सुधारलाई मानिलिए। हामी पनि यस्तै गरौं।

**2 शमूएल 11:1-12:25 मा दाउदको गोप्य पापको कथा बारे** जानौं:

- आफनो पाप लुकाउने इच्छामा दाउदले अझ कसरी पाप गरे?
- अगमावक्ताले कसरी अगुवाको गोप्य पाप सुधारे?
- परमेखरले दाउदलाई क्षमा गर्नुभयो भनि कसरी देखाउनुभयो?

याकूबले बुझाउँछ "यी कथाहरूमा दुई अगुवाहरूलाई सुधार गरिएको छ। फोस्रो घमण्डको कारण अन्यजाति विश्वासीहरूलाई पत्रुसले तिरस्कार गर्दा पावलले तिनलाई सुधारे। पत्रुसले ख्रीष्टको सुसमाचार तिनको व्यवहारको कारण इन्कार गरे र अरूलाई पापतिर डोराए। ख्रीष्टमा विश्वास गरेको कारण हामी बचाइएका छौं भनि पत्रुसलाई सिकाइयो तथापि तिनले यस्तो व्यवहार गर्दै थिए कि यहूदी कि व्यवस्थाहरू पालन गरेकोले बचाइयो भनि। तुरन्तै मानिसहरूको सामुमा नै पावलले तिनको सुधार गर्नु खाँचो भयो ताकि मण्डलीले यस्ता गल्तीबारे बुझ्न सकून्। अगमवक्ता नातानले पनि मानिसहरूकै सामु राजा दाउदलाई सुधार्न परयो यसैले कि सारा इस्राएलले परमेश्वरको पवित्रतालाई गहनताले लियोस्।"

याकूब श्री. मूर्ख तिर फर्कि सोध्छ, "तिमीसित कुनै यस्तो प्रमाण छ कि हाम्रा अगुवाहरूले ठूलो पाप गरेका छन् भनि जसहरूलाई मण्डलीले सुधार गर्न पर्छ?"

श्री. मूर्खले भन्छ, "ओहो मैंले सबै कुरा बिर्से!"

याकूबले उसलाई हप्काउँछ, "तिमीनै एउटा हौ जसले अरूको कुरा गर्न गर्छौ"

देबोराले मानिलिन्छे, "म लज्जित छु कारण मैंले अर्काको कुरा सुने र घरि घरि सुनें। व्यर्थको कुरामा मैंले हाम्रो गोठाला सिकारूको निन्दा गरें।"

याकूबले जवाफ दिन्छ, "मलाई लाग्छ कुनै ब्वासोले हाम्रो मण्डलीमा बेकारका कुरा ल्याएर फाटो ल्याउने कोशिष गर्दैछ। सिकारू हामी सबैलाई क्षमा गरिदेऊ जसहरूले अरूको कुरा सुने।"

पुन: एक भएकोमा तिनीहरूले परमेश्वरलाई धन्यवाद र प्रंशसा चढ़ाए र आनन्दसाथ प्रभु भोजमा सम्भागी बनि रहे। सफायरले पछि सारालाई भन्छे, " मण्डलीको प्रेम र ग्रहण गर्ने मनबाट म अचम्म भएँ। र मेरो परिवारमा यस्तो क्षमादान कहिले देखेको छुइनँ। परमेश्वरको अनुग्रह कति ठूलो!"

एक महिना पछि सफायरले मण्डलीलाई रिर्पोट दिन्छे "सिकारूकी पत्नीले दिनहुँ प्रार्थना गर्ने र चोर्ने आदतबाट छुटकारा पाउन मलाई मदत गरिहेकीछे। परमेश्वरले मेरो हृदयबाट त्यो दुष्ट इच्छा हटाईदि नुभयो। यो कति ठूलो आनन्दको कुरा हो कि परमेश्वरले मलाई शुद्ध पार्नुभयो र मभित्र शुद्ध विचार हालिदिनुभयो।"

## व्यवहारिक काम

- प्रार्थना र क्षमा गर्ने दैनिक आत्मिक अनुशासनका आदतहरू विकसीत गर्न मानिसहरूलाई मदत गर्नुहोस्।
- प्रेममा मानिसहरूको सुधार कसरी गर्नु सो सिकाउन यस भागका कथाहरू व्यवहारमा ल्याउनुहोस्।
- यस्तो सुधारले हामीलाई आत्मिक र शारीरिक खतराबाट जोगाउँछ भनि तपाईका मानिसहरूलाई बुझाउनुहोस्।
- जसहरूले पाप गरेका हुन्छन् ती व्यक्तिहरूलाई परमेश्वरको अनुग्रहमा हामी क्षमा गर्छौं र उठाउँछौं तर सजाय दिदैनौ किन? बुझाउनुहोस्।
- पाप गर्ने हरूलाई सुधार। मत्ती 17:15-16 र 1 तिमोथी 5:17-20 निर्देषहरू पालन गर।
- पश्चाताप गरेर फर्कनेलाई संगतिमा ग्रहण गर र तिनीहरूलाई परमेश्वरको अनुग्रह शुद्धई र क्षमादानबारे आश्वास्त गर्नुहोस्।

### III -12- सेवाकाई 12

# परमेश्वरसित वार्तालाप

आर्को बिहान सिकारूको धरमा पुलिस आउँछ र उसलाई पक्रेर जेलमा हाल्छ। न्यायधीशले उसलाई भन्छ, "हाम्रो नगरपालिका सरकारद्वारा अस्वीकृत बैठकहरू तिमीले अगुवाई गरेको हौ कि होइन त्यो तय गर्न म एउटा मुदा चलाउनेछु। यदि हो भने यसको सजाय कठोर छ। तिम्री स्वास्नोबाहेक कसैले तिमीलाई भेट्न पाउने छैन्।"

त्यस दिन अपराह्न सारा भेट गर्नआई सिकारूलाई भन्छे "यो यसकारण भयो कि धेरै जना प्रभुमा आईहेका छन्। हामी दिनहुँ हराएकाहरूको उद्धारको निम्ति र तिनीहरूलाई ख्रीष्टबारे बताउने **मौकाहरूको** लागि प्रार्थना गरिरहेका छौं। प्रभुले हाम्रो प्रार्थनाको जवाफ दिनुभयो। तर ईसाईहरूलाई घृणा गर्नेहरूको ध्यान चाँहीं यस कुराले आकर्षण गरायो।"

सिकारूले प्रार्थना गर्छ "प्रभु मलाई यस झयालखानामा अन्य कैदीहरूलाई तपाईको सुसमाचार बाँटन मौका दिनुहोस्।"

परमेश्वरले प्रार्थनाको उत्तर दिनुहुन्छ। एक सातापश्चात 6 जना केदीहरू ख्रीष्टमा आउँछन्।



तीन हप्तापछि न्यायधीशले मुद्धा चलाउँछ। यसमन्दा अघि पक्राउ परिएको यूसुफको पनि त्यसै दिन मुदा चल्छ। उनीहरू दुवैले एउटै वकिल समात्छन् तर उनीहरूलाई बचाउन उसले पर्याप्त प्रयास गर्दैन्। मुददा केलाउने वकिलले ती गवाहहरूलाई पेश गर्छ जसहरूले समुदायका असल रीति रिवाजहरू तथा प्रथाहरू उल्लंघन गरेको आरोपहरू विश्वासीहरूमाथि लगाएका थिए। श्री. मूर्खले पनि सिकारू विरूद्ध गवाही दिन्छ। स्पष्ट हुँदै थियो कि मण्डलीमाथि जासूसी गर्न कसैले उसलाई पैसा दिदै थियो। न्यायघीशले घोषणा गर्दछ "तिमीहरूको निम्ति म सजायको व्यवस्था नगरूञ्जेल तिमीहरू दुवैलाई झ्याल खानामा नै थुनुवामा राखिइनेछ। यो चाहीँ उल्टाउने बैठकहरू आयोजन गरेको विरूद्धको सजाय हो।"

सहायक गुप्तरूपमा सिकारूको मण्डलीका धर्मगुरूहरूसित याकूबको घरमा भेट गर्नजान्छ र उनीहरूलाई भन्छ, "प्रियहरू हो, तिमीहरू क्रोधित र डराएका छौ। तिमीहरू निरूत्साहित नहोओ। श्री. बुद्धिमानले हामीलाई परमेश्वरको वचनबाट हामीलाई के सिकाउनुभएको छ भनेदेखि हामीलाई खेदो गर्नेहरूसित हामी क्रोधित बन्नुहुँदैन। जसरी प्रभु येशूले उहाँलाई क्रसमा टाँग्नेहरूलाई भन्नुभयो "तिनीहरूले के गरिरहेछन् जान्दैनन्।" परमेश्वरले यो समस्यालाई भलाईको निम्ति प्रयोग गर्नुहुनेछ। सिकारू र यूसुफको लागि प्रार्थना गरिरहो याद राख हाम्रो लड़ाई मानिसहरू विरूद्ध होइन तर दुष्ट आत्माका शक्ति विरूद्ध हो। बाइबलमा प्रार्थना गर्नेहरू जस्तै अब्राहाम, एस्तर एवं प्रयास गरिरहने विधवाको उदाहरण लेऊ। त **अब्राहामको अर्न्तविन्तीको सहासीलो प्रार्थना** बारेमा म तिमीहरूलाई बताउँ ।"



**अभ्यास**

**उत्पत्ति 18:16-33** मा पाउनुहोस्:

- सदोमको दुष्ट मानिसहरूको निम्ति अन्तर्विन्ती गर्दा अब्राहामले कस्तो प्रकारले अन्तर्विन्ती गरिरहे?
- प्रार्थना गर्दा के अब्राहाम घमण्डी थिए कि नम्र थिए?
- अब्राहामका दया र प्रयासको जवाफ परमेश्वरले कसरी दिनुभयो?

सहायकले याकूबको घरमा भेला भएका धर्मगुरूहरूलाई बुझाउँछ "अबाहामले सदोमका दुष्ट मानिसहरूको निम्ति विन्ती चढ़ाए। तिनीहरू अब्राहामको निम्ति विदेशी थिए तथापित तिनलाई दया जाग्यो दयाको निम्ति परमेश्वरले तिनको प्रार्थनाको आधा भागको जवाफ दिनुभयो। अब्राहामले परमेश्वरसित कहिले केहि कुराको मांग गरेनन् तर नम्र भएर भने। हामी पनि शहरहरू, देशहरू एवं सरकारहरू, हाम्रो आफनै तथा हामी देखि टाड़ाकाहरूको निम्ति अन्तर्विन्ती गर्छौं। सिकारू गएपछि दयागरि मण्डलीलाई यसरी प्रार्थना गर्न मदत गर्नुहोस्।"

"तपाईहरू आफनो र आफना परिवारहरूका लागि मात्र होइन तर सम्पूर्ण मण्डलीको प्रार्थना गर्न याद गर्नुहोस्। अगुवाहरूको निम्ति प्रार्थना गर्नुहोस्। हामी परमेश्वरको सेवा गर्न सकौं भनेर पवित्र आत्मा र उहाँको शक्तिले भरिदिऊन र हामीलाई एकताको सुत्रमा बाँधिदिउन भनि परमेश्वरलाई प्रार्थना गरौं। झ्यालखानामा र खाँचोमा परेकाहरूको निम्ति प्रार्थना गर्नुहोस्। परमेश्वरले टाड़ा टाड़ाका अवहेलितहरूलाई सुसमाचार सुनाउन हामीलाई धेरै अवसरहरू र सेवकहरू दिऊन भनेर प्रार्थना गर्नुहोस्। अब म यो बताउँ कि **परमेश्वरले एउटा राष्टलाई बचाउन एउटी टुहुरी ठिटीलाई** कसरी प्रयोग गर्नुहुन्छ।"

## अभ्यास

**एस्तर 3:13–5:3 र 7:1–8** मा हेर्नुहोस:

- कुन खतराको कारण मर्दक्कै विलाप गर्दैथिए?
- राजालाई भेट गर्न यहूदीहरूले रानी एस्तरलाई कसरी तयार गर्दैथिए?
- आफनो मानिसहरू र आफनो साहसीक विश्वासको खातिर एस्तर रानीले आफनो प्रेम दर्शाउन के गरिन्
- कसरी एस्तर रानीले आफना मानिसहरूको प्रार्थनाद्वारा कसरी एउटा देश बचाईन संक्षिप्तमा एस्तरको पूरा पुस्तकको समिक्षा गर्नुहोस्।

सहायकले बुझाउन जारी राख्छ, परमेश्‍वरले एस्तरलाई रानीको रूपमा खड़ा गर्नु भयो। यसैकारण कि तिनले विनाशबाट तिनका मानिसहरूलाई बचाउन सकून। राजालाई भेट गर्नमन्दा अघि एस्तरले आफै र आफना मानिसहरूसित मिलेर तीन दिन सम्म उपवास बसेर प्रार्थना गरिन। राजाको सामने जानको लागि तिनले आफनो प्राण जोखिममा हालिन र तिनको विश्‍वासद्वारा तिनका मानिसहरू बाँचे। पूरानो नियममा परमेश्‍वरले उहाँको पवित्रता व्यक्त गर्न, उहाँका जनका शत्रुहरूलाई दण्ड दिनुभयो। परमेश्‍वरले मर्दक्कैका शत्रुहरूलाई मृत्युको दण्ड दिनुभयो। नयाँ नियममा परमेश्‍वरले उहाँलाई तिरस्कार गर्नेहरूलाई अनुग्रह गर्नुभयो प्रभु येशूले तिनीहरूको निम्ति प्रार्थना गर्नु भन्नुभएको छ। विनाशबाट मानिसहरूलाई बचाउन हाम्रा प्रार्थनाहरूद्वारा काम गर्नु हुन्छ। हामी पूरा हृदयले हरसमय प्रार्थना गरिरहेको हुनपर्छ। हामी प्रार्थना गर्न कहिले थाक्न हुँदैन्। प्रार्थना हाम्रो मुख्य हतियार हो। आत्मिक लड़न्तको निम्ति म अब तपाईहरूलाई **दृढ़ विधवाको** बारेमा भन्छु।"

## अभ्यास

**लूका 18:1–8** मा हेर्नुहोस्:

- सहायता पाउनलाई विधवा भ्रष्ट न्यायकर्त्ताको पछि कसरी लागिरहि?
- परमेश्‍वर हाम्रो असल न्यायकर्त्ता हुनुहुन्छ त के हामी पनि उहाँमा हाम्रो प्रार्थनामा लागिरहनुपर्छ? किन?
- ख्रीष्ट आउनुहुँदा उहाँले हामीमा के खोज्नु हुनेछ?

सहायकले प्रार्थनासहित शिक्षालाई बन्द गर्छ, "भ्रष्ट न्यायकर्त्ताले त्यस विधवालाई मदत गरयो कारण उसले भनि नै रहि। कुनै कुराले पनि उसलाई यसो गर्न रोकेन। परमेश्‍वर एक असल न्यायकर्त्ता हुनुहुन्छ। न्यायको खातिर उहाँले तपाईहरूका प्रार्थनाका जवाफहरू दिनुहुनेछ। विश्‍वासपूर्ण प्रार्थना गर्नबाट तपाईहरूलाई कुनै कुराले बाधा नदिऊन्। एक झुण्डमा प्रार्थना गर्दा तपाईहरू वरिपरिकालाई विचार गर्नुहोस्। अर्काको आलोचना र कुरा गर्नबाट टाड़ा बस्नुहोस्। झूठो ईश्‍वरहरूको अघाड़ि गरे झै लाभो प्रार्थना र एउटै कुरा घरि घरि नदोहोराउन होस् कारण अरूलाई अल्छी लाग्नेछ। अरूलाई नराम्रो व्यवहार गर्नाले हाम्रा प्रार्थनामा वाधा खड़ा हुनजान्छ। याद राख्नुहोस् हाम्रो शत्रुले हामीलाई वाद्या दिन र हाम्रोध्यान भंग गर्न चाहन्छ। प्रभु येशू रातभरि प्राय: एक्लै प्रार्थना गर्न जानुभयो। उहाँ झैं यस संसारको होहल्ला र वाधादेखि टाड़ा रहेर प्रार्थना गर्ने समय निकाल्नुहोस्।"

जब सहायक ढोका बाहिर जानै मात्र लागेको हुन्छ उसलाई तीनजना पुलिसले परिर्वरहेका हुन्छन्। तिनीहरूले उसलाई पक्रेर लैजान्छन् र झयालखानामा हालिदिन्छन्। उसले सिकारूलाई राखेकै कोठरीमा हाल्ने अनुरोध गर्छ तर तिनीहरूले इन्कार गर्छन्।

विश्‍वासीहरू आआफना घरमा उपवास बसि प्रार्थना गर्छन्। कति चाही ससानो झुण्डमा भेला भई सिकारू र सहायकको निम्ति रातभरि प्रार्थना गर्छन्। श्री मूर्ख याकूबको स्टोरमा सभामा आउँछ र भन्छ, "यदि हामी साँच्चै परमेश्‍वरबाट जवाफ चाहन्छौं भने हामी घुटना टेकेर प्रार्थना गर्नपर्छ। खड़ा भएर होइन। बसेर होइन, केवल घुँड़ा टेकेर। बाइबलले भन्दछ, राजा सुलेमानले भुँईमा घुँड़ा टेकी

स्वर्गतिर हात उचाली प्रार्थना गरे। यहि नै एउटा तरिका हो।

याकूबले जवाफमा भन्छ, "तिमीले प्रार्थनाको साँचो उद्देश्यबाट सबैको ध्यान हटाउँदैछौ। दुई जना झयालखानामा थुनिएका छन र तिमी चार्हीँ प्रार्थनाको आसनको कुरा गर्छौ। परमेश्वरले हाम्रो हृदयको आसन बढ़ि रूचाउनु हुन्छ। बाइबलमा मानिसहरूले विभिन्न तरिकामा प्रार्थना गरेका छन्। कतिचोटि उनीहरूले मौन रूपमा प्रार्थना गरेका छन्। कतिचोटि चर्को स्वरमा। कतिचोटि खड़ा भएर अथवा घोप्टो परेर। कतिले त बाइबलका भजन प्रयोग वा गाएर पनि प्रार्थना गरेका छन्। 2 कोरन्थी 3:16 ले भन्छ, "औ जहाँ प्रभुका आत्मा हुन्छन, त्यहाँ स्वतंत्रता हुन्छ।"

श्री. मूर्ख उठेर जान्छ। प्रभावशाली प्रार्थना गर्नलाई मण्डलीलाई कसरी मदत गर्नपर्छ कुराकानी गर्छन्। प्रत्येकले दिनहुँ एक्लै एंव परिवारसित प्रार्थना गर्न राजी हुन्छन्। दुइ महिलाहरू एकाबिहानै उठेर संगै प्रार्थना गर्ने प्रतिज्ञा गर्छन्। याकूबले शिवासीहरूलाई साङ्गलो प्रार्थनाको सूचि बनाउन लगाउँछ "जब कसैलाई एउटा खाँचो बारे पत्तो लागे, उसले अर्कोलाई बताउँछ। अर्कोले कसैलाई र यो क्रम तबसम्म चल्छ जबसम्म प्रार्थनाको साङ्गलोमा हरेक सम्मागी बन्दैनन्। प्रत्येकले आआफना प्रकारले र आआफनै समयमा प्रार्थना गर्नसक्छन्।"

## प्रभु येशूको नाउँमा प्रार्थनाको शक्ति

अर्को दिन याकूब र धर्मगुरूहरू भर्खरै विवाहित रूथलाई भेटन जान्छन् कारण अति सिकिस्त हुन्छे। उसले भन्छ, "मेरो लोग्ने तोबियासले मलाई कुट्छ र म लड़ें। उसले निषेध औषधी ड्रग्सको सेवन गर्दैछ मलाई औधी दुखिरहेको छ। श्री. मूर्ख पनि आउँछ र ठूलठूला शब्दहरूमा प्रचार गर्न लाग्छ। उसले धर्मगुरूहरूलाई भन्छ, "अब हेर, सिकारू झ्याल खाना परेका छ त मैंले मण्डलीमा अगुवाई गर्नपर्छ।"

याकूबले जोड़ दिन्छ, "होइन तिमीले होइन। तिम्रो आत्मिक शक्तिमा ठूलठूला शब्दहरू लगाएर अरूलाई प्रभाव पार्न बन्द गर! र धर्मगुरूहरूले याकूब 5 मा भएका कुरांहरू पालन गरून्।" तिनीहरूले रूथको शिरमा तेल लगाएर प्रभु येशूको नाउँमा प्रार्थना गर्छन्। तिनीहरूले विश्वास, विनम्रता र साधारण शब्दहरूमा प्रार्थना गर्छन्।

देबोराले पश्चताप गर्दै भन्छे, "के यो मेरो कारणले हो, मैंले यति पाप गरेको छु?।"

श्री. मूर्खले हो भन्नै लागेको हुन्छ तर याकूबले भनिहाल्छ, "यदि कतिपय पापहरूले तिमीलाई असजिलो पार्दैछन् भने पश्चाताप गर अनि परमेश्वरमा विश्वास गर उहाँले क्षमा गरि दिनु हुनेछ।"

उनीहरू प्रार्थना गर्दैगर्दा रूथको लोग्ने तोबियासले ढोका जोड़ले खोल्छ। उसले येशूको नाउँमा प्रार्थना गरेको सुन्छ। उसले सराप्न थाल्छ। उसले याकूबलाई हिर्काउँछ, तर यसोगर्दा उ भूँईमा लड़छ र नाड़ी फुस्काई पठाउँछ। र पनि सराप्न छोड़दैन। याकूबले धर्मगुरूहरूलाई भन्छ, "तोबियासलाई ड्रग्सेले कमजोड़ बनाएको छ र उसका विचारहरू नियंत्रणमा राख्न दुष्टले मौका पाएको छ।"

श्री. मूर्ख चिचाउँछ, "यहाँबाट भागौं। हामी यस शक्तिसित बराबर गर्दैनौं। रूथले यद्धपि भन्छे, "नजानुहोस् न! विन्ती गर्छु तपाईहरू बसि दिन होस्। सिकारूले हामीलाई दुष्ट आत्माहरूमाथि प्रभु येशूको शक्तिबारे शिक्षा दिएको छ। उसले भनेको थियो दुष्टको विरोध गर र त्यो हामीबाट भाग्नेछ।"

याकूबले भन्छ, "हो, यो याकूब 4:7 मा छ। हामी दुष्टबाट भाग्ने छैनौं तर हामी बस्नेछौं र त्यसको विरोध गर्नेछौं। हामी त्यसलाई प्रभु येशूको नाउँमा हामीबाट भाग्न कर लगाउनेछौं" उसले **दुष्टात्माहरूले सताइएको ठिटोको** कथा सुनाउँछ।

### अभ्यास

**मर्कूस 9:14-29** मा पाउनुहोस्:

- प्रभु येशूले चेलाहरूलाई भेटाउनु हुँदा तिनीहरूले के गरिरहेका थिए?
- चेलाहरूले किन दुष्टात्मालाई भगाउन सकेनन्?
- प्रभु येशूले बाबूलाई के गर्न लगाउनुभयो?
- दुष्टात्मालाई निकाल्न उहाँले के गर्नुभयो?

याकूबले बुझाउँछ, "प्रार्थना गर्नुको साटो चेलाहरू आपस्तमा बहस गरिरहेका थिए जब येशू त्यहाँ आईपुग्नुभयो तिनीहरूले दुष्टात्मा निकाल्न सकेनन् कारण तिनीहरूले परमेश्वरको शक्तिमा भर परेनन्। उहाँले तिनीहरूलाई तिनीहरूको विश्वासको कमिको लागि हकार्नुभयो। त्यसपछि उहाँले दुष्टात्मालाई ठिटोको शरिरलाई छोड्ने र कहिले फर्केर नआउनु भनि आज्ञा गर्नुभयो। उहाँले ठिटोलाई पूर्णरूपमा निको पार्नुभयो। र अब हामी पनि तोबियासको निम्ति उहाँले झैं गरौं। आउनुहोस् हामी उहाँको निम्ति प्रार्थना गरौं।"

श्री. मूर्ख गनगनाउँछ र याकूबलाई भन्छ, "यति गर्नु भनेर हामीलाई नभन! तिमी त भर्खरैको विश्वासी हौ। सिकारूको अनुपस्थीतिमा म प्रभारी हूं। धेरै नै भयो अब श्री. सेवादिनेले मण्डलीलाई अगुवाई गर्दै आएको!"

एकजना धर्मगरूले श्री. मूर्खलाई हकार्छ, "तिमीले जे भन्दैछौ त्यो सहि होइन। हामीसित सेवाकाई गर्न याकूब को निम्ति एकदमै सहि छ। यद्धपि श्री. सेवादिने अरू मण्डलीको भएता पनि हामीलाई उसको खाँचो छ।

नयाँ नियममा अगुवाहरूले अन्य मण्डलीहरूलाई सेवा पुरयाईरहे। खाँचोको बेला मण्डलीहरूलाई मदत गर्न उनीहरू प्राय: प्राय: जानेगर्थे। वचनहरूमा मण्डलीहरू बीचमा यस्तो परस्पर सम्बन्ध खाँचो पर्छ मण्डलीहरू अलग्गै झुण्डहरू बन्नलाई बनिएका होइनन्। यस क्षेत्रमा ख्रीष्टको ठूलो शरिरको अश कुनै पनि एउटा मण्डली हो।" बाँकी रहेकाहरूलाई उसले भन्छ, "आउनुहोस्, हामी दुष्टले सताएको यस व्यक्तिको शिरमथि हात राखेर प्रार्थना गरौं।"

श्री. मूर्ख कराई उठ्छ, "होइन होइन। यी दुष्टात्माहरूको विरोध नगर। यिनीहरूले हामीलाई आक्रमण गर्नेछन्।"

धर्मगुरूहरूले उसको कुरा सुन्दैनंन् र कोठाबाट निस्कि ढोका नजिक उभिन्छन् र प्रभु येशूको नाउँमा डाँटछन्। एक घण्टा पछि तिनीहरूले तोबियासलाई प्रभु येशूको नाउँमा पश्चाताप गर्न र दुष्ट बाट बचाउन पवित्रात्माको शक्ति पाउन मदत गर्छन। अन्तमा तोबियासले शान्तीको सास फेर्छ र परमेश्वरलाई विन्ती गर्छ उसले आफना पापहरू मानिलिन्छ र प्रभु येशूसित उसलाई बचाउन भनि प्रार्थना गर्छ। एकक्षण चुपचाप बसेपछि उसले उत्तेजित भएर भन्छ, "दुष्टात्माहरूले छोडे।"

ेतिनीहरूले परमेश्वरलाई प्रशंसा चढाउँछन्। तोबियासले भन्छ, "मैंले तपाईहरू समक्ष केहि स्वीकार्नु छ। म पदाद्यिकारीहरूसित कार्यरत छु र सरकार विरूद्ध निषेघात्मक सभाहरू गरेको आरोप मैंले तपाईहरूका अगुवाहरू माथि लगाएँ। श्री. मूर्खले सभाहरू कहाँ हुन्छन् बतायो।

अर्को दिन तोबियास शैतानको बन्धनबाट मुक्त हुन्छ र अधिकारीहरूलाई साँचो कुरा भन्छ। तिनीहरूले सिकारू र सहायकलाई छोड़िदिन्छन् र दुवैले उनीहरूको मुक्तिको लागि सानो झुण्डले सिकारूका घरमा प्रार्थना गरिरहेको भेट्टाउँछन्। सबैले धैरे आनन्दसाथ परमेश्वरको प्रशंसा गर्छन्।

### बिरलै अनुभव गरिएका लाज र अपराधबीच, जो साँचो हो, भिन्नता छुट्टाउनु

अर्को दिन देबोरा अत्तालिँदै आएर भन्छे, "मलाई मदत गर्नुहोस्, मेरो भाई शमूएल आत्माहत्या गर्न लागिरहेको छ। दयागरि उ सित बातचीत गरि दिनुहोस्। मैंल उसलाई प्रभु येशूको विषयमा भनें तर उसले सुन्दैन्।"

सिकारू र सारा हत्तार हत्तार देबोराको घरमा जान्छन्। उसले बताउँछे,

शमूएल चाही हातमा छुरी लिई रोइरहेको हुन्छ। ध्येरै बेर चुपचाप बसेपछि उसले भन्न थाल्छ, "मेरो मूर्ख प्राफेसरले मलाई तल्लो ग्रेड दियो र म अब पढ्न पाउँदिन लाज भयो, अब म बाँच्न सक्दिनँ। मैंले धेरै कोशिष गरेको हूँ तर मलाई यादै रहँदैन् थियो। म भन्दा बढ़ि ग्रेड पाउनेहरूभन्दा मैंले धेरै नै परिश्रम गरेको हुँ। मैंले म आफैमाथि र आफनो परिवारमांथि शर्म ल्याएँ।"

साराले सिकारूसित सुस्तरै भन्छे, श्री. बुद्धिमानले शमूएलसित कस्तो व्यवहार गर्नुहुनेछ?"

सिकारूले ज्ञानको निम्ति मनमनै प्रार्थना गर्छ त्यसपछि शमूएललाई नरमप्रकारले आश्वास्त गराउँछ, "हो तिमीलाई लाज भयो तर तिमीले गलत कुरा गरेनौ। विश्वविद्यालयमा उतीर्ण नभएकोमा परमेश्वरले तिमीलाई दोषी ठहराउन हुन्न। तिमीले जत्ति गर्न सक्ने गरयौ। तिमी आफूलाई मार्ने कारणै छैन्। प्रभु येशू ख्रीष्ट तिम्रो  हृदयमा आउनुहुनेछ र तिम्रो लाजलाई हटाईदिनुहुनेछ।"

"यदि म मरिनँ भने म प्रोफेसरलाई साटो फेर्छु। उसित रसायनहरू पत्तो लगाउने महँगो उपक्रम छ। म चोरि दिन्छु र उसले मैंले चोरेको भनेर थाहा पनि पाउने छैन्।"

सिकारूले जोड़ दिएर भन्छ, "होइन! त्यो गलत कुरा हो। तिमीले दुई प्रकारको लाजबीचको भिन्नता बुझ्नपर्छ। पहिलो भावनाको कुरा मात्र हो। दोस्रो चाहीँ खास ग्लानीबाट आउँछ जुन् परमेश्वरको सजायको हकदार हुन्छ। अध्ययनमा विफल हुनु पहिलो किसिमको लांज हो, जो दुष्ट हो। तर चोरी चाहीँ खास पाप हो। यसले साँचो ग्लानी ल्याउँछ परमेश्वरको सजायको हकदार हुन्छ।"

भिन्नताबारे म केहि बुझ्दिनँ।"

**राजा शावल र दुई प्रकारका लाजबारे** बाइबलबाट एउटा कथा भनूँ।"

## अभ्यास

- **1 शमूएल 20:27-34** मा पाउनुहोस् शमूएलले थाहा पाउन सिकारूले के गर्छ:
- 30 पदमा खोज्नुहोस्, जोनाथनले परिवारलाई शर्म पार्‍यो भनी किन राजा शावलले भने
- 34 पढ्मा खोज्नुहोस्, शावलले  किन दाउद प्रति शर्मजनक व्यवहार गरे।

परमेश्वरको सामु कुन व्यक्तिको लाज साँचो ग्लानीमा आधारित छ, शावलको अथवा जोनाथनको?

सिंकारूले शमूएललाई बुझाउँछ, "जोनाथनलाई लाज लाग्यो तर परमेश्वरको सामु उसको ग्लानी थिएन। उसले कुनै गलत गरेका थिएनन। उसका इर्ष्यालू र साटो फैर्ने पिता शावललाई ग्लानी नै भएन यद्धपि तिनले दुष्ट काम गर्न चाहन्थे। तिनले निर्दोष व्यक्तिलाई मार्न चाहन्थे। परमेश्वरको अघि तिनको घमण्डी र पापपूर्ण हृदय थियो। के तिमीलाई भिन्नता थाहा भयो?"

"हो! साँच्चै रहेछ! विश्वविद्यालयमा असफल हुनु लाजलाग्दो रहेछ तर दुष्ट नराम्रो कुरा होइन रहेछ। तर प्रोफेसरको सामान चोर्ने विचार राख्नु, परमेश्वरको अघि पाप रहेछ। जुन कुरा दुष्ट थिएन त्यसको लागि मलाई लाज लागेछ र जुन् कुराको लागि म साँच्चै दोषी छु त्यसको लागि चाहीँ मलाई लाज लागेन रहेछ। कसरी म प्रोफेसरलाई ठीक पारू भनि हिजो राती म प्रार्थना गरिरहेको थिएँ। म गलत थिएछु। तर म कसरी आमा बाबूलाई अनुहार देखाउँ? उनीहरूले कति रूपियाँ खर्च गरि मलाई विश्वविद्यालय पठाउनु भएको हो।"

"परमेश्वरले तिमीलाई मदत गर्नुहुनेछ। पहिले परमेश्वरअघि तिम्रा पापहरू स्वीकार गर र उहाँलाई क्षमा माँग। तिमीलाई पापको क्षमाको निम्ति ख्रीष्टको बलिदानबारे थाहा छ। र अब तिमीलाई यो किन आवश्यक छ थाहा भयो। पाप स्वीकार गर्नु प्रार्थनाको एउटा अहम हिस्सा हो। प्रोफेसरको सामान चोर्न चाहनु साँचो पाप हो र यसले परमश्वेरलाई शर्ममा पार्छ। तिमीले यस पापलाई मानिलिनुपर्छ।"

"मलाई थाहा छैन् परमेश्वरमा कसरी पापहरू मानिलिनु। मैंले कहिले गरेको छुइनँ।"

"साँचो लाज मानिलिनुले साँचो दोष र लाज लाग्ने हाम्रो अनुभवबीचको भिन्नताबारे बुझन मदत गर्छ। मानिसहरूको सामु हाम्रा आमा बाबू अथवा गुरूमा–बा अख्तियारका केहि व्यक्तिहरूले हप्काउँदा हामीलाई लाज लाग्छ। परीस्थीतिले हामीलाई नराम्रो बनाउँछ यदि हामीले परमेश्वरको दृष्टिमा केहि गलत गरेका छैनौं भने। लौ अब तिम्रा पापहरू (खास) मानिलिन हामी मिलेर प्रार्थना गरौं। यदि तिमी चाहन्छौ भने म प्रभु येशूको नाउमा एउटा प्रार्थना गर्नेछु र मेरो पछि पछि तिमीले दोहोराउन सक्छौ।"

सिकारूको पछि पछि शमूएलले प्रभु येशूको नाउँमा क्षमादानको याचना दोहोराउँछ। एकचोटि परमेश्वरसित बातचीत गर्न थालेपछि उसलाई सजिलो लाग्छ र प्रार्थना गरिरहन्छ औ आफनै शब्दहरूमा पाप स्वीकार्छ। केहि दिन पश्चात उसले बप्तिस्मा लिन्छ र यसरी उसको विश्वास र पश्चपाताप निश्चित बन्नजान्छ।

## व्यवहारिक काम

- विश्वासयोग्य भएर प्रार्थना गर्न (एक्लै र आफना परिवारहरूसित)तिम्रो मण्डलीलाई सिकाउन यस भागका कथाहरू प्रयोग गर।
- एर्काकाको निम्ति र आवश्यक परेकाहरूको निम्ति प्रार्थना गर्न तिम्रो मण्डलीलाई मदत गर। तिमी उनीहरूका घरहरूमा जान पर्नेछ र कसरी शुरू गर्नु हो सहायता गर्न पर्नेछ।
- रोगीहरू र दुष्टात्माहरूले सताईएकाहरूको निम्ति प्रार्थना गर्न मण्डलीलाई तयार पार।
- प्रार्थनामा यस संसारका शहर, राष्ट एवं सरकारहरूको निम्ति प्रार्थना गर्न मण्डलीलाई अगुवाई गर।
- साँचो दोष स्वीकार गर्न लाज मान्नेहरूलाई मदत गर र ख्रीष्टको मृत्यु पुनरूत्थानमा विश्वास गर्न तिनीहरूलाई मदत गर ताकि तिनीहरूले क्षमादान र अनन्त जीवन पाऊन।

III -13- सेवाकाई 13

# परमेश्वरका प्रसाधनहरूका असल भण्डारी बन

सेवादिने र उसकी पत्नी कारमेन सिकारूको घरमा आउँछन र भन्छन्, "परिवारहरू देशका विभिन्न ठाउँहरूबाट यता आउँदै छन्। द्येरै जना उ तलको नदी नजिकैमा झोपडी़हरूमा बसिरहेका छन्। हामीले तिनीहरूलाई सहायता गर्नपर्छ।"

सिकारूले जवाफमा भन्छ,"जाऔं जाऔं।" उनीहरू त्यी झौंपडी़हरूलाई हेर्दै गरिरहेका हुन्छन् तब घण्टीको आवाज सुन्छन्। श्री. मूर्ख उसको गाडा़ लिएर उनीहरूतर्फ आई भन्छ, "पुलिसहरूले चाँडै़ नै यहाँ बस्नेहरूलाई निकाली खेद्न आउँदै छन्। यिनीहरू सार्वजनिक सम्पत्तिमा बसो बासो गरेका छन्।"

सेवादिनेले अचम्ब मानि भन्छ, "कस्तो शर्मको कुरा म अधिकारीहरूसित यिनीहरूको निम्ति आग्रह गर्नेछु।"

श्री मूर्खले अस्वीकार गर्छ" होइन यिनीहरू यहाँबाट जानपर्छ। यहाँ पहिले बाट बस्नेहरूको जाँगिर यिनीहरूले खोस्दैछन्। यिनीहरूका भिन्दै रीतिरिवाजहरू रहेछन्। अर्कै भेसभूषा। यदि यिनीहरूको खातिर अधिकारीहरू सित आग्रह गर्नु समस्या हुनेछ। यिनीहरू तिम्रो समस्या होइन। यदि तिमी गरीबहरूलाई मदत गर्न चाहन्छौ भने मलाई गर। मलाई साइकलको आवश्यकता छ। र मात्र म हाम्रो मण्डलीका द्येरैजनासित भेट गर्न यता उता जान सक्नेछु।"





कारमेन मुर्मुरिन्छ।

सिकारू यता हेर त।" सेतो पाउडरको सानो शिशि उठाउँदै श्री. मूर्खले भन्छ।

यो किन हात्तीबाट बनाइएको हो। दिनमा एक चमच लेऊ र तिमी अग्लो हुने छौ।"

सेवा दिनेले भन्छ, "मेरो अकंलले लिनभएको थियो तर उहाँको नाक धरि पनि बढ़ेन। सिकारू, हामीले अतिनै गरिब मानिसहरूलाई मदत गर्नैपर्छ। मैंले बाइबलमा पाएको कि खाँचोमा परेकाहरूलाई सहायता गर्न भनि परमेश्वरले भन्नुभएको छ। यिनीहरूलाई पैसा रूपियाँ दिएर मात्र हामी असल गर्दैनौं। हामीले यिनीहरूलाई अर्कै प्रकारे सहायता गर्नसक्छौं।" उसले **तबिताको** कथा भन्छ।

**अभ्यास**

**प्रेरित 9:36-43** मा पाउनुहोस्:

- तबिताको विषयमा मानिसहरूले के भने?
- तबिताले कसलाई सहायता गरिन्?

- तबिता र पत्रुसले कस्तो धारणाले अरूको सेवा गरे?

भर्खरै आएका परिवारहरूका गरिब झोंपड़ीहरूलाई हेर्दैंगर्दा सेवादिनेले सिकारू र श्री. मूर्खलाई बताउँछ, "तबिताले गरिब र विधवाहरूलाई मदत गरिन्।

तिनले र पत्रुसले नम्रताका साथ अरूको सेवा गरे। जब पत्रुस आईपुगे तिनले कोठाबाट सबैलाई बाहिर पठाए र घुँड़ा टेकी प्रार्थना गरे। परमेश्वरले तबितालाई मरेकोबाट जीवित पार्नुभयो।"

कारमेनले थप्छे, "प्रभु येशू ख्रीष्टको निम्ति घेरै असल काम गर्न यहाँ हामीलाई एउटा अवसर मिलेको छ। उहाँले हामीलाई खाँचोमा परेकाहरूलाई दिन र हेंचाह गर्ने आज्ञा गर्नुभएको छ।"

सिकारूले जवाफ दिन्छ, "हो! मत्ती 25:21-46 मा उहाँले भन्नुहुन्छ, हामी प्रेममा गरिब परिवाहरूलाई यसो गर्छौं, हामी उहाँको लागि गर्छौं। ख्रीष्टको खातिर प्रेममा खाँचोमा परेकाहरूलाई मदत गर्नेहरूको लागि परमेश्वरले स्वर्गमा प्रतिज्ञा गर्नु भएको छ। 1 यूहन्ना 3:17 ले भन्छ यदि हामीले यिनीहरूको अवहेलना गर्नुको  अर्थ हाम्रो हृदयमा ख्रीष्टको प्रेम नहुनु हो। हाम्रो प्रेमले हामी परमेश्वरका सन्तान हौ भनि दर्शाउँछ।"

## समय र पैसा रूपियाँका लुटेराहरू

सिकारूले भन्न जारी राख्छ, परमेश्वरले अरूलाई दिन र सेवा गर्न हामीलाई मौकाहरू दिनुहुन्छ। हामीले हाम्रो पैसा, हाम्रो समय र क्षमताहरू उदारचित्तले दिनपर्छ। हामी हाम्रो पैसा रूपियाँ मूर्खप्रकारले खर्च गर्छौं। कति पटक हामी मूर्ख वर्त्तालाप तर्क, सुर्ता अथवा व्यर्थका क्रियाकलापहरूमा हाम्रो समय बिताउँछौं। यी कुराहरू चाहीँ चोरहरू हुन्। यी कुराहरूले हाम्रो समय र पैसा रूपियाँ लुटछन्। हाम्रो समय, आत्मिक वरदान एवं पैसा रूपियाँ परमेश्वरको लागि कसरी खर्च गर्नु हामीले योजना बनाउनपर्छ। हामीले प्रार्थना एवं विश्वाससाथ दिनपर्छ यसैले कि हामी हाम्रा योजनाहरू पूरा गर्नसकौं।"

सिकारूले जोड़ दिदै भन्छ, "ठिक कुरा हो! हामी लूका 14:28-30 को मूर्ख मान्छे जस्तो हुनुहुँदैन्। उसले घर बनाउन समाप्त गर्न सकेन् कारण उसले पहिले योजना बनाउन असफल बन्यो।"

सेवा दिनेले भन्छ, "यी गरीब मानिसहरूलाई हाम्रो मदतको आवश्यकता छ। बाइबलले प्रगट गर्छ कि परमेश्वरले युद्ध, अनिकाल वा थिचोमा परेकाहरूलाई सघाउनेहरूलाई आशीष दिनु हुनेछ। खाँचोमा परेका यी मानिसहरूलाई सहायता गर्न अब हामी पनि योजना बनाऔं। **विश्वासयोग्य जवान विधवा रूथको** कथा एउटा उदाहरण हो।"

### अभ्यास

**रूथको** पुस्तकमा पाउनुहोस्:

- 1 अध्यायमा रूथले परमेश्वरमा कसरी साहस र विश्वास दर्शाईन्
- 2 अध्यायमा बोअजले कसरी विदेशी विधवालाई कृपा देखाए?
- 3 अध्यायमा, दुई विद्यवाहरूले उनीहरूका समस्या समाधान खोज्न कस्ता पाइलाहरूचाले
- 4 अध्यायमा, कसै अन्यलाई मदत गर्न बोअजले कसरी जोखिम उठाए?
- 4 अध्यायमा, बोअजंले देखाएको कृपाको फलस्वरूप रूथमा के हुन परमेश्वरले असल कुराहरू गर्नुभयो?

कारमेनले भन्छे, "ए! रूथको पुस्तकले कस्तो कार्य गर्नु भनि खाँचोमा परेको र धनी दुवैलाई शिक्षा दिन्छ रूथको कुनै आमदानी

थिएन र शोषणबाट बचाउने तिनको कोहि थिएन। तिनी अति गरीब थिईन्। तै पनि  तिनी परमेश्वर विश्वासयोग्य रहिन्। तिनी आलस गर्दिन शिईन्। बोअजका खेतहरूमा सिलाबाला बटुल्न धेरै परिश्रम गर्थिन। तिनी साहसी थिईन। तिनले नाओमीको सल्लाह मानि र एउटी इस्राएली विधवाको रूपमा तिनका अधिकारहरूको सरक्षण गर्न, बोअजसित आग्रह गरिन्।"

सिकारूले थप्छ, "अर्को पट्टि बोअज धनी मानिस थिए। तिनले रूथलाई तिरस्कार गर्न सक्थे। तर तिनी कृपालू बने। तिनले रूथलाई स्वतंत्र भएर खेतमा सिलाबाला बटुल्न दिए। साथै तिनका खेतालाहरूलाई केहि हानि नगर्ने आदेश पनि दिए। बोअजले एउटी गरीब विदेशी विधवालाई धरि पनि कृपा देखाउन तिनको जिम्मावारी निभाउन चुकेनन्। आफनै सरसम्पत्तिको जोखिम उठाएर तिनले रूथलाई विवाह गरे। परमेश्वरले यस कृपामा आशीष दिनुभयो। दाउद र प्रभु येशू यिनै रूथ र बोअजका वंशवाली हुन्। रूथको कथा एउटा उदाहरण हो कि प्रभु येशूले हामीलाई उहाँकी दुलही बन्न कसरी छुटकारा दिनुभयो। उहाँले खाँचोमा हामीलाई बचाउनुहुन्छ। जब जब खाँचोमा परेकाहरूलाई बचाउँछौं जसरी बोअजले रूथ र नोआमीलाई गरे हामी ख्रीष्टको अनुसरण गर्छौं।"




**मण्डलीको निम्ति दुईवटा मुख्य कामहरू**

सिकारूले भन्न जारी रहन्छ, "ख्रीष्टका जनहरूले संसारलाई कसरी परिवर्तन गरे मैंले पढ़ें। यहाँ दुईवटा मुख्य कामहरू छन्। हामीलाई बोक्ने दुईवटाँ खुट्टाहरू सरह हुन् त्यी कामहरू। पहिलो काम हो ख्रीष्टका चेलाहरू बनाउनु र दोस्रो हो प्रेममा अरूको सेवा गर्नु। पापको कारणले हाम्रो संसारमा गरीबी, संकष्ट, युद्ध अर्थात डरलाग्दा कुराहरू सबै आए । यस्ता कुराहरू आईनै रहनेछन् किनकि पापले हाम्रो जीवनलाई राज गरेको छ। जब हामी पश्चाताप गरि परमेश्वरकहाँ आउँछौं उहाँले पापको बन्धन फुकाल्नु हुन्छ र पापका प्रभावहरूबाट हामीलाई निकोपार्न शुरू गर्नुहुन्छ।"

तिनी सबैले दुईजना व्यक्तिहरू झगड़ा पर्दै गरेको देख्छन्। एउटाले अर्कोलाई आरोप लगाउँछ, "तैंले मेरो बियर चोरिस्।"

कारमेनले विचार गरि भन्छे, "हामीले खाँचोमा परेका मानिसहरूलाई पनि प्रभु येशूको विषयमा बताउनपर्छ।

सिकारूले भन्छ, "हामी दुवै कुरा गर्नेछौं। मण्डली एक शरिर भएर हामी मिलेर काम गर्नेछौं। प्रभु येशूले हिंसा, गरीबी र भ्रष्टचारको बन्धनलाई तोड़िदिन हुनेछ। जब मानिसहरू परमेश्वरमा फर्के तब उनीहरूले आफना समय, काम अनि परिवारहरू र सबथोक उहाँलाई दिए। हामी अब हाम्रो निम्ति जीउँदैनौं। हामी एर्काकाबाट चोरी गर्न र एकार्कालाई चोट पुरयाउन बन्द गरेका छौं। हामीले प्रेममा एकार्काको सेवा गर्न थालेका छौं। यदि हामी गरीब रहन्छौं भने, हामी रूथ झैं परिश्रम गर्नेछौं र विश्वासयोग्य रहनेछौं। धनी र शक्तिशाली हुनेहरूले आफनो सेवा गर्न हुँदैन्। बोअज झैं उनीहरूले अरूको सेवा गर्नपर्छ यसैले कि हरेकालाई निस्पक्ष रूपमा व्यवहार गरिको होस्, शान्तीमा जीउन सकुन। जाऔं, झगड़ा परिरहेका मानिसहरूले एकार्काको ज्यान लिन अघि नै हामी गएर कुरा गरौं र तिनीहरूको खास समस्या के हो पत्तो लगाएर सुल्झाई दिऔं।"



श्री. मूर्खले भन्छ, "अहँ म त तिनीहरूको छेऊ जांदिन तिनीहरूलाई रोग छ।" उ घण्टी बजाँउदै आफनो गाड़ा तलतिर हाँक्छ।

अर्को दिन सिकारू र सेवादिने अन्य धर्मगरूहरूसित भेट गरि त्यी नयाँ परिवारहरूलाई सहायता गर्ने योजना बनाउँछन्। उनीहरूले परमेश्वरको सहायता र खाँचोमा परेका त्यी मानिसहरूको निम्ति प्रार्थना गर्छन्। तिनीहरूलाई के कुराको बढ़ि खाँचो छ पत्तो लगाउन उनीहरूले तिनीहरूलाई धेरै पटक भेट गर्न जान्छन्। पिउने पानीको व्यवस्था गर्न उनीहरूले मिलेर कूँवा खन्छन्। सहायकले केहि पुरूषहरूको लागि रोजगार र नानीहरूको लागि स्कुलको बन्दोबस्त गरिदिन्छ। कारमेनलाई तिनीहरूको भाषा थाहा भएकोले तिनीहरूलाई स्थानीय भाषा सिकाउँछे। डाक्टर एवं सरकारी अधिकारीहरूसित बोल्न पर्दा कारमेनले उल्था गरिदिन्छे।

नयाँ परिवारहरू धन्यवादी बन्छन्। तिनीहरूले सुसमाचार ग्रहण गर्छन्। सहायक र सेवादिनेले एउटा नयाँ मण्डली थाल्छन र अगुवाहरूको रूपमा खड़ा गर्न तिनीहरूलाई तालिम दिनथाल्छन। सहायकले तिनीहरूलाई आफना विश्वासबारे गीत लेख्न मदत गर्छ र तिनीहरूकै शैलीमा गाउन पनि मदत गर्छ। केहि महिना भित्रमा अन्य मण्डलीहरूमा भन्दा बढ़िमात्रामा तिनीहरू ख्रीष्टमा आउँछन्।

## व्यवहारीक काम

- प्रभु येशूको नाउँमा खाँचोमा परेकाहरूको सेवा गर्न तपाईको मानिसहरूलाई मदत गर्न यस भागका कथाहरू प्रयोग गर्नु होस्।
- तपाईको समुदायमा त्यी मानिसहरूलाई मदत गर्न नचाहनेहरूलाई मदत गर्न दयाको आत्मिक वरदानद्वारा सेवकहरूलाई सहायता गर्न व्यवस्था मिलाउनुहोस्। त्यी मानिसहरूमा प्रवासी शरणार्थी विधवा, टुहुरा-टुहुरी, मतवाला वा ड्रग्स लिने लत बसेकाहरू सामेल हुनसक्छन् अथवा ठूलै आर्थिक दबाउ र जेलमा थुनुवापरेका हुनसक्छन्।
- खाँचोमा परेकाहरूको समस्या समाधान गर्न उपायहरू खोज्नु होस्।
- अपव्यवहार गरिएका व्यक्तिहरूलाई जोखिम उठाएर पनि न्याय दिलाउने प्रयास गर्नुहोस्।
- मण्डलीमा उठाइएका भेटीहरूको निम्ति केवल इमानदार व्यक्तिहरू जिम्मवार होऊन र राम्रो हरहिसाब शख्न उनीहरूलाई मदत गर्नुहोस्।
- धर्मगुरूको स्वीकृति विना कहिले कसैलाई पैसा ऋण नदिन वा दिन खजाँञ्चीलाई निर्देष दिनुहोस्।

III-14- सेवाकाई 14

# मिशनेरीहरू पठाउनु

द्यैरै महिनाहरूपछि श्री. बुद्धिमान सिकारूलाई भेट्न आउँछ। सिकारूले तिनलाई भन्छ, "तिमीले अरूलाई कसरी शिक्षा दिनु हामीलाई सिकायौ। म धन्यवादी छु! नयाँ मण्डलीमा वास्तवमा के को खाँचो छ सो सिकाउन थाल्नभन्दा अघि कसरी सुन्नु सो सिकायौ। तिमीले हामीलाई कथाहरू प्रयोग गर्न सिकायौ, ताकि हाम्रा चेलाहरूले परमेश्वरको सत्याता याद राखून र अरूलाई पनि बताउन सकून। सोँच्न र हाम्रो मण्डलीमा व्यवहारमा ल्याउन तिमीले हामीलाई सिकाएको कुराबाट प्रश्नहरू सोघ्न बतायौ।"

"मैंले केवल त्यहि सिकाएँ, जो ख्रीष्टले गर्नुभएको थियो।"

श्री. बुद्धिमान र सिकारू दुवै सहायकको घर जान्छन् र त्यहाँ श्री. मूर्खलाई भेट्टाउँछन्। उसले श्री. बुद्धिमानलाई भन्छ, "सिकारूले मलाई राम्रो व्यवहार गरेन त्यसैले आजकल म सहायकको मण्डलीमा आउने गर्छु।"



श्री. बुद्धिमानले तिनीहरूलाई भन्छ, "म परमेश्वरको काम शुरू गर्नलाई यस्तो ठाउँमा जान लागेको छु जहाँ, कुनै मण्डलीहरू छैनन्। म एउटा कार्यदल तयार पार्दैछु र सहायक म तिमीलाई यस दलमा सामेल हुन भन्नलाई आएको हुँ। तिमीले अर्कै संस्कृतिका व्यक्तिहरूसित एउटा मण्डली शुरू गरयौ र त्यसै मण्डलीमा अगुवाहरू खड़ा गर्‍यौ। परमेश्वरले तिमीलाई मण्डलीहरू खड़ा गर्ने वरदान दिनुभएको छ। तिमी पठाइएको हौ। यो शब्दको अर्थ हो 'प्रेरित' हामीले एउटा नयाँ भाषा र नयाँ संस्कृति सिक्नेछौं।"

श्री. मूर्खले विरोध जनाउँछ, "तिमीले सहायकलाई लैजान पाउँदैनौ। यहाँ उसका धेरै जिम्मावारीहरू छन् र घेरै काम गर्नुछ। त्यसबाहेक उसलाई मिशनेरीको रूपमा आर्थिक सहयोग दिन पनि मण्डली अतिनै गरीब छ। हामी बलियो मण्डली भएपछि चाहीँ मिशनेरी पठाउन सक्नेछौं। अन्यजातिहरू यहाँ नै लछप्रै छन् र उनीहरूको हामीले चिन्ता गर्नुपर्छ।"

सिकारूले अस्वीकार गर्छ। "सुसमाचार कहिले नसुनेकाहरूलाई सुनाउन पाउनु सहायकका निम्ति यो ठूलो अवसर हो। परमेश्वरले अब्राहामलाई तिनका सन्तानहरूद्वारा सारा राष्ट्रहरू आशीषित हुनेछन् भनि प्रतिज्ञा गर्नु भयो। यो प्रतिज्ञा प्रभु येशू ख्रीष्टमा सत्य साबित हुन गएको छ जो अब्राहामका सन्तान हुनुहुन्छ। प्रभु येशूले मत्ती 24:10 मा भन्नुएको छ, संसारको अन्त र उहाँको दोस्रो आगमन प्रत्येक राष्ट्रहरूलाई सुसमाचार सुनाइए पछि मात्र हुनेछ। उहाँको भन्नुको अर्थ राजनीतिक राष्टहरू होइनन् तर जाति जातिका मानिसहरू एउटै संस्कृतिका मानिसहरू हुन्।"

" हो!" श्री. बुद्धिमानले पनि जोड़ दिन्छ। प्रभु येशूले प्रेरित 1:8 मा भन्नुभएको छ कि टाड़ा नजिक आफनै् अथवा अन्य संस्कृतिमाझ हामी उहाँका गवाहीहरू हौं। उहाँको अन्तिम आज्ञा हो मत्ती 28:17-20 जसमा उहाँले आज्ञा गर्नुभएको छ संसारका सारा राष्ट्रहरूमा गएर चेलाहरू बनाऊ। परमेश्वरले उहाँका आज्ञाहरू पालन गर्ने मण्डलीहरूलाई आशीष दिनुहुन्छ। उहाँले संसारका सबै मानिसहरूलाई प्रेम गर्नुहुन्छ र उहाँ चाहनुहुन्छ त्यी सबैले उहाँलाई ख्रीष्टद्वारा चिनेको। अब म तिमीहरूलाई हिचकिचाउने मिशनेरी योनाको बारेमा बताऊँ जसको विचार पहिले श्री. मूर्खको जस्तै थियो।

**परमेश्वरले संसारका सारा राष्ट्रहरूबाट मानिसहरूलाई बचाउनुहुनेछ**

**अभ्यास**

**योनाको** पुस्तकमा हेर्नुहोस्:

- परमेश्वरले शत्रु शहरको निम्ति एउटा संदेश दिनुहुँदा इस्राएली अगमवक्ताले के गरे?
- जुन ठाँउको लागि जान भनिए तापनि यस मिशनेरीले जान अस्वीकार गर्दा पनि परमेश्वरले तिनको इच्छा कसरी बदलाउनुभयो?
- संसारको सबभन्दा बढिपापले पूर्ण राष्ट्रको लागि यस कथाले कसरी परमेश्वरको प्रेम झल्काउँछ?

श्री. मूर्ख कराई उठ्छ, "यो त खतरा कुरा हो।मानिसहरूलाई तिनीहरूका पापहरूको पश्चाताप गर्नपर्छ भनि पत्तो लगाउन हामीलाई टाड़ा देशहरू जाने आवश्यकंता छैन्।"

श्री. बुद्धिमानले बताउदै रहन्छ, "योनाले शत्रु राष्ट्रमा प्रचार गर्न इन्कार गरे। तिनले अर्कै दिशामा जहाज़को यात्रा गरे। परमेश्वरले तिनलाई फर्काइ ल्याउन आँधी र माछा पठाउनुभयो। परमेश्वरको इच्छा पूरा गर्नपर्छ भनि योनाले कठिन अनुभव गर्न सिके। परमेश्वरले निनवे शहरका दुष्ट मानिसहरूको वास्ता गर्नुभयो जसरी, यस संसारका सबै मानिसहरूलाई गर्नुहुन्छ। जब त्यी मानिसहरूले पशचाताप गरे तब परमेश्वरले तिनीहरूलाई क्षमा गर्नुभयो। जसरी उहाँतर्फ फर्कने र पश्चाताप गर्नेहरूलाई उहाँले क्षमा गर्नुहुन्छ। हामीदेखि भिन्दै भएता पनि परमेश्वरले त्यी मानिसहरूलाई प्रेम दिनुहुन्छ। उहाँले हामीलाई तिनीहरूको निम्ति सुसमाचार पुरयाउन भनि पठाउनुहुन्छ। यदि हामी खुशीसाथ जान्छौं भने उहाँले हामीलाई आशीष दिनु हुन्छ। उहाँको आज्ञानुसार हामी जाँदैनौं भने अर्कै उपाय गर्नुहुनेछ तर हामीले चाहीँ विशेष आशीष प्राप्त गर्नेछैनौं।"



श्री. बुद्धिमानले सहायककी पत्नीलाई भन्छ, परमेश्वरले तिमीहरू दुवैलाई प्रेम गर्ने तथा अर्कै संस्कृतिका मानिसहरूसित सर्म्पक राख्ने वरदान दिनुभएको छ। कृपया मसित जाऔं। सहायक तिमी गरीब छौ र म तिम्रो मण्डलीले जो गरीब छ तिमीलाई तलब दियोस् भनि आशा गर्दिनँ। उसले केहि मात्रामा सहयोग गरोस् र अन्य मण्डलीहरूले पनि जो यस क्षेत्रमा परमेश्वरले बढ़ाउनुभएको छ। मेरो योजना तिमी र मलाई हो त्यहाँ एउटा व्यापारको एजेन्टहरूको रूपमा काम गर्न हाम्रो लागि रोजगार उपलब्ध गराईर्न्दैछ। प्रेरित 17 अध्यायमा पावलले झैं हामी हाम्रो पेट पाल्न कमाई गर्नेछौं। पावलका मित्रहरू प्रिस्किला र अक्वीलाले तिनलाई पाल बनाउने काम दिए। हाम्रो पनि प्रिस्किला र अकवीला जस्ता मित्रहरू छन्। उनीहरूले हामीलाई रोजगार दिलाईदिनेछन् जहाँ हामी मण्डली स्थापित गर्नसक्छौं।"

## अरू संस्कृतिका मानिसहरू कहाँ सुसमाचार कसरी पुरयाउनु

रेचलले भन्छे, "मलाई केहि थाहा छैन्, अर्कै संस्कृतिका मानिसहरूसित कसरी काम गर्नु।"

श्री. बुद्धिमानले बुझाउँछ, "हामीले त्यस्तै तरिकाले गर्नुपर्छ जसरी परमेश्वरले हाम्रो संस्कृतिमाझ गर्नुभयो। प्रभु येशूको अवतारबारे सम्झ। परमेश्वरले हामीलाई सुसमाचार सुनाउन हामीकहाँ प्रभु येशूलाई मिशनेरीको रूपमा पठाउनुभयो। उहाँ राजाको रूपमा आउनुभएन यद्धपि उहाँ हरेकको आराधनाको योग्य हुनुहुन्थ्यो। उहाँले स्वर्गको वैभावलाई त्यागि एक असह्य बालक बनि आउनभयो। उहाँले मानिसहरूलाई शिक्षा दिनु हुँदा तिनीहरूले सुने उहाँ शक्तिशाली र प्रसिद्ध हुनुहुन्छ भन्ने हेतुले मात्र होइन। तिनीहरूले सुने कारण तिनीहरूले उहाँका वचनहरू परमेश्वरबाट आएका हुन् भनी जाने। जसहरूलाई उहाँका शिक्षाहरू मन परेनन् तिनीहरूले उहाँलाई मारे। हामीप्रति उहाँको प्रेम कै खातिर त्यी सबै सहनुभयो। उहाँले अन्य कुनै तरिकाले हामीलाई बचाउन सक्नु हुने थिएन।"

श्री. मूर्खले सोध्छ "तर तिनीहरूले त्यो कसरी गरे? तिनीहरू बालक भएर फेरि जन्मन सक्दैनन् र एउटा नयाँ संस्कृतिमा तिनीहरू हुर्कन सक्नेछैनन्।"

श्री. बुद्धिमानले जवाफ दिन्छ, "हामी बालकहरू झैं बन्न सक्दैनौं तर हामी बालक जस्तै भएर अरूको संस्कृतिमा प्रवेश गर्नसक्छौं। ख्रीष्ट झैं हामी नम्र बन्नु पर्छ र मानिसहरूबाट भाषा र संस्कृति सिक्नपर्छ। हामी उनीहरूलाई सिकाउन दिन्छौं। रूथले झैं हामी मायालू सम्बन्ध र विश्वास बढ़ाउँछौं जब तिनी भिन्दै अर्थात इस्राएली संस्कृतिमा आईन। तिनले इस्राएलीहरूसित बन्धन गाँसिन कारण तिनले उनीहरूलाई प्रेम गर्थिन, आफनी सासू नाओमीबाट यो काम तिनले थालिन्।

सहायकले थप्छ, "जब हामी मानिसहरूलाई राम्ररी चिन्छौं तब उनीहरूले बुझन सक्ने भाषामा सुसमाचार कसरी बताउन सो जान्नेछौं। 1 कोरन्थी 9: 17-23 मा पावलले भन्छन् यहूदीहरूका लागि तिनी यहूदी र अन्यजातिहरूको लागि अन्यजाति नै बने। ख्रीष्टमा तिनीहरूलाई जित्न हर सम्भव तिनी अरू जस्तै बने, मलाई लाग्छ यो आनन्दको कुरा हुनेछ!"

श्री बुद्धिमानले भन्छ, "मैंले तिम्रो लागि एउटा नयाँ अध्ययन ल्याइदिएको छु।त्यसमा मिशनेरीहरूले पावल जस्तै ख्रीष्टको अवतारको कसरी देखासिकी गरे सामेल छ:

(क) जाऊ र मानिसहरूमाझ जीवन यापन गर; तिनीहरू झैं पाप बाहेक सबै गर।

(ख) भाषा सिक्न तिमीलाई मदत गर्न एउटा सहायक लेऊ।

(ग) तिनीहरूको भाषामा एकदुई वाक्यहरू बोल्न प्रत्येक दिन प्रयत्न गर।

(घ) राम्ररी तिनीहरूको भाषा जानेपछि परमेश्वर र उहाँका पुत्र प्रभु येशू ख्रीष्टबारेमा कथाहरू बताँउन थाल।

(ङ) सुन्न रूचाउनेहरूप्रति ध्यान देऊ र सुन्न नचाहनेहरूलाई अर्को पटकको लागि छोड़िदेऊ।

(च) परिवारका शिरहरूसित बातचीत गर। यसो गर्नाले पूरै परिवार प्रभु येशूमा आउनलाई सजिलो हुनेछ।

श्री. बुद्धिमानले सहायक र रेचललाई बताउन जारी राख्छ, "भिन्दै संस्कृतिका मानिसहरू ख्रीष्टमा आउँदा ख्रीष्टका आज्ञाहरू सिकाउन (साथै प्रेरितहरूका) हामी सचेत रहनुपर्छ, हाम्रो प्रथा होइन। बढ़दै जाँदा तिनीहरू आफैले तिनीहरूका प्रथाहरू विकसीत पार्दै जाऊन। बाइबल बाहिरका कुरा सिकायौं भने तिनीहरूलाई हामीले नै अल्लमल्ल पार्नेछौं। ख्रीष्टका प्रथाहरूको साटो तिनीहरूले हाम्रो प्रथा पछयाउनेछन्। प्राय: प्रथाहरू असलै हुन्छन् तर एउटा संस्कृतिदेखि अर्कोमा त्यी प्रथाहरू लैजानाले प्राय: नोक्सानीनै पुरयाउने गर्छ। हामीले साधारणत ख्रीष्टको बारेमा नै भन्नेछौं र ख्रीष्ट येशूको नाउमा पश्चातापलाई गर्नेलाई बप्तिस्मा दिनेछौं र परमेश्वरमा तिनीहरूको लागि क्षमादान माग्नेछौं। त्यसपछि परमेश्वरको आराधना गर्न र प्रेममा उहाँको सेवा गर्न एउटा मण्डलीको रूपमा तिनीहरूलाई एकसाथ बटुल्नेछौं"

सहायकले खुशी हुँदै भन्छ, "जति चाँड़ो हामी यो काम शुरू गरौं। बप्तिस्मा लिएका व्यक्तिहरू हुने बित्तिकै हामी तिनीहरूलाई आराधनाका मौलिक कुराहरू प्रशंसा, प्रार्थना, पाप स्वीकार गर्नु र प्रभुभोज शिक्षा दिनेछौं। हामी तिनीहरूलाई अध्ययनको लागि साधनहरू दिनेछौं। आफना परिवारहरूको गोठाला गर्नेहरूलाई नयाँ मण्डलीका धर्मगुरूहरू नियुक्त गर्नेछौं।"

रेचल उत्साहित भई सहमत बन्छे र श्री. बुद्धिमानले अन्तमा भन्छ, "नयाँ धर्मगुरूहरूलाई तालिम दिएपछि हामी त्यहाबाट फिर्त्ता हुनेछौं। तिनीहरूको अगुवाहरूलाई सल्लाह दिन समसामायिक भेटघाट गर्न जानेछौं तर तिनीहरूका मण्डलीहरूलाई अगुवाई गर्नेछैनौं। तिनीहरूमाझ नै परमेश्वरले अगुवाहरू खड़ा गर्नुहुनेछ जसरी प्रेरितकर्ममा उहाँले गर्नुभएको छ। हामी तिनीहरूलाई तालिम दिनेछौं।"

## मिशनेरीहरूले नयाँ रीतिरिवाजहरूको सामना गर्छन्

श्री. मूर्ख उल्टो कुरा गर्न छोड़दैन्, "अगुवाहरूलाई दिने र मण्डली घर निर्माण गर्ने धन नमईस्जेल तिमी मण्डलीहरू खड़ा गर्नसक्दैनौ।"

श्री. बुद्धिमानले भन्छ, "यस विषयमा हामीले धेरै पटक विचारविमर्ष गरयौं। पैसा रूपियाँको खाँचो भयो भन्दैमा हामी परमेश्वरको काम बन्द गर्न दिनसक्दैनौं। हामी घरहरूमा भेट गरि रहनेछौं। आज संसारमा एक अरबभन्दा बढ़ि ससाना तर स्वास्थ्य घरेलू मण्डलीहरू छन्। जस्तो कि फिलोमनको घरमा भेटने मण्डली सरह। पावलले फिलेमोन 2 अध्यायमा उनीहरूलाई अभिवादन गरेका छन्।"

श्री. मूर्ख सहमत हुँदैन् "यदि चाँड़ो तिमीहरूले नयाँ मण्डलीहरू स्थापित गर्न सक्दैनौ। यी मानिसहरू हामीहरू भन्दा भिन्दै छन्। तिनीहरूको आफनै अचम्मका रीतिहरू छन र हाम्रो मण्डलीमा त्यी आउन सक्छन्। भिन्दै प्रकारले गाउँछन्। तिनीहरू ईसाई बन्न अघाड़ि हाम्रो सबै रीतिरिवाजहरू तिनीहरूले सिक्नपर्छ!"

श्री. बुद्धिमान दु:खी बन्छ र सुस्केरा तान्दै भन्छ, श्री. मूर्ख तिमीले परमेश्वरको अनुग्रहबारे बुझेको छैनौ र अफसोस लाग्यो। हामी रीतिथीति वा प्रथाहरूको सूचि हामी पालन गर्दैनौं। हामी ख्रीष्टको आराधना गर्छौं र उहाँले आज्ञा गर्नु भएझैं उहाँको सेवा गर्छौं। **पहिलो मण्डली परिषदको** कथा फेरि दोहोराऔं।"

### अभ्यास

**प्रेरित 15 अध्यायमा** हेरौं:

- एन्टियोकको संस्कृतिमा परमेश्वरको अनुग्रह अस्वीकार गर्नेहरूलाई केहि विश्वासी यहूदीहरूले के शिक्षा दिए? हामी बचाईनका लागि हामीमा केको आवश्यकता पर्छ?
- परमेश्वरले संस्कृतिको त्याग नगरि मानिसहरू बचाइन सकिन्छ भनि कसरी देखाउनुभयो?
- पूरानो नियमका व्यवस्थाहरू पालन गर्ने विश्वासी यहूदी दाज्यू भाईहरूलाई चोट नपुराउन अन्यजाति ईसाइहरूले के गरे? यद्धपि तिनीहरू व्यवस्थाको अधिनमा थिएनन्।
- परिषदले विश्वासीहरूलाई उत्साह कसरी दिए?

श्री. मूर्ख त्यहाँबाट निस्केर जान्छ। त्यसपछि उ कहिले कुनै मण्डली जाँदैन्।

श्री. बुद्धिमानले मिशनेरी कार्यसित सम्बन्ध सहायक र रेचललाई निर्देष दिइरहन्छ। प्रेरितकर्मको पुस्तकमा पावलका तीनवटा मिशनेरी यात्राको विवरण पाईन्छ। जब तिनको आफनै जाति यहूदी जातिले ख्रीष्टबारे पावलको संदेश ग्रहण गरेनन् तब तिनी अन्यजातिहरू कहाँ गए, जसहरूले ग्रहण गरे। केहि यहूदी विश्वासीहरूले भने कि अन्यजातिहरूले यहूदी प्रथाहरू मान्नपर्छ यदि तिनीहरू बचाइन चाहन्छन् भने। परमेश्वरले उहाँको अनुग्रहमा हामीलाई हामी जस्तो छौं त्यस्तैलाई ख्रीष्टमा विश्वासद्वारा बचाउनुहुन्छ। हामीले हाम्रो संस्कृति परिवर्तन गर्न खाँचो छैन्।"

साराले भन्छे "श्री. बुद्धिमान हामी मिशनेरीको रूपमा सेवा गर्दा अरूको संस्कृतिलाई हामी खुशीसाथ आदर गर्छौं।"

"हो मलाई थाहा छ। पत्रुसले कर्नलियस र तिनका मानिसहरूलाई भेट गर्न जाने विषयबारे परिषदमा पुन: सम्झना गराए। तिनीहरू अन्यजातिहरू थिए तर परमेश्‍वरमा फर्केका। उहाँले तिनीहरूलाई पवित्र आत्माको वरदान दिनुभयो। तिनीहरू जस्तो छन् त्यस्तै नै परमेश्‍वरले ग्रहण गर्नुभएको रहेछ भनि यसैबाट प्ररितहरूलाई प्रमाण भयो। यहूदी प्रथाहरू नअप्नाई परिषदले अन्यजातिहरूमाथि पुरानो नियमको मोशाका व्यवस्थाहरू र यहूदी प्रथाहरू लागू नगर्ने निर्णय लियो। सबै विश्‍वासीहरू प्रोत्साहित भए कारण यसले ख्रीष्टको मण्डली एक राख्यो। सबैले समान प्रथाहरू पालन गरेकोले होइन तिनीहरू ख्रीष्टमा विश्‍वासद्वारा बाचेको हुनाले। के तिमीलाई पत्रुसले देखेको दर्शनबारे याद छ?"


## अभ्यास

**प्रेरित 10 अध्यायमा** पाउनुहोस्:

- परमेश्‍वरले पत्रुलाई कतिपल्ट तिनको संस्कृतिमा निषेध पशुहरूलाई खड़ा हो, मार र खाऔ भन्नुभयो?
- यस दर्शनले पत्रुसलाई अन्य संस्कृतिमा काम गर्न मदत गर्‍यो। पत्रुसले पाहुनाहरूलाई कसरी व्यवहार गरेको परमेश्‍वरले कसरी चाहनुभयो?
- पत्रुसको दर्शन र कामहरूले भिन्न प्रथाहरू सहित मानिसहरूलाई ग्रहण गर्नबारे हामीलाई के बताउँछ?

सहायकले भन्छ, "ए! हामीले पनि पावलले झैं अन्य संस्कृतिंका मानिसहरूलाई समान स्वतंत्रता दिन्छौं। हामी तिनीहरूलाई हाम्रो संस्कृति, भाषा वा राम्रो तरिकाको संगित सिक्न भन्न पर्दैन। हामी तिनीहरूलाई जस्तो छौ त्यस्तै परमेश्‍वरले ग्रहण हुनेछ, त्यसर्थ उहाँमा फर्क भनि शिक्षा दिनेछौं। उहाँले तिनीहरूलाई पवित्र आत्माको वरदान दिनुहुनेछ। पवित्र आत्माले सम्पूर्ण सत्यतामा तिनीहरूलाई डोरयाउनु हुनेछ। पापको बारेमा उहाँले नै तिनीहरूलाई बताउनु हुनेछ। उहाँले देखाउनुहुनेछ कि कस्ता प्रथाहरू काम लाग्ने हुन्छन् र कस्ता प्रथाहरूले ख्रीष्टलाई इन्कार गर्छन्।"

सिकारूले सहायकलाई भन्छ, "हामी तिमी र रेचललाई पठाउनेछौं। हामी तिमीहरूमाथि हात राख्नेछौं र हाम्रा ेआशीषको साथ उठाउनेछौं। हामी तिमीहरूको निम्ति आराधना र हाम्रो ससाना झुण्डहरूमा प्रार्थना गर्नेछौं। प्रेमको भेटीहरूले हामी तिमीहरूलाई मदत गर्नेछौं र सके भेट पनि गर्नेछौं। यी मानिसहरूमाझ तिमीहरू परमेश्‍वरका राजदूतहरू हुनेछौं र हामी परमेश्‍वरको काममा तिमीहरूका सहकर्मीहरू हुनेछौं। कृपया हामीलाई प्राय: रिपोटहरू पठाऊ ताकि प्रभुले गर्नुभएको कुरामा आनन्द मनाउन सकौं र समस्याहरूमा सहायताको लागि मदत माग्न प्रार्थना गर्नसकौं। बाहिरी रूपमा सायद तिमीले थालेको नयाँ मण्डली मण्डली जस्तो नदेख्ला तर हामी ख्रीष्टमा एउटै शरिर बन्नेछौं। उहाँले हामीलाई एक पार्नुहुनेछ। भाषा, संस्कृति वा प्रथाहरू द्वारा होइन तर हामीमा उहाँको पवित्र आत्माद्वारा।"



त्यस क्षेत्रका सम्पूर्ण नयाँ मण्डलीहरू अधिकारीहरूले चाल नपाउने गरि एक निश्चित स्थानमा रातमा भेला हुन्छन्। तिनीहरूले सहायक र रेचलमाथि हात राखी श्री. बुद्धिमानसित जान र टाड़ा ठाँउमा गई ख्रीष्टका चेलाहरू बनाउन प्रार्थना गरिदिन्छन्।

तीनै जना नयाँ इलाकामा गएर अन्य परिवारहरूसित बस्छन्, जसहरूले त्यहाँको भाषा सिक्नमा उनीहरूलाई मदत गर्छन्।

जीविका चलाउन उनीहरू द्यैरै परिश्रम गर्छन्। प्रेरितहरू सम्बन्धि सुनेका कथाहरू व्यवहारमा ल्याउँछन्। मानिसहरूले उनीहरूमाथि भरोसा गरेको कारण उनीहरूले बड़ो मेहनत गरे र उनीहरूको जीवनमा प्रभु येशूलाई झल्काए। सहायकले तिनको मण्डलीलाई एउटा रिपोट पठाउँछ।

"द्यैरै जनाले ख्रीष्ट येशूलाई ग्रहण गरेका छन्। आज हामीले द्यैरै जनालाई बप्तिस्मा दिऔं। तिनीहरूको प्रथा अतिने बेगलै प्रकारको छ तर परमेश्वरले हाम्रो काममा आशीषदिन हुँदैछ जब हामीले तिनीहरूका संस्कृति र प्रथालाई आदर गर्छौं।"

सहायक र रेचललाई पठाउने मण्डली यो रिपोटले आनन्दित हुन्छ र द्यैरै उत्साह दिन्छ। परमेश्वरको आत्माले मण्डली नभएका ठाउँहरूमा द्यैरै नयाँ मण्डलीहरू स्थापित गर्न उनीहरूलाई लगाउनुहुन्छ जसरी उहाँले श्री. बुद्धिमानलाई लगाउनुभयो। जब तिनले सिकारूलाई परमेश्वरका जनहरूका एउटा अगुवाको रूपमा तालिम दिन शुरू गर्‍यो।

**व्यवहारीक काम**

- संसारमा यूस्ता जाति समुदायहरूको पत्तो लगाऊ जहाँ स्वास्थ्य मण्डलीहरूको खाँचो छ र तिनीहरूको लागि नित्य प्रार्थना गर्न तपाईका मण्डलीलाई लगाउनुहोस्।
- अन्य संस्कृतिका मानिसहरूसित काम गर्न जसलाई आत्मिक वरदान दिनुभएको छ त्यस्तो मण्डलीलाई देखाउनुहोस् भनि परमेश्वरलाई भन्नुहोस्।
- मिशनेरीहरूलाई प्रार्थना र आर्थिक सहायता गर्न योजना बनाउनुहोस्
- एउटा अर्कै संस्कृतिमा प्रवेश गर्न जाने मिशनेरीहरूलाई ख्रीष्टको देखासिकी गर्न तालिम दिनुहोस्। यदि सम्भव हुन्छ भने नजिकै वस्ने अर्को संस्कृतिका मानिसहरूसित पहिले यो अभ्यास गरून्।
- अन्य संस्कृतिका प्रथाहरू ग्रहण गर्न उनीहरूलाई तालिम दिनुहोस् जुन प्रथाहरूले ख्रीष्टको प्रभुत्वलाई इन्कार गर्दैनन्।
- तपाईका मिशनेरीहरूलाई स्वास्थ्य मण्डलीहरू स्थापित गर्न अगुवाहरू तयार पार्न तालिम दिनुहोस्।
- यी मानिसहरूलाई मिशनेरीहरूको रूपमा अलग गर्नुहोस् जसरी प्रेरित 13:1–3 मा एन्टियोकको मण्डलीले पावल र बर्णाबासलाई अलग गरे। मण्डलीको बृद्धि तथा पुरूत्पादनको लागि यो काम घरि घरि गरिइनुपर्छ।

**खण्ड III को समाप्ती**

## खण्ड IV

# पुरानो नियम र नयाँ नियमबाट बाइवलका कथाहरू अनि अनुरूप सिधान्तहरू

कथाहरूमा बाइबलका उल्लेखहरू **ठूला अक्षरहरूमा** दिएका छन्।

## प्राचिन कुलपिताहरूको समयका ऐतिहासिक घटनाहरू पछिका घटनाहरू र सम्बन्धित सिघान्तहरूसित समतुल्य

**IV- 1 सृष्टि** (सम्बन्धित: नयाँ सृष्टि पुनर्जन्भ नवजीवन)

[पूरानो नियम] **परमेश्वरले प्राकृतिक अस्थायी ब्रहमाण्ड सृष्टि गर्नु भयो,** उत्पत्ति 1–2

[नयाँ नियम] **परमेश्वरले उहाँको नयाँ सृष्टि आरम्भ गर्नुहुन्छ, जो आत्मिकी, अनन्त र पाप रहित छन्:**

- येशूको पुनरूत्थानले नयाँ सृष्टि आरम्भ गर्दछ जसभा विश्वासीहरू सम्भागी बन्दछन्। **मत्ती 28**
- यो नयाँ स्वर्ग र प्रथ्वी भए पछि पुरो हुनेछ, जसले हामीलाई पर्खीरहेछ **प्रकाश 21–22**
- यस मित्र हामी आत्मिक रूपमा पुनर्जन्भ भएका हुन्छौं (येशू निकोदेमशसित) **यूहन्ना 3:1–7**

[हाम्रो प्रत्युत्तर] पुरानो सृष्टिमा हाम्रो निम्ति उहाँले सृष्टि गर्नु भएको असल थोकहरूको निम्ति परमेश्वरलाई धन्यवाद टक्राउनु।

- येशूको पुनरूत्थानमा सहभागीता लिएर परमेश्वरको नयाँ आत्मिक र अनन्त सृष्टिमा हामी प्रवेश गरेको हुनाले आनन्द साथ घोषणा गरौं, जो नयाँ सृष्टिको पहिलो फल हुनुहुन्थ्यो ( 1कोरिन्थी 15; 2 कोरिन्थी 5:17)। अरू बाटो छैन् (यूहन्ना 14:6)।

**IV-2 परिक्षा** (सम्बन्धित: मौलिक पाप, मृत्यु, आदम, शैतान, येशूले शैतान र मृत्युलाई परास्त गर्नु हुन्छ)

**[ पुरानो नियम ] पहिले आदमलो शैतानको परिक्षालाई उब्जाँउदछ अनि परमेश्वरको आज्ञा उल्लङ्घन गर्दछ, मानिसमाथि मृत्यु ल्याए अनि पवित्र परमेश्वरदेखि विच्छेद गराए ( मौलिक पाप ) उत्पत्ति 3**

**[ नयाँ नियम ] अत्तिम आदमले शैतानको परिक्षालाई खुट्टाले किल्चेर मानिस जातीलाई परमेश्वरसित पूर्ण मिलाप गराएर, जीवन ल्याए:**

- येशू "अन्तिम आदम" ( 1 कोरिन्थी 15:45) शैतानको परिक्षाहरूलाई प्रतिरोध गरे **मत्ती 4** ।
- हामीमा वास गर्नुहुने येशूले हामीलाई संसारमाथि विजय गर्न अनि शैतानको प्रतिरोध गर्न योग्यको विजय गर्न अनि शैतानको प्रतिरोध गर्ने योग्यको बनाउनु हुन्छ, **यूहन्ना 16–17** ।
- गेतसमनीमा येशूले पिताको इच्छालाई पालन गर्नु हुन्छ, मृत्यु सम्म पनि (अब परिक्षा) **मत्ती 26:36–42 ।**

**[** हाम्रो प्रत्युत्तर **]** परमेश्वरलाई हाम्रा पाप स्वीकार गर्नु अनि पश्चताप गर्नु (1 यूहन्ना 1:8–10)।

- शैतानको प्रतिरोघ गर्नु, पवित्र आत्माको शक्तिमा परमेश्वरको शास्त्रलाई प्रयोग गर्नु (याकूब 4:7; एफिसी 6)।

**IV- 3 कयिन र हाबिल** (सम्बन्धित: रगतको बलिदान, ख्रीष्टको रगत)

**[ पुरानो नियम ] पुरानो नियमले निर्दोष बलीको रगत बहाएको चाहन्छ:**

- जब परमेश्वरले कयिनको रगतबिहिन भेटी ग्रहण गर्नु भएन तर हाबिलको ग्रहण गर्नुभयो तब प्रथम हत्यारा कथिनले हाबिललाई मारे **उत्पत्ति 4** ।
- परमेश्वरले महा पुजाहारीको छोराहरूलाई मार्नु भयो जोहरू रगत विना परमेश्वरको उपस्थितिमा प्रवेश गरेका थिए, **लेवी 10 ।**

**[ नयाँ नियम ] नयाँ नियमको उपासनाले अनन्त ख्रीष्टको रगत परमेश्वरको थूमालाई सभावेश गर्दछः**

- हामीले उहाँको देह खानै पर्छ अनि उहाँको रगत पिउनै पर्छ भनेर येशूले यहूदीहरूलाई रिस उठाउँनुहुन्छ, **यूहन्ना 6:26–59**।
- येशूले सामरी स्त्रीलाई भन्नु हुन्छ कि हामीले परमेश्वरलाई आत्मा र सत्यतामा पुज्नै पर्छ, **यूहन्ना4** ।

[हाम्रो प्रत्युत्तर] साँचो हृदयले परमेश्वरको सेवा गर्नु, हाम्रो पापको निम्ति बलिदान गर्नु भएको येशूको रगतको सम्झना गर्ने (मत्ती 26:26–28)।

- उहाँले इच्छा गर्नु भए झैं प्रभुभोज मनाउनु (1 कोरिन्थी 10:16–17;11:27–32)।
- हामी कर्कश नभइञ्जेल सम्म हामीले हाम्रो ओंठहरूले परमेश्वरको प्रशंसा गर्न सक्छौं; तर यदि हामीले उहाँको आज्ञा पालन गरेनौं भने हाम्रो प्रशंसा व्यर्थै हुनेछ (मत्ती 15:6–9)

**IV- 4 नूह** (सम्बन्धीतः प्रलय, पश्चाताप, दण्ड, न्याय, दोस्रो मृत्यु)

**[ पुरानो नियम ] परमेश्वरले दुष्ट मानिस जातीलाई शरीरिक मृत्यु दण्ड दिनलाई जल प्रलय पठाउनु भयो ( नूह ) उत्पत्ति 6–9**

**[ नयाँ नियम ] परमेश्वरले "दोस्रो मृत्युको" चेतावनी दिनुहुन्छ, यदि हामीले पश्चाताप गर्न चुक्छौं भनें परमेश्वर देखि अनन्त विछेद भएर नर्कमा हुन्छौंः**

- यूहन्ना बप्तिस्माले मानिसहरूलाई पश्चाताप गर्नलाई बोलाँउछन्, प्रतिज्ञाको मसिही ख्रीष्टको निम्ति तयारी गर्नमा, **मत्ति 3** ।
- पश्चताप नगर्ने पापीहरूलाई परमेश्वरले नरकुण्डको आगोमा दण्ड दिनुहुन्छ (अन्तिम न्याय अनि दोस्रो मृत्यु) **प्रकाश 20:11–15 ।**

[हाम्रो प्रतिक्रिया] हाम्रा स्वर्गीय पिताको करूणा र दयाले हामीलाई पश्चताप गर्नलाई डोऱ्याउन **( रोमी 2:4 )**।

- हाम्रा पापहरूको पश्चताप गरौं अनि ख्रीष्टमा विश्वास गरौं (मर्कूस 1:15)।

**IV-5 बाबेल** (सम्बन्धीतः जातीहरू, संस्कृतिहरू, भाषाहरू)

**[ पुरानो नियम ] बाबेलको धरहरामा परमेश्वरले जातीहरू र विभिन्न संस्कृतिहरूको सृष्टि गर्नुभयोः**

- मानिसहरूले एउटा गर्वित समुदाय भित्र संयुक्त रूपमा रहनलाई चेष्टा गरेका थिए तर परमेश्वरले तिनीहरूलाई धेरै भाषाहरूमा अलग पार्नुभयो; **उत्पत्ति 10** ।

**[ नयाँ नियम ] सबै जातीहरू र संस्कृतिहरूले परमेश्वरको प्रशंसा उहाँको महिमित अनन्तको सिंहासन अघि गर्छन्, प्रकाश 7:9–17।**

[हाम्रो प्रत्युत्तर] परमेश्वरमा भरोसा गर्नु मानिसको राजनिति शक्तिमा होइन (जकरिया 4:6)।

- विभिन्न जाती र संस्कृतिहरूको कदर गर्नु स्वर्गमा अनन्त भरलाई माननीय छन्। सवै राष्ट्रहरू, जातीहरू अनि भाषाहरूका मानिसहरू परमेश्वरले दिनुभएका खृष्टका सुन्दर दुलही हुन्। (प्रकाश 7:9–12)।

- सारा राष्ट्रका चेलाहरू बनाउ (सांस्कृतिक लोकका झूण्डहरू, मत्ती 28:18–20)।

**[ पुरानो नियम ] विश्वासी  अब्रहामको वंशमा सारा जातीहरूलाई आशिष दिनलाई परमेश्वरले प्रतिज्ञा गर्नुभयो:**

- अब्रहामले परमेश्वरलाई विश्वास गर्थे, जसले तिनको विश्वासलाई धार्मिकता गन्नुभयो अनि विश्वासी अब्रहमको वंश द्वारा आशिषसको प्रतिज्ञा परमेश्वरले गर्नुभयो, अनि त्यसलाई महत्वपूर्ण कराारले छाप लगाउनु हुन्छ, **उत्पत्ति 12:1–7; उत्पत्ति 15** ।
- परमेश्वरले अब्राहामलाई एक अलौकिक जन्म द्वारा एउटा छोराको प्रतिज्ञा गर्नुभयो अनि अब्राहामले उहाँलाई विश्वास गर्दछ, **उत्पत्ति 15:1–6 ।**

**[ नयाँ निमय ] अब्राहामको सन्तान ख्रीष्ट द्वारा सारा जातीहरूलाई आशिष दिने प्रतिज्ञालाई परमेश्वरले पुरो गर्नुहुन्छ, जसले पापबाट बचाउँदछ अनि निको पार्दछ:**

- मरियमले एउटा पुत्र अनि तिनको मुक्तिदातालाई अलौकिक तरिकामा जन्म दिनलाई राजी भइन, **लूका 1:26–56।**
- येशूले प्रेतआत्माले सताइएको मानिस अनि धेरै अरूलाई निको पार्नुभयो किनभने तिनीहरूमा विश्वास थियो। **मर्कूस 1:21–34**
- एक अर्धाङ्गीको सेवक मित्रहरूको विश्वासले गर्दा येशूले तिनको पाप क्षमा गर्नु हुन्छ अनि चँगाई गर्नुहुन्छ **मर्कुस 2:1–12**
- धेरै जातीहरूबाट यहूदीहरूमाथि जसले ख्रीष्टलाई ग्रहण गर्दछन् परमेश्वरले उहाँको पवित्र आत्मा खनाउनु हुन्छ, **प्रेरित 2 ।**
- सवै जातीहरू बाचुन भनी मार्ग खोल्न परमेश्वरले अन्यजातीहरूलाई पवित्र आत्मा खनाउनु हुन्छ, **प्रेरित 10:44–48 ।**

**[ हाम्रो प्रत्युत्तर ] विश्वास द्वारा हामीले परमेश्वरको क्षमा प्राप्त गर्छौं, हाम्रो योग्यताहरूले होइन ( एफिसी 2:8–10 )**

- हामी अब्राहामका शन्तान हौं। तिनले विश्वास गरे झैं तिनलाई दिइएको प्रतिज्ञा हामीले हासिल गर्छौं (गलाती 3:6–12;4:21–31)।
- सारा जगतका मानिसहरूलाई पवित्र आत्माको शक्तिमा हामी ख्रीष्टको गवाही दिन्छौं (प्रेरित 1:8)।
- येशूको नाममा हामी शरीरको चँगाईको प्रार्थना गर्छौं (याकूब 5:14–16)।
- परमेश्वरलाई निको पार्नदेऊ, त्यसको साटोमा अरू कुनै अनुग्रहको रूपमा हामीलाई दिऊन, जसरी उहाँले पावलको निम्ति गर्नुभयो (2 कोरिन्थी 12:7–10 परमेश्वरले सबैलाई चँगाई गर्नु हुन्न वा कोहि मर्ने थिएन अनि उहाँसित स्वर्गमा हुन्थे!)

**IV.7 अब्राहामको विश्वास** (सम्बन्धीत: विश्वास, इस्लाम, इसहाक)

**[ पुरानो नियम ] अब्राहामको विश्वासले असल कामहरू र परमेश्वरको प्रतिज्ञाहरूलाई डोऱ्याए जसले पुरानो र नयाँ नियमहरू दुवैको निम्ति आधार दिएकाछन्:**

- अब्राहामले उनको स्वार्थी भतीजा लूतलाई घाँस पात भएको जमीन चुन्नलाई दिए, **उत्पत्ति 13** ।
- लूतलाई छुड़ाउन भनी अब्राहामे विश्वासै द्वारा तिनका चाकरहरूलाई पाँच राजाहरूको विरूद्धमा लड़ाई गर्नलाई लगे, **उत्पत्ति 14 ।**
- अब्राहामको बिश्वासले इसहाकको जन्म भयो जस द्वारा परमेश्वरले अनुग्रहको करार स्थापित गर्नुभयो **उत्पत्ति 21** ।
- परमेश्वरले अब्राहमलाई उनको एक मात्र छोरा इसहाक प्रतिज्ञाको सन्तानलाई बलिदान स्वरूप प्रदान गर्नलाई भन्नु भएर तिनको विश्वासको जाँच गर्नुभयो; **उत्पत्ति 22** ।
- विश्वासको अस्थायी त्रुटीमा अब्राहामले परमेश्वरको अनुग्रहको करारलाई उनको आफ्नै प्रयास द्वारा पुरो गर्ने प्रयास गरे, **उत्पत्ति**

**16-17** । त्यसको प्रतिफल हागारवाट जन्मेका छोरा इस्राएलको सन्तानहरू अरब मुस्लिमले आज पर्यान्त सारा द्वारा अब्राहामका सन्तानहरू विरूद्ध युद्ध जारी राखेकाछन्।

**[ नयाँ नियम ] येशूले हामीमा नयाँ जन्मको विश्वास भएको, चंगाई प्राप्त गरेको अनि परमेश्वरका आशिषहरू पाएको चाहनु हुन्छः**

- येशूले निकोदेमसलाई बुझाउनु हुन्छ कि हामीले आत्मामा नयाँ गरी जन्मेका हुनैपर्छ **यूहन्ना 3** ।
- सेनापतीको विश्वासले तिनको नोकरलाई येशूले चँगाई गर्नुहुन्छ, **मत्ती 8:5-17** ।
- दुइ अन्धा मानिसलाई येशूले तिनीहरूको विश्वासको कारण चँगाई गर्नुहुन्छ, **मत्ति 9:27-38** ।

**[ हाम्रो प्रत्युत्तर ] विश्वासद्धारा हाम्रो मुक्तिको परिणाम असल कामहरूमा देखापर्छ, कि त हाम्रो विश्वास सकली छैन् ( एफिसा 2:8-10; याकूब 1:22-24 )।**

- शङ्कालाई हटाउनु, जस्तो कि अब्राहामलाई उनको आफ्नै काम द्वारा परमेश्वरको अनुग्रहको करारलाई पुरो गर्ने प्रयास गर्न लगाए, जसरी इस्राएलको जन्म भयो अनि तिनको अरब वशहरूद्वारा इस्लामको उत्थान गराए संसारको अत्ति ऐनवद्ध धर्म (गलती 3:6-12; गलती 4:21-31)।
- प्रतिदिन नवीकरणको खोज गर्नु, दिनहूँ परमेश्वरको वचन पढ़नु र प्रार्थना गर्नु, परमेश्वरको पवित्र आत्माले दिन प्रतिदिन पुनर्जीवित पारून् ( 2 कोरिन्थी 4:16)।

**IV 8 अब्राहामको भण्डारीपन ( सम्बन्धीतः दिने )**

**[ पुरानो नियम ] पुरानो नियममा परमेश्वरले तिनीहरूलाई जे दिनुभएको थियो त्यसको असल भण्डारेहरूलाई परमेश्वरले इनाम दिनु भयोः**

- शत्रुहरूबाट फेरि हातपारेका धन-मालको दशांश ख्रीष्ट जस्ता पुजाहारी मल्कीसेदेकलाई दिए, अनि विजेताहरूको कुनै धनभाल लिन मनाही गरे, **उत्पत्ती 14:11-24** ।
- बोअजले आफ्ना खेतालाहरूलाई शिला बाला रूथको निम्ति बटुल्ने उदेश्यमा छोड़िदिऊन भनी आज्ञा दिए, **रूथ 2** ।

**[ नयाँ नियम ] जसले परमेश्वरको कामको निम्ति र खाँचोमा परेकाहरूलाई उदारचित्तले दिन्छन् तिनीहरूलाई परमेश्वरले स्वर्गको घनको प्रतिज्ञा गर्नुहुन्छः**

- गरीब विधवाले आन्फो निम्ति खाँचो परेको शिक्का भएता पनि दिइ हालीन, **लुका 21:1-4** ।
- बरणवासले आन्फो सबै सम्पत्ती बिक्रि गरेर खाँचो परेकलाई बाँड़ी दिए, **प्रेरित 4:33-37** ।
- असल सामरीले तिनको शत्रुको सेवा गरे, लुका 10:25-37 ।
- येशूले विश्वसी भण्डारीको बारेमा उखानबाट असल भण्डारीपन उल्लेख गर्नुहुन्छ, लूका 16:1-8 ।

**[ हाम्रो प्रत्युत्तर ] असल भण्डारे बन्नु अनि परमेश्वरले हामीलाई जे दिनु भएको छ त्यसको असल संचालन गर्नु, पैसा होस वा कुनै थोकहरू ( 1 कोरिन्थी 4:2 )।**

- खुशिसाथ दिनु। कपट साथ दिएको परमेश्वर चाहनु हन्न (2 कोरिन्थी 9:6-15)।

**IV- 9 अब्राहामको उन्तर विन्ति प्रार्थना ( सम्बन्धति: विश्वास, मध्यस्थता, चँगाई )**

**[ पुरानो नियम ] पुरानो नियममा परमेश्वरले विश्वासको प्रार्थनाहरूको उत्तर दिनुभयो:**

- लुत अनि तिनको परिवारको निम्ति अब्राहामको मध्यस्थताको शोभनीय प्रार्थना (सदोम र गमोराह), **उत्पत्ती 18-19** ।
- परमेश्वरको मन्दिर अनि उहाँका लोगहरूको निम्ति सुलेमानको सर्म्पणको शोभनीय प्रार्थना, **2 इतिहास 6;7:1-4** ।
- मनिसहरूको पापको पश्चतापको निम्ति एज्राको शोभनीय प्रार्थना, अनि परिणाम (नविकरण), **एज्रा 9; एज्रा 10:1-19** ।

**[ नयाँ नियम ] परमेश्वरले हाम्रो विश्वासको प्रार्थनाको उत्तर दिनुहुन्छ:**

- पत्रुस अनि यूहन्नाले येशूको नाममा प्रार्थना द्वारा एक लङ्ङड़ो मानिसलाई चंगाई गर्दछ...अनि त्यसको खातीर जेलमा पर्दछ, **प्रेरित 3-4** ।
- एउटा बाबुको साधरण विश्वासको प्रार्थना अनि भूत आत्माले सताइएको तिनको छोराको चंगाई, **मर्कूस 9:14-29** ।
- पापी महसुल उठाउनेको संक्षिप्त प्रार्थना, **लूका 18:9-14** ।
- होमीले कसरी प्रार्थना गर्नु येशूले बताउनु हुन्छ (प्रभुको प्रार्थना सहित- 'हे हाम्रा पिता' **मत्ती 6:1-15 ।**
- येशूले उहाँका प्रेरितहरू र हाम्रो निम्ति प्रार्थना गर्नुहुन्छ, **यूहन्ना 17 ।**
- येशूले हाम्रो निम्ति उहाँको जीवन दिनलाई प्रार्थनामा उहाँको पिताको इच्छा खोज्दछ, **मत्ती 26:36-46** ।

**[ हाम्रो प्रत्युत्तर ] येशूले हामीलाई उहाँको नाउँमा प्रार्थना गर्नलाई भन्नुहुन्छ, जसमा कि हाम्रो आनन्द पूर्ण होस् ( यहून्ना 16 24 )।**

- निन्तर प्रार्थना गरिरहो भनी हामीलाई प्रेरित पावलले भन्दछ ( 1थिस्सलोनिकी 5:17)।
- हाम्रा पापहरू परमेश्वरमा स्वीकार गर्न हामीलाई प्रेरित यूहन्नाले भन्दछ (1 यूहन्ना 1:8-10)।

**IV-10 इजहाकको दुलही रिबेका ( सम्बधति: इसहाक, पेन्तीकोस, पवित्र आत्मा**

**[ पुरानो नियम ] अब्राहामले तिनको छोराको निम्ति एउटी विश्वासी दुलही-रिबेका-खोजी ल्याउनलाई पठाए; उत्पती 24 ।**

**[ नयाँ नियम ] परमेश्वरले उहाँका पुत्र येशूको निम्ति एउटा विश्वासी दुलही-मण्डली-खोजी ल्याउनलाई पवित्र आत्मा पठाउनु हुन्छ:**

- येशूले शान्तीदाताको प्रतिज्ञा गर्नुहुन्छ, जसले हाम्रा पापको निश्चय गराउनेछ अनि ख्रीष्टलाई हामीमा प्रकट गर्नुहुन्छ, यूहन्ना 14:15-26; यूहन्ना 16:7-16 ।
- पेन्तिकोसमा पवित्र आत्मा आउँदछ अनि यहूदीहरू माझ पहिलो मण्डलीको शुरूवात हुँदछ, प्रेरित 2 ।
- अन्यजातीहरूमा पवित्र आत्मा ओर्लनु हुन्छ अनि कर्नेलियसको घरमा पहिलो अन्यजाती मण्डलीको जन्म हुँदछ, प्ररित 10 ।

**[ हाम्रो प्रत्युत्तर ] परमेश्वरले चुन्न भएको उहाँको दुलहीको, विश्वासी, टाड़ामा भए पनि, खोजी गर्ने ( मत्ती 28:19-20 )।**

**IV-II याकूबले परमेश्वरको अनुग्रह प्राप्त गर्छ ( सम्बन्धीत: याकूब एसाव, विश्वास, विश्वासद्वारा मुक्ति )**

**[ पुरानो नियम ] जसलाई पराक्रमी परमेश्वरले चुन्नुहुन्छ, अनुग्रह खनाउनु हुन्छ, तिनीहरूको असल कामहरूको कारणले होइनः**

- याकूबले आफ्नो भाइ एसावलाई घोका दिए तरै पनि परमेश्वरको आशिस प्राप्त गरे, **उत्पत्ति 27-33 ।**
- यो लामो कथाले हिब्रू संस्कृति भित्रको अत्तरदृष्टिलाई सज्जित पार्दछ, तिनीहरूले परमेश्वरको व्यवस्था पाउन अगिः
- याकूबले छल गरेर एसावको जन्मसिध्छ अधिकार खोसे। **उत्पत्ति 27 ।**
- याकूबले परमेश्वरको सेवा गरे अनि स्वर्ग तर्फ एउटा सिंढ़ी देखे, परमेश्वरले अब्राहामलाई गर्नु भएको प्रतिज्ञा याकूबलाई दोहोरयाए। **उत्पत्ति 28 ।**
- याकूबको छललाई परमेश्वरले दण्ड दिनुभयो, लावानले तिनलाई छल गरे। **उत्पत्ति 29 ।**
- याकूबको बिश्वासको कारणले परमेश्वरले तिनलाई घन सम्पत्ति र नानीहरूमा आशिष दिनुभयो यदपि तिनले बुरो थोकहरू गरेको भएता पनि। उत्पत्ति 30 ।
- परमेश्वरले याकूबलाई लाबान र एसाव दुवैबाट जोगाउनु भयो; स्वर्गदूतसित कुश्ती लड़े, **उत्पत्ति 31-33 ।**

**[ नयाँ नियम ] परमेश्वरले दुष्ट मानिसहरूलाई क्षमा गर्नुहुन्छ अनि आशिष दिनु हुन्छ तिनीहरूको विश्वासको कारण तिनीहरूको कामहरूले होइनः**

- येशूले एउटा पापी स्त्रीलाई क्षमा गर्नुहुन्छ, **लूका 7:36-50** ।
- येशूले उखानबाट बुझाउनु हुन्छ कि परमेश्वरले उहाँसित भोज गर्नलाई असल र खराब दुवैलाई बोलाउनु हुन्छ, **मत्ती 22:1-10**।
- येशू पापीहरूसित खानु र पिउनु हुन्छ, जसलाई उहाँले बचाउन आउनु भयो; **लूका 5:27-32 ।**

**[ हाम्रो प्रत्युत्तर ] परमेश्वरलाई धन्यवाद किनभने हाम्रो विश्वसको कारणले हामीलाई क्षमा गर्नु हुन्छ, हाम्रो कामहरूले होइन ( रोमी 8:28-30;9:10-18 )।**

- मुक्तिको सुसमाचार दुष्ट मानिस साथ साथै असल मानिस सम्म पुर्याउनु, किन भने येशू हराएकाहरूलाई खोज्न आउनु भएको हो (लूका 5:32)।

**IV 12 यूसूफले क्षमा गर्दछ** (सम्बन्धीतः क्षमा, मध्यस्थता, येशू हाम्रो अधिवक्ता)

**[ पुरानो नियम ] इस्राएलका छोराहरू जसले यूसूफमाथि अत्यचार गरेका थिए तिनीहरूको निम्ति उनले अभिवक्ताको रूपमा सेवा गरेः**

- यूसूफले अधिकार पाए अनि तिनले आफ्नो दाज्यू भाइहरू जसले तिनलाई दासको रूपमा बिक्रि गरेका थिए, तिनीहरूको निम्ति फिरऊनसित विन्ती गरे, उत्पत्ति 3 अनि उत्पत्ति 39-45 ।
- यो एउटा लामो कथा छ अनि यसलाई तपाईले सानो भागहरू गरेर चलाए हुन्छ। यसमा क्षमा, शुद्धता, पारिवारीक बन्धन, मध्यस्थता अनि परमेश्वरको प्रबन्धका पाठहरू सामेल छन्। ख्रीष्टको एउटा भविष्यवाणी गर्ने रूप थियोः

  उनी एउटा गोठाला थिए,

  तिनको पिताको प्यारो

इस्राएलका छोराहरू उहाँका भाइहरू द्वारा वेचिए

परिक्षालाई प्रतिरोध गरे,

अन्याय पूर्वक जेलखानमा परे

राजाको दाहिने हात तर्फ सम्मानको साथ फेरि खड़ा भए, तिनका दाज्यू-भाइहरूको पक्षमा बोले.

महिमित भोजमा तिनीहरूसित पूर्ण मिलाप गराए।

**[ नयाँ नियम ] यदि हामीले उहाँको बिरूद्ध जे पाप गरेता पनि पिताको समक्ष येशूले हाम्रो वकालत गर्नुहुन्छ**

- येशू असल गोठाला हुनुहुन्छ जसले हराएका भेडालाई खोज्नुहुन्छ, **लूका 15:1-10 ।**
- येशूलाई जसले क्रूसमा चढ़ाए तिनीहरूलाई पिताले क्षमा गरीदिऊन भनी प्रार्थना गर्नुहुन्छ, **लूका 23 ।**
- हामीले अरूलाई किन क्षमा गर्नै पर्छ भनी येशूले तिनका चेलाहरूलाई बताउनु हुन्छ, **मत्ती 18:15-35** ।

**[ हाम्रो प्रत्युत्तर ] येशूको नाममा प्रार्थना गर्नु-पितासित हाम्रो पक्षमा अर्जी चढ़ाउनु हने उहाँ हाम्रा वकील हुनुहुन्छ ( यहून्ना 16:24 रोमी 8:33-39 )।**

- हाम्रो विरूद्धमा पाप गर्नेहरूलाई क्षमा गरिदिनु (मत्ती 6:14-15; एफिसी 4:32)

## व्यवस्था दिने मोशाको समयका घटनाहरू

## पछिका एकै किसमिको घटनाहरूसित समतुल्य

**IV-13 परमेश्वरले मोशालाई उद्धारक हुन तयार पार्नु हुन्छ** (सम्बन्धी: छुटकारा, पाप, मुक्ति, प्रभुभोजको उत्सव, प्रभुभोज रोटी र दाखरस)

**[ पुरानो नियम ] परमेश्वरले उहाँका जातिहरूलाई मिश्रको दासत्वबाट अगुवाइ गर्न र एउटा नयाँ पवित्र जाति बनाउनलाई एउटा उद्धारकलाई तयार पार्नु भयो:**

- मोशाको जन्म अनि तिनलाई मार्ने प्रयासमा अदभुत घटनाहरूले घेरेका थिए, प्रस्थान 1-2 ।
- परमेश्वरले मोशालाई मिदयानमा उहाँका जातिहरूको अगुवा बन्न मिश्र देशमा फर्की जान अनि उहाँका जातिहरूलाई मुक्त गर्नलाई बल्दै गरेको पोथ्राबाट बोलाउनु भएर तयार पार्नु भयो अनि उदभुत शक्तिका कामहरू गर्नलाई शक्ति दिनु भयो, प्रस्थान 2-4।
- मोशाको पहिलो आश्चर्यकाम पानीलाई रगत बनाएका थिए, मिश्रका झूठा ईश्वरहरूमाथि स्राप, प्रस्थान 7:13-25

**[ नयाँ निमय ] परमेश्वरले उहाँका जातिहरूलाई पापको दासत्वबाट निकालेर डोऱ्याउनलाई एउटा उद्धारकको प्रबन्ध गर्नुहुन्छ।**

- येशूको जन्म अनि उहाँलाई मार्ने प्रयासलाई अदभुत घटनाहरूले घेर्दछ, मत्ती 1:18-25 मत्ती 2 ।
- येशूको तयारी र बप्तिस्मा अनि उहाँ परमेश्वरको प्यारो पुत्र हुनुहुन्छ भनी पिताबाट स्वीकार, मत्ती 3:13-17 ।
- येशूको पहिलो आश्चर्य काम पानीलाई दाखरसमा परिणत गर्नु थियो-एक अशिष, यूहन्ना 2 ।

**[ हाम्रो प्रत्युत्तर ] क्षमा गर्ने अनि परमेश्वरको आशिष ल्याउनु हुने हाम्रा मुक्तिदाता अनि प्रभु येशू ख्रीष्टमा भरोसा गर्नु**

**( यूहन्ना 3:16 )।**

**IV-14 निस्तारको पाठा** (सम्बन्धीत: रोटी अनि दाखरस, प्रभुभोजको उत्सव, पाठाको रगत, बलिदान, पुनरूत्थान)

**[ पुरानो नियम ] परमेश्वरले इस्राएलीहरूको निम्ति अखभिरे रोटीको ( निस्तार ) वार्षिक उत्सव स्थापना गर्नु भयो प्रस्थान 12 ।**

**सुचना:**

- उहाँका मानिसहरूले युग-युग सम्म तिनीहरूलाई परमेश्वरले मिश्रको दासत्वबाट कसरी छुटाउनु भयो सम्झना गर्नलाई मदत गर्नु भएको थियो।
- मृत्यु दूतले ढोकाको खाँबाहरूमा रगत देखे अनि जसले परमेश्वरमा विश्वास गरेका थिए तिनीहरूको घरलाई छोड़ी दिए।

**[ नयाँ नियम ] येशूले उहाँका रगतमा भएको नयाँ करारलाई पक्का गर्न प्रभु भोजको स्थापना गर्नु भयो, लूका 22 ।**

- उहाँले हामीलाई उहाँको रगत बहाउनु भएर हाम्रा पापहरूबाट कसरी छुड़ाउनु भयो त्यसलाई युग-युग सम्म सम्झना गराउन हामीलाई मदत पुरयाउन भनी हामी यो गर्छौं।

**[ हाम्रो प्रत्युत्तर ] जब जब हामी नयाँ निस्तारको चाड़ मनाउने गर्छौं, हामीले येशूको शरीर र रगतमा माग लिन्छौं ( 1 कोरिन्थी 10:16-17 )**

**IV- 15 दासत्वबाट छुटकारा** (सम्बन्धीत: दासत्व, पुनरूत्थान, अमरत्व, लाल समुन्द्र)

**[ पुरानो नियम ] परमेश्वरले इस्राएललाई दासत्वबाट निकालरे लाल समुन्द्र भएर डोर्‍याउनु भयो-पुरानो करारको निम्ति आधार, प्रस्थान 12-13।**

**[ नयाँ नियम ] येशूले उहाँको पुनरूत्थान द्वारा पाप र मृत्युको दासत्वबाट निकालेर डोर्‍याउनु हुन्छ, लूका 24:**

- ख्रीष्टले हामीलाई अनन्त जीवन दिनुहुन्छ किनमने विश्वासीहरू उहाँको पुनरूत्थानमा समिलित हुन्छन्, यूहन्ना 11 ।

**[ हाम्रो प्रत्युत्तर ] हामी ख्रीष्टमा मात्र भरोसा राख्छौं-जीवन दाता-हामीलाई अविनाशिता दिनलाई ( 1कोरिन्थी 15 )**

**IV- 16 परमेश्वरले मन्ना र पानीको प्रबन्ध गर्नुहुन्छ ( सम्बन्धीत : जीवनको पानी, मन्ना, अविनाशिता, जीवनको रोटी, अनन्त जीवन )**

**[ पुरानो नियम ] परमेश्वरको आश्चर्यकामहरू द्वारा मोशाले मरूभुमि मा भोजन र पानीको प्रबन्ध गर्नुभयो:**

- खानलाई स्वर्गबाट परमेश्वरले मन्नाको प्रबन्ध गर्नु भयो, प्रस्थान 17:1-7 ।
- चटानवाट परमेश्वरले पानी निकाल्नु भयो, गन्ती 20:1-12 ।

**[ नयाँ नियम ] येशूले विश्वासीहरूलाई जीवनको रोटी प्रबन्ध गर्नु भयो ( उहाँको आफनै शरीर ) अनि जीवनको पानी ( पवित्र आत्मा )**

- येशूले 5000 लाई अदभुत तौरले खुवाउनु हुन्छ अनि अनन्त जीवनको निम्ति स्वर्गबाट उहाँको शरीरलाई रोटी झैं अपर्ण गर्नुहुन्छ, घेरैलाई रिस उठाउँदै, यूहन्ना 6 ।
- परमेश्वरको पवित्र आत्मा हामीमा वास गर्नु हुन्छ भनी येशूले प्रतिज्ञा गर्नुहुन्छ, यूहन्ना 7:37-39, अनि हामीलाई परामर्श गर्नुहुन्छ, यूहन्ना 14:15-26।

**[ हाम्रो प्रत्युत्तर ] स्वर्गबाट सत्य रोटोको खोजी गर्नु भौतिक होइन, अनि परमेश्वरको आत्मा हासिल गर्नु ( मत्ती 6:31-34;**

**यूहन्ना 20:21-23 )**

**IV- 17 परमेश्वरले उहाँका जनहरूको निम्ति गोठालाहरूको प्रबन्धत गर्नु हुन्छ** (सम्बन्धीत: एल्डरहरू, येत्रोहरू)

**[ पुरानो नियम ] पुरानो नियममा परमेश्वरले उहाँका जनहरूलाई ओठालो गर्न मनी एल्डरहरूको प्रबन्ध गर्नुभयो, प्रस्थान 18:12-27**

**[ नयाँ नियम ] परमेश्वरले उहाँका मण्डलीहरूलाई गोठालो गर्न भनी एल्डरहरूको प्रबन्ध गर्नुहुन्छ, प्रेरित 14 ( ध्यान दिनुपर्ने पद 23 )।**

**[ हाम्रो प्रत्युत्तर ] नयाँ खेतहरूमा मण्डली रोप्नेलाई एल्डर भन्दछ, जहाँ अनुभवी अगुवाहरू हुँदैनन् ( तितस 1-5-9 )**

- हामी ती अगुवाहरूको आज्ञा पालन गर्छौं जसले परमेश्वरको मण्डलीलाई देखरेख गर्दछ (हिब्रू 13:17)

**IV 18 दश आज्ञाहरू** (सम्बन्धीत: पुरानो करार, नयाँ करार, येशूका आज्ञाहरू, व्यवस्था)

**[ पुरानो नियम ] इस्राएलीहरूको आचरणको आधारमा-परमेश्वरले दश आज्ञा ढुंगा माथि खोप्नु भयो, प्रस्थान 19-20; प्रस्थान 31:18 ।**

- परमेश्वरले नयाँ करारको प्रतिज्ञा गर्नुहुन्छ, उहाँको व्यवस्था दुंगा माथि लेखिनुको सट्टा मानिसको हृदयमा लेखिने छ, **यर्मियाह 13:31-34**
- जसले पुरानो नियमको व्यवस्थलाई उल्लघन गर्थे मृत्यु दण्ड दिंदथे, **गन्ती 25:1-11।**

**[ नयाँ नियम ] येशूले भन्नु हुन्छ, हामीले उहाँका आज्ञाहरू मान्नु खाँचोछ नयाँ नियममा हाम्रो अचरणको आधारमा, मत्ती 28:18-20 । हामी गर्छौं:**

- येशू चटान जग हुनुहुन्छ; उहाँको आज्ञा पालन गर्नुनै हामीले त्यसमाथि निर्माण गर्ने एउटै मात्र बाटो हो, मत्ती 7:24-29।
- पहिलो मण्डलीले तिनीहरूको बहुतै मौलिक रूपमा येशूका आज्ञाहरू सबैने पालन गरे, प्ररित 2:37-47:
- तिनीहरूले पश्चताप गरे, विश्वास गरे, अनि पवित्र आत्मा प्राप्त गरे, मर्कूस 1:15; यूहन्ना 3:16;20:22।

  तिनीहरू वप्तिस्मा भए अनि नयाँ परिवर्तित जीवन शुरू गरे किनकी

  त्यसले शुरू गराउँदछ मत्ती 28:18-20।

  तिनीहरूले एकले अर्कोलाई प्रेम गर्थे अनि खँचोमा परेकाहरूको फिक्रि गर्थे। प्रेमले परमेश्वरलाई हाम्रा छिनेकीहरूलाई, संगी चेलाहरूलाई, खाँचोमा परेकाहरूलाई अनि व्यवहारहरूमा र शत्रुहरूलाई (क्षमा) समावेश गर्दछ मत्ती 26:36-40; यहून्ना 13:34-35 लूका 10:25-37; मत्ती 5:43-48।

  तिनीहरूले रोटी तोड़े (प्रभुभोजको उत्सव, हाम्रो उपासनामा सम्बन्धीत) मत्ती 26:26-28; यूहन्ना 4:24।

  तिनीहरूले प्रार्थना गरे (यसमा व्यक्तिगत र पारिवारीक उपसनाहरू, मध्यस्थता र आत्मिक लड़ाईलाई समावेश गर्दछ) यूहन्ना 16:24।

  तिनीहरूले दिए (यसमा हाम्रो समयको भण्डारीपन, घन र तेड़ाहरूलाई समावेश गर्दछ) लूका 6:38।

  तिनीहरूले चेलाहरू बनाए (यसमा ख्रीष्टको निम्ति गवाही, गोठाला गर्ने, वचन सिकाउने, अगुवाहरूलाई प्रशिक्षण दिने अनि

प्रचारकहरू पठाउने सभावेश गर्दछ) मत्ती 28:18–20।

- येशूको मुख्य आज्ञा परमेश्वर र मानिसलाई प्रेम गर्नु, जसले पुरानो नियमका व्यवस्थाहरू सबैलाई जोड्छ, **मत्ती 22:33–40**।
- परमेश्वरको आज्ञाहरूलाई बेवास्ता गर्ने अनि मान्छेको आज्ञाहरूलाई लागू गर्ने फरिसीहरूलाई येशूले हप्काउनु भयो **मर्कूस 7:1–23 मत्ती 23**।

**[ हाम्रो प्रत्युत्तर ] हामी पवित्र आत्माले डोऱ्याइएका छौं जसले हामीमा पवित्रताको फल फलाउनु हुन्छ ( रोमी 8:3–16; गलाती 5:14–26 )।**

- हामी पुरानो व्यवस्थाको मृत्युको ऐनवादलाई इन्कार गर्छौं अनि जीवन र स्वतन्त्रताको नयाँ करारलाई ग्रहण गर्छौं ( 2 कोरिन्थी 3:3–18)।
- पवित्र आत्माले हाम्रा पापहरू देखाई दिऊन (यहून्ना 16:5–15)।

**IV -19 विश्रामको दिन** (सबन्धीत: ऐनवाद, व्यवस्था)

**[ पुरानो नियम ] परमेश्वरको पुरानो करारमा विश्राम अनि उपासनाको एउटा विशेष दिन थियो:**

- पुरानो भौतिक सृष्टि पछि उहाँको विश्रामलाई हेरेर, परमेश्वरले सातौं दिनलाई अलग गर्नुभयो। प्रस्थान 20:8–11 ।
- विश्राम दिनमा जसले दाउरा बटुल्दछ त्यस मानिसलाई मार्ने परमेश्वरले उहाँका मानिसहरूलाई आज्ञा दिनुभयो: गन्त 15:30–26

**[ नयाँ नियम ] परमेश्वरको नयाँ करार उपासनाको एक विशेष दिन छ:**

- विश्वासीहरूले पहिलो दिनमा उपासना गर्थे जव येशू बौरी उठे। नयाँ, अनन्त ख्रष्टिको वाटो हेर्दै, **प्ररित 20:7 ।**
- येशूले नयाँ करार घोषणा गर्नु हुन्छ, लूका **22:13–20** ।

**[ हाम्रो प्रत्युत्तर ] हामी नयाँ करारलाई पैल्याउँछौं यसले हामीलाई पापको व्यवस्थाबाट मुक्त गराउँछ जो हामीले पुरा गर्न सक्दैनौं ( 2 कोरिन्थी 3:6–9 )।**

- हामी पुरानो व्यवस्थाका ऐनवादलाई इन्कार गर्छौं जसमा खतना र विशेष दिनहरूलाई मान्नपर्दछ (गलाती 4:8–10; गलाती 5:5–14)
- जुनै दिन पनि उपासना गर्नलाई हामी स्वतंन्त्र छौं; (रोमी 14:1–18)।

**IV-20 मुर्तिपूजकलाई दण्ड दिइए** (सम्बन्धीत: सुनको बाछा, लोभ)

**[ पुरानो नियम ] सुनको बाछा पुज्ने जत्तिलाई परमेश्वरले दण्ड दिनु भयो, प्रस्थान 32 ।**

**[ नयाँ नियम ] समयको अन्त तिर जस्ले मुर्तिहरू पुज्ने छन् तिनीहरूलाई भयानक रूढ़ीहरूले दण्ड दिनुहुनेछ, प्रकाश 9 ।**

**[ हाम्रो प्रत्युत्तर ] कुनै पनि रूपमा भएको मुर्तिपूजाबाट भाग्नु जसमा लोभ समावेश छन् ( 1 कोरिन्थों 10:14; कलस्सी 3:5 )।**

**IV-21 अविश्वासले इस्राएल घुमीहिड्न परयो ( सम्बन्धीत: अनाज्ञाकारी प्रतिज्ञाको देश, अग्रीपा )**

**[ पुरानो नियम ] परमेश्वरले इस्राएलीहरूलाई प्रतिज्ञाको देशको आशिषहरू प्रदान गर्नु भएको थियो तर विश्वासको कमीले गर्दा त्यो प्राप्त गर्नमा तिनीहरू चुके:**

- बाह्र जासूसहरूले देशको जाँचबुझ गरे तर त्यसो गर्नलाई मानिसहरू डराए अनि 40 वर्ष सम्म भरूभूमिमा घुमी हिड़े, **मत्ती13–14** ।

**[ नयाँ नियम ] राजा अग्रीपालाई प्रेरित पावलले मुक्तिको संदेश दिंदछ जसले विश्वास गर्न इन्कार गर्दछ प्रेरित 26 ।**

**[ हाम्रो प्रत्युत्तर ] जब सम्म परभप्रभुलाई पाउनसक्छ हामी उहाँलाई खोजौं, यशैंया 55:6-7 ।**

**IV-22 वेदी** (सम्बन्धीत: वेदी, पवित्रस्थान, पुरोहितहरूको दल, महा पुजाहारी, येशू हाम्रा महा पुजाहारी)

**[ पुरानो नियम ] परमेश्वरले मोशालाई एउटा पवित्रस्थान खड़ा गर्न लगाउनु भयो जहाँ उहाँले आफना मानिसहरूसित भेट गर्न चाहनुहुन्थ्यो अत्ति पवित्र स्थान भित्र:**

- यो वेदी वनाउन अनि पुजाहारीहरूको पोशाकको निम्ति परमेश्वरले कड़ा आज्ञा दिनु भयो, **प्रस्थान 25-31 प्रस्थान 35-40** ।
- लेवीको सम्पूर्ण किताबले बलिदानहरू र पवित्र स्थानमा पुजाहारीहरूको सेवकाईलाई बुझाउँदछ।
- पवित्रस्थानको तीन भागहरू थिए, प्रत्येक स्थानलाई सजाएका थोकहरूको सूची तल दिइएका छन्, **प्रस्थान 40** ।

  1) बाहिरी चोक उपासकहरूको निम्ति। यसमा होमवलीहरूको निम्ति एउटा वेदी राखिएको थियो अनि पुजाहारीहरूलाई धुनको निम्ति एउटा पानीको कुवाँ राखिएको थियो (प्रस्थान 38)। वेदीले ख्रीष्टको क्रूसलाई अनि उहाँको बलिदानलाई संकेत दिंदथे, जसले अनन्त मुक्ति प्राप्त गरे अनि पशु बलिदानहरूको अन्त गराउनु भयो (हिब्रू 9-10) कुवाँलाई बप्तिस्मासित तुलना गर्न सकिन्छ जस द्वारा सबै विश्वासहरू धोइएर नयाँ करारको पुजाहारीहरू बन्दछ।

  2) केवल पुजाहारीहरूको निम्ति पवित्रस्थान 'विघ्यमानताको रोटी, को साथ एउटा टेबल थियो (प्रभुभोजको चित्र), तेल भएको एउटा सुनको बत्ती निरन्तर जली रहन्थे (पवित्र आत्माको नकसा) अनि धुपको एउटा वेदी (प्रार्थनाको नकसा)

  3)महा पवित्रस्थान मूल पुजाहारी मात्र वर्षमा एक पटक प्रवेश गर्नसकथे। एउटा ठूलो रातो पर्दाले अलग गरिएको थियो, ख्रीष्टको शरीरलाई संकेत गर्दछ। यसभित्र करारको अत्ति पवित्र वेदी राखिएको थियो, सुनले मोहरेको एउटा वाकस र त्यसमाथि करूबीम (पवित्र स्वर्गेदूत)। त्यसमाथी परमेश्वरको पत्यक्ष महिमा चंम्कन्थे जसले उहाँका मानिसहरू माँझ परमेश्वरको उपस्थितीलाई संकेत गर्दे येशूलाई इशारा गर्दछ।

- मानिसहरूले तिनीहरूको पापहरूको निम्ति अस्थायी रगतको बलिदानहरू चोककोवेदीमा टक्राँउथे, **प्रस्थान 29:36-41** ।
- मूल पुजाहारीका छोराहरूले रगत विना महा पवित्र स्थानमा अनौठो आगोको बलिदान चढ़ाए अनि परमेश्वरले तिनीहरूलाई मार्नु भयो, **लेवी 10** ।
- वर्षमा एक पल्ट मात्र महा मूल पुजाहारी परमेश्वरका जनहरूको निम्ति रगतको बलिदान टक्राउनलाई महा पवित्रस्थानमा प्रवेश गर्दथे, लेवी 16 ।
- द्यैरै शताब्दी पछि राजा सुलेमानले भेटहुने पाल पवित्रस्थानलाई शोभनीय मन्दिरमा वदली गरिदिए, **1 राजा 5-6** ।

**[ नयाँ नियम ] येशू, उहाँको मृत्यु, पुनरत्थान अनि स्वर्गरोहनद्वारा हाम्रा महापुजाहारी वनी स्वर्गीय पवित्र स्थानमा प्रवेश गर्नुभयो:**

- येशू मानिस वन्नु भएको हुनाले परिक्षा र कष्टमा पर्नु भएर हाम्रा सिद्ध महा पुजाहारी हुन भएको छ, **हिब्रू 2:14-18** ।
- येशूले, जो संद्यै हुनुहन्छ, पुरानो महापूजाहारी र सबै सम्बन्धीत बलिदानहरू र सेवकाइहरूलाई बदली गर्नु हुन्छ **हिब्रू 7-9** ।

**[ हाम्रो प्रत्युत्तर ] निश्चयता, सुरक्षित अनि अरू विश्वासीहरूलाई उत्साह दिंदै परमेश्वरको नजिक आउनु ( हिब्रू 10 )।**

**IV-23 महान आदेश-एउटै सत्य परमेश्वरलाई प्रेम गर्नु** (सम्बन्धीत: बालकहरू, विवाह)

**[ पुरानो नियम ] परमेश्वर एउटै हुनुहुन्छ, हामीले उहाँलाई सम्पूर्ण हृदयले प्रेम गर्नुछ अनि हाम्रा नानीहरूलाई उहाँका व्यवस्थाहरू पालन गर्नलाई सिकाउनु छ; व्यवस्था 6:1-9।**

**[ नयाँ नियम ] येशूले विवाहको निम्ति अर्तिहरू दिनुहुन्छ अनि साना नानीहरूलाई आशिष दिनुहुन्छ, मत्ती 5:31–32; मत्ती 19:13–15।**

**[ हाम्रो प्रत्युत्तर ] लोग्नेले तिनीहरूको पत्नीहरूलाई प्रेम गर्नु पर्छ, जो तिनीहरूका लोग्नेहरू प्रति सर्म्पीत भएकाछन् ( एफिसी 5:21–23 )।**

- बालकहरूले तिनीहरूका आमा बाबूको आज्ञा पालन गरून भनी पावलले शिक्षा दिंदछ अनि बाबुहरूले आफना नानीहरूलाई विश्‍वासमा शिक्षा दिनलाई बताउँदछ (एफिसी 6:1–4)।

**IV 24 तंत्रमंत्र निषेध** (सम्बन्धीत: आत्माहरू, तांत्रिक, येशूले दुष्ट आत्माहरूलाई विजय गर्नुहुन्छ, प्रेतहरू शैतानको विनाश)

**[ पुरानो नियम ] तंत्रमन्त्र, मरेकासित सम्बन्ध जोड़नु वा आत्माहरूसित बोल्न निषेघ गर्नलाई परमेश्‍वरले मोशालाई भन्नुभयो व्यवस्था** 18:9–12 ।

- राजा शावलले एन्दोरका मंत्रतंत्र गर्नेसित युद्ध बारे सोधपुछ गरे अनि परमेश्‍वरले तिनको राज्यको अन्त गर्नु भयो, 1 शमूएल 28:6–35; 1 शमूएल 31 ।

**[ नयाँ नियम ] ख्रीष्टले सबै दुष्ट आत्माहरूलाई शैतान सहित विजय गर्नुहुन्छ:**

- येशूले गदरिनीका मानिसबाट ध्यैरै भूतहरूलाई निकाल्नु हुन्छ अनि सूँगुरहरूमा पठाउनु हुन्छ, **मत्ती 8:28–34; मत्ती 12:22–32** ।
- ख्रीष्टले अन्तिम दिनहरूमा शैतान अनि त्यसको राज्यलाई संघैको निम्ति नष्ट गर्नुहुनेछ; **प्रकाश 12; प्रकाश 20:1–10 ।**

**[ हाम्रो प्रत्युत्तर ] सवै तंत्रमंत्रलाई वहिष्कार गर्नु अनि प्रेतआत्माले सताइएका मानिसहरूको निम्ति येशूको नाममा प्रार्थना गर्नु ( गलाती 5:19–21; लूका 10:9 )।**

**IV 25 आगो द्वारा जाँच** (सम्बन्धीत: स्वर्गमा धन, स्वर्ग)

**[ पुरानो नियम ] परमेश्‍वरले उहाँको पवित्र छाऊनीमा अपवित्र लड़ाईको धनभाल निषेघ गर्नुभयो; जुहारात अनि बहुमुल्य घातुहरू आगो द्वारा जाँचमा जानु परयो: ( गन्ती 31 )।**

**[ नयाँ नियम ] हामीले स्वर्गमा वर्जित माल लान सक्दैनौ भनी परमेश्‍वरले चेतावनी दिनुहुन्छ हाम्रा कामहरू आगो द्वारा जाँचिने छ: 1 कोरिन्थी 3:10–15 ।**

- येशूले लोभ र धनको पछि लाग्नेको विरूद्ध धनी मूर्ख मानिसको उखानबाट चेतावनी दिनु हुन्छ, **लूका 12:14–31** ।

**[ हाम्रो प्रत्युत्तर ] पृथ्वीमा धन थुपार्नको सट्टा स्वर्गमा धन थुपारौं ( मत्ती 6:19–21 )।**

**IV–26 बालामको असन्तुष्टि आशिष** (सम्बन्धीत: बालाम, लालच, धनतृष्णा, भौतिकवाद, धनसम्पत्ती )

**[ पुरानो नियम ] कतिले तिनीहरूको धन परमेश्‍वरको सेवा गर्नलाई प्रयोग गरे; अरूले त्यसलाई गलत प्रकारले लालच गरे वा स्वार्थ रूपले त्यसको प्रयोग गरे:**

- इस्राएललाई स्राप दिऊन भनेर बालाकले बालमलाई पैसा दिए। तिनीहरूलाई अशिष दिने बनाउनलाई परमेश्‍वरले एउटा गधा र अरू तरीकाहरू जबर्दस्ती प्रयोग गर्नुभयो, **गन्ती 22–24** ।
- धनी नाबालले दाऊदका भोकाएका सेनाहरूलाई भोजन दिनमा स्वार्थपूर्वक इन्कार गर्दछ तर परमेश्‍वरले परिस्थितीलाई बदलाई दिनुहुन्छ **1 शमूएल 25** ।

- राजा हिजकियाहले आफना सबै भण्डारहरू बावेलका राजदूतहरूलाई देखाइदिए अनि ती सबै गुमाए। **2 राजा 20:12–19 ।**
- राजा सुलेमानसित द्यैरै सम्पत्ती थियो द्यैरै स्वास्नीहरू अनि प्रत्येक सुखविलासमा परेकाथिए तर सबै व्यर्थनै व्यर्थ भेटाए, **उपदेशक 2:1–11 ।**

**[ नयाँ नियम ] येशूले एउटा स्वार्थी धनी मानिस जसको आँखा नरकमा खोलिए एउटा उखान द्वारा अनुचित धन संग्रह गर्नेलाई चेतावनी दिनुहुन्छ, लूका 16:19–31।**

**[ हाम्रो प्रत्युत्तर ] विश्वासीहरू जससित धन सम्पत्ती छन् वा त्यसको लालसा गर्दछन्, हामीलाई कष्ट पुऱ्याउनेछ, ( याकूब 5:1–6 )।**

## इस्राएलका न्यायकर्त्ताहरूको समयका घटनाहरू

## पछिका घटनाहरूसित समतुल्य

**IV- 27 यहोशूले प्रतिज्ञाको देश विजय गर्दछ ( सम्बन्धीतः यूद्ध, मण्डली रोप्ने, मिशनेरीहरू )**

**[ पुरानो नियम ] येहोशूले परमेश्वरको निम्ति विजय हासिल गरे,** मुर्तिपूजक जातीहरू जसले प्रतिज्ञाको देशलाई दखल गरेका थिए युद्धमा पराजीत गराए:

- परमेश्वरले येहोशूलाई साहसीलो हुन र मुर्तिपूजक जातिहरूलाई प्रतिज्ञाको देशबाट धपाउन आज्ञा दिनुभयो, **यहोशू 1:1–11 ।**
- मुर्तिपूजक यरीहो शहर ढल्दछ, **यहोशू 6 ।**
- धोखेवाज मूर्तिपूजकको कारण परमेश्वरले यहोशूका सेनाहरूलाई अस्थाथी रूपमा पराजय गराउनु हुन्छ। **यहोशू 7–8 ।**
- प्रतिज्ञाको देश दखल गर्नलाई यहोशूले सैनिक अभियानमा आनेकौं शक्तिशाली राजाहरूलाई परास्त गर्दछ **यहोशू 1–11 ।**

**[ नयाँ नियम ] प्रेरितहरूले संसारको मुर्तिपूजक जातिहरूमा सुसमाचार लगेर शैतानलाई परास्त गर्दै परमेश्वरको निम्ति विजय बनेकाछन्:**

- एन्टीओकमा मण्डलीले प्रचारकहरू नियुक्त गर्दछन् अनि पहिले लामो अवधिलाई बाहिर पठाँउछन्, **प्रेरित 13:1–3 ।**
- पावल अनि वर्णवासले टाड़ा देश अनि अन्य संस्कृतीहरूमा लामो मिसनेरी यात्रा गर्दछन्, **प्रेरित 13–14;16–21 ।**
- पावलको निम्ति यो थूनमा पार्ने भए पनि यहूदी अगुवाहरू अनि अविश्वासी सांसकहरू फेस्टस् र अग्रीपालाई येशूको उदघोषणा गर्दछ, **प्रेरित 20–26 ।**

**[ हाम्रो प्रत्युत्तर ] परमेश्वरले तपाईको वगाललाई दिनु भएको प्रेरितहरूलाई तिरस्कृत खेतहरूमा पठाउने ( एफिसी 4:11–12; प्रेरित 1:8 )**

- जसै परमेश्वरको राज्य सारा संसारमा फैलिरहेका छन् भने आजका प्रेरितहरूले लगातार शैतानलाई धपाइ रहेकाछन् (प्रकाश 15:4)।
- सहाससित परमेश्वरको शत्रुहरूको सामना गर्नु अनि त्यसले ल्याउने कष्टलाई सहने (मत्ती 10:16–42)।

**IV-28 इस्राएलका परमेश्वर द्वारा अन्यजातीहरू अशिषित भए** (सम्बन्धीतः राहाब, विदेशीहरू परमशेवरको जाति भित्र ल्याइए, खीष्टको मण्डलीले सारा जातिहरूलाई सामेल गर्दछ)

**[ पुरानो नियम ] पुरानो नियममा परमेश्वरले विश्वासी विदशीहरूलाई उहाँको मानिस इस्राएल माझ सामेल गर्नलाई ल्याउनु**

**भयो:**

- कनानी राहाबले विश्वासद्वारा परमेश्वरका जासूसहरूलाई लुकाइ राखे अनि जब यरीहो शहर ढले तिनलाई छोड़ीदिए, **यहोशू 2; यहोशू 6:17** ।
- मोआबी बिधवा रूथ तिनकी सासु नआमीको प्रेमले इस्राएलमा आइन अनि परमेश्वरमा भरोसा गरीन। रूथ अनि राहाब दुवै ख्रष्टिको वंशवालीमा छन् (रूथ राजा दाऊदको बराज्यु आमा हुनुहुन्थ्यो। रूथ–एउटा शुन्दर प्रेम कथा छन्।
- सिरियाका सैन्य सेनापती नामान उसको घमण्डसंग लड़ेर यर्दन नदीमा नुहाए अनि परमेश्वरले तिनको कोर निकोपार्नुभयो, **2 राजा 5** ।

**[ नयाँ नियम ] ख्रीष्टको मण्डलीले सारा जातिहरूलाई अंगालदछ:**

- येशूले एक साग्रडनका स्त्रीको विश्वासलाई जाँच गर्नुभयो, अनि त्यसपछि इनाम दिनुभयो, मत्ती 15:21–28 ।
- येशूले एउटा रोमी कप्तानको नोकरलाई निको पार्नुहुन्छ किनभने कप्तानको विश्वासको कारणले लूका 7:1–10 ।
- प्रेरित पावलले धेरै राज्यहरूमा मिसनेरी यात्राहरू गर्छन् **प्रेरित 13–14; प्रेरित 17–20** ।

**[ हाम्रो प्रत्युत्तर ] येशूले हामीलाई सुसमचार सुनाउने अनि सारा जगतका मानिसहरूलाई चेलाहरू बनाउने आज्ञा दिनुहुन्छ, लूका 24:46–48; मत्ती 28:18–20।**

**IV- 29 गिदोनले कमजोड़तामा शक्ति प्राप्त गदछ** (सम्बन्धीत: गिदोन, दाऊदले गोलीयतलाई मार्दछ, पत्रुसको इन्कार, आत्मिकी लड़ाई)

**[ पुरानो नियम ] पुरानो नियममा परमेश्वरले शक्तिशालीलाई परास्त गर्नलाई कमजोड़ व्यक्तिहरूलाई प्रयोग गर्नुहुन्थ्यो:**

- गिदोनले 300 सेनाहरू लिएर परमेश्वरको उदेकको सल्लाहलाई पालन गरी एउटा ठूलो सैन्य दललाई परास्त गरे, **न्याय 6–7** ।
- गोठाला ठिटो दाऊदले पलिस्तीका दैत्यलाई परास्त गर्दछ, **1 शमूएल 17** ।

**[ नयाँ नियम ] नयाँ नियममा महान कामहरू गर्नलाई परमेश्वरले कमजोड़ अनि तुच्छ व्यक्तिहरूलाई प्रयोग गर्नुहुन्छ:**

- पत्रुसले येशूलाई इन्कार गरे तर तिनले पवित्र आत्मा पाए पछि परमेश्वरले तिनलाई सामर्थ्य पूर्वक प्रयोग गर्नु भयो, **मत्ती 26:31;69–75** ।

**[ हाम्रो प्रत्युत्तर ] हाम्रा पापहरू र कमजोड़ताहरू परमेश्वरलाई स्वीकार गर्नु**

- परमेश्वरको शक्तिमा भरोसा गर्नु, मानिसको ज्ञान र सम्पत्तीमा होइन ( **1 कोरिन्थी 1–2**)।
- पावलले झैं सामर्थ्यको निम्ति प्रार्थना गर्नु, जसले भन्दछ, ख्रीष्टको शक्तिद्वारा म जे पनि गर्न सक्छु "(फिलीपी 4:13)।
- परमेश्वरले जुटाउन भएका ती आत्मिकी हात हतियारहरूलाई प्रयोग गरेर आत्मिकी लड़ाई जारी राखौं (एफिसी 6:10–18)

**IV- 30 रूथ**(सम्बन्धीत: स्त्री अगुवाहरू, स्त्रीहरू सम्मानित गरीए)

**[ पुरानो नियम ] परमेश्वरले देवोरा, रूथ अनि एस्थर जस्तै विश्वासी स्त्रीहरूलाई उहाँको काम गर्नलाई पुरानो नियममा तयार पार्नुहुन्छ:**

- इस्राएललाई स्वतन्त्र गराउनलाई देबोराले सहासी सैनिक अभियानको नेत्रीत्व गरिन न्याय 4–5 । **रूथ** अनि **एस्थरको** पुस्तकहरू पनि हेर्नुहोस्।

**[ नयाँ नियम ] परमेश्वरले उहाँको काम गराउनलाई नयाँ नियममा विश्वासी स्त्रीहरू तयार पार्नुहुन्छः**

- मरियम प्रभुको सेविका वन्न रूचाईन अनि प्रशंसाको शोभनीय प्रार्थना गीत गाइन, **लूका 1:22–56 ।**
- प्रिस्कीलाले तिनको लोग्नेसित मिलरे पालहरू बनाए अनि यसरी अनेकौं मण्डलीहरू शुरूगर्नमा सहयोग पुराए अनि अपोलोलाई शिक्षा दिए, **प्रेरित 18** ।
- दबोराले गरीबहरूको निम्ति लुगाहरू बनाए, **प्रेरित 9:36–43** ।

**[ हाम्रो पुत्युत्रर ]**

- स्त्रीहरूको आदर र सम्मान गर्नु अनि विश्वासको सदाचारी स्त्रीहरूको प्रशंसा गर्नु (हितोपदेश 31:10–31; एफिसी 5:21–33)।
- परमेश्वरले दिनु भएका वरदान अनुसार सेवकाइ गर्नमा ईसाई स्त्रीहरूलाई प्रोस्ताहन र उत्साह दिनु (उदाहरणः फिलीपको छोरीहरू, प्रेरित 21:8–9)।

**IV- 31 पलिस्तीहरूले अत्ति पवित्र सन्दुक कैद गर्दछ** (सम्बन्धीतः दण्ड, कष्ट, करारको सन्दुक, स्तिफनस, सतावट, शहीदहरू )

**[ पुरानो नियम ] परमेश्वरले उहाँका भूल गर्ने बालकहरूलाई दुष्ट मानिसबाट दण्ड दिन हुन्छ अनि यस संसारमा धार्मिक जनहरूलाई कष्ट भोग्न दिनु हुन्छः**

- परमेश्वरका जनहरू कसरी मुर्तिपूजा र अरू पापहरूमा लड़े, त्यस पश्चात तिनीहरूलाई परमेश्वरले मुर्तिपूजाकहरूबाट अत्यचार गर्न दिएको न्यायको किताबले उदाहरणहरू दिंदछ। जब तिनीहरूले पश्चाताप गरे परमेश्वरले एक उद्धारक पठाउनु हुन्थ्यो अनि तिनीहरूले शान्तीको सास फेर्दथे जवसम्म फेरि पाप गर्दैनन् थे कुनै कुरोलाई दोहोरयाँउदैनथे।
- शिमशोनमा नैतिक कमजोड़ता भए पनि इस्राएलीहरूलाई मूर्तिपूजक पलिस्तीहरूबाट छुड़ाउनलाई परमेश्वरले तिनलाई प्रयोग गर्नुभयो; **न्याय 14–16** ।
- पलिश्तीहरूले करारको सन्दुकलाई कब्जा गरे र दागोनको मन्दिरमा राखे। तेस्रो दिनमा दागोनको टाउको छिन्नभिन्न भए जसरी येशू पुरानो सर्प शैतानको मृत्युको पहिलो परिमण्डलमा प्रवेश गर्नुभएको थियो; तर जसै उहाँ तस्रो दिनमा बौरी उठनु भयो बन्धुवाहरूलाई स्वतन्त्र गर्नलाई त्यसको शिर कुच्याउनु भयो। मानिसले होइन तर गाइहरूले शन्दुक इस्राएललाई फिर्ता गरीदिए, जसरी विजयी खीष्ट बौरी उठेपछि उहाँका चेलाहरूमा देखा पर्नु भयो अनि महिमामा उकल्नु भयो, **1 शमूएल 4–6 ।**
- अय्यूब एक धार्मिक मानिस थिए तर साहै कष्ट सहे। तिनले परमेश्वरलाई प्रश्न गरे र उहाँदेखि टाड़ा गएनन् **अय्यूब 1–42** (यो लाभो कथा छ तर संक्षेप गर्नु वा भागहरूमा सिकाउन आवश्यक छ। मुख्य अध्यायहरू अय्यूब 1–4 अनि 40–42)।

**[ नयाँ नियम ] परमेश्वरले हामीलाई कष्टभोग्य लाउनु हुन्छ, यसरी पछिबाट हामीले उहाँको महिमालाई बाँटन सक्छौं अनि उहाँका बालकहरूलाई सताउने जतिलाई दण्ड दिनुहुन्छः**

- राजा हेरोदले बप्तिस्मा यूहन्नाको टाउको काटी दिए अनि याकूब र अरूलाई मारे तर पछि तिनलाई किराहरूले खाएको थियो, **प्रेरित 12**
- यरूसलेममा विश्वास नगर्ने यहूदीहरूले स्तिफनसलाई ढूंगाले हानेर मारे अनि ईसाईहरूलाई सताए। परिणाम स्वरूप तिनीहरू ध्रैरै इलाकाहरूमा छरिएर गए, सुसमाचार सुनाए, धेरैको निम्ति आशिष भए **प्रेरित 7–8 ।**
- पावलले यहूदीहरूबाट ढुंगा र कुटाइको चोट खानपरयो, लुटिएका थिए अनि जहाज भत्किए, **2 कोरिन्थी 11:22–33; प्रेरित 27–28 ।**

**[ हाम्रो प्रत्युत्तर ] जब हामी ख्रीष्टको निम्ति कष्ट भोग्दछौं, आनन्द गर्छौ किनभने महिमामा हाम्रो इनाम ठूलो हुनेछ ( 1 पत्रुस 4:12–19 )।**

- संसारमा हामी कष्ट भोग्दछौं किनभने यसले ख्रीष्टलाई घृणा गर्दछ अनि हामीलाई पनि घृणा गर्दछ (यूहन्ना 15:18–27; रोमी 8:17–39)
- येशूले दिनुहुने क्रूसलाई उठाँऊ (लूका 9:22–26)।

## इस्राएलका राजाहरूको समयमा घटेको घटनाहरू पछिका घटनाहरूसित समतुल्य

**IV-32 परमेश्वरले इस्राएलका नेताहरूको तयारी गर्नुहुन्छ** (सम्बन्धीत: शमूएल, हन्ना, एली, राजा, सावल, यशैया, प्रेरितहरूको तयारी)

**[ पुरानो नियम ] परमेश्वरले विभिन्न प्रकारले यूसूफ, मोशा अनि दानियल जस्ता उहाँका अगम्वक्ताहरू अनि नेताहरू तयार पार्नु भयो:**

- हन्नाले तिनको छोरा शमूएललाई परमेश्वरको सेवा गर्न भनी महा पूजाहारी एलीलाई सुम्पीदिए 1 शमूएल 1–3।
- इस्राएलीहरूले शमूएललाई एउटा राजा अभिषेक गर्न भनी विन्ती गरे अनि त्यसो गर्नाले के हुनेछ भनी चतावनी पनि दिए, तर तिनीहरू त्यसकोपछि लागी नै रहे, त्यसो हुनाले तिनले एक लड़ाकू व्यक्ति शाऊललाई मानिसहरूको खुशिको लागी अभिषेक गरे: **1 शमूएल 8–10 ।**
- शऊलले असल प्रकारले शासन चलाए, इस्राएलका द्येरै शत्रुहरूलाई परास्त गरे पछि तिनले केहि गम्भीर गलतीहरू गरीपठाए **1शमूएल 11–15 ।**
- मोशा झैं दाऊदले एक ठिटा छँदानै तिनका पिता यिशैको भेड़ाहरूलाई चराए, असल गोठालो हुनसिके **1 शमूएल 16;1 शमूएल 17:33–37 ।**
- दाऊद एक शक्तिशाली लड़ाकू बने तर राजा सावल इर्ष्यालू वनेर तिनलाई भाग्न र लूक्न बाद्य गराए। परमेश्वरले यसवाट दाऊदलाई उहाँमा भरोसा पार्न सिकाउनु भयो (तिनको सबै भजनहरूले प्रतिविम्बीत हुँदछ) **1 शमूएल 18–31** । यी अध्यायहरूमा द्येरै यूद्ध कथाहरू समावेश छन्।
- यशैयाले परमेश्वरको मन्दिरमा प्रभुको एउटा भयानक दर्शन देखे अनि साह्रै पापपूर्ण लाग्दा तिनी लड़े, **यशैया 6** ।
- यर्मियाले द्येरै कुराहरू सहनु परेको थियो। त्यतिमात्र होइन तिनले यरूशलेम ढल्नेछ भनि अगमवाणी गर्दा इनारमा फालिए, **यर्मिया 38** ।

**[ नयाँ नियम ] परमेश्वरले नयाँ नियममा उहाँका नेताहरू तयार पार्नुहुन्छ:**

- पत्रुस अनि अरू एगाह्र प्रारिम्भक प्रेरितहरूले गुरू येशूसित तीन साल संगसंगै लागेर बिताए, **मर्कूस 3:13–19 ।**
- पावल प्रेरितले द्येरै विषयहरूमा कष्ट भोगे अनि तिनले आफनो प्रेरितको काम आरम्भ गर्नभन्दा अगि अरेबियामा समय विताए, **गलाती 1:11–24** ।

[ हाम्रो प्रत्युत्तर ] प्रभुको सेवा गर्न साथै बलिदानहरू चढ़ाउनलाई हामीले असल तयारी गर्छौं:

- मोशाले मिश्रको आनन्दको राजभवनलाई त्यागेर तिनका मानिसहरूको सेवा गर्नलाई लाज सहन पर्‍यो (हिब्रू 11:34–28)।
- यस तयारीमा परमेश्वरको वचन अध्ययन समावेश छन्, जसरी तपाईले अहिले गर्दैहुनुहुन्छ अनि तपाईको परिवारलाई, तपाईको

मानिसहरूलाई र नयाँ गोठालाहरूलाई सिकाउँदै हुनुहुन्छ (2 तिमोथी 2:2)।

**IV-33 इस्राएलका असल राजाहरू** (सम्बन्धीत: दाऊदको असल राज्यकाल, सुलेमान, आज्ञाकारीता, सासकहरू, असल, शबाकी रानी, इस्राएलका राजाहरू, (एल्डरहरू)

**[ पुरानो नियम ] परमेश्वरले दाऊद र तिनका छोरा सुलेमान जस्ता असल अगुवाहरूलाई जब मुर्तिहरूबाट फर्काइ ल्याए अनि उहाँका आज्ञा पालन गरे, अधिकार गर्न दिनुभयो; तर जब तिनीहरूले मुर्तिहरू पुजे दुष्ट राजाहरूलाई क्रूर शासन गर्न दिनुभयो। प्राय: राजाहरू दुष्ट थिए।**

- सुलेमानले परमेश्वरलाई बुद्धि मागेर तिनको शासन शुरू गर्दछ। तिनको बुद्धिमान निर्णयले टाड़ाका मानिसहरूलाई सम्म आर्कषित गर्दछ , **1 राजा 3; 4:21-34** ।
- सुलेमानले परमेश्वरको भवन बनाउँदछ अनि ठूलो रमाहट र उत्सवको साथमा करारको संदुक त्यहाँ ल्याउँदछ **1 राजा 8** ।
- सुलेमानको गौरवलाई हेर्न भनी टाड़ाबाट शबाकी रानी आउँछिन् अनि उनको सम्पत्ती र बुद्धिलाई देखेर छक्क परीन **1 राजा 10:1-13**
- सुलेमानको राज्यकालमा इस्राएलीहरूले प्रशस्त उन्नत्तीको आनन्द लिए। 1 राजा 10:22-29।
- यहोसापातले मुर्तिहरू हटाए अनि इस्राएलीहरूलाई अनियमित ज्ञानबाटनै परमेश्वरका व्यवस्थाहरूलाई सिकाए, **2 इतिहास 17-18** ।
- योशियाह बालक राजाले तिनका सल्लाहकारहरूको सुने अनि इस्राएलमा आत्मिक नीवकरण ल्याए, **2 राजा 22-23** ।
- उज्जीयाह र आशा राजाहरू झै हिजकियाहले यहूदालाई ल्याए **2 इतिहास 39-32** ।

**[ नयाँ नियम ] जब उहाँका मण्डलीहरूले उहाँको वचन अनि पवित्र आत्माको अगुवाइलाई पालन गर्दछन् परमेश्वरले असल गोठालाहरू सेवा गर्नलाई दिनुहुन्छ:**

- क्रेटका मण्डलीहरूलाई गोठाला गर्न सही एल्डरहरूको नाम तोक्नलाई पावलले तिनको सिकारू तितसलाई भन्दछ, **तितस 1:5-9**।

**IV-34 इस्राएलका अगम्वक्ताहरू** (सम्बन्धीत: चेतावनी, एलिशा, अहाब, बाल, प्रायश्चित, झूटा अगुवाहरू)

**[ पुरानो नियम ] परमेश्वरले दुष्ट राजाहरूलाई चेतावनी दिन र मानिसहरूलाई पश्चताप गराउनलाई उहाँका अगभ्वक्ताहरूलाई पठाउनु भयो:**

- सुलेमानको मुर्ख छोरा रहबामले मानिसहरूको गह्रौं जुवा हलुङ्ग गर्नमा इन्कार गरे जसको कारण रहबाम अनि उत्तरीय जाति छुट्टिनलाई, राज्य विभाजन गर्नलाई, इस्राएल उत्तरमा अनि यहूदा दक्षिणमा वनाउनलाई उत्तेजित गराए, **1 राजा 12** ।
- उत्तरमा भएका इस्राएलका प्राथम राजा यारोबामले अगग्वक्ताको चेतावनीलाई विरोध गरे अनि गम्भीर मुर्तिपूजा शुरू गर्दछ, **1 राजा 13** ।
- धेरै राजाहरूले यारोबामको बुरो उदाहरणलाई अनुकरण गर्दछन्। अहाबले प्राय: सम्पूर्ण इस्राएलीहरूलाई मुर्तिहरू पूज्न स्वीकृती दिंदछ तर अगम्वक्ता एलियाले परमेश्वर जिवीत हुनुहुन्छ र निर्जिउ मुर्तिहरू भन्दा शक्तिशाली छन् भनी देखाउनलाई आश्चर्य काम गर्दछ। एलियाले बिधवाको छोरालाई चाँगई गर्दछ, **1 राजा 17** ।
    - ➢ एलियाले बालका अगम्वक्ताहरू र आहाबलाई भेट गरेर कर्मेल डाँड़ामा प्रतियोगीता गर्नलाई चुनौती दिंदछ, **1 राजा 18** ।
    - ➢ एलिया आफैलाई एकलो पाउँदा दु:खि बन्दछ तर परमेश्वरको दूतद्वारा तिनको सिहार सुसार हुँदछ, **1 राजा 22** ।

≫ अत्ति दुष्ट आहाबलाई पश्चताप गर्न एलियाले सप्रमाण सम्झाउँदछ, **1 राजा 21** ।

≫ आहाबले मिकायाको अशमवाणीलाई लत्याउदँछ अनि आफैमा भिषण मृत्यु आइपर्दछ **1 राजा 22** ।

≫ एलियाले दुष्ट राजा अहज्याहको राजदूतहरूमाथि स्वर्गवाट आगो ल्याउँदछ, **2 राजा 1** ।

≫ एलिया एउटा आगोको रथमा स्वर्गतिर लगिन्छ तर परमेश्वरले तनको शक्तिहरू तिनकै सिकारू एलिशालाई थमाई दिनुहुन्छ, **2 राजा 2** ।

≫ मोआबको सेनालाई आश्चर्यपूर्वक परास्त गर्नलाई एलिशाले इस्राएलको राजा योरामलाई योग्यको पार्दछ, **2राजा 3** ।

≫ एउटी गरीब बिधवालाई एलिशाले परमेश्वरको शक्तिद्वारा तिनको रिण तिर्नसकने बनाउँदछ, **2 राजा 4** ।

≫ सिरियाको सेनापति नामानलाई एलिशाले परमेश्वरको शक्तिद्वारा कोर निको हुनसक्ने बनाउँछ, **2 राजा 5** ।

≫ एलिशाले परमेश्वरको शक्तिद्वारा आरामका आक्रमणकारी सेनालाई परास्त गर्नसके **2 राजा 7:24–33, 2 राजा 8** ।

- यर्मियाले परमेश्वरको दण्ड अनि यरूशलेमको पतन बारे भविष्यवाणी गर्दछ तर राजाले सुन्न चाहँदैनन् **2 इतिहास 36:11–23; यर्मिया 36** ।
- राजाहरू अनि मानिसहरू घेरै दुष्ट बन्दै जान्छ अनि अन्तमा यरूशलेमको पतन हुन्छ। घेरै जना बाबेलमा कैद गरेर लगिए, **2इतिहास 36** ।
- पहिलो मिसनेरी योनालाई आज्ञाकारी वन्न परमेश्वरले नसिकाए सम्म परमेश्वरको आज्ञालाई प्रतिरोध गरूञ्जेल अर्को देशमा पठाइन्छ, योनाको पुस्तक।

**[ नयाँ नियम ] येशूले सबै मनिसहरूलाई पश्चताप गर्नलाई बोलाउनुहुन्छ अनि खराब अगुवाहरू-ब्वाँसाहरू जसले परमेश्वरका जनहरूलाई तितर बितर पर्दछ त्यसबाट सचेत गराउनु हुन्छः**

- जब एउटा पापीले पश्चताप गर्दछ स्वर्गमा आनन्द हुन्छ भनी जाहरे गर्नलाई येशूले हराएको भेड़ाको उखान भन्नुहुन्छ, **लूका 15:1–10** ।
- उड़न्ता पुत्रको उखानवाट परमेश्वरको अनुग्रहले मानिसलाई पश्चताप गर्नतर्फ डोर्‍याउँदछ भनी व्याखा गर्दछ, **लूका 15:11–32 ।**
- पत्रुसले सुसमाचारको घोषणा गर्दछ अनि पेन्तिकोसको दिन ठूलो संख्यामा मानिसहरूलाई पश्चताप गर्नलाई आहवान गर्दछ, **प्रेरित 2:1–41** ।
- येशूले विश्रामको दिनमा एउटा अन्धा मानिसलाई निको पार्दछ अनि पाखण्डी धर्मगुरूहरूले उहाँले विश्रामको दिन यो गरे भनेर रिसाउँदछ, **यूहन्ना 9** ।
- टार्सस्को सावलले ईसाईहरूलाई बन्धुवा गरे अनि मारे, तर परिर्वन भए अनि पावल प्रेरित बनिए, **प्रेरित 9:1–3** 1
- येशूले ब्वाँसाहरूदेखि सचेत गराउनु हुन्छ जसले आफैलाई भक्तिपूर्ण ईसाई भनी बहाना गर्दछ तर झूटा हुन्छन् **मत्ती 7:15–20**।
- यूहन्ना वप्तिस्माले हेरोदलाई उसको व्यविचार बारे चेतावनी दिंदछ। हेरोदले यूहन्नालाई कैदमा राख्दछ अनि पछिबाट टाउको काटिदिंदछ **मत्ती 14** ।
- येशूले फरिसीहरूको खमीर, स्वार्थी धर्मिकता अनि मानिसको नियमबाट होशियार गराउनुहुन्छ, **लूका 12:1; मत्ती 15:1–20** ।
- पावलले एफिसीका एल्डरहे रूलाई ब्वाँसाहरू ( झूटा अगुवाहरू ) को चेतावनी दिंदछ जसले मण्डलीहरूलाई भ्रष्ट पार्न र भत्काउने

प्रयास गर्दछ, **प्ररित 20:28-32** ।

- यूहन्नाको भविष्यवाणी द्वारा विश्वासीहरूलाई ख्रीष्ट बिरोधीबाट निर्दयी अत्यचारको चेतावनी (संकेत) दिनुहुन्छ, **प्रकाश 13** ।
- यूहन्नाको दर्शनले पनि पश्चताप नर्गेन मनिसहरूमाथि डरलाग्दो न्यायको चेतावनी दिंदछ, **प्रकाश 16-18**
- यूहन्नाको दर्शनले पनि पश्चताप गर्नेहरूको निम्ति स्वर्गमा महिमित "बिवाह भोज" प्रतिज्ञा गर्दछ, **प्रकाश 19** ।
- यूहन्नाको दर्शनले पश्चताप नगर्नेको अन्तिम न्याय परमश्वरको महान सेतो सिंहासन अगि भएको प्रकट गर्दछ, **प्रकाश 20 ।**
- यूहन्नाको दर्शनहरूले नयाँ स्वर्ग र पृथ्वीको पनि प्रकाश गर्दछ जहाँ हामी ख्रीष्टसित सदालाई रहनेछौं अनि राज्य गेर्नछौं, जहाँ आँसु हुने छैन् साप छैन् अनि कष्ट छैन्, **प्रकाश 21-22** ।

**[ हाम्रो प्रत्युत्तर ]**

- परमेश्वरले हामीलाई गोठाला गर्न दिनुभएको बगाललाई हेर्नु हाम्रो परिवारहरूबाट शुरू गर्ने (प्रेरित 20:28-32)।
- परिपक्क व्यक्तिहरू जसले आफनो योग्यतालाई प्रभाणित गरेकाछन्, जिम्मेवार अगुवाको रूपमा नाम चुन्ने ( 1 तिमोथी 3)।
- जसले विभाजन ल्याउँछन् तिनीहरूलाई त्याग्नु (तितस 3:10-11)।
- मण्डलीलाई कमजोड़ पार्ने सामान्य गलतीहरूलाई हाम्रा मण्डलीले टार्नुनै पर्छ जसरी ख्रीष्टले प्रकाशको 2-3 मा जाहरे गर्नुहुन्छ।
- पवित्र आत्माको दैनिक नवीकरण खोजी गर्नु ( 2कोरिन्थी 4:16-18)।
- कष्ट भोगीरहेका विश्वासीहरूलाई तिनीहरूको चिरस्थायी इनामको आश्वासन दिनु (1 पत्रुस 1:6-9; 1 यूहन्ना 3:1-3)।

**IV- 35 लुसिफर** (सम्बन्धतिः स्वर्गबाट शैतानको पतन, आत्मिकी लड़ाई, शैतानले येशूलाई परिक्षा, भूत)

**[ पुरानो नियम ] लुसिफर "बाबेलको राजा" एक सुन्दर स्वर्गेदूत, घमण्डीबने र स्वर्गबाट तल झरे, हाम्रो शत्रु शैतान हुनगए, यशैया 14:3-17। यो घटना सृष्टिको प्रारम्भमा घटेको थियो तर विभाजीत राज्यको समय नआइपुगे सम्म जाहेर गरिएको थिएन।**

**[ नयाँ नियम ] शैतानले परमेश्वरका मानिसहरू बिरूद्ध लगातार लड़ाई गरीरहन्छः**

- स्वर्गमा निम्नंकित लड़ाई भएकोले शैतान अरू पतन भएका स्वर्गेदूहरूसित स्वर्गबाट निकालिएका थिए, तिनीसित सम्मिलित भए, **प्रकाश 12:7-9 ।**
- शैतानले येशूको परिक्षा गर्दछ, **मत्ति 4** ।
- येशूले सचेत गराउनु हुन्छ कि परमेश्वरको वचनको विऊ हाम्रो हृदयबाट खोस्नलाई शैतानले चराहरू झैं त्यसको दुष्ट आत्माहरू पठाँउछन्, **मत्ती 13** ।
- येशूलाई घोका दिनभनी शैतानले यहूदा इस्करयोतिलाई प्रयोग गर्दछ, **यूहन्ना 13:21-30; यूहन्ना 18:1-12 ।**
- शैतानले विश्वास गर्ने ईसाईहरू हननिया र सफीरालाई पनि पाप गर्न लगाए, **प्रेरित 5:1-11** ।

**[ हाम्रो प्रत्युत्तर ]**

- शैतानको विरोध गर, अनि त्यो हामीहरूबाट भाग्नेछ (याकूब 4:7)।

- जागा रहौं कि हाम्रो विरोधी शैतान गर्जने सिंह झैं कसलाई भेटाऊँ र निलीहालूँ भनेर हिंड़ीरहन्छ (1 पत्रुस 5:8-9)।

## इस्राएलको शेषांशको दासत्वको समयमा धटेका घटनाहरू अनि तिनीहरूको भूमीमा तिनीहरूको फिर्ता, पछिका घटनाहरूसित समतुल्य

**IV-36 इस्राएलको बाबेली दासत्व** (सम्बन्धीः मोर्दकै, दानियल, विश्वासीहरूको रक्षा, येशू-असल गोठाला)

**[ पुरानो नियम ] दासत्वमा हुँदा परमेश्वरलाई मात्र पुज्ने शेषांशलाई परमेश्वरले रक्षागर्नु भयोः**

- मोर्दकैले तिनको भतिज सहासिलो रानी एस्तरलाई परमेश्वरका शत्रुहरूको सर्वनाश गर्ने योजनामा मदत पुर्‍याउँदछ, एस्तर (सम्पूर्ण पूस्तक)
- जल्दैगरेको आगोको भटटीमा परमेश्वरले दानियलका तीन मित्रहरूलाई रक्षा गर्नुहुन्छ, **दानियल 3,** अनि सिंहहरूको खोरमा दानियल, **दानियल 6** ।

**[ नयाँ नियम ] येशू जाती गोठालाले उहाँका अनुयायीहरूलाई उहाँको हातमा सदाभर सुरक्षित रख्ने प्रतिज्ञा गर्नुहुन्छ, यूहन्ना 10:7:39 ।**

**[ हाम्रो प्रत्युत्तर ] परमेश्वरका बालकहरूलाई उहाँको हातमा सदाभर सुरक्षित राख्ने उहाँको असिमित अनुग्रहमा भरोसा गर्नु, रोमी 8:28-39 ।**

**IV-37 एज्रा, सुधारक** (सम्बन्धीतः पुनः स्थापन, बाबेली दासत्वबाट फिर्ता, नहेम्याह, आत्मिकी वरदानहरू)

**[ पुरानो नियम ] परमेश्वरले उहाँका जनहरूलाई पुनः स्थापन, गर्न र उहाँको सेवा गर्नलाई व्यवस्था मिलाउन विश्वासी अगुवाहरूको प्रबन्ध गर्नुभयोः**

- फारसका राजा कोरेसले बाबेलमा कैद गरेकाहरूलाई फर्कीजान अनि मन्दिर पुनः निर्माण गर्न अनि इस्राएलको भूमिमा जान दिंदछ, **एज्रा 1** ।
- मानिसहरू फर्किदछन् अनि आनन्द र आँशुको ठूलो सोरसित मन्दिरको पुन निर्माण आरम्भ गर्दछ, **एज्रा 3** ।
- यरूशलेमलाई पुन निर्माण गर्नलाई नहेम्याहले राजा आर्ट-जारसेजलाई सोद्धछ। नहेम्याह फर्की जान्छ अनि भग्नावशेवको सर्वेक्षण गर्दछ। **नहेम्याह 1-2** ।
- नहेम्याहले यरूशलेमको पर्वालहरू पुनः निर्माण गर्नमा हात हथियार लिएका कार्यकर्ताहरूलाई धेर विरोधीको माझ नेतृत्व गर्दछ, **नहेम्याह 3-4** ।
- मानिसहरूले परमेश्वरको वचनलाई सुनेर त्यसमा मन लगाँउदछन्, तिनीहरूका पापहरू स्वीकार गर्छन् अनि उच्च जातिय नवीकरणमा पश्चाताप गर्दछ, **एज्रा 8-9** ।

**[ नयाँ नियम ] हामीलाई नेतृत्व गर्नको निम्ति सकार्काको सेवा गर्न अनि निर्धनलाई मदत गर्न परमेश्वरले उहाँको पवित्र आत्माद्वारा शाक्ति र वरदानहरू दिनुहुन्छः**

- येशू पश्चतापी पापीहरूसित खानुहुन्छ अनि तिनीहरूमा परमेश्वरको अनुग्रह ल्याउनुहुन्छ, **मर्कूस 2:13-17** ।
- हामी माण्डलीक शरीरमा प्रेमको साथमा एकार्काको सेवा गर्नलाई अरूको वरदानहरूसित आत्मिकी वरदानहरूलाई प्रयोग गर्छौं 1 **कोरिन्थी 12:14-31 ।**

- पावलले तिनको सिकारूहरूलाई प्रकिया वृद्धि हुँदैजानलाई अगुवाहरूलाई प्रशिक्षण दिन अनि नामकरण गनलाई भन्दछ, (**तितस 1:5-2 तिमोथी 2:2**)।

**[ हाम्रो प्रत्युत्तर ] हाम्रा मानिसहरूलाई परमेश्वरको काम गर्नको निम्ति अभियान गर्न विश्वास द्वारा योजना गर्ने ( एफिसी 4:11-16 )।**

- नियुक्ती अनि नयाँ कार्यकर्ताहरूलाई खाँचो परेकाहरू कहाँ पठाउने (प्रेरित 13:1-3, तितस 1:5)।

## येशूको संसारीक जीवनको समयका घटनाहरू

**IV 38 येशूको जीवन** (सम्बन्धीत: प्रेरितहरू चुनिएका, विजयी प्रवेश, क्रूस, येशू बौरी उठ्दछ, येशू आरोह गर्नुहुन्छ)

- येशूको जन्म: **मत्ती 1-2; लूका 2** ।
- येशूको बप्तिस्मा: **मत्ती 3** ।
- शेतानद्वारा येशूको परिक्षा: **मत्ती 4** ।
- येशूले बाह्र प्रेरितहरूलाई बोलाउछन् जो पछि प्रेरितहरू बन्दछ: **मत्ती 4:18-21; 9:9-13; यूहन्ना 1:35-51; मर्कूस 3:13-19** ।
- येशूको रूप परिर्वतन: **मत्ती 17 ।**
- येरूशलेममा येशूको विजयी प्रवेश (खजूर आइतबार) **मत्ती 21 ।**
- येशूले प्रभुभोज स्थापना गर्नुहुन्छ: **मत्ती 26:17-29** ।
- गेत्समनीमा येशूको कष्ट अनि उहाँको गिरफतारी: **मत्ती 26:36-56** ।
- विभिन्न अधिकारीहरू समक्ष येशूको मुद्दा, **मर्कूस 14:55-64;यूहन्ना 18:28-40;19:1-16** ।
- येशूको क्रूसको मरण: **मत्ती 27; मर्कूस 15; लूका 23; यूहन्ना 19:17-37** ।
- येशूको देह संस्कार: **यूहन्ना 19:38-42**।
- येशूको पुनरूत्थान अनि अपूर्व दर्शन: **मत्ती 28: यूहन्ना 20-21 ।**
- सबै जातिका मानिसहरूलाई चेला बनाउने येशूको महान आदेश, पश्चतापको उदघोषणा अनि पवित्र आत्माको शक्तिमा क्षमा: **मत्ती 28:18-20 मर्कूस 16:15-16; लूका 24:46-48; यूहन्ना 20:21-23; प्रेरित 1:8 ।**
- येशूको स्वर्गरोहण: **लूका 24:50-53** ।

## येशूको स्वर्गरोहण पछिका घटनाहरू

**IV 39 पेन्तिकोसमा पवित्र आत्मा आउनु हुन्छ** (सम्बन्धीत: स्तिफनस्, पेन्तिकोस, मण्डली परिषद, मिसनेरी दल, न्याय)

- पेन्तिकोसमा यहूदी विश्वासीहरू माथि पवित्र आत्मा आउनु भएको: **प्रेरित 2** ।
- ख्रीष्टका शत्रुहरूले स्तिफनसलाई ढूंगाले हानेर मारे जब तिनले तिनीहरूका पितापूर्खाले परमेश्वरको वचनलाई विरोध गरेका थिए भनी पुरानो नियमका इतिहासबाट तिनले देखाएका थिए: **प्रेरित 7 ।**

- पहिलो अन्यजाति मण्डली, अन्यजाति बद्लन्दा पनि पवित्र आत्मा प्राप्त गरे**: प्रेरित 10 ।**
- प्रथम मिसनेरी दल**: प्रेरित 13:14** ।
- प्रथम अन्तर मण्डली परिषद **: प्रेरित 15** ।
- अन्तिम न्याय**: प्रकाश 20:11–15** ।

# खण्ड V

## प्रसंग विषयक सूचक

अब्राहाम तिनको विश्वास III–9; IV–6, 7, 10; तिनको मध्यस्थताको प्रार्थना III–12

A

आदम I–1;IV –2

अग्रीप्पा IV-21

आहाब IV-34

विदेशीहरू परमेश्वरको राज्य भित्र ल्याइए IV–28

प्रेरितहरू 'पठाइएका' खण्ड III (सम्पूर्ण) चुनिएका IV–38

प्रेरितहरूको तयारी IV-32

करारको सन्दुक IV -31

B

बाल IV–34

बाबेल IV–5

बालाम IV–26

बप्तिस्मा I–7; II–2–III–1

बाइबल, अध्ययन, परमेश्वरको वचन सिकाउनु र प्रयोग गर्नु III–4; बाइबलका कथाहरू सुचित गरिएको,

तुलना गरिएको,IV–1–39

रगत, बलिदान IV–3,14

ख्रष्टिको रगत IV–3

जीवनको रोटी IV–16

C

इस्राएलको दासत्व IV –36

झूण्डहरू, सानो झूण्डहरू हेर्ने

बालकहरूलाई बड़ाउनु र हुर्काउनु, III–9; IV-23

ख्रीष्टको मण्डलीले सारा जातिहरूलाई सामेल गर्दछ IV–28

मण्डली समिती जीवन III–2; मण्डली IV– 39 मण्डली रोपन् III- 5;IV–27

प्रभुभोजको उत्सव II-6; III- 3;IV- 14

पापको स्वीकार I- 6

अन्तरद्वन्द विश्लेषण III- 7

अदम्य विश्वासीहरू संशोधित गर्ने II–6; अगुवाहरूको संशोघन गराइ III-11

परामर्श III-8

करार IV -6

सृष्टि I-1; IV-1

क्रूस IV- 38

संस्कृतिहरू IV-5

D

दानिएल IV-36

दाऊदको गुप्त पापको दण्ड III-11; तिनको असल शासन IV-33

दाऊदले गोलियतलाई मार्दछ IV-29

डीकनको कर्तव्यहरू III-10

मृत्यु, येशूद्वारा पराजित IV-15

भूतहरू I–4; येशूको नाममा प्रार्थना द्वारा बाहिर निकल्नु III -12

भूतहरू IV-24

प्रेत IV-35

येशूका चेलाहरू I–8; चेलाहरू बनाउने II-3

मण्डलीमा अनुशासन III-11

अनाज्ञाकारिता IV-21

तबीता, उदारमनाले दिने III-13

E

एल्डरहरू बन्नलाई आवश्यक्ताहरू II- 6; तलिम III-6; कर्तव्यहरू IV-17,33

एली, दुःखि आमा IV -32

एलीयाको निरूत्साह III- 8; उनको आश्चर्यकामहरू I–2; IV -34

एस्थर, प्रार्थनाद्वारा तिनको जातिको उद्धार हुँदछ III-12

अनन्त जीवन IV-16

एसास IV-11

प्रभुभोजको रोटी र दाखरस IV -13,14

प्रचारवाद, खण्ड I (सम्पूर्ण) III-1

एज्रा IV-37

विश्वास III-9;IV- 6,7,9,11,12

परिवारिक जीवन बलियो परीएको III-9

झूटो अगुवाहरू IV-34

डर, पराजित III-1

मण्डलीहरू भित्र र मांझ संगती III-7

जल प्रलय I–5;IV-4

क्षमा I–3;II–4; IV-12

सेवकाई र जीवनको निम्ति जग II–1

G

गिदोन IV-29

बरदानहरू, आत्मिकी वरदानहरू हेर्नुहोस्

दिने II-7; III-13;IV-8

परमेश्वर एउटै हुनुहुन्छ I–2; उहाँको पवित्रताले पापको दण्ड दिइएको दावी गर्दछ I–5;

सुनको बाछा IV-20

अनुग्रह II-4;IV-11

लोभ 26

H

आनन्द त्यसको साँचो श्रोत III-11

हन्ना IV-32

चँगाइ IV-9

स्वर्ग IV-25; स्वर्गका इनामहरू II-7

महा पुजाहारी IV-22

पवित्रता I-6; III-11

पवित्र आत्मा II-1; III-11;IV-10,39

I

मुर्तिपूजा I-2;IV-20

अनैतिक्ता IV-15,16

मध्यस्थता IV-9,12

इसाहाक IV-7,10; परमेश्वरले तिनलाई एउटा स्वास्नी जुटाउनु हुन्छ III-9

यशैया IV-32

इस्लाम IV-7

J

याकूब IV-11; राहेललाई प्रेम गर्दछ III-9

येशू

परमेश्वरका जनहरूको निम्ति अधिवक्ता IV-12

महिमामा बड्नु IV-38

उहाँको बप्तिस्मा III-1

निर्धनहरूको फिक्री गर्नुहुन्छ III-10

मूतहरू निकाल्नु हुन्छ 1-4

उहाँको बाल्यावस्था III-9

उहाँको आज्ञाहरू IV-18

शैतान, दुष्ट आत्मा र मृत्युलाई पराजित गर्दछ I-4; IV-2

असल गोठाला IV-36

उहाँको महान नियुक्ती I-8

महा पुजाहारी III-10;IV-22

उहाँको मानव र स्वर्गीय स्वभावहरू III-10

उहाँको जीवन IV-38 दूष्ट आत्माहरूमाथि विजय गर्नुहुन्छ IV-24

मुर्दीबाट बौरी उठनु हुन्छ I-3;I-8;IV-38

उहाँको परित्यागको मृत्यु I-3

शैतानबाट परिक्षा गरीएको III-4

येत्रो IV-17; मोशालाई शिक्षा III-6

अय्यूब, एक निर्दोष मानिस, दुःख भोग्दछ III-8

यूसूफ IV-12

यहोशूले प्रतिज्ञाको देश विजय गर्दछ IV-27

योशियाहको नवीकरण III-4

न्याय IV-4,39

K

इस्राएल र यहूदाका राजाहरू IV-33

L

पाठाको रगत IV-14

भाषाहरू IV-5

व्यवस्था, पुरानो नियमको बिश्रामदिन, IV -18

वयवस्था, दश अज्ञा IV-18

नैताहरू तयार गारिए IV-32

अगुवापन III-6

ऐनबाद IV-19

प्रेतहरूबाट मुक्ति, हेर्नुहोस् प्रेतहरू

हेर्नुहोस् प्रभुभोजको उत्सव,

प्रेम II-4; मण्डली भित्र III-7; व्यक्हारिक III-5

लुसिफर IV-35

M

मत्रा IV-16

शहीदहरू IV-31

बिवाह III-9 IV-23

भौतिकवाद IV-26

सदस्य यत्न III-8

करूणाको सेवकाइ III-10

नयाँ नियमले चाहेको सेवकाइहरू, खण्ड III (सम्पूर्ण)

मिसनेरीहरू III- 14; IV-27; पठाइएका, IV-27; दलहरू रचना गर्ने IV-39

मोर्दकैले रानी एस्थरलाई मार्गनिर्देशन गर्दछ IV-36

मोशा IV-16,22

N

नामान I-7

जातिहरू IV-28

निर्धन, फिक्रिको निम्ति III-10

नहेम्याहको चतुर शासन III-2; IV-37

नयाँ करार IV-18

नूह र जलप्रलय, मानिसजाति प्रति परमेश्वरको दण्ड I-5;IV-4

O

ख्रीष्टमा आज्ञाकारी I-7; खण्ड II (सम्पूर्ण); आज्ञाकारी राजाहरू IV-33

तांत्रिक IV-24

पुरानो करार IV-18

मौलिक पाप I-1;IV-2

P

निस्तार चाड़ III-3;IV-14

गोठालो तालिम III-6

गोठालो जतन र परामर्श III-8

पावलको परिवर्तन 1-8; पुनरूत्पादक मण्डलीहरू रोप्दछ III-5

पेन्तिकोस IV-10,39

सतावट IV-31

पत्रुसले येशूलाई इन्कार गर्दछ IV-29

पावलले आफनो सांस्कृतिक पक्षपातलाई हष्काएका III-11

पुजाहारी भएको अवस्था IV-22

प्रार्थना II-5- III-12; IV9

उड़न्ता पुत्र I-1; IV-34

परमेश्‍वरको प्रतिज्ञा IV-6

प्रतिज्ञाको देश IV-21

अगम्वक्ताहरू IV-34

दण्ड IV-4

Q

शिवाकी रानी IV-33

सम्पत्ती, धोका दिनु I–5

रूथ III-13

राहाब IV-28

कुलहरू IV-5

पुनर्जन्म IV-1

लाल समुन्द्र IV–15

छुटकारा

पुनर्जन्म IV-1

रहबामको हटीपनले इस्राएललाई विभाजन गर्दछ III-7

पश्‍चताप I-1,7; II-1; IV-4, 34

पुनः स्थापन IV-37,

पुनरूत्थान I- 3; IV-14,15

बाबेलको दासत्वबाट फिर्ता IV-37

सम्पत्ती IV-26

शासकहरू, असल IV-33

रूथ IV-30

## S

विश्राम IV-19

बिश्वास द्वारा मुत्रि IV-11

समरी, असल सामरीले तिनको छिमेकोलाई प्रेम गरे II-4

कूवामा भेएकी सामरो स्त्री I-2

शमूएल IV-32; आज्ञाकारी बालक III-9

पवित्र स्थान IV-22

शैतानको विनाश IV-24; स्वर्गबाट त्यसको पतन IV-35; आदमलाई परिक्षा IV-2; येशूलाई परिक्षा गर्दछ IV-35

शाऊल राजा IV-32; उनको छोरा जोना थानले दाऊदसित मित्रता गाँस्दा लज्जित  तुल्याउँछ III-12

दोस्रो म्रत्यु IV-4

विश्वासीहरूको रक्षा IV-36

अगुवापन दास III-6

एकार्कालाई सेवा गर्ने III-5

अपराधसित लाज अंमिल्दो भएको III-12

परमेश्वरका जनहरूको गोठला IV-17

रोगीको निम्ति फिक्रि र प्रर्थना गर्ने III-10

पाप, मौलिक IV-2; दण्ड दिइएका I-5

पाप, क्षमा गरिएको I-3

दासत्व IV-13,15

सानो झूझड III-5

सूलेमान IV-33

आत्माहरू IV-24

आत्मिको बरदानहरू III-2; IV-37

आत्मिको लाड़ाई IV-29, 35

स्तिफनसको सहासपूर्ण साक्षी III-1; IV-31,39

भण्डारीपन II-7; III-13; IV-8

कमजोड़तामा शक्ति IV-29

कष्ट भोग्ने IV-31

T

वेदी II-3;IV-22

परिक्षा IV-2

दश आज्ञा IV-18

धर्मशास्त्रवारे शिक्षा, हेर्नुहोस गोठाला गर्ने तालिम

तिमोथी, पावलको सिकारू, जसले अरूलाई तालिम दिए III –6

बाबेलको धरहरा III-7

आगुवा हरूलाई तालिमदिने, हेर्नुहोस् गोठाला गर्ने तलिम

स्वर्गमा धन IV-25

आगो द्वारा जाँच IV-25

विजय प्रवेश IV-38

**V**

भ्रमण III -8

W

चेतावनी IV-34

जीवनको पानो IV-16

धन IV-26

जादू–विद्या IV-24

ख्रीष्टको निम्ति गवाही I-8

उपासना, III-3; आवश्यक तत्वहरू II-3

Z

जकैको पश्चताप I-6

स्त्री अगुवाहरू IV-30

उपासना, सत्यतामा I-2

**समाप्त**